# मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनको प्रतिवेदन

आश्विन २२-२३, २०६९

राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनको प्रतिवेदन

(आश्विन २२-२३, २०६९)

## राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रिय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**
**अध्यक्ष**
माननीय केदारनाथ उपाध्याय
**सदस्यहरू**
माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा के. बी. रोकाया
**सचिव**
विशाल खनाल

**लेआउटः**
**प्रकाशकः** राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल
**प्रकाशन मितिः** पौष २०६९
**प्रतिः** १०००
**प्रकाशन नं.** : रामाअआ - १६३
**मुद्रणः**
**सर्वाधिकारः** राष्ट्रिय मानवअधिकार आयोग

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यस प्रतिवेदनका कार्यपत्रमा प्रस्तुत विचार लेखक तथा प्रस्तोताका निजी विचार हुन् ।

# प्राक्कथन

आफ्नो स्थापना कालदेखि नै राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कतिपय त्यस्ता कार्यक्रमहरु सहकार्यमा समेत गरी आएको छ । मानव अधिकार रक्षकहरुको प्रभावकारी भूमिकाबाट देशमा विधिको शासन र लोकतन्त्र संस्थागत गर्नमा सहयोग पुग्दछ ।

मानव अधिकारको क्षेत्र विकसित र विस्तारित हुदै गईरहेको पाईन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र हुन र सो सन्धि सम्झौताको व्यवस्थालाई घरेलुकरण गरी व्यवहारमा परिपालना गरी जनतालाई मानव अधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हुने गर्दछ । मानव अधिकारलाई सम्मान र संरक्षण गर्न प्रतिवद्ध हुने सोही अनुसार आचरण गर्ने राष्ट्र जस्तैः नेपालले पनि मानव अधिकारका धेरै सन्धि महासन्धिमा हस्ताक्षर गरेको छ, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु व्यक्त गरेको छ । कतिपय क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरु हस्ताक्षर गर्ने क्रममा रहेका छन् ।

हालैका दिनहरुमा मानव अधिकार रक्षकले पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान लगायतका दस्तावेजमा हस्ताक्षर गर्न सरकारलाई दवाव दिईरहेका छन् । नेपालले अन्तर्राष्ट्रिय रुपमा मानव अधिकारको क्षेत्रमा प्रतिवद्धता जनाउने र त्यसलाई सम्वोधन गर्न नीति कानून, संयन्त्र, रणनीति, कार्ययोजना वनाएको कुरालाई सकारात्मक रुपमा लिन सकिन्छ । यद्यपि, तिनीहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्न सकिरहेको अवस्था देखिदैन । मानव अधिकारको क्षेत्रको विस्तारसँगसँगै मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संस्था र मानव अधिकार रक्षकहरुको संख्यामा बृद्धि भईरहेको पाइन्छ । सर्वसाधारणबीच आफ्नो अधिकारप्रतिको जागरुकता र चासो बढिरहेको देखिन्छ ।

मानव अधिकारको संस्थागत विकासकालागि यस क्षेत्रमा कार्यरत व्यक्ति र संस्थाहरुको सुरक्षाको समुचित प्रवन्ध हुन आवश्यक छ । मानव अधिकार रक्षकहरुले भयमुक्त वातावरणमा काम गर्ने अवस्थाको श्रृजना गर्नु आजको आवश्यकता हो । उनीहरुको जीवन र सम्पतिको सुरक्षाको अभावमा मानव अधिकार रक्षकहरुले अपेक्षितरुपमा योगदान गर्नसक्ने अवस्था रहदैन । अतः मानव अधिकार रक्षकहरुको सुरक्षा जस्तो महत्वपूर्ण सवालमा राज्यगत निकाय लगायत सबैले ध्यान पुऱ्याउन आवश्यक छ । स्मरणीय छ कि मानव अधिकार रक्षकहरुले निर्वाधरुपमा काम गर्ने वातावरण स्थापना हुन सकेन भने मुलुकमा कानूनीराज, लोकतन्त्र तथा न्यायको स्थापना गर्न मुश्किल हुन्छ ।

उक्त पृष्ठभूमिमा मानव अधिकार रक्षकहरुको सम्मेलनमा छलफल भएका महत्वपूर्ण विषयहरु तथा पारित प्रस्तावहरुलाई कार्यान्वयन गरिएमा मानव अधिकार रक्षकहरुको सुरक्षामा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । यसैगरी सम्मेलनद्धारा अनुमोदित

मानव अधिकार रक्षकहरुको मार्गनिर्देशिका तथा मानव अधिकार आयोगको सहकार्य र समन्वय सम्बन्धी निर्देशिकाको पालना गरिएमा यदाकदा मानव अधिकार रक्षकहरुको सम्बन्धमा उठेका आचारसंहिता सम्बन्धी विषयहरु निरुत्साहित हुँदै जाने अपेक्षा गरिएको छ ।

अन्तमा, आयोगको निमन्त्रणा स्वीकार गरी मानव अधिकार रक्षकहरुको यस प्रथम राष्ट्रिय सम्मेलनमा मुलुकको ७५ जिल्लाबाटै प्रतिनिधित्व गर्नु भएका सम्पूर्ण सहभागीहरुलाई आफ्नो अमूल्य सल्लाह र सुझावहरु दिई सम्मेलनलाई सफल तुल्याउन सहयोग गर्नु भएकोमा आयोग आभार प्रकट गर्दछ । यस्तै सम्मेलनको अवधिभर सञ्चालित विभिन्न सत्रहरुको अध्यक्षता गर्नु भई, कार्यपत्र प्रस्तुत गर्नु भई तथा कार्यपत्र उपर टिप्पणी गर्नु भई आयोगलाई अमूल्य सहयोग गर्नु हुने सम्पुर्ण विज्ञहरुप्रति पनि आयोग आभारी छ । सम्मेलन कक्ष अगाडि विभिन्न स्टलहरुमा आफ्ना प्रकाशन तथा उत्पादनहरुको प्रदर्शन गरी सम्मेलनलाई सार्थक बनाउन सहयोग गर्नु भएकोमा मानव अधिकार समुदायप्रति धन्यवाद ज्ञापन गरिन्छ । सम्मेलनकालागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराएकोमा फिनल्याण्ड सरकारलाई धन्यवाद ज्ञापन गरिएको छ । यो प्रतिवेदन तयार गर्नुहुने श्री अर्जुन खनाल, श्री सुवास शिवाकोटी तथा श्री कृष्णनारायण श्रेष्ठलाई धन्यवाद ज्ञापन गरिएको छ । यसैगरी सम्मेलनको काममा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न आयोग परिवारका सदस्यहरु, नागरिक समाजका सदस्यहरु लगायत सबैलाई धन्यवाद ज्ञापन गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग

# विषय सूची


| | | | |
|---|---|---|---|
| परिच्छेद १ | परिचयात्मक | | १ |
| परिच्छेद २ | उद्घाटन सत्र | | ३ |
| परिच्छेद ३ | विभिन्न सत्रमा भएका छलफलका बिषयहरु | | ६ |
| | सत्र एक | : मानव अधिकार रक्षकहरुको मार्गनिर्देशिका, २०६९ | ६ |
| | सत्र दुई | : संक्रमणकालिन न्याय र दण्डहीनता | ८ |
| | सत्र तीन | : नेपालमा आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्बर्द्धन | १० |
| | सत्र चार | : मानव अधिकार राष्ट्रिय कार्ययोजना र यसको कार्यान्वयन अवस्था | १२ |
| | सत्र पाँच | : नेपालमा बाल अधिकारको अवस्था | १४ |
| | सत्र छ | : नेपालमा सामुहिक अधिकारको अवस्था | १६ |
| | सत्र सात | : महिला मानव अधिकारको सन्दर्भमा घरेलु हिंसा | १७ |
| | सत्र आठ | : क्षेत्रगत आधारमा मानव अधिकारको समसामयिक अवस्था | १९ |
| | सत्र नौ | : मानव अधिकार सहकार्य तथा समन्वय सम्वन्धी निर्देशिका, २०६९ | २३ |
| | सत्र दश | : फिनल्याण्डको विकास नीतिमा मानव अधिकारमुखी विकास पद्दति | २६ |
| परिच्छेद ४ | सम्मेलनबाट पारित घोषणा पत्र | | २७ |
| परिच्छेद ५ | समापन सत्र | | ३० |
| अनुसूचीहरु | | | ३३ |
| | अनुसूची १ | : मानव अधिकार रक्षकहरु सम्बन्धी मार्गनिर्देशिका, २०६९ (मसौदा) | ३३ |
| | अनुसूची २ | : राष्ट्रिय मानव अधिकार आयोग सहकार्य तथा समन्वय निर्देशिका, २०६९ (मसौदा) | ४३ |
| | अनुसूची ३ | : संक्रमणकालिन न्याय र दण्डहीनता (कार्यपत्र) | ५१ |
| | अनुसूची ४ | : नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धन (कार्यपत्र) | ५८ |
| | अनुसूची ५ | : मानव अधिकार राष्ट्रिय कार्ययोजना र यसको कार्यान्वयन अवस्था (कार्यपत्र) | ६३ |
| | अनुसूची ६ | : नेपालमा बालअधिकारको अवस्था (कार्यपत्र) | ७४ |
| | अनुसूची ७ | : नेपालमा सामूहिक अधिकारको अवस्था (कार्यपत्र) | ८३ |

| | | |
|---|---|---|
| अनुसूची ८ : | महिला महिला अधिकारको सन्दर्भमा घरेलु हिंसा (कार्यपत्र) | ८८ |
| अनुसूची ९ : | क्षेत्रगत आधारमा मानव अधिकारको समसामयिक अवस्था (कार्यपत्र) | ९७ |
| | (क) सुदुरपश्चिमाञ्चल | ९७ |
| | (ख) मध्यपश्चिमाञ्चल | ९९ |
| | (ग) पश्चिमाञ्चल | १०२ |
| | (घ) मध्यमाञ्चल | १०३ |
| | (ङ) पूर्वाञ्चल | १०५ |
| अनुसूची १० : | उद्घाटन सत्रमा अभिव्यक्त मन्तव्यहरु (सारांशमा) | १०९ |
| अनुसूची ११ : | समापन सत्रमा अभिव्यक्त मन्तव्यहरु (सारांशमा) | ११६ |
| अनुसूची १२ : | सम्मेलन कार्यक्रम तालिका | १२० |
| अनुसूची १३ : | सम्मेलनमा सहभागीहरुको नामावली | १२१ |
| अनुसूची १४ : | सम्मेलनका केही छायाचित्रहरु | १२७ |

## परिच्छेद १
# परिचयात्मक

### विषय प्रवेश

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकको क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको सन्दर्भमा मानव अधिकारको संरक्षण, सम्वर्द्धन र यसको परिपालनाको लागि निरन्तर खट्ने मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन २०६९ साल असोज २२ र २३ गते ललितपुरमा सम्पन्न भयो । सम्मेलनमा ७५ वटै जिल्लाबाट सहभागी करीब २०० जना मानव अधिकार रक्षकको सहभागिता रहेको थियो । यस सम्मेलनमा मानव अधिकार समुदायबाट नै आग्रह भए बमोजिम आवश्यक सुझाव लिई राष्ट्रिय मानव अधिकार आयोगबाट मसौदा गरिएको मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका, २०६९, मानव अधिकार आयोग र अन्य मानव अधिकार सम्वद्ध संस्थाहरूसंगको सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ छलफलका लागि प्रस्तुत गरियो ।

सो सम्मेलनमा दण्डहीनता र संक्रमणकालिन न्याय, नेपालमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण सम्बन्धी अवस्था, नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना, सामूहिक अधिकार अर्न्तगत बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, यौनिक अल्पसंख्यकका अधिकार, जेष्ठ नागरिकका अधिकार, आदिवासी जनजातिका अधिकार, मधेसी समुदायका अधिकार, आप्रवासी कामदारहरूको अधिकार, नेपालमा महिलामाथि हुने घरेलु हिंसाको अवस्था, विकास नीतिमा मानव अधिकारमुखी पद्दति लगायत मुलुकको पाँचवटै विकास क्षेत्रको मानव अधिकारको समग्र अवस्था सम्बन्धमा विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत भई विस्तृत रुपमा छलफल समेत गरिएको थियो ।

**उद्देश्य** : यस सम्मेलन आयोजना गर्नुको निम्न उद्देश्यहरू रहेका थिए ।

- देशको मानव अधिकारको अवस्थाको बारेमा छलफल गर्ने मञ्च निर्माण गर्नु ।
- क्षेत्रगतरुपमा मानव अधिकार रक्षकको अवस्थाको पहिचान गर्नु ।
- मानव अधिकारको क्षेत्रमा कार्यरत संघसस्था र राष्ट्रिय मानव अधिकार आयोगवीच बृहत्तर संयन्त्र स्थापना गर्नु ।

**अपेक्षित उपलब्धिहरू** : यस सम्मेलनबाट अपेक्षा गरिएका उपलब्धिहरू निम्न बमोजिम रहेका थिए ।

- मानव अधिकार क्षेत्रमा कार्यरत संघसस्था र राष्ट्रिय मानव अधिकार आयोगवीच भविष्यमा गरिने कार्यका लागि फराकिलो संयन्त्र स्थापना गर्ने ।
- मानव अधिकारका समसामयिक विषयहरूमा मानव अधिकार रक्षकहरूबीच बिचारको आदानप्रदान गर्ने र मानव अधिकार र मानव अधिकार रक्षक सम्बन्धी

विभिन्न विषयमा भविष्यमा के कसरी सहकार्य गरि अगाडि बढ्ने भन्ने विषयमा संयुक्त दृष्टिकोणको विकास गर्ने ।

- मानव अधिकार क्षेत्रमा जनस्तर (Grassroots) मा कार्यरत संघसंस्थाको क्षमता अभिबृद्धि गर्ने र नयाँ अवधारणा आदानप्रदानको प्रयास गर्ने ।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धनका समस्या र चुनौतीको पहिचान गरी समाधानका सम्भावित उपाय पत्ता लगाउन सकिने ।
- मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका उपर छलफल गरी त्यसमा सुझाव र मानव अधिकार रक्षकहरूबाट अनुमोदन प्राप्त गर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोग सहकार्य तथा समन्वय सम्बन्धी मार्गनिर्देशिका उपर छलफल गरी त्यसमा सुझाव र मानव अधिकार रक्षकहरूबाट अनुमोदन प्राप्त गर्ने ।
- सम्मेलनको घोषणा पत्र जारी गर्ने ।

## परिच्छेद –२

# उद्घाटन सत्र

सम्मेलनको उद्घाटन सत्रको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले गर्नु भएको थियो । पानसमा दीप प्रज्वलन गरी अध्यक्षबाट सो सम्मेलनको उद्घाटन गरिएको थियो । सो सत्रमा संवैधानिक अङ्गका पदाधिकारीहरू, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय महिला आयोगका अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्यहरू, न्यायाधीश, सुरक्षा निकाय प्रमुख र वरिष्ठ अधिकारीहरू, नेपाल सरकारका विभिन्न पदाधिकारीहरू, कुटनैतिक नियोगका प्रतिनिधिहरू, वरिष्ठ मानव अधिकारकर्मीहरू, सहभागी मानव अधिकार रक्षकहरू र पत्रकार समेत करीव ३५० जनाको उपस्थिति थियो ।

सो सत्रलाई आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्य गौरी प्रधान, राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँद तारा, मुख्य सचिव लीलामणि पौडेल, गैरसरकारी संस्था महासंघका अध्यक्ष शर्मिला कार्की तथा फिनल्याण्ड राजदुतावासकी डेभलपमेण्ट काउन्सुलर सातु पेहु भोइमाले सम्बोधन गर्नु भएको थियो । सो सत्रका वक्ताहरूको मन्तव्यको सार संक्षेप निम्न अनुसार छ ।

**माननीय अध्यक्ष, केदारनाथ उपाध्याय, राष्ट्रिय मानव अधिकार आयोग** : सरल भाषामा मानव अधिकार रक्षक भन्दा अरुको मानव अधिकार रक्षा गर्नेलाई जनाउने भए पनि को को रक्षक हुन भन्न कठिन छ । मानव अधिकार रक्षकको पनि एउटा आचरण हुनुपर्दछ । कुनै राजनैतिक पूर्वाग्रह नराखी, स्वतन्त्र र निर्भिक भएर जो सुकैको पनि स्वतन्त्र र निर्भिक भएर मानव अधिकारको रक्षा मानव अधिकार रक्षकले गर्नुपर्छ । यसरी स्वतन्त्र र निर्भिक भएर काम गर्दागर्दै पनि कसैको मानव अधिकार हनन गर्ने हननकर्ताले आफ्नो त्यस्तो काममा कोही बाधक भएको देख्यो भने त्यस्ता अधिकारको हनन गर्न नदिने मानव अधिकार रक्षकलाई धम्की दिने, डर त्रास देखाउने त्यतिले नभए हत्या गर्ने अवस्था छ । मानव अधिकार रक्षकको यस्तो अवस्था रहँदा अरुको मानव अधिकारको रक्षा हुन सक्दैन । यसर्थ राज्यले नै मानव अधिकार रक्षकको रक्षाको विश्वास दिलाउनु पर्छ । (मन्तव्यको पूर्ण पाठ अनुसूची १० मा छ)

**माननीय सदस्य, गौरी प्रधान, राष्ट्रिय मानव अधिकार आयोग** : मानव अधिकारको संरक्षण र सम्बर्द्धन विना कुनै पनि देशको लोकतन्त्र संस्थागत हुन र राष्ट्रिय विकास हुन सक्दैन भन्ने अभिप्रायका साथ यसको क्षेत्रलाई अझै फराकिलो, संस्थागत र अझै विशाल गर्दै लैजाने अभिप्रायले राष्ट्रिय मानव अधिकार आयोगले यो राष्ट्रिय सम्मेलनको आयोजना गरेको हो । नेपालले अन्तर्राष्ट्रिय रुपमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा थुप्रै प्रतिबद्धताहरू जाहेर गरेको, राज्यको आफ्नैतर्फबाट महासन्धिहरूमा हस्ताक्षर र अनुमोदन भएको छ । सो अनुरुप कानूनहरू, संयन्त्रहरू, मार्गनिर्देशिका र राष्ट्रिय कार्ययोजना तयार गरे पनि सो अनुरुपको कार्य व्यहारिक रुपमा कार्यान्वयन हुन सकेको छैन । यसको मूल कारण संक्रमणकालिन अवस्था रहेको छ । देशको संक्रमणकालिन अवस्थाले गर्दा र राजनैतिक पार्टीहरूले विस्तृत शान्ति सम्झौता समेतका आधारमा सहमतिका साथ अघि

बढ्ने आफ्नो राष्ट्रिय अभिभारा विर्सेर शक्ति र कुर्सी राजनीतिको खेलमा लाग्दा विस्तृत शान्ति सम्झौताका महत्वपूर्ण मानव अधिकारका पक्षहरू हामीले छुटाउँदै र विर्सदै गयौं । यसले हामी राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा आलोचनाको पात्र बनि राखेका छौं । (मन्तव्यको पूर्ण पाठ अनुसूची १० मा छ)

**माननीय अध्यक्ष, शेख चाँद तारा, राष्ट्रिय महिला आयोग** : मानव अधिकार रक्षकहरूले विभिन्न प्रकारका धाकधम्की चुनौती यातना सहेर तथा आफु घाइते भएर र ज्यान गुमाउनेसम्मको अवस्था व्यहोरेर पनि मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा पुऱ्याएको योगदान साह्रै प्रशंसनीय छ । मानव अधिकारको सबैभन्दा बढी हनन सबैभन्दा कमजोर वर्गको हुन्छ । महिलावर्ग पनि कमजोर वर्ग भएकोले महिलाको मानव अधिकार वढी हनन भएको छ । बोक्सी र दाइजोको निहुँमा महिलामाथि हिंसा भएका छन् । हाम्रा नीतिनियम राम्रा भएपनि त्यसको कार्यान्वयन हुन सकेको छैन । अहिलेको अवस्थामा मानव अधिकारको कुरा गर्नुपनि क्रान्ति गर्नु जस्तै भएको छ । सबै कुराको मूल राजनीति नै भएकोले जबसम्म देशमा राजनीति सुध्रिदैन तबसम्म अरु कुनै कुरामापनि सुधार हुन सक्दैन । राष्ट्रिय महिला आयोगले वनाएका नीति र सिफारिसको सरकारबाट कार्यान्वयन भएको छैन । यसबाट आयोगले कुनै काम नै नगरेर वसेको देखिएको भनी आलोचना भईरहेको छ ।

**मुख्य सचिव, लीलामणि पौडेल, नेपाल सरकार** : सरकारले वनाएका कार्ययोजनाका लक्ष्य प्राप्तिमा सकारात्मक संकेत देखा परेका छन् । हामी कतिपय लक्ष्य प्राप्तिका नजिक छौं र कतिपय पुरा गर्न अलिक कठिनाई परिरहेको छ । यी नीति तथा कार्ययोजनाको कार्यान्वयनकोलागि मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संघसंस्था राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय स्तरमा मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू र नेपाल सरकार सबै मिलेर नागरिकहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नुपर्ने आवश्यकता छ । संक्रमणकालिन अवस्थाले गर्दा होला मानव अधिकारकर्मीहरू कुनै न कुनै दल बिशेषको सदस्य संगसंगै मानव अधिकारकर्मी पनि हुने । यसले कसैले केही गर्दा मानव अधिकार हनन हुने, कसैले त्यही काम गर्दा मानव अधिकार हनन नहुने अवस्था श्रृजना हुने अवस्था छ । साथै समाज असाध्यै धेरै तहमा विभाजित छ । यो श्रेणी जति वढी हुदै जान्छ, त्यति मानव अधिकार उल्लघंन र मानव अधिकार उल्लंघनका घटनालाई सम्बोधन गर्न असाध्यै कठिन र चुनौतीपूर्ण हुन्छ । यसर्थ श्रेणीगत समाजलाई सन्तुलित समाजमा लैजान सामाजिक अभियानको खाँचो छ । यो कार्यमा मानव अधिकार रक्षकको सहयोगको आवश्यकता छ । (मन्तव्यको पूर्ण पाठ अनुसूची १० मा छ)

**डेभलपमेण्ट काउन्सुलर, सातु पेहु भोइमा, फिनल्याण्ड राजदुतावास, काठमाण्डौ** : राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकारको संरक्षण र सम्बर्द्धनको कार्यक्षेत्र विस्तारित हुँदै गएको छ । यसको साथसाथै यी विस्तारित क्षेत्रमा दातृ निकायको सहयोग पनि प्राप्त हुँदै आएको छ । यसै सन्दर्भमा आयोगले मानव अधिकार रक्षकहरूको सम्मेलन आयोजना गर्ने निर्णय गऱ्यो र यस सम्मेलनको सफलताको लागि आवश्यक श्रोत फिनिस सरकारबाट प्राप्त हुन गएको छ । अहिले मानव अधिकारका विभिन्न पक्षमा जेष्ठ

नागरिकको समस्या पनि ठूलो समस्याको रुपमा रहेको छ । हामीले यसको लागि नागरिक समाजसँगको सहकार्यमा काम गर्दा धेरै सफलता प्राप्त गर्न सकेका छौ भन्ने उल्लेख गर्दै सम्मेलन मानव अधिकार रक्षकबीचमा बिचारको आदान प्रदान गर्न र नयाँ कुरा जान्ने अवसरको रुपमा सार्थक हुनेमा आशावादी छु । (मन्तव्यको पूर्ण पाठ अनुसूची १० मा छ)

**अध्यक्ष, शर्मिला कार्की, गैरसरकारी संस्था महासंघ** : प्रजातन्त्रको प्रादुर्भावमा मात्र मानव अधिकारको सम्बर्द्धन र विकास हुन्छ भन्ने कुरा हाम्रो मुलुकबाट पुष्टि भएको छ । नेपालले मानव अधिकार सम्बन्धी धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौता र ऐच्छिक उपलेखमा हस्ताक्षर र अनुमोदन गरी सक्दा पनि हामीले त्यसलाई हुवहुरुपमा उपयोग गर्न पाएका छैनौ । हामीले लगातार बिरोध गर्दागर्दै पनि पीडकलाई आममाफी दिने सरकारका निर्णयहरूले दण्डहीनताको संस्कृति मौलाएको छ । सरकारी नीति कार्ययोजनाको कार्यान्वयन अवस्था ज्यादै फितलो छ । मानव अधिकार रक्षकले मानव अधिकारका क्षेत्रमा काम गर्दा परिवारिक, आर्थिक, शारीरिक तथा मानसिक यातना, धाकधम्कीको सामना गरिरहनु परेको छ । कति मानव अधिकार रक्षकहरूको हत्या समेत भएको छ । हामी मानव अधिकार रक्षकहरूले पनि गोली लागेर कोही मानिस मर्दा जुन खालको संवेदनशीलता देखाउँछौ, त्यही स्तरको संवेदनशीलताबाट खान नपाएर भोकै मर्न वाध्य व्यक्ति र महिला हिंसाका कारण वलात्कृत भएका, आगो लगाईएका, यातना र हत्या गरिएका महिलाको विषयवस्तुलाई उठाउन सकेका छैनौ । महिलाको समस्या महिलालेमात्र उठाउनु पर्छ भन्ने सोच हामीसँग पनि रहेकोछ । यस्तो सोचमा परिवर्तन गरी महिलाको समस्या समग्र मानव अधिकारको समस्याको रुपमा हेरी पुरुष मानव अधिकार रक्षकले पनि महिलाका मानव अधिकारका हननको विषयमा आवाज उठाउनुपर्छ । मानव अधिकार रक्षकहरूको राष्ट्रिय मार्ग निर्देशिका अधिकार रक्षकको रक्षा गर्ने खालको वन्न सकेमा हामी मानव अधिकार रक्षकहरू आफै सम्मानित भएको महशुस गर्ने छौ ।

**अवलोकन/गतिविधि** : उद्घाटन सत्रको अन्त्यमा सभाकक्षको प्राङ्गणमा HURJA, INSEC, WOREC, NFDN, Amnesty International, HR Alience, Him Rights, CAHURAST, NEFAD, DNF, DHRC, IHRICON, NAPD, HURFON, NIYOC, राष्ट्रिय मानव अधिकार आयोग लगायत १९ वटा संघसंस्थाबाट राखिएको मानव अधिकार सम्बन्धी विभिन्न सामग्रीको प्रदर्शनी स्टल सहभागीहरूबाट अवलोकन तथा जानकारी प्राप्त गर्ने कार्य भएको थियो । सम्मेलनमा सहभागी सबैलाई आयोगको तर्फबाट झोला, टोपी लगायत सम्मेलनको लागि आवश्यक सामग्री उपलब्ध गराईएको थियो । सम्मेलनको उद्घाटन सत्र र समापन सत्रको उद्घोषणको कार्य राष्ट्रिय मानव अधिकार आयोगकी अधिकृत सम्झना शर्माले गर्नु भएको थियो । सम्मेलनमा विषयगत छलफल सत्रहरूको सञ्चालन राष्ट्रिय मानव अधिकार आयोगकी उपनिर्देशक दुर्गा खड्का एवं अधिकृतद्वय सम्झना शर्मा र सुरेश मल्लले गर्नुभएको थियो ।

## परिच्छेद ३
## विभिन्न सत्रमा भएका छलफलका बिषयहरू

सम्मेलनमा मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका, २०६९, मानव अधिकार आयोगको सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९, संक्रमणकालिन न्याय र दण्डहीनता, नेपालमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण सम्बन्धी अवस्थाको सम्बन्धमा विभिन्न सत्रमा छलफल गरिएको थियो । छलफल भएका अन्य विषयहरूमा नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना, नेपालमा बाल अधिकारको अवस्था, नेपालमा सामूहिक अधिकारको अवस्था अर्न्तगत अपांगता भएका व्यक्तिको अधिकार, यौनिक अल्पसंख्यकका अधिकार, जेष्ठ नागरिकका अधिकार, आदिवासी जनजातिका अधिकार, मधेसी समुदायका अधिकार, आप्रवासी कामदारहरूको अधिकारसमेत सम्मिलित थिए । यसैगरी, सम्मेलनमा नेपालमा महिला अधिकारको सन्दर्भमा घरेलु हिंसा, मुलुकको पाँचवटै विकास क्षेत्रको मानव अधिकारको समसामयिक अवस्था र फिनल्याण्डको विकास नीतिमा मानव अधिकारमा आधारित पद्दति लगायत मसौदा र कार्यपत्र समेत गरी जम्मा १० वटा विषयहरूमा छलफल गरिएको थियो ।

हरेक सत्रमा प्रस्तुत कार्यपत्रहरूमा छलफल हुँदा वरिष्ठ मानव अधिकार रक्षकहरूबाट अध्यक्षता तथा प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गरिएको थियो । सम्मेलनको अन्त्यमा दश बुँदे घोषणापत्र जारी गरिएको थियो । विभिन्न सत्रका गतिविधिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

***सत्र एक : मानव अधिकार रुक्षकहरूको मार्ग निर्देशिका, २०६९***

*(अध्यक्षता, दमननाथ ढुंगाना; प्रस्तोता, गौरी प्रधान; टिप्पणीकर्ता, प्रा. कपिल श्रेष्ठ र डा. रेणु राजभण्डारी)*

मार्गनिर्देशिकाको मसौदा प्रस्तुत गर्नुहुदै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गौरी प्रधानले “यो मानव अधिकार रक्षकहरूको मार्गनिर्देशिका काठमाडौ र राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय कार्यालय स्तरसम्म छलफल गरेर आएका सुझावलाई समेत समेटेर पाँचौ चरणको मसौदाको रुपमा आएको छ । मानव अधिकार रक्षकलाई रक्षागर्ने र उनीहरूलाई आचारसंहिताभित्र राख्ने उद्देश्यले मानव अधिकार रक्षकहरूकै माग बमोजिम तयार गरिएको हो । यस मसौदामा सम्मेलनबाट महत्वपूर्ण सुझाव आउने अपेक्षा राखिएको छ । सम्मेलनबाट प्राप्त हुने महत्वपूर्ण सुझाव समेतलाई समेट्दै आयोगबाट यसलाई अन्तिम रुप दिइनेछ” भन्नु भयो ।

मार्ग निर्देशिकाको मसौदामाथि टिप्पणी गर्नुहुदै प्रा. कपिल श्रेष्ठले “संक्रमणबाट गुज्रिरहेका नेपाल जस्ता देशको अधिकारकर्मीको जोखिम स्थापित लोकतन्त्र भएका मुलुकको भन्दा बढी र फरक हुन्छ । मानव अधिकार रक्षकको काम तरबारेको धारमा हिँडेजस्तो काम हो । मानव अधिकार रक्षकले वस्तुपरक र यथार्थमा आधारित भएर निष्पक्षरुपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्ने भएको हुँदा ऊ कहिले पनि सत्ताको नजिक

हुन सक्दैन । मानव अधिकार रक्षाको लागि पहरेदारी, खबरदारी र असल कामको लागि सबैसँग साझेदारी गरी कसैलाई नकारात्मक र दुर्भावनाको दृष्टिले नहेरी जस्तोसुकै प्रतिकुल परिस्थितिमा पनि मानव अधिकार संरक्षण, सम्वर्द्धन र सम्मानको लागि निरन्तर लागिरहनु मानव अधिकारकर्मीका अनिवार्य गुण हुन । रक्षकको रक्षा गर्ने दायित्व आयोगको भन्ने महशुस गरी ब्यापक र Comprehensive तथ्य भएको मार्ग निर्देशिका प्रस्तुत गरिएकोमा आयोगलाई बधाई दिन चाहन्छु । यसमा भाषागतरुपमा केही सुधार गर्न सकिने ठाउँ भएपनि समग्रमा निर्देशिका राम्रो छ" भन्नुभयो ।

त्यसैगरी मार्ग निर्देशिकाको मसौदामाथि टिप्पणी गर्नुहुदै डा. रेणु राजभण्डारीले "अत्यन्तै जरुरी भएको अवस्थामा आयोगको तर्फबाट यो मार्गनिर्देशिका ल्याइएकोमा आयोगलाई बधाई दिन चाहन्छु । यसै विषयमा महिला मानव अधिकार रक्षक सन्जालले महिला मानव अधिकार रक्षक मार्गनिर्देशिकाको मसौदा तयार गरेको छ । त्यसमा उठाइएका विषयवस्तु यसमा समावेश गर्न सकियो भने अझ राम्रो हुन्छ भन्ने लागेको छ । मार्गनिर्देशिकामा प्रायः सबै विषय समेटिएको छ । तर अलिक मसिनो गरी केलाएर केही कुरा थप गर्दा राम्रो हुने" भन्दै टिप्पणी गर्नु भएको थियो ।

आफ्नो बिचारसहित विषयगत सत्र समापन गर्नु हुँदै पूर्व सभामुख तथा वरिष्ठ मानव अधिकारकर्मी दमननाथ ढुङ्गानाले "मानव अधिकारकर्मीले गलत काम गर्नेलाई बोकेर हिड्न हुदैन । कुनै दलको सदस्यको आधारमा पूर्वाग्रह नराखी निष्पक्ष भएर नैतिकता, इमान्दारिता कायम राखेर मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै अरुको मानव अधिकार रक्षा गर्नु रक्षकको मूल आचरण हो । मानव अधिकार रक्षकहरूले अरुको कामको निगरानी गरे जस्तै मानव अधिकार रक्षकहरूको निगरानी गर्ने, संरक्षण गर्ने व्यवस्था गर्नको लागि यो मार्गनिर्देशिका तयार भएको हो । अरुलाई जबाफदेही वनाउने दायित्व मानव अधिकार रक्षकहरूको भए जस्तै मानव अधिकार रक्षकलाई जबाफदेही वनाउन मार्ग निर्देशिकाको आवश्कता परेको हो" भन्नुभयो ।

**छलफल र निष्कर्ष :-**

- रक्षकको परिभाषामा मानव अधिकारको अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार अधिकार रक्षाको लागि लागि परेका ब्यक्ति भनी समेट्नु पर्छ । राष्ट्रिय कानून मान्ने उल्लेख भएमा मानव अधिकारप्रति संवेदनहीन र निरंकुश शासक आएमा उसले कानून परिवर्तन गरी दिँदा रक्षकले के गर्ने भन्ने अप्ठ्यारो रहन्छ ।
- विविध क्षेत्रको मानव अधिकार रक्षकको परिभाषामा दलित शब्दभन्दा सिमान्तकृत वा यस्तै उपर्युक्त शब्द रहनुपर्छ । सिमान्तकृत क्षेत्रमा काम गर्ने अधिकारकर्मीलाई समेटने गरी उपर्युक्त परिभाषा गरिनुपर्छ ।
- दफा २.२(ङ) पछि सिमान्तकृत वर्गका, स्वप्रतिनिधित्व समूहका अधिकारकर्मीको पहिचान गरी सुरक्षा प्रदान गर्ने शब्द थप्नुपर्ने ।
- दफा ४.२ को पहिलो लाइनमा रहेको कानून बमोजिमको सट्टा मानव अधिकारको अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताभित्र रही राख्नु पर्ने ।

- दफा ४.४ मा अनुगमन गरी पछि राज्यद्वारा मानव अधिकारको पालना नभए, पालनाको लागि शान्तिपूर्ण तरिकाले दबाव दिने शब्द थप गर्नुपर्छ ।
- दफा ५(ध) को राहत सहयोग शब्दको सट्टा आधारभूत आवश्यकताको लागि सहयोग गर्ने थप गर्ने ।
- दफा ६(च) को सीमित र स्पष्ट परिभाषा हुनुपर्ने, दफा ७ मा भएको आचारसंहितामा मानव अधिकार रक्षक कुनै दलको कार्यकर्ता हुन नहुने । भ्रष्टाचार नगर्ने नगराउने, कुनै प्रकारको छुवाछुत र भेदभाव गर्ने छैन भन्ने र सजायको साथै पुरस्कारको पनि व्यवस्था गर्नु पर्ने ।
- दफा ८(२) को व्यवस्था महिला मानव अधिकार रक्षकको हकमा असम्भव प्रायः भएकोले त्यसतर्फ बिचार गरिनु पर्ने र मानव अधिकार रक्षकले आत्म समर्पण गर्ने व्यवस्था हटाउनुपर्छ ।
- अनुशासन समितिकोबारेमा पत्रकार महासंघ लगायतका संस्थाको प्रतिनिधित्व हुनुपर्ने, क्षेत्रीय समिति राख्नु पर्ने, समितिले मानव अधिकार रक्षकको समिक्षा गरेर प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्ने व्यवस्था हुनुपर्ने र दफा ९ (५) मा भएको अविश्सनीय होइन अयोग्य शब्द राख्नुपर्ने र आयोगले अधिकारकर्मीको संरक्षण गर्ने भरमग्दुर प्रयास होइन संरक्षण गर्नेछ भन्ने शब्द राख्नु पर्छ ।

*(मार्गनिर्देशिकाको पूर्ण पाठ अनुसूची 1 मा दिइएको छ)*

## सत्र दुई : संक्रमणकालिन न्याय र दण्डहीनता

*(अध्यक्षता, डा. सूर्य ढुंगेल; प्रस्तोता, दुर्गा खड्का एवं डा. गोपालकृष्ण शिवाकाटी; टिप्पणीकर्ता, अधिवक्ता प्रेमबहादुर खड्का, अधिवक्ता गोविन्द बन्दी)*

कार्यपत्र प्रस्तुत गर्नुहुँदै राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक दुर्गा खड्काले यो कार्यपत्र डा. गोपालकृष्ण शिवाकाटीले तयार पार्नुभएको र उहाँको तर्फबाट यो कार्यपत्र प्रस्तुति गरेको जानकारी गराउदै "देशमा विभिन्न कारणले द्वन्द्व भएका हुन्छन् । त्यस्तो अवस्थामा मानव अधिकार हननका विषयलाई सामान्य अवस्थाको न्याय प्रणालीबाट तत्काल सम्वोधन गर्न नसकिने अवस्था रहने हुन्छ । त्यस्ता प्रकृतिका विशेष घटनालाई सम्वोधन गर्न मुलुक द्वन्द्वपछि शान्तिमा रुपान्तरण हुने क्रममा द्वन्द्वकालका मानव अधिकार उल्लघंनका घटनाको यथार्थ कुरा जन समक्ष ल्याई पीडकलाई कारवाही र पीडितलाई परिपूरण गरी समाजमा त्यस्तै प्रकारका द्वन्द्व पुनः नदोहोरियोस, समाजमा द्वन्द्वभन्दा पहिला कै जस्तो सामान्यरुपमा सबै मिलेर वस्नसक्ने अवस्था रहोस्, दण्डहीनताको पूर्ण अन्त्यहोस भन्ने उद्देश्यले यो अवधारणा अघि आएको हो । सत्य निरुपण आयोगको गठन र कार्यविधि मानव अधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त मान्यता र मापदण्ड बमोजिम हुनुपर्छ । नेपालको अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौतामा यसको बारेमा उल्लेख छ" भन्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै अधिवक्ता प्रेमबहादुर खड्काले "राज्य शक्तिमा बस्नेले कानून बमोजिम नचल्ने, अदालतबाट भएको फैसला समेत नमान्ने गर्दा दण्डहीनतामा बृद्धि भएको छ । सर्वोच्च अदालतले दोषी ठहर गरेका व्यक्तिलाई समेत कारवाही नहुनु, सरकारमा बसेका जिम्मेवार मन्त्रीले मानव अधिकार आयोगको सिफारिस र निर्देशन कार्यान्वयन गर्न सरकार बाध्य छैन भनी अभिव्यक्ति दिनु दण्डहीनतालाई प्रश्रय र वढावा दिनु हो । कानून बमोजिमको सिफारिस कार्यान्वयन गर्दिन भन्नु कानून मान्दिन भन्नु हो । जबसम्म कानून नमान्ने व्यक्ति शक्तिमा रहन्छन् त्यतिबेलासम्म दण्डहीनता कायम रहन्छ । कानून मान्नु दण्डहीनतालाई अन्त्य गर्नु हो । मानव अधिकार रक्षक कुनै राजनैतिक आस्थाको आधारमा पक्षविपक्षमा लाग्नु हुदैन र भ्रष्टाचारको बिरोध गर्नुपर्छ । दण्डहीनता अन्त्य गर्ने अभियानमा लाग्नुपर्छ" भन्नुभयो ।

कार्यपत्रमा टिप्पणी गर्नुहुँदै अधिवक्ता गोबिन्द बन्दीले "नेपालको शान्ति प्रकृयामा मेलमिलाप (Reconciliation) ले धेरै दुविधा ल्याएको छ । अन्तर्राष्ट्रिय सिद्धान्त र मापदण्ड अनुसार द्वन्द्वको समयमा भएका मानव अधिकारको गम्भिर उल्लंघनका घटनाको बास्तविक सत्यतथ्य पत्ता लगाई जनता समक्ष उजागर गर्ने र सो घटनाबाट पीडितलाई परिपूरण र मानव अधिकारका पीडकलाई कानून बमोजिमको सजाय अर्थात न्याय सम्बन्धी काम भएपछि के कारणले यस्ता घटना भएका हुन्, त्यसको समुचित निराकरण गरी भविष्यमा यस्ता प्रकारका घटना दोहोरिन नदिन र दण्डहीनतालाई अन्त्य गर्न भएका संस्थागत संरचनामा सुधार गरी सकेपछि मात्र मेलमिलाप हुनसक्दछ । सत्य निरुपण आयोगले नियमित न्याय प्रणालीलाई बिस्थापित गर्दैन । प्रस्तावित संक्रमणकालिन न्याय सम्बन्धी संरचनाले संक्रमणकालिन न्यायलाई सम्बोधन गर्न सक्दैन । सरकारले ल्याएको विधेयक अन्तर्राष्ट्रिय कानून विरुद्धको र दण्डहीनतालाई संस्थागत गर्ने प्रकृतिको छ" भन्नुभयो ।

सत्र समापन गर्नु हुँदै डा. सूर्य ढुंगेलले आफु कम्वोडियामा संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालयबाट प्रतिनिधि भएर जाँदा त्यहाँको निरंकुश सरकारले गरेको व्यवहारको उदाहरण दिदै "हामीले देशको संक्रमणकालिन न्यायलाई राम्ररी सम्बोधन गरी दोषीलाई कारवाही र पीडितलाई परिपूरण गर्न सकेनौ भने हामीलाई अन्तर्राष्ट्रिय जगतबाट हेर्ने दृष्टिकोणमा पनि परिवर्तन हुन्छ र देशमा दण्डहीनता संस्थागत हुने खतरा रहन्छ" भन्नुभयो ।

### छलफल र निष्कर्ष :-

- नेपालमा १० वर्षे आन्तरिक सशस्त्र द्वन्द्वको समाप्ति भई विस्तृत शान्ति सम्झौता भएको ६ वर्ष बित्न लाग्दा पनि सो सम्झौताले परिलक्षित गरेको संक्रमणकालिन न्यायलाई सम्बोधन गर्ने सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानवीन आयोग जस्ता संयन्त्रको गठन नहुँदा द्वन्द्व पीडितहरूले न्याय र परिपूरण पाउने अधिकारबाट बञ्चित हुन परेको हुँदा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको स्वतन्त्र, निष्पक्ष, स्वायत्त उच्चस्तरीय आयोग गठनका लागि नेपाल सरकारले पहल गर्नुपर्छ । सरकारले राष्ट्रपति समक्ष सिफारिस गरेको बेपत्ता छानवीन तथा सत्य निरुपण र मेलमिलाप आयोग गठन सम्बन्धी अध्यादेशमा गम्भीर प्रकृतिका मानव अधिकार

उल्लंघनको विषयमा समेत माफी दिन सक्ने प्रावधान पीडितको न्याय पाउने अधिकार र मानव अधिकारका विश्वव्यापी सिद्धान्त प्रतिकुल रहेको छ । उक्त अध्यादेश अहिले कै व्यवस्था कायम राखेर जारी गर्नु गराउनु हुदैन । युद्ध अपराध र मानवता बिरुद्धको अपराधमा दोषी ठहरिएका व्यक्तिलाई कुनै पनि हालतमा माफी दिइनु हुँदैन ।

- विस्तृत शान्ति सम्झौता अनुसार गठन हुनु पर्ने आयोगहरू गठन पूर्व र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस विपरित मानव अधिकारका आरोपित पीडकको मुद्दा फिर्ता तथा बढुवाको कार्य गम्भिर र आपत्तिपूर्ण रहेका छन् । देशमा विद्यमान दण्डहीनताको अन्त्यका लागि सक्रियरुपमा काम गर्न नेपाल सरकारको ध्यान जानुपर्छ । नेपालले अविलम्ब अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्नुपर्दछ ।

- राज्य शक्तिमा रहेकाबाट दण्डहीनतालाई प्रश्रय र बढावा दिने कार्य रोकिनु पर्छ । अधिकार लिएर बस्नेले कानूनको अक्षरशः पालन गर्नुपर्छ, नगर्नेलाई कानून बमोजिम कारवाही हुनुपर्छ । द्वन्द्वलाई सदाको लागि अन्त्य गर्न सरकारले संक्रमणकालिन न्यायको व्यवस्थापनको लागि आवश्यक सम्पूर्ण कार्य अविलम्ब पुरा गर्नु पर्छ ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ३ मा छ)*

## *सत्र तीन : नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्बर्द्धन*

*(अध्यक्षता, कृष्ण मुरारी गौतम; प्रस्तोता, विष्णुपुकार श्रेष्ठ; टिप्पणीकर्ता, डा. सर्वराज खड्का र लजना मानन्धर)*

कार्यपत्र प्रस्तुत गर्नुहुँदै बरिष्ठ मानव अधिकारकर्मी विष्णुपुकार श्रेष्ठले “आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको विषयले संसारमा नै त्यति प्राथमिकता पाउन नसकेको र सोही अनुरुप नेपालमा पनि यसको बिकास भरखर मात्र भएको हो । राष्ट्रिय मानव अधिकार आयोगले पनि पछिल्लो चरणमा मात्र यी अधिकारमा आफ्नो ध्यान केन्द्रित गरेको” बताउनुभयो ।

कार्यपत्रमा टिप्पणी गर्नुहुदै डा. सर्वराज खड्काले “कार्यपत्रले विषयवस्तुलाई राम्ररी समेटेको छ । आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारबाट कोही यसको सुविधा पाउने वर्गमा पर्छन् भने कोही यसको अधिकारबाट बन्चित रहेका हुन्छन् । नेपालमा पनि एउटा जिल्लामा सुविधामा रहेको जाति अर्को जिल्लामा यो अधिकारबाट बन्चित हुनसक्छन् । आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई आधार वनाएर नेपालमा अहिलेसम्म कुनै सर्भे नभएकोले यसको एउटै र आधिकारिक तथ्याङ्क तयार हुन सकेको छैन । मेरो बिचारमा सबैभन्दा महत्वपूर्ण आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार हो, किनकि मान्छे बाँच्यो भने मात्र नागरिक र राजनैतिक अधिकार खोज्ने भएकोले सबैभन्दा पहिला आर्थिक, सामाजिक अधिकार अन्तर्गतका खाद्य, शिक्षा, स्वास्थ्यको अधिकार आउँछन् । अहिले पनि विश्वमा सबैभन्दा वढी आर्थिक मन्दीका कारण समस्या आएको मानिन्छ । नेपालमा

स्थानीय निकायलाई सक्रिय नबनाइदा यी अधिकार प्राप्तिमा कठिनाई भएको छ" भन्नुभयो ।

कार्यपत्रमा टिप्पणी गर्नुहुदै टिप्पणीकार लजना मानन्धरले "हामी शिक्षा, स्वास्थ्य, खाद्यको अधिकारको कुरा त गर्छौं, तर यस विषयमा पहिला हामीले प्रष्टरुपमा बुझ्न सक्यौ भने मात्र अधिकारको रक्षा गर्न सक्छौ । आवासको अधिकारको बारेमा हामी अधिकारकर्मी नै कति प्रष्ट छौ भन्ने कुरा सुकुम्वासीको समस्याको विषयले प्रष्ट पारेको छ" भन्नुभयो ।

आफ्नो बिचार सहित विषयगत सत्र समापन गर्नु हुँदै कृष्णमुरारी गौतमले "मानव विकास सूचाङ्क अनुसार हामी विश्वका १८३ देश मध्ये १४७ स्थानमा रहेका छौ । यसले हाम्रो आर्थिक, समाजिक विकासको अवस्था कस्तो रहेको छ भन्ने स्पष्ट पार्छ । अहिले देशमा लगानीको सुरक्षा नहुनु, कर संकलन घट्नु, निकासी प्रकृया जटिल र कम हुनुले हामीले प्राप्त गर्नुपर्ने अधिकार प्राप्तिको लागि धेरै काम गर्नुपर्ने आवश्यकता छ । आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारबाट पछाडि पारिएका वर्ग समुदायलाई मूल प्रवाहमा ल्याउने दायित्व राज्यको हो । यो प्रकृया निरन्तर चलिरहन्छ । आज पछाडि परेका वर्गसमुदाय पछि मुलप्रवाहमा आउन सक्छन नयाँ वर्ग समुदाय जन्मन्छ । जस्तैः अहिले जेष्ठ नागरिकको अधिकारका विषयहरू विस्तारै अघि आएका छन्" भन्नुभयो ।

**छलफल र निष्कर्ष :-**

- नेपाल आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को पक्षराष्ट्र भई सकेको परिप्रेक्षमा सोसँग सम्बन्धित ऐच्छिक आलेखको अनुमोदनतर्फ आवश्यक पहल गरी नागरिकका अधिकार जीवनमा अनुभूति गर्न पाउने बातावरण बनाउन आवश्यक संयन्त्रको व्यवस्था गर्न नेपाल सरकारद्वारा कार्य गरिनुपर्छ ।

- महासन्धिले दिएको अधिकार जनताले प्राप्त गर्न स्थानीय निकाय जनप्रतिनिधिमूलक वनाइनु आवश्यक भएकोले सम्पूर्ण राजनैतिक दलले सहमति गरी चाँडो भन्दा चाँडो स्थानीय निकाय जनप्रतिनिधिमूलक, अधिकार सम्पन्न वनाई सक्रिय गर्नुपर्छ । सरकारले प्रतिबद्धता जाहेर गरेको संयुक्त राष्ट्रसंघको दिगो विकासलक्ष्य र सहस्राब्दी विकास लक्ष्यको पूर्ण कार्यान्वयन गरिएमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार धेरै हदसम्म जनताले प्राप्त गर्न सक्ने हुँदा सरकारले उक्त लक्ष्य पुरा गर्न तयार पारेका कार्ययोजना, रणनीतिको तोकिएको समयभित्र पूर्ण कार्यान्वयन गरिनुपर्छ । हाम्रा नीतिहरू वनाउँदा मौलिक र पूर्ण कार्यान्यवन हुन सक्ने वनाइनुपर्छ ।

- नेपालको सन्दर्भमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको कार्यान्वयनको अवस्थाको आधिकारिक र भरपर्दो तथ्याङ्क नभएकोले यसको आधिकारिक तथ्याङ्क तयार गरिनुपर्छ । सरकारले बजेट र योजनामा के विषयमा प्राथमिकता दिने स्पष्ट हुने र अधिकारकर्मीलाई पनि प्रमाणको आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको मूल्याङ्कन गर्न, अनुगमन गर्न सहज हुन सक्छ ।

- अहिलेको विश्व अर्थतन्त्रले विश्वव्यापीकरण र उदारीकरणलाई आत्मसात गरेको परिप्रेक्षमा आर्थिक, सामाजिक अधिकारको सुनिश्चितता कसरी गर्न सकिन्छ ? हामी अधिकारकर्मी नै अस्पष्ट भएकोले सबैभन्दा पहिला यी अधिकारकाबारेमा मानव अधिकारकर्मी प्रष्ट हुन जरुरी छ । आार्थिक, सामाजिक, साँस्कृतिक अधिकारको उल्लंघन भएमा राष्ट्रिय मानव अधिकारले के गर्नुपर्छ ? यस बारेमा विस्तृत छलफल चलाउनु आवश्यक छ ।
- हामीसँग भएको जल, जमिन, जंगल, धार्मिक तथा पर्यटकीय स्थल लगायतका आर्थिक उपार्जनका प्राकृतिक प्रचुर सम्भावनालाई हामीले अहिलेसम्म समुचित उपयोग गर्न सकेका छैनौ । यसको समुचित प्रयोग गरी देशमा नै रोजगारीको सृजना र सिमान्तकृत वर्गको अधिकारको रक्षा गर्दै समग्र देशको विकास गर्न सक्नुपर्छ । यसबाट मात्र हाम्रा यी अधिकारहरू प्राप्त गर्ने दीर्घकालिन आधार निर्माण हुन्छ ।
- अहिले धेरै मानव अधिकारकर्मीलाई नै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार के हुन् ? समाजमा यी अधिकारको उल्लंघन कसरी भईरहेको र हुन्छन् ? यी अधिकार कसरी रक्षा गर्ने ? रिपोर्टिङ्ग कसरी गर्नु पर्छ ? भन्नेमा नै अलमल भई राखेको हुँदा यी अधिकारकाबारेमा प्रमाणमा आधारित वकालत (evidence base advocacy) कसरी गर्ने भन्ने विषयमा मानव अधिकार रक्षकलाई नै पहिला प्रशिक्षण गरिनु आवश्यक रहेको छ ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ४ मा छ)*

## *सत्र चार : मानव अधिकार राष्ट्रिय कार्ययोजना र यसको कार्यान्वयन अवस्था*

*(अध्यक्षता, श्याम श्रेष्ठ; प्रस्तोता, राजुमान सिंह मल्ल; टिप्पणीकर्ता, सुदीप पाठक, प्रा.डा. युवराज संग्रौला)*

प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयका सचिव राजुमान सिंह मल्लले कार्यपत्र प्रस्तुत गर्दै “नेपाल संयुक्त राष्ट्रसंघको एक सक्रिय सदस्य राष्ट्रको नाताले हालसम्म २२ वटा संयुक्त राष्ट्रसंघीय मानव अधिकार महासन्धिहरू र अन्य क्षेत्रीय महासन्धिहरूको पक्ष राष्ट्र बनेको र अन्य कतिपय संयुक्त राष्ट्रसंघीय एवं क्षेत्रीय महासन्धिहरूको पक्ष राष्ट्र बन्ने क्रममा पनि रहेको छ । महासन्धिहरूको पालनाकालागि राष्ट्रभित्र अनुकुल वातावरण निर्माण गर्ने दायित्व नेपाल सरकारमा रहेको र नेपालको अन्तरिम संविधान र थुप्रै कानूनहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनकालागि सरकारलाई जिम्मेवार बनाएको हुँदा त्यसलाई व्यवहारिक कार्यरुप दिन कार्ययोजना तयार गरिएको हो । हालको कार्ययोजना सरकारको तेश्रो कार्ययोजना हो । संक्रमणकालिन अवस्थाका कारण कार्ययोजना कार्यान्वयनमा धेरै समस्या रहेका छन्” भन्नुभयो ।

कार्यपत्रमा टिप्पणी गर्नुहुँदै वरिष्ठ मानव अधिकारकर्मी सुदीप पाठकले “कार्यपत्रको लेखाई विषयवस्तुमा सरर बगेको लेखन पक्ष राम्रो छ । तेश्रो कार्ययोजना शान्ति प्रकृयासँग जोडी सत्य निरुपण तथा मेलमिलाप आयोग उन्मुख हुनुपर्दथ्यो तर त्यो काम भएन ।

सरकारको कार्ययोजनाको लागि छुट्टै बजेट आवश्यक छ कि छैन ? कार्ययोजना जनताले थाहा पाउने प्रकृया के हो ? अनुगमनको संयन्त्र सबैभन्दा ठूलो हो यसकारण अनुगमन समितिको बैठक कति पटक बस्यो ? यसले कस्तो निर्देशन गऱ्यो ? कार्यपत्रमा प्रष्ट हुन आवश्यक छ । कार्ययोजनालाई विदेशीलाई देखाउन मात्र नभई सरकारले आफ्नो ठानी कार्यान्वयन गर्नुपर्छ" भन्नुभयो ।

प्रा.डा. युवराज संग्रौलाले कार्यपत्रमा टिप्पणी गर्दै भन्नुभयो "विगत दुई दशकमा मानव अधिकारको क्षेत्रमा धेरै काम भएका छन् । राष्ट्रिय मानव अधिकार आयोगको स्थापना यसै अवधिमा भएको छ । सरकारी योजनामा विकासलाई मानव अधिकारसँग जोड्न थालिएको छ । तर विकासलाई सुशासनसँग जोडेर हेर्न नसकिएको कारण कार्यान्वयनमा समस्या छ । जबसम्म देशका १० प्रतिशतको हातमा रहेको GNP गरिबीका रेखामुनि रहेका जनताले पाउने गरी कार्ययोजना वन्दैन, तबसम्म देशमा सुशासन र दिगोविकास हुँदैन । सुशासन विना विकासमा मानव अधिकार पद्धति लागु गर्न कठिनाई रहन्छ । विकासमा मानव अधिकारको विषय अब Monitoring गरेर मात्र हुँदैन, यसलाई सुशासनमा जोडेर लेखा परिक्षण गरिनुपर्छ र मन्त्रालयका सचिव र कार्यान्वयन स्तरका जिम्मेवारे पदाधिकारीलाई जबाफदेही र उत्तरदायी वनाई कारवाही र पुरस्कारको व्यवस्था हुनुपर्छ" भन्नुभयो ।

सत्रका अध्यक्ष श्याम श्रेष्ठले आफ्नो बिचारसहित सत्रको समापन गर्नु हुँदै भन्नुभयो "कार्यपत्रमा कार्य योजनाका सवल र कमजोर दुवै पक्ष समेटिएको छ । मानव अधिकार आयोगका सिफारिसको कार्यान्वयन किन हुदैन ? कार्यान्वयन गर्ने कुरा कार्ययोजनामा पर्नुपर्छ कि पर्दैन ? कार्ययोजनाकोबारेमा जनतालाई जानकारी दिनु नितान्त जरुरी छ । अत्यन्त मेहनतका साथ प्रस्तुति राख्नु भएकोमा राजुमान सिंह मल्ल र टिप्पणीका लागि सुदीप पाठक र युवराज संग्रौला र सहभागीहरूलाई धन्यवाद । मलाई अध्यक्षता गर्ने मौका दिनु भएकोमा मानव अधिकार आयोगलाई पनि धन्यवाद दिदै विदा हुन्छु । धन्यवाद ।"

## छलफल र निष्कर्ष :-

- मानव अधिकार र विकासलाई व्यक्तिको आत्मसम्मान र सुरक्षाको रुपमा हेर्नुपर्छ । १० प्रतिशतको हातमा रहेको GNP गरिबीको रेखामुनिका जनताले पाउने गरी कार्ययोजना वनाई पूर्ण कार्यान्वयन हुनुपर्दछ ।
- सरकारले विकासमा मानव अधिकार पद्धतिलाई लागू गर्न थालेको छ यो राम्रो पक्ष हो । तर मानव अधिकारको विषय अब Monitoring गरेर मात्र हुदैन यसलाई सुशासनको आधार वनाएर राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सम्बन्धी कार्ययोजनाहरूको लेखा परिक्षण गरिने कानूनी व्यवस्था गरिनुपर्छ । सो आधारमा कार्ययोजनाको मुल्याङ्कन गरी कमी कमजारी सुधार गर्ने र सवल पक्षलाई तिखार्दै लानुपर्छ ।
- सरकारको कार्ययोजनाको बारेमा आम जनतालाई जानकारी गराउनुपर्छ र सो

कार्यान्वयन नभएमा त्यसको सुनुवाईको सुनिश्चितता गरिनु पर्छ । कार्ययोजनाको पूर्ण कार्यान्वयन गर्न आई पर्ने समस्याको बारेमा समयमानै समुचित मुल्याङ्कन गरी समय समयमा भएको प्रगति र कमजोरीको समीक्षा गरी समय भित्र कार्ययोजना पूर्ण कार्यान्वयन गरिनु पर्छ । कार्ययोजनाको पूर्ण र अक्षरश: लागू गर्न सम्बन्धित जिम्मेवारे मन्त्रालयका सचिव समेतको कार्य क्षमतासँग जोडेर दण्डित र पुरस्कृत गर्ने व्यवस्था गरिनुपर्छ

- जबसम्म संक्रमणकालिन अवस्थाको अन्त्य, पारदर्शिता, जबाफदेहीता र सुशासन हुदैन, तबसम्म कुनै पनि नीति कार्ययोजना लागू हुन नसक्ने भएकोले चाँडो भन्दा चाँडो संक्रमणकालको पूर्ण व्यवस्थापन गरी पारदर्शिता, जबाफदेहीता र सुशासन कायम गरी सरकारी नीति कार्यान्वयनमा सम्पूर्ण सरोकारबालाको सहकार्य र हातेमालो हुने वातावरण निर्माण गरिनुपर्छ ।

- कार्ययोजनामा उल्लेखित विषय राम्रा भएपनि अहिले सरकारबाटै भएको मानव अधिकारको गम्भिर उल्लंघनकर्तालाई संरक्षण र प्रोत्साहन गर्ने तथा मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन नगर्ने संस्कृतिको अन्त्य गरिएन भने कार्ययोजना खाली देखावटी मात्र हुने भएकोले कार्ययोजनाको पूर्ण कार्यान्वयन गरिनुपर्छ ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ५ मा छ)*

## ***सत्र पाँच : नेपालमा बाल अधिकारको अवस्था***

*(अध्यक्षता, त्रिलोचन उप्रेती; प्रस्तोता, तारक धिताल; टिप्पणीकर्ता, सुवोध प्याकुरेल, शान्ति अधिकारी)*

सिविनका महासचिव तारक धितालले कार्यपत्र प्रस्तुत गर्नु हुँदै "देशमा बाल अधिकारको क्षेत्रमा धेरै काम भए पनि अहिले पनि निकृष्ट प्रकारका बाल श्रम कायम रहेको, बाल न्यायको लागि आवश्यक बाल सुधारगृह देशभरमा दुईवटा मात्र रहेकोले धेरै बाल सुधारगृहमा राखिनुपर्ने बालबालिका ठूला कैदी सरह कारागारमा बस्नुपर्ने अवस्था छ । बाल अधिकार संरक्षणको लागि हामीले सबैले आ-आफ्नो दायित्व वोध गर्न सक्नु पर्दछ" भन्नुभयो ।

कार्यपत्रमा टिप्पणी गर्नुहुदै वरिष्ठ मानव अधिकारकर्मी सुवोध प्याकुरेलले "एउटा अभिभावकको दृष्टिकोणबाट हेर्दा बाल मनोविज्ञानको महत्व, अन्तरवस्तुको पहिचान र सम्मान गर्ने संस्कृतिको कमी छ । बालमैत्री शिक्षा, शिक्षण सामग्रीको अभाव छ । अभिभावकमा बालकको लागि आफु उदाहरण वनेर देखाउनु पर्ने सचेतना र अभिभावकीय जिम्मेवारीप्रतिको सामाजिक सचेतनामा पनि कमी छ । गर्भदेखि जन्मसम्म र जन्मदेखि मृत्युसम्मका बालबालिकाका आवश्यकताको पहिचान गर्ने र यी हाम्रा भविष्य हुन् भनी उनीहरूमा भविष्य देख्ने सचेतनाको कमी छ । बालबालिकामा लुकेर रहेको अत्यधिक सृजनशीलता प्रोत्साहित गर्ने र नेतृत्वदायी चरित्रमा प्रोत्साहित गर्ने चेतनाको कमी छ । हामीले समाजदेखि नै उल्लेखित कुरा सुधार गर्न आवश्यक छ । प्रस्तावित संविधानमा नागरिकका कर्तव्य राखिने हो भने ब्यक्तिगत र पारिवारिक दायित्वमा बालबालिका

अधिकारको संरक्षण गर्ने दायित्व अभिभावकको तोक्न सकियो भने बाल अधिकारको क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धि प्राप्त गर्न सकिनेछ" भन्नुभयो ।

यसैगरी कार्यपत्रमा टिप्पणी गर्नुहुदै मानव अधिकारकर्मी शान्ति अधिकारीले "बाल अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गर्ने, सो बमोजिम सरकारले कार्य योजना वनाउने, तर कार्यान्वयन गर्न नसक्दा धेरै समस्या रहेका छन् । प्रतिबद्धता र कार्ययोजनाको पूर्ण कार्यान्वयन भए मात्रपनि अहिलेका धेरै समस्या समाधान हुनसक्छ । सबैलाई अनिवार्य शिक्षाको व्यवस्था हुने हो भने सम्पूर्ण बालबालिका अनिवार्य विद्यालय जाने हुँदा बालश्रमको समस्या समाधान हुन सक्छ" भन्नुभयो ।

सत्रका अध्यक्ष पूर्व सचिव त्रिलोचन उप्रेतीले सत्र समापन गर्नु हुँदै "बालबालिकामा तुलनात्मकरुपमा सचेतनामा बृद्धि भएको छ । तर सडक बालबालिकाको अवस्था अझै नाजुक छ । बालबालिकाको एकिकृत तथ्याङ्क निर्माण नभई सकेकोले कति बालबालिकाको के अवस्था छ ? भन्न सकिने अवस्था छैन । नीति निर्माणका सैद्धान्तिक पक्षमा हामी युरोप अमेरिका भन्दा अगाडि भए पनि कार्यान्वयनको पक्ष कमजोर भएकोले अधिकारका क्षेत्रमा धेरै गर्न बाँकी छ । बाल अधिकार लगायत सबै प्रकारको विभेद र वहिष्करणलाई आर्थिक उन्नतिबाट मात्र सम्बोधन गर्न सकिन्छ । मानव अधिकार रक्षक भनेको नेपाली जनताको सिपाही हुन्, तपाईहरूले मानव अधिकार, विधिको शासन कायम गर्न र विभेद वहिष्करणको अन्त्य गर्न सधै लाग्नुपर्छ" भन्नुभयो ।

**छलफल र निष्कर्ष :-**

- बाल अधिकारमैत्री पारिवारिक, सामाजिक, शिक्षण सामग्री र शिक्षा हुनुपर्दछ । सबैलाई अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्छ । बालबालिकामा रहेको अत्यधिक सृजनशीलतालाई विकास गरी उनीहरूको नेतृत्वदायी भूमिकालाई प्रोत्साहन गरिनु पर्छ । बालबालिका हाम्रा भविष्य हुन्, बालबालिकाको बिकासमा मात्र आफ्नो भविष्य उज्बल हुनसक्छ भन्ने अभिभावकमा चेतना अभिबृद्धि गर्नुपर्छ ।

- राज्यकातर्फबाट अन्तर्राष्ट्रियस्तरमा व्यक्त प्रतिबद्धता, नेपाल पक्षराष्ट्र भएका महासन्धिका व्यवस्था र हाम्रा बालबालिका सम्बन्धी नीति र कार्ययोजनाको पूर्ण कार्यान्वयन गरिनुपर्छ । अत्यन्त जोखिममा रहेका बालबालिका (द्वन्द्व पीडित र सडक बालबालिका समेत) को अधिकार सुनिश्चिताको लागि सरकारले समुचित प्रवन्ध गर्नुपर्छ ।

- परिवार र समाजमा सचेतना अभिवृद्धि गरी बालमैत्री वातावरण निर्माण गर्ने र बाल अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धनकोलागि सबै अभिभावकले आफ्नो दायित्व वोध गरी आ-आफ्नो ठाउँबाट योगदान पुऱ्याउनु पर्छ ।

- अभिभावकको आफ्ना छोराछोरीप्रतिको दायित्व संविधान तथा कानूनद्वारा निर्धारित गरिनुपर्छ ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ६ मा छ)*

## *सत्र छ : नेपालमा सामूहिक अधिकारको अवस्था*

*(अध्यक्षता, विशाल खनाल; प्रस्तोता, सुर्यबहादुर देउजा; टिप्पणीकर्ता, सुनिलवाबु पन्त, चरण प्रसाई, नरबहादुर लिम्बु )*

राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत सुर्य बहादुर देउजाले कार्यपत्र प्रस्तुत गर्नुहुदै "सामूहिक अधिकार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित छन् । राष्ट्रिय मानव अधिकार आयोगको स्थापना द्वन्द्वको समयमा भएकोले सो समयमा आयोगले आफ्नो सीमित श्रोत साधनका कारणले नागरिक तथा राजनैतिक अधिकारमा बढी ध्यान केन्द्रीत गरेको भएतापनि पछिल्लोसमय आर्थिक, सामाजिक, साँस्कतिक अधिकारको साथसाथै सामूहिक अधिकारको विषयमा ध्यान पुऱ्याउन थालेको र आयोगकै कान्छो महाशाखाको रुपमा सामूहिक अधिकार महाशाखाको स्थापना भएको छ" भन्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुदै निलहीरा समाज अध्यक्षका तथा पूर्व सभासद सुनिलबावु पन्तले "सर्वोच्च अदालतले तेश्रो लिङ्गीको अधिकार स्थापित गरी नागरिकता दिनु भनी सरकारको नाममा निर्देशनात्मक आदेश दिएको ५ बर्षसम्म पनि त्यसको कार्यान्वयन नभएकोले कार्यान्वयनको लागि मानव अधिकार आयोगले पहल गरिदिन आग्रह गर्दछु । नेपालका अस्पतालमा तेश्रो लिङ्गीको लागि छुट्टै वार्डको व्यवस्था हुनुपर्छ" भन्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुदै वरिष्ठ मानव अधिकारकर्मी चरण प्रसाईले "कार्यपत्रमा सैद्धान्तिक पक्षलाई छोडेर सबै विषय समेटिएको छ । सबैलाई समान रुपमा प्राप्त हुने, स्वतन्त्ररुपमा उपभोग गर्ने अधिकार व्यक्तिगत अधिकार हुन् र अरुले रक्षा गरिदिनु पर्ने सामूहिक अधिकार हुन् । हामीले अधिकार भनेको के हो भन्ने बुझेपछि मात्र सामूहिक अधिकार रक्षा गर्न सक्छौ । राजनैतिक भागवण्डा तथा हस्तक्षेपले सामूहिक अधिकार प्राप्तिमा वाधा पुग्दछ । देशमा भएका असीमित श्रोत साधनको सबैको हितमा समुचितरुपमा अधिकतम प्रयोग गर्नुपर्छ" भन्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुदै नेत्रहीन महासंघका अध्यक्ष नरबहादुर लिम्बुले "अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा शिक्षा, स्वास्थ्य, रोजगारी लगायत सबै विषय समावेश गरिएको भएपनि यसमा स्वेच्छिक प्रावधान मात्र राखिएको र वाध्यात्मक व्यवस्था नभएकोले अपाङ्गता भएका व्यक्तिहरूको समग्र अधिकारलाई समेट्न सकेन । सो ऐन संशोधनको लागि पेश भएपनि संसद भंग भएकोले ऐन वन्न सकेन । सो ऐन संशोधनको लागि आयोगबाट पहल गरिदिन आग्रह गर्दछु" भन्नुभयो ।

आफ्नो बिचारसहित विषयगत सत्र समापन गर्नु हुँदै सत्रका अध्यक्ष तथा आयोगका सचिव विशाल खनालले "सामूहिक अधिकार आफ्नो अधिकार आफै रक्षा गर्न नसक्ने, लोपोन्मुख स्थितिमा पुगेका व्यक्ति समुदायको कसरी रक्षा गर्ने भन्ने सन्दर्भमा आएको हो । जस्तैः राउटे, कुसुण्डा । मानव अधिकारको विकासक्रममा अरुको अधिकारको बारेमा पनि मुद्दा हालेर अधिकार दिलाउन सकिने अवधारणाको विकास भएको छ । जस्तैः बालक, महिलाआदिको अधिकारका बारेमा अरुले मुद्दा गर्दा पनि सर्वोच्च अदालतले अधिकार

सुनिश्चित गरिदिएका उदाहरण पाइन्छन् । आप्रवासी कामदारले विदेशमा काम गर्दा धेरै दुःख कष्ट पाउनु पर्छ । बिदेशमा मुद्दा लाग्दैन । यसले बैदेशिक रोजगारी 5D3Ds (Dirty, Difficult and Danger) 2DS (Detention and deportation) अतिरिक्त Deadly भएको छ । जुन हामी देखिरहेका छौ दिनहुँ विदेशबाट शवहरू नेपाल आइरहेका छन्" भन्नुभयो ।

## छलफल र निष्कर्षः–

- युगौंदेखि सिमान्तकृत अवस्थामा बाँच्न बाध्य दलित, आदिवासी, मधेसी, मुस्लिम, कमैया, कमलरी, युवाका अधिकार, कर्णाली क्षेत्र, अल्पसंख्यक समुदाय लगायत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको विकासको संरक्षण र सहभागिता, पहिचान र अवसरको अधिकारलाई सुनिश्चित गरिनुपर्छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई संशोधन गर्न र तेश्रो लिङ्गीको पहिचान र अधिकार रक्षा गर्न आयोगबाट पहल हुनुपर्छ ।
- बैदेशिक रोजगारकोरुपमा मानव वेचविखन भई रहेको अवस्थामा आप्रवासी कामदारको अवस्था राम्रो छैन । यसलाई सुधार गर्न आप्रवासी कामदारको अधिकार सम्बन्धी महासन्धिका प्रावधान बमोजिमका अधिकार आफ्ना नागरिकलाई दिलाउन सरकारले पहल गर्नुपर्छ ।
- विषयगत मानव अधिकारका सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धताहरू, महासन्धि, क्षेत्रीय सन्धि सम्झौताको हुवहु कार्यान्वयन गर्नु गराउनु पर्छ । हाम्रा रणनीति, कार्ययोजना, नेपालले हस्ताक्षर र अनुमोदन गरेका सन्धि सम्झौताको पूर्ण कार्यान्वयन हुन सक्ने स्तर र मापदण्डको निर्माण गरी पूर्ण कार्यान्वयन गर्नु गराइनु पर्छ ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ७ मा छ)*

## *सत्र सात : महिला मानव अधिकारको सन्दर्भमा घरेलु हिंसा*

*(अध्यक्षता, पुष्पा भुषाल; प्रस्तोता, मीरा ढुङ्गाना; टिप्पणीकर्ता, देवी खड्का र शिव गाउँले)*

कार्यपत्र प्रस्तुत गर्नुहुँदै महिला मानव अधिकारकर्मी अधिवक्ता मीरा ढुङ्गानाले "पितृ प्रधान समाज, पैतृक सम्पत्तिमा पुरुषको कब्जा, बिवाह गरेर पुरुषको घर जाने परम्परा र घरको झगडालाई आपसी मामला भन्ने सोचले घरेलु हिंसालाई बल पुऱ्याएको छ" भन्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै पूर्व सभासद देवी खड्काले भन्नुभयो "कार्यपत्र समग्रमा राम्रो छ । मैले मानव अधिकारकर्मीकै कारण दोश्रो जीवन पाएको हुँ । घरेलु हिंसाका घटनाको सार्वजनिक गर्ने क्रम बढेको तथ्याङ्क बढेको देखिएपनि समग्रमा घटेको छ । घटना घटेर कानूनी उपचारको बाटोमा जानु भन्दा घटना हुनै नदिन समुचित कानुनी व्यवस्था र चेतनामा बृद्धि गर्न सक्नुपर्छ । घरेलु हिंसाको विषय समग्र समाज परिवर्तनसँग सम्बन्धित छ । द्वन्द्वमा पीडित महिला त्यसमा पनि एकल महिलाको अवस्था दर्दनाक छ । पीडितलाई रोजगारी तथा अन्य स्वावलम्बी हुने अवसरको व्यवस्था, घरेलु श्रमको मूल्य,

महिलामा सम्पत्तिको हक, बैवाहिक प्रचलनमा परिवर्तन, सत्ता र शक्तिमा महिलाको पहुँच, छिटो छरितो न्याय सम्पादन, लैङ्गिक बजेट कार्यान्वयनमा प्रभावकारीता कायम हुन सकेमा महिला अधिकार प्राप्ति र महिला हिंसामा कमी हुन्छ । हाल कायम रहेको नेपाल प्रहरीको महिला सेलमा लैङ्गिक सम्वेदनशीलताको तालिम प्राप्त महिलामात्र राखी हाल भएको दरवन्दीमा बृद्धि गरिनुपर्छ ।"

नेपाल पत्रकार महासंघका अध्यक्ष शिव गाउँलेले कार्यपत्रमा टिप्पणी गर्नुहुँदै "कार्यपत्रले अस्वस्थ पारिवारिक वातावरण कायम राखेर स्वस्थ्य समाज निर्माण हुन सक्दैन भन्ने कुरालाई समेटेको छ । घरेलु हिंसाको बढ्दो तथ्याङ्कले ऐनको कार्यान्वयन फितलो भएकोले स्थिति गम्भिर भएको देखाउँछ । यसलाई समाप्त पार्न राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक तथा साँस्कृतिक मुद्दा वनाई गाउँ इकाई तहसम्म यसका मुद्दालाई जोडतोडका साथ उठाउनुपर्छ र लोकतान्त्रिक शासन पद्धतिको समस्याको रुपमा हेरिनु पर्छ" भन्नुभयो

सत्र समापन गर्दै सत्रका अध्यक्ष पूर्व सभासद पुष्पा भुसालले आफ्नो बिचार यसरी व्यक्त गर्नुभयो "महिला हिंसा सभ्य समाजको परिचायक होइन । महिला हिंसा मानव अधिकारको बिरुद्धको कार्य हो । नब्बे प्रतिशतभन्दा बढी महिला प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै हिंसाको मारमा छन् । यसलाई आर्थिक, समाजिक, सांस्कृतिक र ICCPR सँग जोडेर हेर्नुपर्छ । २०६६ सालमा घरेलु हिंसा सम्बन्धी ऐन आएपनि यसको कार्यान्वयनको अवस्थामा कमी कमजोरीहरू छन् । महिलाले जहाँ परिवर्तन खोज्छन्, त्यसको मूल्य हिंसाबाट चुकाउनु पर्छ । चाहे त्यो राजनीतिमा होस् वा घर समाजमा होस् । त्यसैले यसमा कहाँ कमी कमजोरी भई रहेको छ, यसलाई सुधार्न राजनीतिकर्मी, पत्रकार, अधिकारकर्मी लगायत हामी सबैको हातेमालोको आवश्यकता छ । आफ्नो परम्परा, समाज, संस्कृतिबाट महिला हिंसालाई निर्मूल पार्नुपर्छ ।"

## छलफल र निष्कर्ष :–

- घरेलुहिंसा समाप्त पार्न यसविरुद्ध राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक तथा साँस्कृतिक क्षेत्रका गाउँ इकाई तहसम्म जोडतोडका साथ अभियान चलाउने र यसलाई सबैले तिरस्कार गर्नुपर्ने विषय वनाई लोकतान्त्रिक शासन पद्धतिको समस्याको रुपमा हेरिनु पर्छ । घटना घटेर कानूनी उपचारको बाटोमा जानु भन्दा घटना हुनै नदिन र घरको झगडालाई आपसी मामला मान्ने परम्परा र सोचलाई परिवर्तन गर्न सचेतना लगायका कार्यक्रममा जोड दिइनुपर्छ । महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनुपर्छ ।
- घरेलु हिंसा नियन्त्रण नियमावलीमा ३ महिनासम्मको लागि पीडितलाई राख्ने र पीडकलाई स्थायी घर छोडिदिनुपर्ने व्यवस्था पीडितलाई बिस्थापित र पीडकलाई स्थापित गर्ने प्रकारको भयो यसलाई तुरुन्त परिवर्तन गरी पीडितले घरमा वस्ने र पीडकले घर छोड्नु पर्ने व्यवस्था हुन आवश्यक छ ।

- पीडितलाई रोजगारीको व्यवस्था हुनुपर्छ । आफ्नो शरीरको अधिकार महिलामा रहेको सुनिश्चित गरी महिलाको घरेलु श्रमको मूल्य कायम हुनुपर्छ । महिलामा सम्पत्तिको हक, सत्ता र शक्तिमा महिलाको पहुँच, छिटो छरितो न्याय सम्पादन, लैङ्गिक बजेट कार्यान्वयनमा प्रभावकारीता हुनुपर्छ । प्रहरी महिला सेलमा लैङ्गिक सम्वेदनशीलताको बारेमा तालिम प्राप्त कम्तीमा असई वा सो भन्दा माथिल्लो दर्जाको महिला प्रहरीको व्यवस्था गरी राखी हाल भएको दरवन्दीमा बृद्धि गरिनुपर्छ ।

- अपराधमा सीधा संलग्न नदेखिने र महिलालाई मानसिक यातना दिएर आत्महत्या गर्न बाध्य पार्नेलाई सजाय हुने कानूनी व्यवस्था आवश्यक छ । घरेलु हिंसाबाट पीडित महिला कहाँ जाने स्पष्ट व्यवस्था सहित निजको पुनःस्थापनाको सुनिश्चितता हुनुपर्छ । महिला हिंसाबिरुद्ध उजुरी दिएपछि महिलाको सुरक्षाको सुनिश्चितता हुनुपर्छ । के कमजोरीका कारण महिला माथि हिंसा भईरहेको छ ? यसलाई सुधार गर्न के गर्नु पर्छ ? यसको कारण पत्ता लगाई समुचित उपचारको आवश्यकता छ ।

- मानव अधिकार रक्षकले अहिले नवोले कहिले बोल्ने हामीले नवोले कसले वोल्ने र हामीले नगरे कसले गर्ने भन्ने सिद्धान्तलाई मनन गर्दै घरेलु हिंसाबिरुद्धको अभियानमा लाग्नु पर्छ ।

- घरेलु हिंसासम्बन्धी कानूनले महिला पुरुष कोही पनि घरेलु हिंसाबाट पीडित हुन सक्ने व्यवस्था गरेको छ तर कार्यपत्रमा ऐनले महिलालाई मात्र संरक्षण गरेको भन्ने ब्याख्या गरेको पाइयो यो गलत भयो । घरेलु हिंसाबाट महिला मात्र होइन पुरुष पनि पीडित छन् । यिनीहरूको पनि अधिकार सुनिश्चित हुनुपर्छ । मानव अधिकारका मूलभुत मान्यता भन्दा माथि विषयगत अधिकार हुन नसक्ने तथ्यलाई मनन गरिनुपर्छ ।

- प्रधानमन्त्री कार्यालयको महिला संयन्त्रले १० दिनमा मात्र सुनुवाई गर्ने प्रावधानमा सुधार हुनुपर्छ । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित महिला हिंसा सम्बन्धी समिति तथा कोषको समुचित र पारदर्शी परिचालन र त्यसको जानकारी हिंसा पीडितलाई अनिवार्य गराइनु पर्छ ।

- सो सत्रमा सहभागी भुमिजा मानव अधिकार संघ, धनुषाका प्रतिनिधि बिजय दत्तले लिखितरुपमा कार्यपत्रमा Cyber crime, सरकारी दाइजो - १ लाख, शिक्षामा जोड, अझ प्रभावकारी जनचेतना थप गर्नुपर्ने लिखित सुझाव दिनु भएको थियो

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ८ मा छ)*

## *सत्र आठ : क्षेत्रगत आधारमा मानव अधिकारको समसामयिक अवस्था*

*(अध्यक्षता, एकराज भण्डारी; प्रस्तोता, यज्ञप्रसाद अधिकारी, कोषराज न्यौपाने, मुरारी खरेल, समीर नेपाल, शेरबहादुर शाही; टिप्पणीकर्ता, सुशिल प्याकुरेल र भवानीप्रसाद खरेल)*

(क) सुदुर पश्चिमाञ्चल क्षेत्रको मानव अधिकारको समसामयिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुहुँदै नागरिक समाज बाजुराका प्रतिनिधि शेरबहादुर शाहीले “नेपालको

अन्य क्षेत्रभन्दा सबै क्षेत्रमा पिछडिएको क्षेत्र भएकोले रुढीवादी र परम्परागत सामाजिक, सांकृतिक, धार्मिक, परम्परा कायम रहेको, आर्थिक-सामाजिक-साँस्कृतिक र विषयगत (स्वास्थ्य, शिक्षा, बालबालिका, सामाजिक, साँस्कृतिक महिला, खाद्यान आदि) मानव अधिकारको प्राप्तिको अवस्था कमजोर रहेको, कार्यालय प्रमुख सरकारी कार्यालयमा नियमित नवस्ने, सरकारी विद्यालयमा शिक्षक र अस्पतालमा चिकित्सकको अभावले सरकारी निकायको सेवा जनताले सुलभ तरिकाले प्राप्त गर्न सकेका छैनन् । जनताले राज्यले गरेको व्यवहारबाट दोश्रो दर्जाको नागरिक भएको महसुस गरेका छन् । मानव अधिकार रक्षकहरूको संख्यामा, क्रियाकलापमा र उनीहरूको सन्जालको बृद्धि हुने क्रम बढेको र उनीहरूप्रति समाजको सकारात्मक दृष्टिकोण रहन थालेको भएतापनि बिभिन्न प्रकारका धम्कीहरू सामना गर्नुपर्ने र मानव अधिकार रक्षकप्रति राज्य पक्षको दृष्टिकोण सकारात्मक छैन । तुलनात्मक रुपमा महिला मानव अधिकार रक्षकहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक जटिलता, असुरक्षा छ । पहुँच नभएको मानव अधिकार रक्षकले स्वतन्त्ररुपमा काम गर्न पाउन सकेका छैनन्" भन्नुभयो

(ख) मध्य पश्चिमाञ्चल क्षेत्रको मानव अधिकारको समसामयिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुहुँदै आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्जका नि. निर्देशक मुरारी खरेलले "बिस्तृत शान्ति सम्झौता पछि हत्या हिंसाका घटनामा कमी आएको भएतापनि अहिलेपनि आन्तरिक विस्थापनका घटनाहरू, घरजग्गा कब्जा भई रहेका छन् । घरेलु हिंसा, बलात्कार, दाइजो, कमलरी, वेश्याबृत्तिका घटनाहरू भईरहेको छ । कतिपय बलात्कारका घटना लेनदेनमा नै मिलाउने गरिएको घटनाको उल्लेख गर्दै, श्रोत साधनको असमान वितरणले विशेषतः कर्णाली क्षेत्र नै क्षेत्रीय सिमान्तीकरणमा परेको छ । सो क्षेत्रका जनता खाद्य, शिक्षा, स्वास्थ्य र आर्थिक अधिकार लगायतका मानव अधिकारबाट बन्चित रहेको र मानव अधिकार रक्षकहरूको व्यवसायिक सीमा तथा आचारसंहिता कायम हुन नसकेको र अन्य क्षेत्रका जस्तै समस्या यस क्षेत्रका अधिकारकर्मीको अवस्था रहेको" विवरण दिनुभयो ।

(ग) पश्चिमाञ्चल क्षेत्रको मानव अधिकारको समसामयिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुहुँदै आयोगको क्षेत्रीय कार्यालय, पोखराका नि. निर्देशक यज्ञप्रसाद अधिकारीले "यस क्षेत्रमा नागरिक, राजनैतिक अधिकारका स्थितिमा सुधार आएको मानिन थालिएको छ । विशेष गरेर तराईमा हत्या, यातना, धम्की, चोरी, बलात्कार, वन्दका घटनाहरू भई रहेका छन् । दण्डहीनताको संस्कृति कायम रहेको, द्वन्द्व पीडित कराईरहेका छन् तर तिनको आवाजको सुनुवाई भई राखेको छैन । आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमा पहाडमा खाद्यान्न अभाव, स्वास्थ्य सेवाबाट बन्चित रहेका, युवाहरू बैदेशिक रोजगारमा जानेक्रम वढदो छ । बन्द हडतालको राजनीतिले शिक्षा र स्वास्थ्य क्षेत्र प्रभावित भएका छन् । बिभेद अन्त्यका लागि प्रयास भएको, तर जातीय, लैङ्गिक विभेद, लैङ्गिक हिंसाका घटनाहरू कायमै रहेको छ । मानव अधिकार रक्षक तुलनात्मक रुपमा पहिलाभन्दा सुरक्षित अवस्थामा भएपनि अहिलेपनि धम्की, यातना, पत्रपत्रिका जलाउने आदि घटना भईरहका छन् ।

अहिलेको प्रमुख समस्या दण्डहीनता कायम रहनु र कमजोर कानुन कार्यान्वयन अवस्था रहनु हो" भन्नुभयो ।

(घ) मध्यमाञ्चल क्षेत्रको मानव अधिकारको समसामयिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नु हुँदै मानव अधिकार एलाइन्सका महासचिव समीर नेपालले "कमजोर सुरक्षा व्यवस्थाले आपराधिक घटनाहरू बढीरहेका तर आरोपितहरूमाथि कारबाही हुन सकेको छैन । अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गर्ने प्रवृतिबाट आरोपितहरूले उन्मुक्ति पाउने गरेका छन् । सरकार तथा सुरक्षा निकायहरू पनि आपराधिक घटनाहरूको अन्त्यका लागि जिम्मेवार देखिएका छैनन् । जसले गर्दा दण्डहीनता बढेर गएको छ । कानूनी शासनको अभावका कारण नागरिकले सुरक्षा र न्यायको अनुभूति गर्न सकेका छैनन् । न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउन तथा आम नागरिकलाई उनीहरूको कर्तव्य बोध गराउनका लागि सचेतना अभिवृद्धि गर्न तथा एउटा सभ्य एवम् सक्षम राष्ट्रकारूपमा नेपाललाई स्थापित गर्नु आजको आवश्यकता भएको छ" भन्नुभयो ।

(ङ) पूर्वाञ्चल क्षेत्रको मानव अधिकारको समसामयिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नु हुँदै आयोगको क्षेत्रीय कार्यालय, बिराटनगरका नि. निर्देशक कोषराज न्यौपानेले "कतिपय मानव अधिकारका उल्लंघनका घटनाकोबारेमा परेको उजुरीमाथि प्रहरीले अनुसन्धान नगरेका घटनाहरू अझै रहेका छन् । मानव अधिकार आयोगको सिफारिसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । द्वन्द्वकालका धेरै पीडित परिवारले अझै क्षतिपूर्ति पाउन सकेका छैनन् । जोखिमपूर्ण बालश्रम कायम छ । बालबालिकालाई ठुला कैदीसंगै राखिएको छ । बाल सुधार गृहको अभाव छ । धेरै प्रत्रकारहरूमाथि धम्की दिने, कुटपिट, आक्रमणका घटना भएका छन् । झापा, मोरङ, सुनसरी, संखुवासभा, धनकुटामा पीडकमाथि केही कारवाही पनि भएका छन् । अन्तरजातिय विवाह गर्नेले पूर्ण सुरक्षाको अनुभुति गर्न र सरकारले घोषणा गरेको पुरस्कारको रकम पाउन सकेका छैनन । राज्य स्वास्थ्य, शिक्षा र बसोबासको दायित्व पुरा गर्न सफल हुन सकेको छैन । अत्यन्त सिमान्तकृत वर्गको लागि कुनै विशेष कार्यक्रम छैनन् । गृह मन्त्रालयले गैससको कार्यक्रममा जान रोक लगाएकोले नागरिक समाजको कार्यक्रममा कर्मचारी आउन नमान्ने" बताउनु भयो ।

(च) तराईको मानव अधिकारको अवस्थाकाबारेमा सम्मेलनमा सहभागी मानव अधिकारकर्मीका तर्फबाट बिजय दत्त, धनुषाले "दश वर्षको जनयुद्धको कालमा धनुषा जिल्लामा १८४ जनाको गैर न्यायिक हत्या गरियो, तर २०६२/०६३ पछि अहिलेसम्म १४० जनाको गैर न्यायिक हत्या भई सकेको छ । परिस्थिति यति गम्भिर छ कि तराईमा महिला हिंसाको सन्दर्भमा Cyber crime अत्यधिक छ । अपराधी, राजनैतिककर्मी र प्रहरीको अबैध साँठगाँठ छ । भ्रष्टाचार व्याप्त छ । दाइजो प्रथाले गर्दा धेरै महिलामाथि हिंसा भएको र कतिको मृत्यु समेत भएको छ । एक हप्ताको दौरानमा पुर्वी तराईमा ४ जनाको हत्या भएको छ, यसको विरोध गर्दा

प्रतिबन्ध लगाइन्छ । यसको विरोधमा आवाज उठाउने मानव अधिकारकर्मीहरू सुरक्षित छैनन्, हाम्रो अधिकारलाई आयोगले संरक्षित गर्नुपर्छ" भन्नुभयो ।

(छ) मानव अधिकारको समसामयिक अवस्थाबारे चर्चा गर्दै सेतु सामुदायिक विकास तथा मानव अधिकार मञ्च, सप्तरीका प्रतिनिधि आभा सेतु सिंहले "मधेसमा द्वन्द्व अझै सकिएको छैन र संक्रमणकालिन अवस्थाबाट गुज्रिरहेको छ । मधेश आन्दोलनको नाउँमा पहाडी मूलका ब्यक्ति तराईबाट पलायन भए । यसको मूल कारण राज्यले तराईको समस्या बेलामा नै नसुनिदिएकोले हो" भन्ने बिचार व्यक्त गर्नुभयो ।

कार्यपत्र माथि टिप्पणी गर्नुहुदै राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य तथा वरिष्ठ मानव अधिकारकर्मी सुशिल प्याकुरेलले "मानव अधिकार आयोग Protective Mandate पाएको सवैधानिक अंग हो । आयोगका जिम्मेवार पदाधिकारीबाट पेश भएको प्रतिवेदनमा आयोगमा के कस्ता उजुरी कति आए र तपाईले कसरी ति उजुरी लिनु भयो? कसरी सहयोग गर्दै हुनुहुन्छ ? पीडितको न्यायको अधिकार कसरी सुनिश्चित गरियो ?, सरकारले गरेका कुरालाई कसरी सम्बोधन गर्नुभयो ? यी सबै कुरा आउनुपर्थ्यो । आयोगले आफ्नो पहलमा के कस्तो छानविन गर्‍यो ? के कति कामहरू हुन सके ? के कस्ता समस्या आए ति सम्पूर्ण कार्यमा आएका चुनौती, कानूनी अप्ठ्यारो, सफलता र आगामी दिनमा आयोगले गर्नुपर्ने काम समेत तथ्यगत रुपमा आउनु पर्ने थियो । खाली समस्या देखाएर पुग्दैन, मानव अधिकार आयोगले त्यस विषयमा गरेका कार्य पनि आउनु पर्छ । यो संस्थाले गै.स.स. तथा मानव अधिकारकर्मी जस्तो माग मात्र गर्ने होइन । Context presentation ले मात्र पुगेन । आगामी दिनमा यस विषयमा कर्मचारीहरूले विशेष ध्यान पुर्‍याएर तथ्यगत रुपमा प्रतिवेदन पेश गर्न अनुरोध गर्दछु" भन्नुभयो ।

मानव अधिकार प्रतिष्ठानका अध्यक्ष भवानी खरेलले कार्यपत्रमा टिप्पणी गर्नुहुदै "सबै क्षेत्रका कुरा सुन्दा सुदुर पश्चिमाञ्चलको मानव अधिकारको अवस्थामा त्यसमा पनि महिलाका मानव अधिकारको अवस्था अत्यन्त नाजुक पाएँ । मानव अधिकारकर्मीले आगामी दिनमा झन जटिल परिस्थिति भोग्नु पर्ने देखिन्छ । सरकारले जिल्लाका सरकारी कर्मचारीलाई गै.स.स. को कार्यक्रममा उपस्थित हुन रोक लगाउँछ, जसले आवाज विहिनहरूको आवाजलाई सम्बन्धित निकायसम्म आउन रोक्ने र हामीलाई सीमित दायरामा राख्ने काम भएको छ । OHCHR र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस विपरित राजु बस्नेतलाई बढुवा गर्नु र बेपत्ता पारिएकालाई पत्ता लगाईदेउ भन्न जाँदा बेपत्ता परिवारमाथि लाठी चार्ज गरिनुले सरकार मानव अधिकारप्रति संवेदनशील छैन र प्राप्त अधिकारपनि वर्तमान सरकारले संकटमा पार्न सक्छ भन्ने देखाउँछ । आगामी दिनमा मानव अधिकार आयोग र हामी अधिकारकर्मी सबै एकजुट भएर अघि बढ्नु पर्छ" भन्नुभयो ।

सत्रका अध्यक्ष एकराज भण्डारीले सबै क्षेत्रको मानव अधिकारको स्थितिको प्रस्तुतिबाट मानव अधिकारको स्थिति उत्साहप्रद नदेखिएको कुरा उल्लेख गर्नुभयो । त्यसैले मानव अधिकारको क्षेत्रमा सरकार, आयोग, राजनीतिक दल, नागरिक समाज, यस क्षेत्रमा

कार्यरत गैससहरू लगायत सबै एकजुट भई लाग्नु पर्ने आवश्यकता रहेको कुरा बताउनु भयो ।

**छलफल र निष्कर्ष :–**

- राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसको पूर्ण कार्यान्वयन गर्दै आयोगद्वारा सिफारिश गरिएका मानव अधिकार र मानवीय कानून उल्लंघनकर्तालाई नेपाल सरकारद्वारा कानून बमोजिम कारवाही गरिनुपर्छ । मानव अधिकारको पालन गर्नु गराउनु पर्ने कर्तव्य भएको सम्बन्धित पदाधिकारीलाई जबाफदेही बनाइनु पर्दछ ।
- मानव अधिकारको अहिलेको स्थिति द्वन्द्वको अवस्था भन्दा सुधारात्मक भएपनि अझै देशमा संक्रमण कायम रही रहनुले सुशासन तथा विधिको शासन कायम हुन नसक्दा अझै दण्डहीनता र भ्रष्टाचार नियन्त्रण हुनसकेको छैन । यसको सबैभन्दा वढी मारमा मानव अधिकारकर्मी र पत्रकार परेकाले सरकारको यसतर्फ ध्यानकर्षण हुनुपर्छ । मानव अधिकारकर्मीको सुरक्षाको व्यवस्था हुनुपर्छ, आचरण र सीमाको निर्धारण गरिनु आवश्यक छ ।
- बाल न्याय प्रभावकारी छैन । गैर न्यायिक हत्या भई रहेको, स्वास्थ्य गुणस्तरीय र सर्वसुलभ हुन नसकेको र तराईमा मलको अभाव रहेको, विभिन्न प्रतिकारका घटनाले शान्ति सुरक्षा कमजोर रहेको छ, विकट पहाडी क्षेत्रमा खाद्यान्नको अभाव रहेका छन्, यी अवस्थामा सुधार गरिनुपर्छ ।
- प्रतिवेदनआयोगबाट गरिएका कामको सबल, कमजोर र चुनौतीलाई जिल्लागत र विषयगत रुपमा विस्तृत उल्लेख गरी त्यसमा भएका उपलब्धि र गर्न नसकिएका विषयको प्रत्येकको कारण खुट्याई क्षेत्रगत रुपमा छलफल गर्न सकेको भए र मानव अधिकार रक्षकले गरेको काम र भोगेको समस्या र विशेषतः महिला, सिमान्तकृत वर्गको समस्या र बालबालिका, महिला, बेचविखनमा परेका ब्यक्तिको समस्या राम्ररी उठाउन सकेको भए प्रतिवेदनले समग्र क्षेत्रको समस्या चित्रण गर्ने थियो ।

*(कार्यपत्रको पूर्णपाठ अनुसूची ९ मा छ)*

## *सत्र नौः मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ (मसौदा)*

*(अध्यक्षता, शेख चाँद तारा; प्रस्तोता, वेद प्रसाद भट्टराई; टिप्पणीकर्ता, डा. हरिवंश त्रिपाठी र केदारप्रसाद पौडेल)*

आयोगका निर्देशक वेद प्रसाद भट्टराईले निर्देशिकाको मसौदा प्रस्तुत गर्नु हुँदै "मानव अधिकारको क्षेत्र व्यापक हुदै गएको, सम्पूर्ण जनताको चासो पनि यसमा वढदै गएको एवं यस क्षेत्रमा काम गर्ने संघसस्थाको संख्या र मानव अधिकारकर्मीहरू पनि वढ्दै गएको सन्दर्भमा मानव अधिकार आयोगले आफुलाई प्राप्त संवैधानिक जिम्मेवारी पुरा गर्न

ती संघसंस्थासँग कसरी सहकार्य गर्न सक्छ भन्ने सन्दर्भमा यो निर्देशिका तयार गरिएको हो" भन्नुभयो ।

निर्देशिकाको मुख्य उद्देश्यबारे प्रकाश पार्दै आयोगका सचिव विशाल खनालले आफ्नो भनाई यसरी व्यक्त गर्नुभयो "नेपालमा करीव ४० हजारको संख्यामा गैर सरकारी संस्था छन् भनिन्छ । ती संस्थाहरू मध्ये करीव ५ हजारको हाराहारीमा मानव अधिकारको क्षेत्रमा काम गरिरहेका छन् भन्ने हाम्रो अनुमान छ । यस अवस्थामा हरेक गै.स.स.सँग आयोगले र आयोगसँग गै.स.स.ले सधै कार्य गर्न सक्ने अवस्था छैन । तर पनि सबैसँग सधै कसरी भातृत्वको हैसियतले कार्य गर्ने र सम्पर्कमा रही रहेर कार्यगत उद्देश्य प्राप्तिमा जानसक्छौ भनेर मानव अधिकार रक्षककै सल्लाह र सुझावमा यो निर्देशिका तयार गरिएकोले यसैको सेरोफेरोमा सुझाव आयो भने निर्देशिकालाई मूर्त रुप दिन सकिन्छ" ।

पूर्व न्यायाधीश तथा मानव अधिकारकर्मी हरिवंश त्रिपाठीले कार्यपत्रमाथि टिप्पणी गर्नुहुदै "सैद्धान्तिक रुपमा ज्यादै राम्रो छ । कुनै पनि सहकार्य गर्दा समानता, विश्वास र एउटै उद्देश्य (Equality, trust and common Purpose) का लागि हुनु आवश्यक छ । यसको व्यवहारिक कार्यान्वयनबाट मात्र यसको उपादेयता पुष्टि हुन्छ" भन्ने बिचार व्यक्त गर्दै दफावार रुपमा सुझाव प्रस्तुत गर्नु भएको थियो ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुदै आयोगका पूर्व कामु सचिव तथा संयुक्त राष्ट्रसंघ अन्तर्गत कार्यरत मानव अधिकार विशेषज्ञ केदारप्रसाद पौडेलले "निर्देशिका राम्रोसँग लेखिएको छ । राष्ट्रिय मानव अधिकार आयोगको पहुँच नपुगेका ठाउँमा काम गर्ने गैर सरकारी संस्थासँग सहकार्य गर्दा प्रभावकारी हुन्छ" भन्दै दफाबारे रुपमा सुझाव प्रस्तुत गर्नु भएको थियो ।

आफ्नो बिचार सहित सत्र समापन गर्नु हुँदै राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेख चाँद ताराले "हरेक ठाउँमा मानव अधिकारको उल्लंघन भईरहेको अवस्थामा निर्देशिका राम्रो छ । विषयवस्तु अनुसार छलफल गर्ने समय अलिक वढी भएर अझ वढी छलफल गर्न पाए अझ राम्रो हुने थियो । मानव अधिकार भन्ने वित्तिकै सबै मानवको अधिकार समेटिने भएकोले यहाँ महिला, जनजाति, दलित आदि भनी विभाजित गरिरहनु पर्छ जस्तो मलाई लाग्दैन । तर मानव अधिकारको रक्षकको सुरक्षाको विषयमा संघसंस्थाको पनि अधिकार रक्षाको व्यवस्था हुन आवश्यक ठानेको छु" भन्ने भनाई राख्नुभयो ।

## छलफल र निष्कर्ष :-

- प्रस्तावनामा दफा १८ को उद्देश्य पुरा गर्न दफा ३२ बमोजिम ल्याइएको भन्ने शब्द राख्दा प्रष्ट हुन्छ ।
- परिभाषा खण्डको खण्ड (च) मा रहेको "समेत" भन्ने शब्द आवश्यक छैन झिक्नु पर्छ । यसले अरु संघसंस्थालाई समेत समेट्न खोजेको भए प्रष्ट पार्नुपर्छ ।
- आयोगको परिभाषा ऐनकै परिभाषा हुनुपर्छ । दफा १९ लेखिएको ठाउँमा दफा १८ हुनुपर्छ । (भूल सुधार गर्ने)

- निर्देशिकाको दफा ५(झ) मा अन्य उपयुक्त विषयलाई पेरिस सिद्धान्तको आधारमा स्पष्ट पार्नुपर्छ । मानव अधिकारको रक्षकको रक्षाको लागि सहकार्य गर्ने कुरा उल्लेख छैन । उल्लेख गर्नुपर्छ ।

- दफा ६: आयोग सन्जालमा सहभागी हुनु हुन्छ वा हुदैन ? हुन्छ भने के कुन हदसम्म हुन सकिने हो व्यापक छलफल गरी स्पष्ट हुन आवश्यक छ ।

- दफा ८(छ) मा भएको सकारात्मक विभेदको सिद्धान्त अनुरुप गरिनेछ भन्ने कुरा प्रष्ट भएन । यो वाक्यांशले स्वेच्छाचारितालाई टेवा दिन्छ । यसलाई स्पष्ट पार्नुपर्छ नभए हटाइनु पर्छ ।

- राष्ट्रिय मानव अधिकार आयोगको प्राथमिकताकोबारेमा सहकार्य गर्दा फरक पर्दैन । तर विशेष ज्ञानसीप भएका संस्थासँग सहकार्य गर्न बाधा पर्ने छैन भन्ने शब्दले स्वेच्छाचारिता ल्याउछ । यसको ज्ञानसीपको कसले निर्धारण गर्छ निर्देशिकामा नै स्पष्ट व्यवस्था गरिनुपर्छ ।

- समाज कल्याण परिषदसँग आवद्धता नभई सहकार्य नगर्ने व्यवस्था उपयुक्त छैन । किनकि कतिपय संघसंस्था अहिलेसम्म समाज कल्याण परिषदमा आबद्ध नै नभई सञ्चालन भएका र मानव अधिकारको वकालत र रक्षाको काममा लागिरहेका छन् (जस्तै नेपाल बार एशोसिएसन) ।

- यस्तै मानव अधिकार आयोगसँग सहकार्य गरेर काम गर्छ भन्ने लागेमा कतिपय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई सरकारले चाहेमा आवद्धताको अनुमति नदिन सक्छ, यस्तो अवस्थामा मानव अधिकार आयोगलाई सहकार्य गर्न आफ्नै निर्देशिका बाधक हुन सक्छ ।

- सहकार्य गर्दा संघसंस्थाले निवेदन हाल्ने कुरा समान हैसियतको हिसाबले उपयुक्त हुदैन । समन्वय समितिमा राष्ट्रिय मानव अधिकार आयोगकामात्र प्रतिनिधि भए नागरिक समाजको पनि समानुपातिक प्रतिनिधि राखिनु पर्छ ।

- दफा १०(२)(क) मा सहकार्य गर्ने संस्थासँग आफ्नो योजनाकोबारेमा जानकारी गर्ने गराउने र समन्वय हुनुपर्छ । सूचना आदानप्रदान समान ढंगले गर्नुपर्छ ।

- १०(२) सहकार्य गर्दा त्यसको निर्देशिका सहकार्यलाई सहज बनाउने प्रकारको हुनुपर्छ । सहकार्य प्रवर्द्धनको लागि सहज हुन्छ, तर अनुसन्धान र अनुगमनको कार्यको विषयमा त्यसको रिपोर्टको कुरा आउँछ । यसले आयोगको विश्वसनीयतालाई असर पुऱ्याउँछ, पुऱ्याउँदैन बिचार गर्नुपर्छ । यस विषयमा आयोगबाट पनि पुर्नबिचार हुन आवश्यक छ । अनुसन्धान र अनुगमनमा सहकार्य गर्ने हो भने यसको निचोड संयुक्त रुपमा आउने भन्दा फरक फरक आउने व्यवस्था गरेर सहकार्य भएन भने आयोगको विश्वसनीयता गुम्न सक्छ । क्षमता अभिबृद्धिका क्षेत्रहरूमा सहकार्य गर्न सकिने व्यवस्था थप गर्नुपर्छ ।

*(निर्देशकाको पूर्णपाठ अनुसूची २ मा छ)*

**सत्र १० : *Human Rights Based Approach to Development in the Finnish Development Policy***

*(Chair, Bishal Khanal; Presenter, Ms. Merja Lahtinen, Advisor, Rule of Law, Ministry of Foreign Affairs, Finland)*

**Summary of the Presentation:**

- The constitution of Finland states that Finland should promote peace, security and human rights.
- Government of Finland has been emphasizing upon the rule of law, democracy and human rights in its development policy and cooperation.
- In Finland's, policy programs, human rights based approach has been clearly stipulated and focuses to the poverty reduction programs as well.
- Basis of Finish understanding of human right based approach is that promotion of human rights as envisaged in various international human rights instruments is the integral part of development and specifically the human development. Moreover promotion and protection of human rights is the obligation of governments.
- The United Nations has also a common understanding on the rights based approach and Government of Finland works in the similar vein.
- Human right based approach is based on human right treaties, conventions, international human rights principles and standards such as nondiscrimination, meaningful participation, and equal and equitable treatment, sustainable development etc.
- Strong civil society is very important to implement human rights based approach
- The government capacity to implement and role of duty bearers and donors are crucial for implementation.
- The civil society and human rights defenders are important partners who play positive role to the implementation of human right based approach in order to bring about change in the society.
- This approach is very fruitful for forest conservation, water sanitation and other sectors of development.

As the chair of the session Bishal Khanal expressed the words of appreciation for very informative presentation on the pertinent issue of HRBA. He said her presentation is timely for Nepal as well as NHRC is striving to introduce HRBA in diverse areas of development initiatives. He went on to say that for last two years NHRC has been imparting training on HRBA to the government officials dedicated to work in diverse area of development considering that they are the agents to fulfill human rights obligation on behalf the state. On behalf of participants he thanked to Ms. Merja Lahtinen for her informative presentation. In addition on behalf of NHRC he appreciated the efforts of the Government of Finland for its generous support in the promotion and protection of human rights in Nepal.

## परिच्छेद ४
## सम्मेलनबाट पारित घोषणा पत्र

मानव अधिकारको संरक्षण, संवर्द्धन र यसको परिपालनाको लागि निरन्तर खट्ने मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन २०६९ साल असोज २२ र २३ गते ललितपुरमा सम्पन्न भयो । सम्मेलनमा देशका ७५ वटै जिल्लाबाट सहभागी करीब २०० जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकको क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम, प्रशिक्षण कार्यक्रम, सहकार्य गर्दै आएको र यस सम्मेलनमा मानव अधिकार समुदायबाट नै आग्रह भए बमोजिम आवश्यक सुझाव लिई राष्ट्रिय मानव अधिकार आयोगबाट मसौदा गरिएको मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका, २०६९, मानव अधिकार आयोगको मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९, छलफलका लागि प्रस्तुत गरियो । साथै संक्रमणकालिन न्याय र दण्डहिनता, नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण सम्बन्धी अवस्था, नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना, सामूहिक अधिकार अन्तर्गत बालअधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, यौनिक अल्पसंख्यकका अधिकार, जेष्ठ नागरिकका अधिकार, आदिवासी जनजातिका अधिकार, मधेसी समुदायका अधिकार, आप्रवासी कामदारहरूको अधिकार, नेपालमा महिलामाथि हुने घरेलु हिंसाको अवस्था, फिनल्याण्डको विकास नीतिमा मानव अधिकारमुखी पद्धति लगायत मुलुकको पाँचवटै विकास क्षेत्रको मानव अधिकारको समग्र अवस्था सम्बन्धमा विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत गरी विस्तृत रुपमा छलफल समेत गरियो । यो सम्मेलन निम्न लिखित प्रस्ताव पारित गर्दछ :

१. आयोगद्वारा छलफलमा प्रस्तुत मसौदा मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका, २०६९ लाई यस सम्मेलनको सुझाव सहित आवश्यक परिमार्जन गरी अविलम्व जारी गर्न यो सम्मेलन आयोगसँग आग्रह गर्दछ । साथै मानव अधिकार रक्षकको सुरक्षाका लागि आवश्यक संयन्त्र सहित विशेष व्यवस्था गर्न समेत सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।

२. आयोगद्वारा प्रस्तुत मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ को मसौदामा भएको छलफल बमोजिम आवश्यक परिमार्जन सहित जारी गर्न यो सम्मेलन राष्ट्रिय मानव अधिकार आयोगसँग आग्रह गर्दछ ।

३. नेपाल सरकारले मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय रुपमा देखाएको प्रतिबद्धतालाई धन्यवाद दिंदै अन्तर्राष्ट्रिय सन्धि अनुसारको राष्ट्रिय कानून र संयन्त्रको निर्माण र कार्यान्वयनका लागि विशेष आग्रह गर्दछ ।

४. नेपालमा १० वर्षे आन्तरिक सशस्त्र द्वन्द्व समाप्त भई विस्तृत शान्ति सम्झौता भएको ६ वर्ष बित्न लाग्दा पनि शान्ति सम्झौताले परिकल्पना गरेका संक्रमणकालीन न्यायसँग सम्बन्धित सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानवीन आयोग जस्ता संयन्त्रको गठन नहुँदा द्वन्द्व पीडितहरूले न्याय र परिपूरण पाउने अधिकारबाट बञ्चित हुन परेको अवस्था छ । अतः अविलम्व अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको

स्वतन्त्र, निष्पक्ष, स्वायत्त उच्चस्तरीय आयोगका लागि पहल गर्न नेपाल सरकारसँग यो सम्मेलन माग गर्दछ । साथै नेपाल सरकारद्वारा हालसालै जारी गर्न राष्ट्रपति समक्ष सिफारिश गरिएका बेपत्ता छानवीन तथा सत्य निरुपण र मेलमिलाप आयोग गठन सम्बन्धी अध्यादेशले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनको विषयमा समेत माफी दिन सक्ने प्रावधानले पीडितको न्याय पाउने अधिकार र मानव अधिकारका विश्वव्यापी सिद्धान्त प्रतिकुल भएको देखिंदा उक्त अध्यादेश जारी नगर्न नगराउन सम्बन्धित पक्षसँग यो सम्मेलन माग गर्दछ । साथै युद्ध अपराध र मानवता विरुद्धको अपराधमा दोषी ठहरिएका व्यक्तिलाई कुनै पनि हालतमा माफी नदिन यो सम्मेलन माग गर्दछ ।

५. विस्तृत शान्ति सम्झौता अनुसार गठन हुनु पर्ने आयोगहरू गठनपूर्व र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस विपरित मानव अधिकारका आरोपित पीडकको मुद्दा फिर्ता तथा बढुवाको विषयप्रति यो सम्मेलन गम्भिर आपत्ति प्रकट गर्दछ । साथै मुलुकमा विद्यमान दण्डहीनताको अन्त्यका लागि सक्रिय रुपमा काम गर्न नेपाल सरकार लगायत सम्वद्ध सबै पक्षको ध्यानाकर्षण गराउँछ । साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न जोडदार माग गर्दछ ।

६. राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिशको पूर्ण कार्यान्वयन गर्दै आयोगद्वारा सिफारिश गरिएका मानव अधिकार र मानवीय कानून उल्लंघनकर्तालाई कानून बमोजिम कारवाही गर्न र सम्बन्धित व्यक्तिलाई जबाफदेही बनाउन सम्मेलन आग्रह गर्दछ ।

७. नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को पक्षराष्ट्र भई सकेको परिप्रेक्षमा सोसँग सम्बन्धित ऐच्छिक आलेखको अनुमोदनतर्फ आवश्यक पहल गरी नागरिकका अधिकार जीवनमा अनुभूति गर्न पाउने बातावरण बनाउन आवश्यक संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार समक्ष आग्रह गर्दछ । साथै, सामूहिक अधिकारको सम्बन्धमा युगौंदेखि सिमान्तकृत अवस्थामा बाँच्न बाध्य दलित, आदिवासी, मधेसी, मुस्लिम, कमैया कमलरी, युवाका अधिकार, कर्णाली क्षेत्र, अल्पसख्यक समुदाय लगायत महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको विकासको संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न यो सम्मेलन आव्हान गर्दछ ।

८. नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको वकालती र कार्यान्वयनका लागि यो सम्मेलन नेपाल सरकारसँग आग्रह गर्दछ । द्वन्द्वको मुलकारण राज्यमा रहेका प्राकृतिक लगायत श्रोतसाधनको बाँडफाँडमा असमानता, आर्थिक विकास नहुनु र गरिबी भएको देखिँदा त्यसको उन्मूलनका लागि विकासमा मानव अधिकारमुखी पद्दति (Right Based Approach to Development) अवधारणा नीति निर्माण र कार्यान्वयन तहमा लागु गर्न यो सम्मेलन सम्बन्धित पक्षसंग माग गर्दछ ।

९. नेपाल पक्षराष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महत्वपूर्ण दस्तावेहरूद्वारा प्रदत्त महिलाका अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, जनजाति

आदिवासीका अधिकारसँग सम्बन्धित दस्तावेज अनुरुपको राष्ट्रिय संयन्त्रको निर्माण गरी ती अधिकारको व्यवहारिक रुपमा कार्यान्वयनका लागि पहल गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

१०. राष्ट्रिय मानव अधिकार आयोगले मुलुकभरका मानव अधिकार रक्षकहरूलाई सहभागी गराई राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिंदै मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन कम्तीमा हरेक वर्षमा आयोजना गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई यो सम्मेलन आग्रह गर्दछ । साथै, जनस्तरमा मानव अधिकारको सम्मान, संरक्षण र पालना सम्बन्धी सरकारको प्रतिबद्धता व्यबहारमा कार्यान्वयनका विषयमा प्रभावकारी अनुगमन गर्न मानव अधिकार रक्षकहरू र सरोकारवाला निकायबीच समन्वय गर्न राष्ट्रिय मानव अधिकार आयोगको ७५ जिल्लामा जिल्ला सम्पर्क कार्यालयहरू स्थापना गर्न नेपाल सरकार र आयोगसँग यो सम्मेलन जोडदार माग गर्दछ ।

मितिः २०६९।६।२३

ललितपुर

# परिच्छेद ५
# समापन सत्र

यस सम्मेलनको समापन सत्रको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले गर्नु भएको थियो । उहाँले आफ्नो मन्तव्य राख्नु हुँदै सम्मेलनको समापन गर्नु भएको थियो । सो सत्रमा आयोगका सदस्य गौरी प्रधानले सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा राष्ट्रिय मानव अधिकार आयोगकोतर्फवाट बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो । सम्मेलनका सहभागीहरूका तर्फवाट सन्जिब विश्वकर्मा, आभा सिंह, विजय दत्त, सुनिल शाह, लक्ष्मी शर्मा आचार्यले सम्मेलनका उपलब्धि लगायतका विषयमा वोल्नु भएको थियो । सो सत्रमा आयोगका सचिव विशाल खनालले सम्मेलनका सहभागी तथा सम्मेलनको काममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न आयोग परिवार लगायत सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । वक्ताहरूको मन्तव्यको सार संक्षेप यहाँ राखिएको छ ।

**माननीय अध्यक्ष, केदारनाथ उपाध्याय, राष्ट्रिय मानव अधिकार आयोग** : मानव अधिकारको सम्मान, संरक्षण गर्ने समुचित जिम्मेवारी सरकारको हो । सरकारले नै मानव अधिकारका मूल्य मान्यतालाई लागू गर्न बजेट निकासा गर्ने र कार्यान्वयनको लागि संयन्त्र निर्माण गर्नुपर्छ । मानव .अधिकार उल्लंघनकर्तालाई कारवाही गर्ने पनि सरकारले नै हो । सरकारले गरेन भने आयोगले कार्यान्वयनको लागि दवाव दिन्छ । आयोगले गरेको कतिपय सिफारिस र नीतिगत सुझाव सरकारले कार्यान्वयन गरेको छ । द्वन्द्व पीडितलाई क्षतिपूर्ति दिलाएको छ । तर यी सकारात्मक कुराहरूको वावजुद पनि सरकारले नै पटकपटक मानव अधिकारको उल्लंघनकर्ताहरूलाई संरक्षण दिने, दण्डहीनताको संस्कृतिलाई परोक्षरुपमा संरक्षण गर्दै मुद्दा फिर्ताको संस्कृतिलाई प्रोत्साहन गर्ने कुरा गरिरहेको छ । कतिपय पत्रकार मारिए त्यसमा मुद्दा चलेर अन्तिम परिणतिमा अपराधीले सजाय पाएको धेरै कम मात्र छन् । मानव अधिकार रक्षकहरूले निर्भय र निर्भिकताका साथ काम गर्दा कति खतरा मोल्नु पर्छ भन्ने थाहा हुँदाहुँदै यी जोखिमको वावजुद तपाई मानव अधिकार रक्षकहरूले अरुको मानव अधिकार रक्षाको लागि निरन्तर कम्मर कसी रहनुभएको छ । यो निश्चय पनि ठूलो काम हो । तपाईहरूलाई विश्वास दिलाउन चाहन्छु कि तपाईहरूको रक्षाको लागि आयोग सधै तत्पर रहनेछ । (मन्तव्यको पूर्ण पाठ अनुसूची ११ मा छ)

**माननीय सदस्य, गौरी प्रधान, राष्ट्रिय मानव अधिकार आयोग** : दश बुँदे घोषणापत्र जारी गदै सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फवाट बधाई र शुभकामना दिन चाहन्छु । यसमा उल्लेखित विषयवस्तुहरू नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न सरोकारवालासँग गाँसिएको विषय रहेकोले हामी सबैको सहकार्य र समन्वयवाट मात्र व्यवहारमा रुपान्तरित गर्न सक्नेछौ । यसको निम्ति हामी सबै प्रतिबद्ध हुनु जरुरी छ । बाह्र वर्ष अघि स्थापित आयोग सबैभन्दा कान्छो संवैधानिक आयोग हो । यसको संस्थागत विकास गर्ने थुप्रै चुनौतीहरूका वावजुद मानव अधिकार रक्षकका पीडाहरू के हुन् ? अप्ठ्याराहरू के हुन् ? उहाँहरूले भोगिरहेका समस्याहरू के हुन् ? भनी औपचारिक रुपमा सम्बोधन गर्न तथा राज्य र सरकारलाई पनि

त्यतातिर ध्यान दिलाउनका निम्ति सम्मेलनको आयोजना गरिएको हो । (मन्तव्यको पूर्ण पाठ अनुसूचि ११ मा छ)

**सचिव, विशाल खनाल, राष्ट्रिय मानव अधिकार आयोग** : पचहत्तरै जिल्लावाट साथीहरू आउनु भई जुन हामीलाई उत्साह प्रदान गर्नु भएको छ, त्यसको लागि हामी अत्यन्त आभारी छौ । यहाँहरूको उपस्थिति नभई दिएको भए सम्मेलन सम्भव थिएन । त्यसैले आउने दिनहरूमा पनि सम्पूर्ण मानव अधिकार रक्षक साथीहरूवाट हामी आयोगसँग एकतावद्ध भएर अघि वढने कुरामा प्रतिबद्ध भई सकेका छौ । घोषणापत्र पारित भईसकेको छ । यस अवस्थामा म सम्पूर्ण सहभागी मित्रहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । सम्मेलनको विभिन्न सत्रहरूमा अध्यक्षता गर्नु हुने वरिष्ठ मानव अधिकार रक्षकहरू, कार्यपत्र प्रस्तोता, टिप्पणीकर्ताज्यूहरूले विभिन्न interaction को माध्यमले cross watching को रुपमा दिनु भएको input हरू सम्मेलनलाई सफल वनाउन अत्यन्त महत्वपूर्ण थिए । उहाँहरूलाई सम्पूर्ण सहभागी मित्रहरूको तर्फवाट धन्यवाद दिन आवश्यक छ भन्ने मलाई लाग्छ । यसैगरी यो कार्यक्रमलाई सञ्चालन गर्न सहयोग गर्ने फिनिस सरकार र सफलतापूर्वक सम्पन्न गर्न आयोगका निर्देशक, उपनिर्देशक र कर्मचारी साथीहरूले जुन योगदान गर्नुभयो यसको लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्नैपर्छ । केही सानातिना तलमाथि भए होला, गल्ति कमजोरी भए होला, त्यसमा कोही साथीहरूमा तलमाथि भएको भए केही अप्रिय घटना घटेको भए वा साथीहरूलाई मान चित्त दुखेको अवस्था रहेको छ भने यही हलमा बिर्सिदिन अनुरोध गर्दछु । किनभने त्यो हाम्रो कहीं कतै उद्देश्य होइन । गर्दै भन्दै जाँदा कहीं कतै सानातिना तलमाथि भए होला, त्यसको लागि हामीले बिचार गर्नुपर्ने हुन्छ । यसमा हामीले बिचार गरेका छौ । आगामी दिनमा सुधार गरेर लानेछौं र यहाँहरूवाट पनि सुधारकोलागि अपेक्षा गरेका छौ । अन्तमा आफ्नो गृह जिल्लामा जाने वेलामा शुभ सन्देश लिएर जानु होला । मानव अधिकारको एकतावद्धतालाई विस्तार गर्ने क्रममा सन्देश लिएर जानु होला भन्दै यहाँवाट विदा हुन्छु, तपाईहरूलाई धेरै धेरै धन्यवाद !!

**सञ्जिब विश्वकर्मा** (दलित गैर सरकारी संस्था महासंघका पूर्वान्चल प्रतिनिधि, सुनसरी) : मानव अधिकार आयोगले आयोजना गरेको मानव अधिकार रक्षकहरूको यो प्रथम राष्ट्रिय सम्मेलनमा मानव अधिकार सम्बन्धी धेरै कुरा आए । धेरै कुरा जान्ने मौका मिल्यो । समग्रमा सबै कार्यपत्रका सत्रहरू राम्रा रहे । आगामी सम्मेलनमा सम्पूर्ण राष्ट्रका मानव अधिकारसँग सम्बन्धित मुद्दाहरू सम्वोधन हुनेगरी अझ बृहतरुपमा सम्मेलनको कार्य सूचि वन्न सकोस भन्ने कामना गर्दछु ।

**आभा सेतु सिंह** (महिला विभाग प्रमुख, सेतु सामुदायिक विकास तथा मानव अधिकार मञ्च, सप्तरी) : मानव अधिकारकर्मीलाई एक ठाउँमा राखेर बिचार आदानप्रदान गर्ने मौका प्रदान गरेकोमा आयोगलाई धन्यवाद दिन चाहन्छु । सम्मेलनमा पेश भएका प्रतिवेदन मानव अधिकार रक्षकको चुनौती, सम्भावना र अवसरलाई मुख्य विषय वनाएको भए हामी अधिकारकर्मीलाई धेरै राम्रो हुने थियो । मानव अधिकार आयोगले मधेसी, दलित, जनजाति, दलित सबैको अधिकारलाई सुनिश्चित गर्न सक्नुपर्छ र सबैका कुरा वरावरी

सुन्नुपर्छ । अबका कार्यक्रममा पनि सबैको सहभागिता र उनीहरूको आवाज आयोगले सुनी अर्थपूर्ण सहभागिताका अभिबृद्धिमा आयोगले जोड दिनेछ भन्ने आशा राखेको छु ।

**सुनिल शाह** (अध्यक्ष, समग्र जनउत्थान केन्द्र, सिरहा) : ऐतिहासिक कार्यको शुरुवात गरेकोमा आयोगलाई धेरै धेरै धन्यवाद । सम्पूर्ण उपलब्धि एकै कार्यक्रमवाट पाउन गाह्रो हुन्छ । यो सम्मेलनमा जे जति कार्यपत्रहरू पेश भए, यसवाट हामी सहभागीले धेरै ज्ञान प्राप्त गर्न सफल भएका छौ । सम्मेलनमा मानव अधिकार रक्षकको सुरक्षा, समस्या, चुनौती र अवसरको विषयमा र रक्षकले अहिले भोगिरहेका ज्वलन्त समस्याकोबारेमा समेत ब्यापक छलफल गरी निचोड निकाल्न सकेको भए मानव अधिकार आयोग र हामी सहभागीलाई पनि एउटा मार्गनिर्देश प्राप्त हुन सक्ने थियो जस्तो मलाई लागेको छ ।

**लक्ष्मी शर्मा आचार्य** (अध्यक्ष, महिला अधिकार सन्जाल, दाङ) : देशभरिका मानव अधिकार रक्षकलाई एकै ठाउँमा भेला गराएर बिचार आदानप्रदान गर्ने अवसर प्राप्त भएको छ । यसमा पेश भएका कार्यपत्र राम्रा र ज्ञानबर्द्धक छन् । मानव अधिकार आयोगले वनाउन लागेको मार्गनिर्देशिकामा महिला सुरक्षाको विषयमा स्पष्ट व्यवस्था गरी जारी गरियोस् । मानव अधिकार आयोगले गर्ने कार्यक्रममा दुरदराजमा काम गर्ने अधिकारकर्मीको बढी भन्दा बढी सहभागिता हुने व्यवस्था गर्न सक्नुपर्छ । सिमान्तकृत समुदायका महिलाको मानव अधिकार वढी हनन भएको छ । यो वर्ग समुदायको अधिकारको लागि काम गर्ने मानव अधिकार रक्षक सवैभन्दा बढी जोखिममा रहेकोले यसको सुरक्षाको व्यवस्थाको लागि आयोगको तर्फवाट ठोस कार्य होस भन्ने आग्रह गर्न चाहन्छु ।

# अनुसूचीहरू

## अनुसूची १

**विषय : मानव अधिकार रक्षकहरू सम्बन्धी मार्गनिर्देशिका, २०६९ (मसौदा)**

प्रस्तोता : गौरी प्रधान, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग

**प्रस्तावना**

मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा मानव अधिकार रक्षकहरूले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको सन्दर्भमा मानव अधिकार रक्षकहरूको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी निजहरूको कामलाई सुचारु र सुव्यवस्थित गर्न तथा उनीहरूको सुरक्षा सम्बन्धमा मार्गनिर्देशिका बनाउन वान्छनीय भएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ अनुसार आयोगले यो मार्गनिर्देशिका बनाई जारी गरेको छ ।

१. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गनिर्देशिकामा,

(क) "अनुगमन तथा अनुशासन समिति" भन्नाले यस मार्गनिर्देशिकाको दफा ९ अन्तर्गत गठित समिति सम्झनु पर्दछ ।

(ख) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधानको धारा १३१ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ ।

(घ) "पीडक" भन्नाले मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन गरेको भनी पीडितले दावी गरेको व्यक्ति जनाउँछ र सो शब्दले मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

(ङ) "पीडित" भन्नाले मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति जनाउँछ ।

(च) "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ ।

(छ) "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगतरुपमा, समूहमा तथा संस्थागतरुपमा मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनु पर्दछ । सो शब्दले पूर्णकालीन वा आंशिकरुपमा वैतनिक वा अवैतनिक रुपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "विविध क्षेत्रका मानव अधिकार रक्षक" भन्नाले मानव अधिकारको विभिन्न क्षेत्रहरू जस्तै: बाल, महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, वातावरण, अल्पसंख्यक लगायत अन्य विषयगत तथा नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरूलाई समेत जनाउँछ ।

२. **उद्देश्य** : यस मार्गनिर्देशिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् ।

२.१ **मूल उद्देश्य** : समाजमा मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान र पालना गर्ने/गराउने राज्यको जिम्मेवारीलाई पर्याप्तता, प्रभावकारिता र गुणस्तरीयताको

दृष्टिकोणले अनुगमन गर्ने मानव अधिकार रक्षकहरूको भूमिकालाई सवल, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्ने ।

२.२ **विशेष उद्देश्यहरू** : यस मार्गनिर्देशकाको विशेष उद्देश्यहरू देहाय बमोजिम हुनेछन् ।

(क) मानव अधिकारको सम्वर्द्धन, पैरवी र चेतना विकास गर्ने ।

(ख) मानव अधिकार अनुगमन, हनन्, उल्लंघनको प्रलेखीकरण गर्ने ।

(ग) पीडित वा प्रभावितहरूलाई आपतकालीन कानूनी, स्वास्थ्य, मनोविमर्श तथा अन्य मानवीय सहायता उपलब्ध गराउन सहजीकरण र सहयोग गर्ने ।

(घ) मानव अधिकार संस्कृति निर्माण - दण्डहीनताको रोकथाम लगायत त्यस्तै अन्य काम गर्ने ।

(ङ) मानव अधिकार रक्षकहरूको भूमिकामा अनुगमन, सबलीकरण र संरक्षण गर्ने ।

३. **मानव अधिकार रक्षकले सम्मान गर्नुपर्ने आदर्श सिद्धान्तहरू** : मानव अधिकार रक्षकहरूले मानव अधिकार र विधिको शासनका आधारभूत सिद्धान्तहरू जस्तैः समानता, पहुँच, निष्पक्षता, जबाफदेहिता, पारदर्शिता, स्वतन्त्रता, स्वायत्तता आदिलाई सम्मान गर्नु पर्दछ ।

४. **मानव अधिकार रक्षकको काम तथा कर्तव्य** : मानव अधिकार रक्षकहरूका मूलभूत काम र कर्तव्यहरू देहाय बमोजिम हुनेछन् ।

४.१ **मानव अधिकारको सम्वर्द्धन सम्बन्धी काम** : मानव अधिकार रक्षकहरूले मानव अधिकारको सम्वर्द्धनको निमित्त आआफ्नो कार्यक्षेत्र अन्तर्गतका मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागतरुपमा देहायका कामहरू गर्नेछन् ।

(क) वकालत (Advocacy)

(ख) बिचारविमर्श / छलफल (Dialogue)

(ग) अभियान तथा लबिङ्ग (Lobbying and Campaigning)

(घ) परामर्श (Consultation)

(ङ) सचेतना (Awareness and Sensitization)

(च) सुझाव र टिप्पणी (Suggestion and Feedback)

(छ) प्रकाशन र सूचना प्रवाहिकरण

(ज) अनुगमन र अवलोकन (Monitoring and Observation)

(झ) प्रलेखिकरण (Documentation)

(ञ) सार्वजनिक सुनुवाई (Public Hearing)

(ट) संयुक्त राष्ट्र संघ सन्धिजनित वैकल्पिक प्रतिवेदन तैयारी र प्रस्तुति

(ठ) ऐन-कानून, नीति, कार्यक्रम र कार्ययोजनाहरूको पुनरावलोकन

४.१.१ **मानव अधिकार शिक्षा सम्बन्धी काम**: मानव अधिकार रक्षकहरूले मानव अधिकार शिक्षाको क्षेत्रमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागतरुपमा देहायका कामहरू गर्नेछन् ।

(क) शिक्षा,

(ख) अनुसन्धान तथा विकास,

(ग) तालिम तथा प्रशिक्षण,

(घ) प्रकाशन तथा प्रसारण,

(ङ) शैक्षिक तथा अन्य पाठ्य सामग्री (IEC Material) को उत्पादन,

(च) विद्युतीय पाठ्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन र वितरण,

(छ) मानव अधिकारको नयाँ सिद्धान्त र बिचारको विकास,

(ज) अन्य ।

४.२ **मानव अधिकारको संरक्षण सम्बन्धी काम**: मानव अधिकार रक्षकहरूले मानव अधिकारको संरक्षणको निमित्त कानून बमोजिम आ-आफ्नो संस्थागत कार्यक्षेत्र (Mandate) अन्तर्गत रही मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागतरुपमा देहायका कामहरू गर्न सक्नेछन् ।

(क) अनुगमन गर्ने (Monitoring),

(ख) तथ्य संकलन र विश्लेषण गर्ने (Fact Finding and Analysis),

(ग) अनुसन्धान (सत्यतथ्य संकलन) गर्ने ।

(घ) उद्दार र राहत प्रदान गर्ने (Rescue and Relief),

(ङ) पुनःस्थापना तथा पुनःएकिकरणको व्यवस्था गर्ने,

(च) उजुरी दर्ता गर्ने गराउने लगायतका विषयमा सहजीकरणको कार्य गर्ने,

(छ) निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,

(ज) पीडितलाई न्यायिक तथा प्रशासनिक उपचार प्राप्त गर्न सहयोग गर्ने,

(झ) कानूनी तथा नीतिगत सुधारको लागि प्रस्ताव⁄ सिफारिस गर्ने,

(ञ) मानव अधिकार संरक्षणको कार्यमा सहकार्य गर्ने,

(ट) मानव अधिकार उल्लंघन भएकोमा उपचारको निमित्त सिफारिस गर्ने,

(ठ) ताकेता तथा दवाव (Insistanc and Pressurizing),

(ड) मानव अधिकार सम्मत विषयहरूमा मेलमिलाप गराउने (Mediation and Conciliation),

(ढ) सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने,

(ण) पीडित र प्रभावितहरूलाई निःशुल्क सहायता, मनोसामाजिक परामर्श (Psycho-social Counseling), राहत, औषधी उपचार इत्यादिको व्यवस्था गर्ने,

(त) दण्ड विहिनताको रोकथाम र अन्त्यको लागि काम गर्ने,

(थ) अन्य मानव अधिकार संरक्षण सम्बन्धी कार्य गर्ने,

४.३ **मानव अधिकारको सम्मान सम्बन्धी काम** : मानव अधिकार रक्षकहरूले मानव अधिकारको सम्मानको निमित्त (Respect for Human Rights) आ-आफ्नो संस्थागत कार्यक्षेत्र (Mandate) अन्तर्गत मानव अधिकार सम्बन्धी सवालमा व्यक्तिगत, समूहगत, सहकार्य तथा संस्थागतरुपमा देहायका कामहरू गर्न सक्नेछन् ।

(क) संविधान, कानून तथा न्यायका सर्वमान्य सिद्धान्तको पालना भए नभएको सम्बन्धमा निगरानी गर्ने,

(ख) कानूनी तथा नीतिगत सुधारको लागि प्रस्ताव / सिफारिस गर्ने,

(ग) मानव अधिकार शिक्षाको प्रचार प्रसार गर्ने,

(घ) मानव अधिकारको सम्वर्द्धन र संरक्षणको निमित्त जवाफदेही निकाय तथा पदाधिकारी उपर निगरानी गर्ने,

(ङ) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र अन्य संयन्त्रहरूको पालना र तिनीहरूको राष्ट्रियकरणको लागि परामर्श र दवाव गर्ने,

(च) मानवअधिकारमैत्री नीति निर्माण गर्न पहल गर्ने,

(छ) मानव अधिकारको सम्मानार्थ न्याय सम्बन्धी अधिकार सुनिश्चित गर्न कानूनी सहयोग उपलब्ध गराउने,

(ज) विकासमा मानव अधिकारमुखी अवधारणाको पैरवी र प्रचार-प्रसार गर्ने,

(झ) सामाजिक न्याय र सामाजिक सुरक्षा सम्बन्धी सरकारी नीति, कार्यक्रम र कार्यान्वयनको अनुगमन र समिक्षा गर्ने ।

(ञ) मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरण गर्ने ।

४.४ **मानव अधिकारको पालना (Fulfillment) सम्बन्धी काम** : राज्यद्वारा मानव अधिकारको पालना (Fulfill) को लागि भएका हरेक प्रयासमा समर्पित भई सहयोग गर्नु र सो कार्यको अनुगमन गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ ।

५. **मानव अधिकार रक्षकले गर्नुपर्ने अन्य कामहरू**: यस मार्गनिर्देशिकामा उल्लेख भएका उपरोक्त कामहरूका अतिरिक्त मानव अधिकार रक्षकले देहायको कामहरू गर्नेछन् ।

(क) सुशासनको निमित्त वकालत गर्ने,

(ख) समाजमा सबै प्रकारको (लैङ्गिक, धार्मिक, साँस्कृतिक, आर्थिक, भौगोलिक, जातिय लगायत) भेदभाव रोकथाम र अन्त्यको लागि विविध कार्य सञ्चालन गर्ने,

(ग) समाजमा समन्याय (Equity) कायम गर्न योगदान गर्ने,

(घ) मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको विषयमा छलफल, बहस र कार्यान्वयनको लागि प्रयास र योगदान गर्ने,

(ङ) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको अनुमोदनको लागि पहलकदमी गर्ने,

(च) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मानको निमित्त आवश्यक सूचना तथा स्रोतहरूको व्यवस्थापन गर्ने,

(छ) आवश्यकता अनुसार मानव अधिकार सम्बन्धी निकाय (National Human Rights Institutes - NHRIs) को स्थापना र संस्थागत विकासको लागि वकालत र पहलकदमी गर्ने,

(ज) सबै किसिमको शैक्षिक तालिम कार्यक्रममा मानव अधिकारको सवाललाई मूल प्रवाहिकरण गर्ने सम्बन्धमा काम गर्ने,

(झ) सार्वजनिक शासन व्यवस्था (Public Order) तथा सार्वजनिक हितको निमित्त मानव अधिकारमा लगाइने सीमा अन्त्यन्त न्यून हुनुपर्ने सन्दर्भमा वकालत गर्ने,

(ञ) दण्डहीनताको अवस्था र संस्कारलाई रोकथाम र अन्त्य गर्ने दिशामा काम गर्ने,

(ट) अहरणिय अधिकार (Non-derogable Rights) जस्तैः यातना, हत्या, बलात्कार, मानव बेचबिखन जस्ता अपराध र मानव अधिकार उल्लंघनका विषयमा क्षमादान दिन नहुने सम्बन्धमा दवावमूलक कार्यक्रम र वकालत गर्ने,

(ठ) मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डको स्वीकार र कार्यान्वयनको निमित्त काम गर्ने,

(ड) सशस्त्र द्वन्द्वबाट हुनसक्ने मानवीय हानिनोक्सानी रोकथाम गर्न प्रयास गर्ने,

(ढ) समाजमा शान्ति र न्यायशील वातावरण कायम गर्न योगदान गर्ने,

(ण) मानवीयता सम्बन्धी कानूनको निर्माण, सुधार र कार्यान्वयनको लागि वकालत गर्ने,

(त) बन्दीहरूको हक र हितको पक्षमा यथोचित काम गर्ने,

(थ) सबैको लागि सबै मानव अधिकार (All Human Rights for All) को सर्वव्यापी मान्यतालाई सबैले अनुभूत गर्ने वातावरण श्रृजना गर्नको निमित्त विविध काम गर्ने,

(द) बालबालिका, महिला, अशक्त, अपाङ्गता भएका, अल्पसंख्यक समुदाय, जेष्ठ नागरिक, मानसिक रोग लागेका व्यक्ति र सीमान्तकृत वर्ग ईत्यादिको मानव अधिकारको रक्षालाई प्राथमिकतामा राख्ने,

(ध) प्राकृतिक प्रकोप वा महामारी, भोकमरी आदि कारणबाट विस्थापन र जोखिममा परेकाहरूको लागि राहत, सहयोग र सेवा प्रदान गर्ने,

(न) संयुक्त राष्ट्र संघीय संस्थाहरूसमक्ष मानव अधिकार सम्बन्धी अभिसन्धिहरूको विषयमा गरिने राष्ट्रिय प्रतिवेदनको छाया प्रतिवेदन वा त्यस्तै किसिमको अन्य प्रतिवेदन तयार गरी पेश गर्ने ।

६. **मानव अधिकार रक्षकहरूमा हुनुपर्ने गुणहरू** : सामान्यतः मानव अधिकार रक्षकमा देहायका गुणहरू आवश्यक ठानिन्छ

(क) कृयाशीलता,

(ख) व्यवसायगत प्रतिबद्धता,

(ग) सेवाभाव र सरल जीवनशैली,

(घ) व्यवसायिक सीप,

(ङ) मानव अधिकार सम्बन्धी ज्ञान (आफू कार्यरत मानव अधिकारको विषयमा जस्तैः बाल, महिला, अल्पसंख्यक, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार आदि),

(च) इमान्दारिता / विश्वसनियता / नैतिकता,

(छ) जोखिम अवस्थासँग सामना गर्नसक्ने खूबी,

(ज) धैर्यता र सहनशीलता,

(झ) अवधारणात्मक सुष्पष्टता,

(ञ) योजनावद्ध ढंगले काम गर्न सक्ने खूबी,

(ट) अपेक्षित परिणाम हासिल गर्ने क्षमता,

(ठ) पीडितहरूप्रति संवेदनशील भई निजहरूको हितमा काम गर्ने,

(ड) मानव अधिकारको अधिकतम सम्मान,

७. **मानव अधिकार रक्षकहरूले पालन गर्नुपर्ने आधारभूत आचारसंहिता** : मानव अधिकार रक्षकहरूले देहायका आचारहरू पालना गर्नुपर्नेछ ।

(क) कसैको पनि प्रतिष्ठा र सम्मानमा आँच पुऱ्याउन नहुने,

(ख) कसैलाई हानि गर्न नुहुने (Do No Harm) सिद्धान्तको पालना गर्ने,

(ग) मानव अधिकार, कानूनीराज, न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्ने,

(घ) राजनैतिक, धार्मिक, साँस्कृतिक, जातीय, साम्प्रदायिक, लैङ्गिक आदि पूर्वाग्रह राखी कार्य गर्न नहुने,

(ङ) कार्य सम्पादनको सिलसिलामा कुनै किसिमको पूर्वाग्रह (Biasness and Prejudice) राख्न नहुने,

(च) अन्तर्राष्ट्रियरुपमा मान्य जस्तैः संयुक्त राष्ट्रसंघीय मानव अधिकार रक्षक सम्बन्धी घोषणापत्र र अन्य सम्बन्धित आचारसंहिता पालना गर्ने,

(छ) कार्य सम्पादनको सिलसिलामा उच्चतम विवेकको उपयोग गर्ने,

(ज) मानव अधिकार रक्षकको लागि तोकिएका पहिचान जस्तै पहिरन, पोशाक, प्रतीक वा परिचयात्मक चिन्हको दुरुपयोग नगर्ने र हुन नदिने,

(झ) विपन्नवर्ग र दुर्गमक्षेत्रका वासिन्दालाई मानव अधिकारको सेवा उपलब्ध गराउने नीति लिने,

(ञ) मानव अधिकारलाई सम्वर्द्धन र संरक्षणलाई सेवागत विषयको रुपमा आत्मसात गर्ने,

(ट) पीडित तथा प्रभावितहरू प्रति सम्मानपूर्वक सेवा र सहयोग गर्ने,

(ठ) पीडितलाई मानव अधिकारको सेवा जुनसुकै बखत आवश्यक परेपनि उपलब्ध गराउन तत्पर रहने,

(ड) कानूनीराजको मूल्य र मान्यताको अभिवृद्धि गर्नमा सहयोग गर्ने,

(ढ) मानव अधिकारको ज्ञान र सीप विस्तारमा क्रियाशील रहने,

(ण) धार्मिक तथा साम्प्रदायिक सहिष्णुता कायम गर्न सहयोग गर्ने,

(त) कुनै जाति, धर्म, सम्प्रदायको आस्था र भावनामा खलल पुग्ने अभिव्यक्ति दिनु नहुने,

८. **मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरक्षा सम्बन्धमा ध्यान दिनुपर्ने विषयहरू :**

८.१ मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरक्षा सम्बन्धी देहायका पाँचवटा सिद्धान्तलाई सर्वदा ध्यानमा राख्नुपर्नेछ ।

(क) आफ्नो बसोबास र कार्यक्षेत्र वरिपरिको अवस्थामा सदैव जानकारी राख्ने, (Be aware of your surroundings)।

(ख) जोखिमको बेला यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन नगर्ने, (Avoid routine when possible) (यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन गर्दा मानव अधिकार रक्षक उपर आक्रमण गर्न चाहने व्यक्तिलाई सजिलो हुने) ।

(ग) सुरक्षा सम्बन्धी नियमलाई अनुशासित र व्यवहारिकरुपमा अवलम्वन गर्ने, (Be methodical and disciplined in security procedures)।

(घ) एकआपसमा सूचना आदानप्रदानलाई चुस्त बनाउने र यथासम्भव एक्लै हिँडडुल नगर्ने, (Maintain good communication and do not travel alone)।

(ङ) व्यक्तिगत सुरक्षा सम्बन्धी कार्यविधिलाई नित्यकर्म जस्तै पालन गर्ने र सदैव ख्याल राख्ने, (Adhere to procedures, but exercise initiative and common sense)।

८.२ **उक्त** सिद्धान्तहरूका अतिरिक्त मानव अधिकार रक्षकहरूले आफ्नो सुरक्षाको लागि देहायका नियमहरू पालन गर्नुपर्नेछ।

(क) मानव अधिकार रक्षकहरूले "सुरक्षा आफैबाट शुरु हुन्छ (Safety Start from the Self)" भन्ने मान्यतालाई आत्मसात गर्नेछन्।

(ख) मानव अधिकार रक्षकको रक्षा गर्नु अर्को मानव अधिकार रक्षकको प्राथमिक र नैतिक कर्तव्य हुनेछ।

(ग) सर्वसाधारणसरह भई काम गर्दा सुरक्षाको दृष्टिले न्यून लक्षित (Low Target) वर्गमा परिने सम्भावना भएकोले सर्वसाधारणको हैसियतमा (Low Profile) रहने।

(घ) अत्यधिक र अनाधिकृत सञ्चार माध्यमसँगको सम्पर्कलाई न्यून गर्ने।

(ङ) सामान्यतया: स्थानीय जनसमुदाय र मानव अधिकार रक्षकहरूप्रति आदरभाव र नम्र स्वभावबाट व्यवहार गर्ने

(च) अनावश्यकरुपमा सर्वसाधारणको ध्यानाकर्षणको पात्र नहुने।

(छ) उत्तेजक अवस्थाबाट बच्न स्थानीय रहनसहन र वातावरण अनुकुल हुने।

(ज) कुनै स्थानको सुरक्षा अवस्थाको कारण सामान्यरुपमा काम गर्न नसकिने अवस्था रहेमा सुरक्षा तथा सञ्चारलगायतका उपयुक्त व्यवस्था मिलाई कार्य सम्पादन गर्ने।

(झ) आफ्नो गतिविधिउपर कोही कसैले निगरानी गरेको सम्बन्धमा सदैव सजग रहने।

(ञ) मुठभेडको अवस्थामा आफू आक्रमक नहुने। त्यस्तो अवस्थामा तुरुन्त प्रहरी केन्द्रमा वा सुरक्षित स्थानमा जाने वा कसैको शरण लिई सुरक्षित रहने।

(ट) आफ्नो परिचयसम्बन्धी लिखत सर्वदा साथमा राख्ने।

(ठ) दैनिक गतिविधिमा पर्नसक्ने सम्भावित जोखिमहरू उपर सधैं ध्यान दिने।

(ड) आफ्नो कामको सम्बन्धमा कार्यालय र सहकर्मीहरूसँग नियमित सम्पर्कमा रहने।

(ढ) आपतकालीन अवस्थामा तुरुन्त (बढीमा १-२ मिनेटभित्र) सुरक्षित स्थानमा जान सकिने गरी अत्यावश्यक सामग्रीसहितको झोला चुस्त-दुरुस्त राख्ने।

(ण) आफूप्रति सम्भावित आक्रमण र निगरानी (Survelliance) सम्बन्धमा जानकारी प्राप्त गर्ने समेत प्रयोजनको लागि छरछिमेकी, मित्रहरू तथा सहकर्मीहरूको निरन्तर सम्पर्कमा रहने र त्यसलाई यथासम्भव सञ्जाल (ल्भतधयचप)को रुपमा उपयोग गर्ने।

(त) आफ्नो आवास र कार्यालयको सुरक्षाको उचित प्रवन्ध गर्ने तथा आक्रमणको अवस्थामा आफू वा कार्यालयको रक्षाको लागि आक्रमणकर्ताहरूलाई परास्त गर्न सकिने किसिमको कार्ययोजना बनाई लागू गर्ने व्यवस्था मिलाउने।

(थ) यथासम्भव कार्यालय तथा आवासको भवनमा बाहिरबाट सजिलै प्रवेश गर्नको लागि उपयोग हुन सक्ने सामग्री (भऱ्याङ्ग, डोरी, लामा काठ, बाँस वा डण्डीहरू) नराख्ने।

(द) उपलब्ध भएसम्म, मिशनमा जाँदा आवश्यक सामग्रीहरू जस्तै: मोबाइल फोन, आवश्यक टेलिफोन नम्बरहरू, ख्ँ च्बमष्य, सलाई तथा मैनबत्ती, पानी, हल्का खाद्यसामग्री, प्राथमिक उपचार सामग्री, अग्नि निरोधक सामग्री, मौसम अनुसार उपयुक्त कपडा, टर्च लाइट, आवश्यक पैसा, हिँड्न सजिलो हुने जुत्ता, सम्बन्धित मानव अधिकार रक्षकको पहिचान खुल्ने पोशाक आदि साथमा राख्ने।

(ध) गोप्य सूचनाहरू थाहा पाउनै पर्ने सम्बन्धित व्यक्ति बाहेक अरुलाई नदिने।

(न) विशेष सावधानीको रुपमा भ्रमणबाट फर्किने अनुमानित समय उल्लेख गरी निरन्तर रुपमा कार्यालय तथा आफन्तको सम्पर्कमा रहने ।

(प) विशेष परिस्थिति उत्पन्न भई कसैले कब्जामा लिई जीवन जोखिममा पर्ने सम्भावना भएमा आत्मरक्षाको लागि आत्मसमर्पण लगायतको हरेक प्रयास गर्ने ।

९. **मानव अधिकार रक्षक अनुगमन तथा अनुशासन समिति**: यो मार्गनिर्देशिकाको पालना गर्नु मानव अधिकार रक्षकको कर्तव्य हुनेछ । यसको पालना भए नभएको सम्बन्धमा अनुगमन र कारवाही चलाउने तथा मानव अधिकार रक्षकहरूको सुरक्षा सम्बन्धी प्रवन्ध मिलाउने प्रयोजनको लागि देहाय बमोजिमको अनुगमन र अनुशासन समिति रहनेछ ।

(क) अनुगमन तथा अनुशासन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(१) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -अध्यक्ष

(२) मानव अधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजको प्रतिनिधि (१ जना महिला सहित जम्मा २ जना) -सदस्य

(३) नेपाल बार एशोसियनको अध्यक्ष वा निजको प्रतिनिधि अधिवक्ता -सदस्य

(४) नेपाल चिकित्सक संघ वा निजको प्रतिनिधि (चिकित्सक) -सदस्य

(ख) समितिको सदस्य हुनको निमित्त मानव अधिकार सम्बन्धी तथा कानून व्यवसायको क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको हुनु पर्नेछ ।

(ग) समितिको काम र अधिकार देहाय बमोजिम हुनेछन् ।

(१) मानव अधिकार रक्षकले यो मार्गनिर्देशिका उल्लंघन गरेको भन्ने विषयमा उजुरी प्राप्त गर्ने ।

(२) उजुरी उपर छानवीन गर्ने ।

(३) उजुरी उपरको छानवीनबाट यो मार्गनिर्देशिकाको दफा ७ को कुनै व्यवस्था उल्लंघन गरेको पाइएमा समितिले निजलाई उल्लंघनको गम्भीरताको मात्रा अनुसार चेतावनी दिने, आइन्दा मार्गनिर्देशिका उल्लंघन नगर्ने व्यहोराको कागज गराई अभिलेखिकरण गर्ने, क्षमा दिने, मार्गनिर्देशिका उल्लंघन गरेको भनी आयोगको सूचना पाटीमा नाम प्रकाशित गर्ने वा निजको नाम कुनै राष्ट्रिय दैनिकमा प्रकाशित गर्न सक्नेछ ।

(४) मानव अधिकार रक्षकहरूको जीवन र सम्पतिको सुरक्षा कायम गर्ने सम्बन्धमा समितिले नेपाल सरकार, व्यवसायिक संगठन, नागरिक समाज लगायतका संस्थाहरूसँग समन्वय गरी काम गर्नेछ ।

(५) खण्ड ३ बमोजिम कारवाही भएका मानव अधिकार रक्षकले त्यस्तो गल्ती बारम्बार दोहोर्‍याएमा समितिले निजलाई अविश्वसनिय मानव अधिकार रक्षक घोषणा गरी निजको नाम सार्वजनिक गर्न सक्नेछ । सो कार्य गर्नु पूर्व सम्बन्धित मानव अधिकार रक्षकलाई प्रष्टिकरणको समय र अवसर प्रदान गरिनेछ ।

(६) समितिको निर्णय बहुमतको आधारमा हुनेछ ।

(७) समितिको निर्णय उपर आयोगमा सम्बन्धित व्यक्तिले पुनरावेदन गर्न सक्नेछ ।

(८) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(९) समितिको सचिवालय आयोगमा रहनेछ । आयोगको कानून विभागका प्रमुखले समितिको सचिव भई काम गर्नेछ ।

(१०) समितिको निर्णय पालन गर्नु सबै मानव अधिकार रक्षकको कर्तव्य हुनेछ ।

१०. **मानव अधिकार रक्षकहरूको सुरक्षा र राज्यको दायित्वः**

(क) मानव अधिकार र स्वतन्त्रताको सम्वर्द्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हुनेछ ।

(ख) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मानको निमित्त राज्यले कानूनी, न्यायिक तथा प्रशासनिक लगायतका माध्यम अवलम्वन गर्नुपर्नेछ ।

(ग) मानव अधिकार रक्षकहरूलाई कानून बमोजिम आवश्यक सूचनाहरू प्रदान गर्नु राज्यगत तथा अन्य निकायहरूको कर्तव्य हुनेछ ।

(घ) जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरूको तुरुन्त उद्दार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हुनेछ ।

(ङ) मानव अधिकारको सम्वर्द्धन, संरक्षण र सम्मान गर्ने विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिइएको उच्चतम महत्वलाई दृष्टिगत गरी सो काममा संलग्न मानव अधिकार रक्षकहरूको जीवन तथा सम्पतिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हुनेछ ।

(च) मानव अधिकार रक्षकहरूको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नुपर्नेछ ।

(छ) मानव अधिकार रक्षकको रुपमा कामगर्दा आइपर्ने जोखिमलाई रोकथाम र अन्त्य गर्न आयोगले विशेष पहल गर्नेछ ।

(ज) मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा योगदान गर्नु लोकतान्त्रिक राजनीतिक दलको कर्तव्य हुने सम्झी मानव अधिकार रक्षकहरूको सुरक्षामा सहयोग गर्नु राजनीतिक दलहरूको कर्तव्य हुनेछ ।

११. **मानव अधिकार रक्षकहरूको सम्बन्धमा आयोगको दायित्व** : समाजमा मानव अधिकारको सम्वर्द्धन र संरक्षणको काममा लागि परेका मानव अधिकार रक्षकहरूको भूमिका प्रभावकारी, उत्तरदायीपूर्ण र पारदर्शी बनाउन आयोगले निम्न गतिविधिहरू सञ्चालन गर्नेछ ।

(क) मानव अधिकार रक्षकहरूको सुरक्षाको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक पहल गर्नेछ ।

(ख) आयोगले मानव अधिकार रक्षकहरूको छाता संगठनको रुपमा रही मानव अधिकारको रक्षामा संलग्न संस्थाहरूबीच समन्वयकारी भूमिका खेल्नेछ ।

(ग) आयोगले मानव अधिकार रक्षकहरूको हित र सुरक्षाको निमित्त राज्यगत र अन्य निकायहरूसँग समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछ ।

(घ) आयोगले मानव अधिकार र व्यक्तिगत स्वतन्त्रता उपर कुनै सीमा लगाउने कानून, नीति र काम भएको पाएमा मानव अधिकार रक्षाको काममा सँलग्न संस्थाहरूसँग समन्वय गरी एकवद्ध भई त्यस्तो कानून, नीति र काम रोकथाम गर्न प्रयत्न गर्नेछ ।

(ङ) आयोगले घाइते, बन्धक तथा ज्यान जोखिममा परेका मानव अधिकार रक्षक लगायतका व्यक्तिको उद्दार र स्वास्थ्य उपचारको लागि तुरुन्त पहल गर्नेछ ।

(च) आपतकालीन अवस्थामा मानव अधिकार रक्षकहरू माथि आइपर्ने सबैखाले जोखिमबाट जोगाउन भरमग्दुर प्रयत्न गर्नेछ ।

(छ) मानव अधिकार रक्षकहरूको भूमिका सीमित गर्ने र उनीहरूको काममा अंकुश लगाउन गरिएका राज्यगत वा सरकारी गतिविधिहरू रोकथाम र न्यूनीकरण गर्न आयोगले पहल गर्नेछ ।

**१२. सहयोग र समन्वय**

(क) मानव अधिकार रक्षकहरूलाई निजहरूको कामको सिलसिलामा राज्यगत तथा गैर राज्यगत निकाय, निजीक्षेत्र, सामाजिक संघसंस्था, गैसस एवं सर्वसाधारण सबैले सहयोग गर्नुपर्नेछ ।

(ख) मानव अधिकार रक्षकले आफ्नो कामको सिलसिलामा सम्बन्धित सबै वर्ग, समुदाय र तप्काका व्यक्ति एवं संघसंस्थासँग समन्यव गरी कार्य गर्नुपर्नेछ ।

(ग) विपन्नता, अज्ञानता लगायतका कारण मानव अधिकारको सेवा प्राप्त गर्न नसकिरहेका व्यक्ति र समुदायलाई सो सेवा उपलव्ध गर्नु गराउनु मानव अधिकार रक्षकहरूको प्राथमिक कर्तव्य हुनेछ ।

(घ) स्थानीयस्तरमा विद्यमान मानव अधिकार सम्बन्धी समस्या प्रचलित कानून अनुसार समाधान गर्नको लागि मानव अधिकार रक्षकले मानव अधिकार सम्मत विषयहरूमा मेलमिलाप लगायतका उपयुक्त उपायहरू अवलम्बन गर्न सक्नेछन् ।

(ङ) मानव अधिकार रक्षकहरूलाई मानव अधिकार सम्वर्द्धन र संरक्षणको सम्बन्धमा कानून मुताविक काम गर्न र सूचनाको अधिकार प्राप्त गर्ने कार्यमा सहयोग गर्नुपर्नेछ ।

**१३. विविध**

(क) आयोगले यो मार्गनिर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(ख) आयोगले यो मार्गनिर्देशिका पालना भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो मार्गनिर्देशिकाको कार्यान्वयनमा देखापरेका बाधाअड्काउ फुकाउने अधिकार आयोगमा रहनेछ ।

(घ) आयोगले मानव अधिकार रक्षकहरूसँग सम्पर्क र समन्वय राखी मानव अधिकारको सम्वर्द्धन र संरक्षण गर्नको साथै उनीहरूको गतिविधिहरू गुणस्तरीय र प्रभावकारी बनाउन सम्बन्धित विषयमा क्षमता अभिवृद्धिका लागि तालिम र अन्तरक्रिया गर्नेछ ।

***

## अनुसूची २

**विषय : राष्ट्रिय मानव अधिकार आयोग सहकार्य तथा समन्वय निर्देशिका, २०६९ (मसौदा)**

**प्रस्तोता** : वेदप्रसाद भट्टराई, निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग

**प्रस्तावनाः**

प्रचलित संविधान, कानून तथा मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको स्वतन्त्रता र स्वायत्तता सम्बन्धी संयन्त्र (पेरिस सिद्धान्त) अनुसार मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाको रुपमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्वर्द्धन, संरक्षण, सम्मान र पालना सम्बन्धी कार्य सम्पादन गर्नका लागि राज्यगत, सरकारी तथा गैर-सरकारी निकायहरू लगायतका मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा समर्पित अन्य निकायहरूसँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा निर्देशिका बनाउन वान्छनीय भएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ अनुसार आयोगले यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधानको धारा १३१ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ ।

(ग) "गैरसरकारी संघसंस्था" भन्नाले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको काम गर्ने उद्देश्यले कुनै नेपाल कानून अनुसार स्थापित संघसंस्था समेतलाई जनाउनेछ ।

(घ) "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउनेछ ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव संम्झनु पर्छ ।

(च) "सरोकारवाला निकाय" भन्नाले प्रहरी कार्यालय, नेपाली सेना, सरकारी तथा अर्धसरकारी निकाय, स्थानीय निकाय, मानव अधिकारको सम्वर्द्धन र संरक्षण सम्बन्धी काम गर्ने संघसंस्था समेतलाई जनाउनेछ ।

(छ) "सहकार्य" भन्नाले आयोगले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको निमित्त राज्यगत, सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक लगायतका निकाय वा संस्थाहरूसँग मिली संयुक्तरुपले गर्ने कामलाई जनाउँछ ।

२. **सहकार्य गर्न सक्ने** : वर्तमान संविधान तथा ऐनको दफा १९ समेतको प्रयोजनको लागि आयोगले मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान र पालनाको काम राज्यगत, सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक लगायतका निकाय वा संस्थाहरूसँग आवश्यकता अनुसार सहकार्य गरी गर्न सक्नेछ ।

३. **सहकार्यका उद्देश्यहरू** : आयोगले मूलतः देहायका उद्देश्यहरूको लागि विभिन्न संस्थाहरूसँग सहकार्यमा काम गर्न सक्नेछ

(क) मानव अधिकार तथा स्वतन्त्रताको विस्तार र अभिवृद्धि गर्ने ।

(ख) मानव अधिकार सेवाको विस्तार गर्नको निमित्त स्थानीय तहसम्म आयोगको प्रतिनिधित्वको व्यवस्था गरी समुदायको निकटसम्म सेवा विस्तार गरी एवं सूचना सम्प्रेषण लगायतको माध्यमबाट मानव अधिकारमा पहुँच विस्तार गर्ने ।

(ग) स्थानीय निकाय र संघसंस्थाहरूबाट सहयोग प्राप्त गरी स्थानीयस्तरमा मानव अधिकारको शिक्षा र सचेतनामा विस्तार गर्ने ।

(घ) मानव अधिकारको सम्वर्द्धन र संरक्षणको क्रियाकलापलाई पारदर्शी बनाउने

(ङ) मानव अधिकारको अनुगमन, वकालत तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तार गर्ने ।

४. **सहकार्यका मान्यता र सिद्धान्तहरू** : सहकार्यका मान्यता र सिद्धान्तहरू देहाय बमोजिम हुनेछन् ।

(क) मानव अधिकारको सेवामा सर्वसाधारणको पहुँच विस्तार गर्ने ।

(ख) विपन्नवर्गका व्यक्तिहरूलाई मानव अधिकारको उल्लंघन वापत उपचार प्राप्त गर्ने काममा सहजीकरण गर्ने ।

(ग) राज्यगत, सरकारी, गैरसरकारी, वैदेशिक तथा अन्तर्राष्ट्रिय, पेशागत तथा व्यवसायिक संस्थाहरूको मानव अधिकार सम्बन्धी ज्ञान, सीप र अनुभवहरूलाई स्थानीयतहसम्म पुऱ्याउने ।

(घ) मानव अधिकार शिक्षा र सूचना आदानप्रदान र सम्प्रेषण गर्नका लागि साझेदारी विकास गर्ने ।

(ङ) अनुगमन कार्यलाई प्रभावकारी बनाई सो को आधारमा कानून तथा नीतिगत सुधारको लागि पारस्परिक सहयोग गर्ने ।

५. **सहकार्यका क्षेत्रहरू** : सहकार्यको क्षेत्रहरू देहाय बमोजिम हुन सक्नेछन् ।

(क) मानव अधिकार अनुगमन ।

(ख) मानव अधिकार उल्लंघन सम्बन्धी प्रमाण, सूचना एवं तथ्याङ्क संकलन ।

(ग) मानव अधिकार प्रवर्द्धन जस्तै तालिम, गोष्ठी ।

(घ) मानव अधिकार वकालत, पक्षपोषण

(ङ) सार्वजनिक हित सम्बन्धी मामिला ।

(च) मानव अधिकार शिक्षा र संस्कृति विकास ।

(छ) सामूहिक अधिकार (उपभोक्ता अधिकार, विकासको अधिकार, आदिवासी जनजाति लगायत अल्पसँख्यकको अधिकार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू ईत्यादिको अधिकार) को सम्वर्द्धन र संरक्षणको उपाय ।

(ज) मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरू (राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग) सँग समन्वय र संयुक्त अनुगमन तथा मानव अधिकार सम्वर्द्धन र संरक्षण सम्बन्धी अन्य काम ।

(झ) मानव अधिकार सम्बन्धी अन्य उपयुक्त विषय ।

६. **सहकार्यको स्वरुप र पद्दति** : सहकार्यका स्वरुप र पद्दति देहाय बमोजिम हुनेछ ।

(१) आयोग देहायका कुनै स्वरुपबाट सहकार्यमा संलग्न हुन सक्नेछ ।

(क) आयोजक, सहआयोजक वा पर्यवेक्षक ।

(ख) कार्यक्रममा स्पष्ट भूमिका सहितको सहभागिता ।

(ग) संयुक्त साझेदारी ।

(घ) संयुक्त अनुगमन ।

(ङ) सञ्जालमा संलग्नता ।

(च) अभियान कार्यक्रममा सहभागिता एवं संलग्नता ।

(छ) मानव अधिकार क्षमता विकास जस्तैः (Visit, Exchange, Internship)।

(ज) ऐक्यवद्धता (Solidarity)।

(झ) समन्वय तथा संयोजन

(२) आयोगले अन्य निकायहरू तथा संस्थाहरूसँग सहकार्य गर्दा देहायका कुनै पद्दतिहरू अवलम्वन गर्न सक्नेछ ।

(क) बैठक ।

(ख) समन्वय ।

(ग) सूचना आदानप्रदान ।

(घ) छलफल (Dialauge) ।

(ङ) वकालत (Advocacy) - (अन्तरक्रिया, कार्यशाला, सेमिनार आदि) ।

(च) अनुगमन ।

(छ) संयुक्त उद्दार तथा पुनःस्थापनको लागि सहयोग ।

(ज) परामर्श (Counseling) ।

(झ) अभियान ।

(ञ) लबि गर्ने (Lobbying) ।

(ट) शिक्षण तथा प्रशिक्षण ।

(ठ) दवावमूलक कार्यक्रम ।

(ड) प्रकाशन र सूचना सम्प्रेषण ।

(ढ) प्रतिवेदन तयारी ।

(ण) मेलमिलाप ।

(त) सामाजिक एकीकरणको लागि सहयोग ।

(थ) सम्मेलन ।

(द) सार्वजनिक सुनुवाई

(ध) अन्य

७. **सहकार्य सम्बन्धी व्यवस्था :**

(क) मानव अधिकारको सम्वर्द्धन वा संरक्षण सम्बन्धी कतिपय कामहरू आयोग आफैले सम्पन्न गर्न सक्नेछ

(ख) आयोगले मानव अधिकारको सम्वर्द्धन वा संरक्षण सम्बन्धी कुनै कामका विभिन्न चरणमध्ये सबै वा कुनै खास चरणहरूमा मात्र सहकार्य गर्न सक्नेछ ।

(ग) कुन चरणमा सहकार्य गर्ने वा नगर्ने भन्ने विषय आयोगले तय गरे बमोजिम हुनेछ ।

८. **सहकार्यको विधिः** सहकार्यको विधि देहाय बमोजिम हुनेछ ।

(क) सहकार्यको निमित्त सामान्यत सहकार्य गर्न चाहने संस्थाले आयोग समक्ष संस्थाको विवरण तथा सहकार्यको प्रस्तावित विषय पेश गर्नुपर्नेछ ।

(ख) आयोगले आयोगसँग सहकार्य गर्न इच्छुक संघसंस्थाको सूची बनाई सालबसाली रुपमा अद्यावधिक बनाई राख्नेछ ।

(ग) आयोगको संवैधानिक एवं कानूनी दायित्व र रणनीतिक योजना अनुसार प्राथमिकतामा परेका विषयहरू मध्येबाट सहकार्यको क्षेत्रहरू पहिचान गरिनेछ ।

(घ) समान उद्देश्यको लागि कार्य गर्ने नागरिक समाज र संघसंस्थाहरूसँग सहकार्य गर्दा तत्सम्बन्धी सञ्जालमार्फत गरिनेछ जस्तैः बालअधिकारको लागि बालअधिकार सम्बन्धी सञ्जाल, महिला अधिकारको लागि महिला अधिकार सम्बन्धी सञ्जाल आदि । तर विशेष ज्ञान र सीप भएका संस्थाहरूसँग सहकार्य गर्न उक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ङ) आयोगले सहकार्य गरिने संस्थालाई नगद उपलब्ध गराई सहकार्य गर्ने छैन ।

(च) सहकार्यको निमित्त कार्यक्रम तय गर्दा सहकार्य गर्ने संस्थाहरूको कर्तव्य र दायित्व स्पष्ट गर्नु पर्नेछ ।

(छ) विपन्न वर्गको प्रतिनिधित्व गर्ने संस्थाहरूसँग सहकार्य गर्दा "सकारात्मक विभेदको सिद्धान्त" अनुकुल गरिनछे ।

(ज) सहकार्य गर्ने संस्थाहरूसँग आवश्यकता अनुसार लिखित समझदारीपत्र वा सम्झौता वा मौखिक सहमति गरिनेछ । सहकार्य गर्न सहमत भएको कार्यक्रम कार्यान्वयनमा आयोग तथा सम्बन्धित निकाय वा संस्थाले खटाएको व्यक्तिले प्रतिनिधित्व गर्नेछन् ।

९. **आयोगको सहमति लिनुपर्नेः** ऐनको दफा २० (३) को प्रयोजनको लागि आयोगले सहकार्य गर्न सक्ने कुनै अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्थाले नेपालभित्र मानव अधिकारको सम्वर्द्धन र संरक्षण सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा आयोगको सहमति लिने प्रयोजनका लागि त्यस्तो संघ संस्थाले देहाय बमोजिमका कागजात संलग्न राखी कार्यक्रम शुरु हुनु एक महिना अगाडि आयोग समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(क) आफूले गर्ने कामको वार्षिक विवरण,

(ख) श्रोत साधनको विवरण,

(ग) कार्यालयको ठेगाना,

(घ) पत्राचार गर्ने ठेगाना,

(ङ) समाज कल्याण परिषद्संग आवद्धता सम्बन्धी लिखत ।

(च) वार्षिक कार्य प्रगति सहितको प्रतिवेदन ।

१०. **सहकार्य समन्वय समिति :**

(१) आयोगले अन्य निकाय तथा संस्थाहरूसँग सहकार्य गर्ने सम्वन्धमा उपयुक्त बन्दोबस्त मिलाउने प्रयोजनको लागि देहाय अनुसारको समिति गठन गर्नेछ ।

(क) आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगको क्षेत्रीय कार्यालयका प्रमुख तथा केन्द्रीय कार्यालयका महाशाखा प्रमुखहरू -सदस्य

(ग) आयोगले तोकेको निर्देशक -सदस्यसचिव

(२) सहकार्य समन्वय समितिका काम र अधिकारहरू देहाय बमोजिम हुनेछन् ।

(क) आयोगको रणनीतिक योजनामा उल्लेखित कार्यक्रमहरूमध्ये कुन कुन कार्यक्रम आयोगले मात्र र कुन कुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषयको छनौट गर्ने ।

(ख) आयोगको वार्षिक कार्य योजनामा रहने कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रम आयोग आफैले सम्पन्न गर्ने र कुन कुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषय निर्धारण गर्ने ।

(ग) आगामी वर्षको लागि सहकार्य गरिने विषयहरूको योजना बनाउने ।

(घ) सहकार्य गरिने विषयहरूको प्राथमिकता निर्धारण गर्ने ।

(ङ) परियोजना अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरू मध्ये के कस्ता कार्यक्रम कुन निकाय, सञ्जाल वा संस्थासँग सहकार्यमा सम्पन्न गर्ने विषयको निधो गर्ने ।

(च) कुनै कार्यक्रम सहकार्यमा गर्दा सर्वसाधारण वा सरोकारवालालाई हुने अतिरिक्त लाभको (Added Value) आँकलन गर्ने ।

(छ) सहकार्य गर्ने निकाय तथा संस्थाहरूको छनौट गर्दा अनुभव, प्रभावकारिता तथा विशेषज्ञताको आधारमा सन्तुलनको सिद्धान्त पालन गर्ने ।

(ज) सहकार्य गर्दा आफ्नो कर्तव्य र दायित्व निर्वाह नगर्ने सहकर्मी संस्थासँग भविष्यमा सहकार्य गर्ने वा नगर्ने सम्बन्धी उपयुक्त निर्णय लिने ।

(झ) सहकार्यमा कार्यान्वयन भईरहेका कार्यक्रमहरूको आवधिक अनुमगन तथा मूल्यांकन गर्ने, गराउने ।

(ञ) साविकमा सहकार्यमा गरिएका कामहरूको प्रभाव (Impact) को विश्लेषण गर्ने, गराउने र सो को आधारमा भविष्यको लागि सहकार्यको योजना बनाउने ।

(ट) सहकार्य व्यवस्थापन रणनीति र बन्दोबस्ती सम्बन्धी अन्य काम गर्ने ।

११. **विविध**

(क) आयोगले यो निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(ख) आयोगले यो निर्देशिका पालना भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो निर्देशिकाको कार्यान्वयनमा देखापरेका बाधाअड्काउ फुकाउने अधिकार आयोगमा रहनेछ ।

**अनुसूची**
**(दफा ८ सँग सम्बन्धित)**

**National Human Rights Commission**
Harihar Bhawan, Lalitpur

| Profile of Human Rights Organization |
|---|

१. Name of Organization / संस्थाको नाम:____________________________________________

२. Acronym/ संक्षेपीकरण______________________________________________________

३. Address / ठेगाना: ____________________________________________________________

| | |
|---|---|
| Telephone No / फोन नं | |
| Fax/फ्याक्स | |
| PO. Box/पो.ब.नं. | |
| Email/इमेल | |
| Websitel/वेबसाइट | |

४. Chairperson(s)/ संस्थाको अध्यक्षः ______________________________________________

५. Contact Person (s)/ सम्पर्क व्यक्तिः______________________________________________

| | | | | | |
|---|---|---|---|---|---|
| NGO/ गैरसरकारी संस्था | | INGO/ अन्तराष्ट्रिय गैरसरकारी संस्था | | GO/ सरकारी संस्था | |
| Local Government/ स्थानीय निकाय | | Bi-Lateral Donor/ द्वीपक्षीय दातृ निकाय | | Multi -Lateral Donor/ बहुपक्षीय दातृसंस्था | |

६. Type of Organization (✓) / संस्थाको प्रकृतिः_____________________________________

७. Year of Establishment/ स्थापना वर्षः___________________________________________

८. Govt. Registration No./ दर्ता नंः_______________________________________________

९. Social Welfare Council Affiliation No./ समाजकल्याण परिषदको आवद्धता नं._____________
______________________________________________________________________
______________________________________________________________________

१०. Goal of the Organization/ संस्थाको लक्ष्यः _____________________________________
______________________________________________________________________

११. Objectives of the Organization/ संस्थाका उद्देश्यहरूः ____________________________
______________________________________________________________________
______________________________________________________________________

१२. Major working areas and major activities performed and ongoing / मुख्य काम गर्ने क्षेत्र तथा क्रियाकलापहरू ____________________________________________________
______________________________________________________________________
______________________________________________________________________

१३. Project Period / कार्यक्रम समयाबधिः ___________________________________________
______________________________________________________________________

१४. Annual Budget of the Project/कार्यक्रमको वार्षिक खर्चः ______________________________
______________________________________________________________________

१५. Target group/ Age group/लक्षित वर्ग ⁄ वर्ष समूह___________________________________
______________________________________________________________________

१६. No.of Beneficiaries Annually: वार्षिक लाभान्वित संख्याः ___________________________
______________________________________________________________________

१७. Major Operational Mode(s)/प्रमुख कार्यविधि ___________________________________
_______________________________________________________________________
_______________________________________________________________________

| If any Humanitarian Service/ मानवीय सेवा सम्बन्धी काम भए | | | | | | |
|---|---|---|---|---|---|---|
| Distribution Food /Clothes, खाना, कपडा, वितरण | Medical Support स्वास्थ्य सेवा | Rehabilitation पूनर्स्थापना | Transit Homes आवधिक गृह | Free Legal Aid निःशुल्क कानूनी सहायता | Psychosocial Counselling, मनोसामाजिक परामर्श | Other Emergency Support (specify) अन्य आपतकालिन सेवा |
| | | | | | | |

| Advocacy\ Awareness/ संचेतना तथा जनचेतना | | | | | |
|---|---|---|---|---|---|
| Lobbying लबिङ | Research अनुसन्धान | Campaigns/ awareness अभियान सचेतना | Trainings तालिम | Networking सञ्जाल | Other (specify) अन्य |
| | | | | | |

१८. Area Coverage (Districts/ VDCs)/ कार्यक्रम सञ्चालन भएको जिल्ला र गा.वि.स.: __________
_______________________________________________________________________

१९. List of IEC and Advocacy Material Produced and Disseminated/ सचेतना सामग्री उत्पादन तथा वितरण:

| S.N. क.सं. | List of Books/Brochures/Booklets/ किताब/ब्रोसियर/बुकलेट | No. of copies संख्या | Year of production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |

| S.N. क.सं. | List of Posters पोष्टर | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |

| S.N. क.सं. | List of Audio-Visual Matrials श्रव्य दृष्य सामग्री | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |

२०. Funding Source/organization/ सहयोग श्रोत/संस्थाः_______________________________
_______________________________________________________________________
_______________________________________________________________________

२१. Partner Organizations/ साझेदारी संस्थाः ________________________________________
___________________________________________________________________________
___________________________________________________________________________

२२. Monitoring/Follow up/ Future Programme/ अनुगमन / भावी कार्यक्रमहरूः ___________

२३. Branch Office in Nepal (Abroad If Any)/ शाखा कार्यालयः___________________________
___________________________________________________________________________
___________________________________________________________________________

| | |
|---|---|
| Information provided by/ सूचना प्रदान गर्ने व्यक्तिः | |
| Name / नामः_____________________________________________ | |
| Designation/पदः _________________________________________ | |
| Date/मितिः | Signature/सही : |

## अनुसूची ३

**Theme:** Reconciliation in the Context of Transitional Justice (PowerPoint Version)

**Writing:** Dr. Gopal K. Siwakoti**,** President, INHURED International, **Presentation:** Ms. Durga Khadka, Deputy Director, NHRC-Nepal

## Section I
## UNDERSTANDING TRANSITIONAL JUSTICE

### A. CONCEPTUAL CLARITY

- A conception of justice associated with periods of political change, characterized by legal responses to confront the wrongdoings of repressive predecessor regimes
- Refers to short-term & often temporary judicial & non-judicial mechanisms & processes that address legacy of HR abuses & violence during a society's transition away from conflict or authoritarian rule
- Includes prosecutions or civil lawsuits, amnesty, truth commissions, lustration/vetting or cleansing of security forces, formal reparations programs & state-sponsored commemoration /memorialization provisions.
- Instrumental in uncovering truth to establish faith in new institutions
- Truth-telling precondition for just & sustained reconciliation
- Restoration of mutual trust vital for confidence building
- Wrongs committed should be rectified
- Damage suffered by victims of crime should be repaired/compensated
- Victims have a moral rights to redress
- Crucial for restoration of damaged relationship between citizens & the state
- Significant tool for prevention of future atrocities & light & shade trends of democracy
- Generally misunderstood as a 'tug of war' between victory & vanquishing
- Blanket amnesty unacceptable for heinous crimes/monsters of rights violation
- Not eye-for-an-eye: rather rules of democratic games

### B. GOALS OF TRANSITIONAL JUSTICE

- Addressing & attempting to heal, divisions in society that arise as a result of HR violations;
- Bringing closure & healing the wounds of individuals & society, particularly through "truth telling;"
- Providing justice to victims & accountability for perpetrators & creating an accurate historical record for society;
- Restoring rule of law & reforming institutions to promote democratization & human rights;
- Ensuring that HR violations are not repeated;
- Promoting co-existence & sustainable peace.

**C. GROUND REALITIES**

- Expensive, time-consuming, risky & Herculean task (mountain of docs, resources & energy)
- Riskier & strenuous in the case of 'powerful'
- Carefully crafted selective approach desirable
- Current crime more appealing than the past
- Danger of social enthusiasm fading away!
- Highly sensitive & sensational political issue

**D. CRITICAL BALANCING ACT** (Punish or pardon: truth vs. justice)

- Is peace more important than justice?
- Is reparation more important than anything else?
- Does reconciliation mean 'forget & forgive'?
- Does truth-seeking auto-lead to reconciliation?
- Does sharing of power heal the wound?
- Is it easy to convert the victors as violators?
- What if there is an obvious threat for 'back to war'?

## Section II
## TRUTH & RECONCILIATION MECHANISM

**A. FUNDAMENTALS**

- Maintenance of independence & impartiality
- Clearly defined TOR, expressly excluding acting as substitute for courts
- Guarantees for the accused, the victims & the witness testifying on their behalf
- Testimony given on a strictly voluntarily basis & protection & assistance for those testifying
- Preservation of records & evidence relating to HR violation
- Dissemination of reports as a public property

**B. CONTRIBUTION BY TRC**

- Promoting discovery & official acknowledgement of previously ignored facts
- Identifying "sectors" involved in HR violations
- "Personalizing" & "humanization" of victims & restoring dignity
- Providing a "measure of reparation" for the injuries suffered
- Implementation of "measures to prevent reoccurrence" of HR violation
- Promoting "reconciliation" through "truth & justice"
- Creating new social inclusive obligation of society

**C. JUSTICE CATCH-22**

- Retributionist school of thought (outcome neutral/Tit for Tat/No time factor considered)
- Realist school of thought (analysis of pros & cons aspect of outcome/Time factor considered)
- Each prosecution follows some form of consequence
- Some prosecutions may result in even more serious consequences
- Ethics of punishment/conviction is extremely important (in given fluid state of transition)
- 'Residue of violence' may spark in an unprecedented form
- Collective goal may supersede individual right (sacrifice!)
- Ultimate desire/aim is "peace" & speedy reconciliation

**D. DIFFICULTIES & CHALLENGES**

- Enhanced skill required for investigating war crimes/against humanity
- Expert understanding & mind-set for intervention
- Independence, integrity & professionalism of institutions
- Access to adequate info, archives & evidences
- Disappearance: Most difficult task due to skilled concealing of evidences
- Geographical jurisdiction: Problem of extradition of perpetrators
- Deficiency of credibility, courage & conviction in a polarized society
- Giant violators turned as overnight glorious victors & peacemakers?
- Battle fatigue syndrome among citizens /victims/families & other stakeholders

Section III

**MEANS & MECHANISMS**

**A. CATEGORIES OF TA MECHANISMS**

- Domestic/home-grown: Best option but question of credibility remains high
- International: Tedious & expensive for an impoverished & delicate transition
- Hybrid: Appropriate for international legitimacy & local ownership
- Traditional healing: Applicable in certain context
- Absence of a universally accepted standard model
- Application of international standards/universal justice system highly desirable

**B. PROCEDURE & MODES OPERANDI**

- Assessment-based, localized, home-grown & indigenous
- Right time, right persons & right cause
- Specific, meaningful, achievable, reasoned, targeted (SMART)
- Participatory, popular, precise & transparent
- Culture/religion/gender sensitive
- Comprehensive (not one-time/episodic)

**C. PUBLIC PARTICIPATION**

- Building a shared future with collective ownership
- Difficult to establish TRC only at the demand of victims
- Building social consensus & collective demand for common justice
- Reliable collective recollection from all sections – not only from victims
- Direct one-to-one compensation : backward-looking strategy
- Common, collective, participatory compensation: forward-looking strategy
- Participation of entire affected community is vital !!

**D. IDENTIFYING KEY STAKEHOLDERS**

- General public
- Political parties, parliament
- Political elite, academics
- Civil society, NGOs
- Victims, families, relatives
- Affected communities
- Marginalized section of the society

Section III

## RECONCILIATION

Revealing is healing!

A**. THE FIVE FUNDAMENTALS**

- Redress meaning the right to a fair & adequate compensations
- Restitution in kind reestablishment of the situation which existed before the wrongful act.
- Rehabilitation right to provision medical & psychological care & the fulfillment of significant personal & community needs.
- Restoration of dignity, includes symbolic forms of reparation
- Reassurance of non-repetition thru enactment of legislation & administrative measures which contribute to the maintenance of a stable society & precaution of the reoccurrence of HR violation

**C. RATIONALE FOR RECON**

When violent conflict ends or a harsh totalitarian state collapses, the perpetrators & victims of violence must often resettle together in their communities.

- Asserting democratic reciprocity
- Furthering civilized dialogue among enemies
- Respecting the rules of democratic games

- Understanding root causes of conflict
- Preparing society to face the realities
- Repairing damaged confidence
- Mending broken relationship
- Campaigning victim-centered approach
- Designing simultaneous reconciliation of all forms of conflicts
- Addressing culture of impunity

**D. RECON: HOLISTIC OBJECTIVES**

- Justice for victims;
- Accountability of perpetrators;
- Clarification of truth relating to the causes of violence & conflict;
- Establishment of democratic institutions & rebuilding of those destroyed through conflict;
- Dealing conclusively with the factors that gave rise to conflict;
- Elimination of the fear of living together;
- Rebuilding of trust in government & its institutions; &
- Building social solidarity amongst citizens.

**E. COMPENSATION & REPARATION**

**Defining Models**

- Pecuniary damage (material damage, legal deprivation, loss of earnings, etc)
- Non pecuniary damage (Harm to reputation of dignity, moral & mental stress/sufferings, feelings of uncertainty, etc)
- Actual/Compensatory (directly related to amount of loss)
- Exemplary/Punitive (extra money afforded to punish the defeated & to help prevent & undesired act from happening again
- Modest compensation & honor to all victims/survivors (collective/symbolic/material)
- Dignity & honor vs. "blood money"
- Social security perspective: Loss of a son (daughter too!!!) equivalent to loss of pension !
- Memorials (park, monuments, institutions)
- Somatic & psychological health service
- Proclamation of a national "sorry day"
- Broad violations: different mechanism required

**F. SUSTAINED SATISFACTION**

Victims cannot be expected to forgive & reconcile with their perpetrators if nothing is done to heal their wounds whether these are of a physical, psychological, social & economic nature.

- An acknowledgement of the breach
- An expression of regret
- A formal apology through appropriate modality

**G. CHARECTERISTICS OF VICTIMS**

- Justice-seekers: assertion on right to know the truth
- Revengeful: whatsoever will be the consequence
- Compensation-seekers : Poverty, ignorance, dire need
- Shattered & ignorant: Outcome neutral

Section IV

**LITIGATION: TOOLS & TECHNIQUES**

**A. ADVOCACY AGENDA**

- Organizing training, public hearings & academic discourse
- Advancing public teaching/understanding of victims rights
- Filing test cases & auditing accountability & public attention (national/international levels)
- Advocating for SMART sanction (naming & shaming of known notorious perpetrators)
- Pursuing rapid reform in criminal justice system, custody & prison
- Accelerating radical security sector reform (SSR) campaign
-

**B. ACTION AGENDA**

- Recruitment & training to judges & prosecutors
- Engaging in capacity-building efforts to meet int'l standards
- Assisting in developing options for various compensation models
- Collaboration with 'Peace Committee' or other relevant national institutions (e.g. NHRC)
- Formation of victims/families groups at local levels
- Creation of Task Force/Citizens Committee/Commission
- Securing "public pledge" from political leadership for commitment & future accountability

**C. RATIFICATION CAMPAIGN**

(Key Instruments for Transitional Justice)

- Convention against Torture: OP-2002
- Rome Statute on Int'l Criminal Court-1998
- Geneva Conventions- OP-1977
- Ottawa Treaty-1998
- Disappearance Convention-2006
- IDP Policy to be based on UN Guiding Principles-98
- National implementation of UN Resolution 1325 and 1820

## CONCLUSION

It is inevitable to uncover truth to establish faith in new institutions, restore mutual trust and repair damaged relationship between the citizens and the state for a sustained reconciliation and finally put a total end to the light and shade culture of democracy.

Strategic litigation is a significant means to achieve this!

**And At Last……**

- Reconciliation cannot be imposed: it must be built through voluntary process.
- Reconciliation never to be pursued at the expense of justice.
- Striking balance between contemporary & future needs of collectivity is extremely vital.
- People are not able to forgive what they can not punish, thus the struggle for HR is largely a struggle against cultural of impunity.
- Forgiveness: If someone hits me, I am allowed to forgive him, but I don’t accept that someone else forgive in my place, Mandela has no right to forgive the death of my husband, how can I simply forget the death of my all children & brutal rape (a South African victim)

*"Reconciliation by whom? After someone takes away your daughter, tortures her, disappears her, & then denies having ever done it _ would you ever want to "reconcile" with those responsible? That word makes no sense here. The political discourse on reconciliation is immoral, because it denies the reality of what people experienced. It is not reasonable to expect people to reconcile after what happened here."  --Horicio Verbitsky, a Chilean journalist*

## अनुसूची ४

**विषय : नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धन**

प्रस्तोता : विष्णु पुकार श्रेष्ठ, अध्यक्ष, काहुराष्ट नेपाल

### १. पृष्ठभूमिः

दोश्रो विश्वयुद्धको महाविपतपूर्ण घटनाले विश्व समुदायलाई एउटा महत्वपूर्ण पाठ सिकायो । त्यो पाठ थियो - प्रत्येक राज्यले उसको नागरिकलाई मानव अधिकार, मौलिक स्वतन्त्रता, भय र अभावबाट मुक्त, न्यायिक सुरक्षाको प्रत्याभूति गर्न जरुरी छ । यदि त्यसो गरिएन भने र मानिसलाई उसको मानव अधिकारबाट बञ्चित गरियो भने मानिसले विद्रोह गर्दछ । यही पाठलाई आत्मसात गर्दै सन १९४८ मा नयाँ विश्व व्यवस्था स्थापना हेतु मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गर्न राष्ट्र राज्यहरू सहमत भए र मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरियो ।

घोषणा पत्र जारी गरिएपनि विश्व राजनीतिक रुपले दुई ध्रुवमा विभक्त हुनुका कारण मानव अधिकारको प्राथमिकतालाई हेर्ने दृष्टिकोणमा मतभेद सृजना हुन पुग्यो र सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी दुईवटा अनुवन्धहरू ( जसलाई जुम्ल्याहा अनुवन्ध पनि भनिन्छ) संयुक्त राष्ट्र संघमा दर्ज भयो । दर्ज भएको १० वर्ष पछि संयुक्त राष्ट्र संघले दुवै अनुवन्धहरू अविभाज्य, अन्तरसम्बन्धित र अनतरनिर्भर छ भन्ने निर्णय गर्‍यो । परन्तु आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार वने । आज सम्म पनि विश्वका अधिकांश राज्यहरू नागरिक तथा राजनीतिक अधिकारको कोटीमा संरक्षण, सम्बर्द्धन र आदर गर्न तैयार छैनन । आफ्नो मूल कानुनमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मौलिक हकका रुपमा उल्लेख गरेका छैनन ती अधिकारहरूलाई कानुनद्वारा प्रत्याभूत गराउने पक्षमा तत्परता अत्यन्त न्यून देखिन्छ ।

आज मानवको सम्मानपूर्ण जीवन जीउनका लागि, मानिसको सबैभन्दा आधारभूत अधिकार बाँच्न पाउने अधिकारको प्रत्याभूतिका लागि सबै प्रकारका अधिकारको उत्तिकै महत्व छ भन्ने विषयमा विवाद छैन, तर जब आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूतिको प्रसङ्ग आउँछ, तब राज्यहरूमा हिच्किचाहट देखिन्छ । नागरिक र राजनीतिक अधिकार जस्तै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सम्मान, संरक्षण र प्रत्याभूतिका लागि सबै राष्ट्र, राज्यहरूको जिम्मेवारी छ । यदि कुनै राष्ट्र आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण, सम्मान र प्रत्याभुत गराउन असफल भयो भने त्यस्तो राष्ट्रले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको हनन गरेको मानिन्छ । तसर्थ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुवन्धको पक्ष राष्ट्र भएको राज्यद्वारा त्यो देशका नागरिकलाई उक्त अधिकारको प्रत्याभूतिका लागि आवश्यक जिम्मेवारी पुरा गर्न अनिवार्य छ । १९८६ को सिद्धान्त एवम् मास्चिट गाइडलाइनले पनि राज्यका त्यो दायित्व पुरा गराउनु पर्ने बाध्यता सृजना गरिदिएको छ ।

नेपाल सन् १९९१ देखि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको पक्ष राष्ट्र वन्यो । अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी अनुवन्धहरूको पक्ष राष्ट्र वनेपछि ती अनुवन्धहरूहरूको परिपालना पूर्ण रुपले गर्न भने नेपाल पछाडि नै छ । यस सन्दर्भमा नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण र सम्बर्द्धनको चर्चा गर्नु पूर्व आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विश्व परिवेश र यसको महत्वबारे छोटो चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

### २. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको महत्व

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार वास्तबमा गरीब, उपेक्षित र पछाडि पारिएका मानिसहरूको अधिकार हो । यो अन्तर्राष्ट्रिय मानवीय कानुनको अभिन्न अंग पनि हो । विश्वको ठूलो जनसंख्या यो समूहमा समाहित छ । तसर्थ मानव अधिकारको संरक्षण र सम्बर्द्धनको अर्थ यी वहुसंख्यक मानिसको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण र सम्बर्द्धन हो ।

१९८६ मा लिम्वर्ग सिद्धान्तको अवलम्बन पछिको मात्र कुरा गर्ने हो भने पनि विश्वमा मानवजातिको आर्थिक तथा सामाजिक अवस्था तिब्रतम रुपमा घटेको छ । विश्व जनसंख्याको करिव एक चौथाई मानिसको आर्थिक तथा सामाजिक अवस्था अन्यन्त खस्केको छ । विगत तीन दशकको मात्र तथ्याङ्कलाई हेर्दा गरीवी दोब्बर भएको छ र धनी र गरीवबीचको खाडल अत्यन्त बढेको छ । विश्वको कूल आम्दानीको १४ प्रतिशत अति गरीव ५ प्रतिशतको भागमा छ भने अति धनी ५ प्रतिशतले विश्वको कूल आम्दानीको ८५ प्रतिशत उपभोग गरिरहेका छन् । यो तथ्याङ्कले आजको विश्वमा समानताका लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूतिको ज्यादै ठूलो महत्व छ भन्ने पुष्टि गर्दछ ।

आर्थिक, सामाजिक विभेदका कारण राज्यहरूमा विविध ढङ्गका विद्रोह भएका छन् । थोरै धनीहरूले धेरै गरीवहरूको अधिकारमा वञ्चितीकरण गर्नुको नतिजा त्यस्ता विद्रोह भएका हुन् । नेपालमा २०५२ देखि १० वर्षसम्म भएको सशस्त्र विद्रोहको मूल जरा पनि आर्थिक, सामाजिक र साँस्कृतिक विभेद नै थियो । आर्थिक सामाजिक र साँस्कृतिक अधिकारमा समान उपभोगको अवस्था अर्थात गाँस, वाँस, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षाको अभावमा द्वन्द्व बढ्छ र समाज विद्रोहमा रुपान्तरित हुन्छ । विद्रोह गर्न मानिस वाध्य नबनुन् भन्नाका लागि मानव अधिकारको प्रत्याभूति र मुलतः आर्थिक उपार्जनमा पहुँच, सामाजिक संरचनागत विभेदको अन्त्य र साँस्कृतिक संरक्षण गर्नु राज्यको महत्वपूर्ण दायित्व हुन्छ । यदि राज्य ती अधिकारहरूको प्रत्याभुति गर्न असफल भए उसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको हनन गरेको ठहर्छ ।

शितयुद्धको अन्त्यपछि विश्का सबै क्षेत्रमा राज्यको भूमिका न्यून गर्ने र वजार सक्रिय वनाउने प्रवृत्तिको विकास भएको पाइन्छ । यो प्रवृत्तिले बहुराष्ट्रिय कम्पनीहरूलाई लगानीको लागि आकर्षित गर्दछ । यसो गर्दा कतिपय देशको स्वलगानी भन्दा बहुराष्ट्रिय कम्पनीहरूको लगानी, शक्ति र धन बढी हुन पुग्दछ । यसले गर्दा विश्वमा हुने र नहुने बीचको खाडलमा वृद्धि हुन पुगेको छ । वहुराष्ट्रिय कम्पनी र वजारले मानव समस्या समाधान गर्छ भनेर भर पर्ने नीति यथार्थमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभुति नगराउने प्रवृत्ति हो । यसवाट समाजमा द्वन्द्व वृद्धि हुन्छ र अन्तत्वगत्वा त्यसले समाजलाई विद्रोहमा लैजान्छ, तसर्थ यस्तो प्रवृत्ति र नीतिको विपक्षमा उभिनु मानव अधिकारकर्मीको दायित्व वनेको छ ।

### ३. नेपालमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको परिपालना

नेपाल आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्धको पक्ष राष्ट्र हुनुको नाताले उसले त्यो अनुवन्धले अङ्गिकार गरेका सबै प्रकृतिको अधिकारहरू आफ्नो देशको नागरिकलाई प्रत्याभुत गराउन बाध्य छ । नेपाल पक्ष राष्ट्र भैसकेपछि नेपालले सो अधिकार प्रत्याभुत गराउन त्यो अनुवन्धको प्रावधानहरूलाई देशको मूल कानुनमा समावेश गर्ने प्रयत्न गरेको छ । २०४७ को संविधानमा स्वाथ्य, शिक्षा सम्बन्धी केही प्रावधानहरू समावेश भए पनि २०६३ को अन्तरिम संविधानमा भने शिक्षा, स्वास्थ्य, खाना, काम रोजगारी सम्बन्धी अधिकारहरू समावेश गरिएका छन् । छुवाछुतलाई कसुर मानी त्यसो गर्नेलाई कार्वाही गर्न छुवाछुत कसुर सम्बन्धी ऐन, २०६८ पारित गरी कार्यान्वयन गर्दैछ । वधुवा मुक्ति आन्दोलन, हलिया आन्दोलन, महिला आन्दोलन, मानव अधिकार आन्दोलन जस्ता आन्दोलनहरूले पनि यो अधिकार कार्यान्वयन गर्न सघाउ पुगेको छ । फलस्वरुप नेपाल सरकार यो अधिकारको परिपालना गराउन क्रियाशील बन्न बाध्य छ । परन्तु राज्यले अझैपनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभुति गराउन अड्कोको रुपमा पुर्वाधार, श्रोतको अभाव जस्ता कारणहरू देखाउने गरेको छ ।

हालै मानव अधिकार संघ/संस्था एवम् प्रतिनिधिहरूको टोलीले मुख्य सचिव लगायत नेपाल सरकारका सचिवहरूसंग आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको ऐच्छिक प्रलेख अनुमोदनका लागि गरेको अनुरोध पछि नेपाल सरकारको मुख्य सचिव लगायत अन्य सचिवहरूको धारणा अनुमोदन गर्नु ठूलो कुरा होइन, तर कार्यान्वयनको आधार तैयार पार्नु ठूलो कुरा हो भन्ने अभिव्यक्ति पाइयो । यसले के स्पष्ट पार्दछ भने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभुति गर्न नेपाल सरकार जुन मात्रामा क्रियाशील र तत्पर हुनु पर्ने हो त्यो हुन सकेको छैन भन्ने पुष्टि हुन्छ । यति हुँदाहुदै पनि महिला

तथा दलित आयोगको स्थापना, जनजाति प्रतिष्ठानको स्थापना, हलिया मुक्तिको घोषणा, उत्पीडित तथा सामाजिक रुपले पछाडि पारिएका जाति समूहको संरक्षण गर्ने कानुन ऐनको तर्जुमा जस्ता कार्यहरू नेपालमा भएको छ । यसले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभुत गर्न नेपाल विस्तारै अगाडि बढेको संकेत मिल्दछ । यसो हुनको पछाडि राष्ट्रिय रुपमा नागरिक समाजको आन्दोलन, गैर सरकारी संस्थाहरूको सक्रियता र अभियानले महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालको तर्फबाट सन् २००७ मा संयुक्त राष्ट्र संघमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाबारे नागरिक समाजबाट प्रस्तुत प्रतिबेदन पनि नेपालमा आर्थिक तथा सांस्कृतिक अधिकारको प्रत्याभुतिका लागि दवाव सृजना गर्ने महत्वपूर्ण आधार बनेको छ ।

नेपालको अदालतमा वधुवा प्रथाको अन्त्यका लागि नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश माग गरी दायर गरिएको रिटमा सर्वोच्च अदालतले वधुवा मजदुर राख्ने प्रथाको अन्त्य गर्न सरकारलाई निर्देशन दिएको र नेपाल सरकारले पनि १९९३ मा बंधुवा मजदुर राख्ने प्रथाको अन्त्य गर्ने कानुन निर्माण गऱ्यो । यो आर्थिक/सामाजिक अधिकारको कार्यान्वयनमा अदालतद्वारा गरिएको महत्वपूर्ण हस्तक्षेप थियो ।

## ४. नयाँ चुनौतीहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण गर्ने सम्बन्धमा धेरै प्रकारका नयाँ चुनौतीहरू छन् । वास्तबमा मानिसकालागि यो अधिकार नागरिक र राजनीतिक अधिकारभन्दा पनि ठूलो अधिकार हो, किनकि भोक, घरबार विहिन र अशिक्षितका लागि नागरिक तथा राजनीतिक अधिकारको कुनै अर्थ रहदैन । नेपालमा र विश्वमै पनि यो अधिकारको अभावमा मानिसले सम्मानपूर्ण जीवन व्यतित गर्न पाइरहेका छैनन् ।

आज विश्वमा प्रत्येक घण्टामा १२०० बालबालिकाको मृत्यु हुन्छ, यसको मूल कारण गरीवी मानिएको छ । विश्वमा विकास भयो भनिन्छ, तर करिब एक करोड ७ लाख बच्चाले आफ्नो पाँचौ वर्ष दिन मनाउन पाउँदैनन् र यसमध्ये ९८% गरिब देशका छन् । यु.एन.को एउटा प्रतिवेदनले भन्छ करिब ४ करोड मानिसलाई एच.आइ.भी छ, करिब एक अरब मानिसलाई सुरक्षित खानेपानीको अभाव छ, ८० लाख भन्दा बढी मानिस भोकै सुत्छन्, साढे २ करोड मानिसको आम्दानी २ डलर भन्दा तल छ, संसारको विकास भएको जतिसुकै तथ्याङ्क आए पनि अनुसन्धान भन्छ, एक अरब मानिस जो संसारको कुल जनसंख्याको ५ भागको एक भाग हो पढ्न लेख्न नजानीकन २१ सौं शताब्दीमा प्रवेश गर्दैछन् । त्यस मध्ये दुई तिहाई महिला छन् ।

नागरिक र राजनीतिक अधिकार प्राप्तिका लागि अदालत पूर्णतः सहयोगी छ । तर आर्थिक सामाजिक र सांस्कृतिक अधिकारकालागि त्यो परिस्थिति छैन । यी समस्याहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभुतिका लागि ठूलो चुनौती हो । आजको विश्वमा (Trafficking) मानव वेचविखन तथा ओसार पसारले विकराल रुप लिएको छ । यो नयाँ ढंगको दासप्रथा वनेको छ । युएनको रिपोर्ट भन्छ वर्षमा करिव ४० लाख मानिसको ओसारपसार हुन्छ र यसले एक अरव डलर वरावरको व्यापार गर्दछ ।

लैङ्गिक विषमता अर्को ठूलो चुनौती छ । पुरुष र महिलावीच समानताको जतिसुकै नारा लगाएपनि यो विषमता यथावत छ । संचार, प्रविधि, पूँजी र बजारको भूमण्डलीकरणको कारण राज्यहरूलाई गरीवहरूको पक्षमा वकालत गर्न कमजोर वनाएको छ । राष्ट्रवाद पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समान ढंगले प्रत्याभुत गर्न वाधकको रुपमा देखा पर्दैछ । यसले वहु सांस्कृतिक/बहुजातिय समाजमा कुनै जाति विशेषको बाहुल्यता हुँदा अर्को पक्षलाई त्यसले प्रभाव पार्ने गरेको छ ।

उपर्युक्त नयाँ चुनौतीहरू नेपालको सन्दर्भमा पनि उत्तिकै महत्वका छन् । तसर्थ ती चुनौतीहरूको सामना गर्न राज्य, अदालत र राजनीतिक दल आदि सबैमा र नेपाल वहुजातिय/वहुसांस्कृतिक/

वहुभाषिक राज्य हुनाको कारण ती सबै समूहमा आर्थिक उपार्जनका लागि पहुँचमा समानता, आधारभूत शिक्षा, स्वास्थ्य, गाँस, बाँसमा समानताका लागि नेपालले ती सबै समूहमा पनि सचेतना, सहभागिता र सशक्तिकरणमा जोड दिनु जरुरी छ । यसका लागि विभिन्न सरोकारवालाहरूको आ-आफ्नो भूमिका छ । संक्षेपमा राज्य, नागरिक समाज र राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई यसरी राख्न सकिन्छ ।

### ५. नेपालको लागि चुनौती र दायित्व

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण, सम्वर्द्धन र प्रत्याभुतिका लागि नेपालले आफ्नो दायित्व निर्वाह गर्न निम्न कार्यहरू गर्न जरुरी छ ।

- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको पक्ष राष्ट्र हुनुको नाताले सामयिक प्रतिवेदन प्रस्तुत गर्ने र केही सानातिना पक्षलाई प्रगतिको रुपमा लिनुभन्दा यो अधिकार संरक्षणका लागि आवश्यक संयन्त्र निर्माण एवम् निर्माण भएका संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्नुपर्दछ ।
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धनमा भएका उत्तम नतिजाहरूको खोजी गर्ने, अनुसन्धान गर्ने र त्यसलाई नेपालको सन्दर्भमा लागु गर्नुपर्दछ ।
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रत्याभुतिको राष्ट्रिय मापदण्ड तयार पार्नुपर्दछ ।
- नेपालका कतिपय नीति ऐन, नियम र कानुनको पुनरावलोकन गरी त्यसलाई आर्थिक सामाजिक र सांस्कृतिक अधिकारमैत्री वनाउनु पर्दछ ।
- मानिसको गांस (Right to food), बास (Right to Shelter), कपास (Right to cloth), स्वास्थ्य (Right to health), शिक्षा (Right to education), काम (Right to work), सुरक्षा (Right to security) को आधारभुत प्रत्याभुतिका लागि आवश्यक श्रोत साधन जुटाउनु राज्यको दायित्व हो । यसका लागि नेपालले पहिलो प्राथमिकता दिने नीतिलाई कडाईका साथ लागु गर्नु पर्दछ ।

### ६. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभुतिका लागि नागरिक समाज र गैर सरकारी संस्थाहरूको भूमिका

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धनका लागि नागरिक समाज र गैर सरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको विश्वका धेरै उदाहरणहरू छन् । नेपालको नागरिक समाज र गैससले पनि यस सन्दर्भमा खेलेको र खेलिरहेको भूमिका सराहनीय छ । यी अधिकारहरूको संरक्षण र सम्वर्द्धनका लागि नागरिक समाज, गैर सरकारी संस्थाहरूले निम्न कार्यहरू गर्न जरुरी छ ।

- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षणका लागि खाद्य, स्वास्थ्य, वास, शिक्षा, कामको अधिकार मौलिक अधिकार हो भने जनचेतना वृद्धि गर्ने कार्यहरू व्यापकरुपमा संचालन गर्ने ।
- सरकारलाई स्वास्थ, शिक्षा, खाद्य, काम जस्ता अधिकारहरूको मापनको उपयुक्त राष्ट्रिय नीति तयार पार्न सहयोग दिने र दवाब सृजना गर्ने ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको न्यूनतम मूल दायित्व निर्वाह गर्न सचेत गराउने । त्यसका लागि आवश्यक नियम कानुनमा संसोधन गर्न लगाउने । निरन्तर अनुगमन गर्ने ।
- स्वास्थ्य, शिक्षा र खाद्य अधिकार सुरक्षाका लागि सरकारलाई कार्य योजना तयार पार्न लगाउने ।
- भूमण्डलीकरणका कारण खाद्य सुरक्षा, वंधुवा मजदुर, किसान, मजदुरको शिक्षा, स्वास्थ्य महिलाको अवस्था र बाल मजदुर तथा बसाई सरेका नेपाली मजदुरहरूमाथि परेको प्रभावको मानव अधिकारको दृष्टिकोणबाट अध्ययन अनुसन्धान गर्ने र सो अनुसन्धानको निष्कर्षमा कार्यान्वयनमा जोड दिने ।

- अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुवन्धले व्यवस्था गरेको अधिकार, लिम्वर्ग सिद्धान्त र मास्चिट निर्देशिका (Maaschit Guidelines) ले अङ्गिकार गरेका प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउन क्रियाशील रहने ।

## ७. राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

मानव अधिकार प्रत्याभुतिका लागि सबै देशका राष्ट्रिय मानव अधिकार आयोगको भूमिका प्राथमिक महत्वको हुन्छ । नेपालको सन्दर्भमा पनि त्यही नै सत्य हो । नेपालको राष्ट्रिय मानव अधिकार आयोगले आशातित नतिजा प्राप्त गर्न नसके पनि यसको छोटो उमेरमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्धका कतिपय प्रावधानलाई नेपालको ऐन, नियम कानुनमा समाहित गराउन, यो अधिकारको हननको सूचाङ्क तयार पारी अनुगमन गर्न यस विषयमा कार्यरत गै.स.स. र मानव अधिकार एवम् नागरिक संस्थासँग हातेमालो गर्दै अगाडि बढेको छ । भावी समयमा यसले यो क्षेत्रमा आफ्नो गतिमा तिव्रता दिनेछ भन्ने आशा गर्न सकिन्छ ।

## ८. उपसंहार

नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मूल अधिकारको रुपमा अझै पूर्णरुपले आत्मरतिकरण गरिएको छैन । यसका लागि अधिकारको क्षेत्रमा क्रियाशील सबै व्यक्ति, संघ/संस्था, राष्ट्रिय मानव अधिकार आयोग समेतले सामूहिक प्रयत्न गर्न जरुरी छ । नेपाल यो अन्तर्राष्ट्रिय अनुवन्धको पक्ष राष्ट्र बनि सकेपछि सरकारी र गैर सरकारी क्षेत्रवाट यी अधिकारहरू प्रत्याभुत गर्न जे जति प्रयत्नहरू भएका छन् त्यो पर्याप्त छैन । कुनै पनि देश जो अनुवन्धको पक्ष बन्दछ तब त्यो अनुवन्धको सम्मान, संरक्षण र प्रत्याभुति गराउने दायित्व त्यो राज्यको हुन्छ । त्यसो नगर्दा राज्यले ती अधिकारहरूको हनन गरेको हुन्छ । तसर्थ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन आजको नेपालको सर्वाधिक महत्वको मानव अधिकारको विषय हो । यो अधिकारको महत्वलाई आत्मसात गर्ने र त्यसलाई प्रत्याभुत गराएर मात्र नेपाल आफ्नो सामाजिक/सांस्कृतिक रुपमा विद्यमान समस्याको हल गर्न सक्तछ । मानव अधिकारको परिपालन गर्ने राष्ट्र वन्दछ ।

# अनुसूची ५

**विषय : मानव अधिकार राष्ट्रिय कार्ययोजना र यसको कार्यान्वयन अवस्था**

**प्रस्तोता : राजुमान सिंह मल्ल, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**पृष्ठभूमि**

मानव अधिकार मानिसलाई मानिस भएर बाँच्नका लागि आवश्यक आधारभूत अधिकार हुन् । यी अधिकारहरू मानिसको जीवन, स्वतन्त्रता, समानता, प्रतिष्ठा र मर्यादासँग गाँसिएका हुन्छन् । यस्ता अधिकारलाई जन्मसिद्ध, सर्वमान्य, अविभाजित, अपरिहार्य, प्राकृतिक अधिकारको रुपमा पनि लिईन्छ । त्यसैले यी अधिकारहरू मानवीय मूल्य र मर्यादासँग सम्बन्धित हुन्छन् भन्ने मानिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भए पछि मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा संगठित रुपमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको देखिन्छ । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेपछि यसको विकासक्रमले फड्को मारेको पाईन्छ । यो घोषणापत्रलाई मानवको जन्मसिद्ध एवं नैसर्गिक अधिकारको परिभाषा गरिएको पहिलो दस्तावेजको रूपमा लिने पनि गरिन्छ । संयुक्त राष्ट्रसङ्घको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारको विभिन्न पक्षलाई समेट्ने गरी मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू समय समयमा जारी हुँदै आएका छन् । नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्य भएपश्चात मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा निरन्तर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाउँदै आएको छ । यसै सन्दर्भमा नेपाल मानव अधिकारसम्बन्धी मुख्य दस्तावेजहरू (bill of human rights) का अतिरिक्त विभिन्न २२ वटा महासन्धिहरूको पक्षराष्ट्र बनिसकेको छ भने अन्य केही दस्तावेजहरूको पक्ष बन्ने क्रममा रहेको छ ।

**त्रिवर्षीय योजनामा मानव अधिकार**

मानव अधिकारसम्बन्धी कार्यक्रमलाई विकास कार्यक्रमहरूसँग आबद्ध गरी सञ्चालन गर्ने नीतिअनुरूप सर्वप्रथमतः दशौं पञ्चवर्षीय योजनामा महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिकसम्बन्धी पृथक नीति तथा कार्यक्रमको साथसाथै मानव अधिकारसम्बन्धी छुट्टै नीति तथा कार्यक्रमहरू समावेश गरिएका थिए । दशौं योजनाले नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त मौलिक मानव अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताका प्रावधानहरूमा व्यवस्था भएअनुरूपका मानव अधिकारका पक्षहरूलाई व्यवहारमा सुनिश्चितता प्रदान गर्ने र सीमित स्रोत र साधनको परिधिभित्र रही मानव अधिकारसम्बन्धी कार्यक्रमलाई राष्ट्रिय विकास कार्यक्रमसँग आबद्ध गरी गरिबी निबारेणको कार्यमा सहयोग पुऱ्याउने लक्ष्य लिएको भए पनि यसको कार्यान्वयन सही रूपमा हुन नसक्नुका अतिरिक्त मानव अधिकार उल्लंघनका घटनाहरूमा अझ वृद्धि हुन गई नागरिकले पीडा बोध गर्नुपरेको यथार्थ हामीबाट लुक्न सकेको छैन ।

त्रिवर्षीय अन्तरिम योजनामा मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित छुट्टै नीति समावेश गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत गरिएका जनताका आधारभूत मौलिक मानव अधिकार एवं देशले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका विभिन्न प्रतिबद्धताका सन्दर्भमा उक्त त्रिवर्षीय अन्तरिम योजनामा मानव अधिकारलाई क्षेत्रगत विकास कार्यक्रमसँग समन्वय गरिएको थियो । योजनाले संयुक्त राष्ट्रसङ्घको एक सक्रिय सदस्य राष्ट्रको हैसियतले नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष बनी व्यक्त गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन र प्रवर्द्धन गर्दै मानव अधिकार संस्कृतिमा आधारित एक समावेशी, न्यायपूर्ण र समृद्ध राष्ट्रको निर्माण गर्ने दीर्घकालीन सोच लिएको थियो । यसका लागि संविधान प्रदत्त मौलिक अधिकार तथा नेपाल पक्ष भएका

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजका प्रावधानहरूलाई व्यवहारमा सुनिश्चितता प्रदान गर्ने, मानव अधिकारसम्बन्धी कार्यक्रमलाई विकास कार्यक्रमहरूसँग आबद्ध गर्दै सञ्चालन गर्ने, मानव अधिकार संस्कृतिको विकास गर्ने, न्याय प्रणालीको संस्थागत सुदृढीकरणका साथै मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने र सहश्राव्दी विकास लक्ष्यलाई क्षेत्रगत योजनाहरूसँग आबद्ध गरी कार्यान्वयन गर्ने प्रयास गरेको थियो। सरोकारवालाको सहभागितामा शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, मानव बेचबिखन, बालबालिकाको संरक्षण तथा विकास, अपाङ्गता, जेष्ठ नागरिक, लैङ्गिक हिंसासम्बन्धी क्षेत्रगत राष्ट्रिय कार्ययोजनाहरूको तर्जुमा भई कार्यान्वयन समेत भइरहेका छन् ।

दोस्रो जनआन्दोलनपश्चात मुलुकका सबै जात, जाति, धर्म, भाषा, वर्ण, लिङ्ग र क्षेत्रका नागरिकहरू आफ्नो आधारभूत मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सचेत र जागरुक बनेका छन्। सरकारी तथा गैरसरकारी क्षेत्रमा मानव अधिकार प्रमुख बहस र छलफलको विषय बनेको छ। नेपाल मानव अधिकारसम्बन्धी मुख्य दस्तावेजहरू लगायत धेरै मानव अधिकारसम्बन्धी दस्तावेजहरूको पक्षराष्ट्र बनेको छ। यी दस्तावेजहरूको पक्ष राष्ट्रका हैसियतले दस्तावेजका व्यवस्थाहरूलाई आफ्नो राज्यक्षेत्रभित्र लागू गराउने दायित्वप्रति नेपाल प्रयत्नशील र सचेत देखिएको छ। यस क्रममा राष्ट्रियस्तरमा बलियो संस्थागत, नीतिगत एवं कानूनी संरचना तयार गरी कार्य गर्दै आएको छ। गैरसरकारी क्षेत्रमा पनि मानव अधिकारको विषयमा पक्षपोषण गर्ने, निगरानी गर्ने, अध्ययन, अनुसन्धान गर्ने, अभिलेखन गर्ने र उल्लंघनका घटनाहरूलाई प्रकाशमा ल्याउने संस्थाहरूको परिमाणात्मक एवं गुणात्मक वृद्धि भइरहेको छ। राष्ट्रिय नीति, योजना, कानून र कार्यक्रममा अधिकारमुखी अवधारणा (Rights Based Approach) ले महत्व पाउन थालेको छ। मानव अधिकारको विषयलाई विकास प्रक्रियासँग आबद्ध गरी कार्यान्वयन गर्ने प्रयासको पनि थालनी भएको छ। यसबाट सबै सरोकारवाला व्यक्ति एवं संस्थाहरू सकारात्मक र उत्साहित बनेका छन्। अतः यस अवसरको उपयोग गरी मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि राज्यले भविष्यमा अझ बढी सङ्गठित र समन्वित गर्दै सक्रियताका साथ कार्य गर्नुपर्ने खाँचो छ।

**दीर्घकालीन सोच**

संयुक्त राष्ट्रसङ्घको एक सक्रिय सदस्यका हैसियतले नेपालले मानव अधिकारसम्बन्धी दस्तावेजहरू मार्फत व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं संविधान प्रदत्त मौलिक हकलाई व्यावहारिक रूपमा सुनिश्चितता प्रदान गर्दै मानव अधिकार संस्कृतिमा आधारित समावेशी, न्यायपूर्ण र समृद्ध राष्ट्रको निर्माण गर्ने ।

**उद्देश्य**

- सबै प्रकारका आर्थिक तथा सामाजिक विभेदको अन्त्य गरी राज्यले व्यक्त गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा सुनिश्चितता प्रदान गर्ने ।
- आर्थिक, सामाजिक एवं शैक्षिक रूपमा पछाडि परेका वर्ग र समुदायको संरक्षण, विकास, सशक्तीकरणका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने र राज्य व्यवस्थामा ती समुदायको सहभागितालाई सुनिश्चितता प्रदान गर्ने ।
- मानव अधिकार उल्लंघनका घटनामा नियन्त्रण गरी एक समृद्ध मानव अधिकार संस्कृतिको विकास गर्ने ।

**रणनीतिहरू**

- मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने ।

- लक्षित समूहका लागि मानव अधिकार प्रवर्द्धनका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- मानव अधिकारको क्षेत्रमा कार्यरत सबै सरकारी तथा गैरसरकारी संस्थाहरूको संस्थागत सुदृढीकरण गरी क्षमता अभिवृद्धि र प्रभावकारितामा अभिवृद्धि गर्ने ।
- मानव अधिकार शिक्षा र सुशासन मार्फत सार्वजनिक निकायका पदाधिकारीहरूबाट मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।

**नीति तथा कार्यनीतिहरू**

- संविधान प्रदत्त मौलिक हक तथा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू मार्फत व्यक्त प्रतिबद्धतालाई प्रचलित कानूनी प्रावधानहरूमा परिमार्जन एवं आवश्यकतानुसार नयाँ कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- क्षेत्रगत विकासका नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनमा मानव अधिकारका विषयलाई आबद्ध गरी सञ्चालन गरिनेछ ।
- मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष बनाउन आवश्यक कार्यक्रम तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- सबै किसिमका विभेद, छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको संरक्षण, विकास र सशक्तीकरणलाई विशेष जोड दिई राज्य व्यवस्थामा ती समुदायको सहभागितालाई सुनिश्चित तुल्याइनेछ ।
- दण्डहीनता र भ्रष्टाचारको अन्त्य गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने नीति अवलम्बन गरिनेछ ।
- सशस्त्र द्वन्द्वका क्रममा घाइते भएका, मारिएका, बेपत्ता भएका, विस्थापित भएका व्यक्ति एवं तिनका परिवारको समस्या समाधानका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- औपचारिक एवं अनौपचारिक शिक्षा मार्फत मानव अधिकारसम्बन्धी शिक्षा प्रदान गरिनेछ ।
- सार्वजनिक सञ्चार माध्यमलाई मानव अधिकारसम्बन्धी कार्यक्रम निर्माण एवं प्रसारण गर्न प्रोत्साहित गर्ने कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।
- मानव अधिकारको संरक्षण एवं संवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई राज्यका तर्फबाट प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षाकर्मीका लागि प्रदान गरिने संस्थागत तालिम एवं प्रशिक्षण कार्यक्रममा मानव अधिकार विषयलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- कारागारलाई सुधारगृहका रूपमा विकास गर्दै कारागार एवं हिरासतमा रहेकाहरूको मानव अधिकारको प्रत्याभूतिका लागि आवश्यक व्यवस्था गरिनेछ ।

- राज्यका तर्फबाट प्रदान हुने सेवाहरूलाई विस्तार गर्दै छिटो, छरितो र गुणस्तरीय सेवा प्राप्त गर्ने नागरिकको अधिकारलाई सुनिश्चितता प्रदान गरिनेछ ।

- मानव अधिकारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको क्षमता, कार्यदक्षता र प्रभावकारितामा अभिवृद्धि गरिनेछ ।

**मानव अधिकार राष्ट्रिय कार्ययोजना**

अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकास गर्न सहयोगका लागि आह्वान गरेको थियो । त्यस सम्मेलनले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि सदस्य राष्ट्रहरूलाई आह्वान गरेको थियो । सो आह्वानलाई सकारात्मक रूपमा लिँदै संयुक्त राष्ट्रसङ्घको सक्रिय सदस्य राष्ट्रको नाताले नेपालले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न र मानव अधिकारप्रति संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेको प्रतिबद्धतालाई प्रभावकारी रूपमा पूरा गर्ने अठोट गऱ्यो । उक्त अठोटलाई कार्यान्वयन गर्दै तत्कालीन सरकारले नेपालमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम आ.व. ०६१/०६२ मा त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना तयार गरी सोही वर्षदेखि लागू गरियो । देशको विषम राजनीतिक परिस्थितिका बावजुद पनि उक्त कार्ययोजनामा उल्लिखित धेरै कार्यक्रमहरू कार्यान्वयन भएका थिए ।

संवत् २०६२/०६३ सालको सफल जनआन्दोलनपश्चात् देशमा बहाल भएको लोकतन्त्रले मानव अधिकारको विषयमा राज्यलाई अझ बढी जिम्मेवार र उत्तरदायी बन्न बल प्रदान गरेको सन्दर्भमा राज्यले नागरिकको मानव अधिकार संरक्षण र प्रवर्द्धनको लागि थप दायित्व निर्वाह गर्नुपर्ने अवस्थाको सिर्जना हुन गयो । यसै तथ्यलाई ध्यानमा राखी नेपाल सरकारले परिमार्जनसहित आ.व. ०६४/०६५ देखि पुनः अर्को त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना लागू गऱ्यो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूका आधारमा तयार गरिएको यस कार्ययोजनामा मानव अधिकारसँग सम्बन्धित नेपाली जनताका समस्या र आवश्यकताको पहिचान गरी यी समस्याको न्यूनीकरण तथा आवश्यक कुराहरूको परिपूर्ति गर्ने लक्ष्य राखिएको थियो । यस कार्ययोजनाको कार्यान्वयनबाट नेपालमा मानव अधिकारको सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको भए पनि अझै पनि राज्यका विभिन्न निकाय एवं ती निकायमा रहेर कार्य गर्ने पदाधिकारीहरूबाट मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र आदर्शलाई आधार मानी कार्य गर्ने मानव अधिकार संस्कृतिको विकास गर्ने तर्फ देखिनेगरी कार्य हुन सकेको पाईएन ।

यसका साथै मानव अधिकार उल्लंघनका घटनाहरू पनि यदाकदा घट्ने गरेको र त्यस्तो कार्यमा संलग्नलाई कारवाही नभएको भन्ने आवाज सुनिने गरेको थियो । प्रस्तुत सन्दर्भमा मुलुकमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गरी मानव अधिकार संस्कृतिको विकास गर्दै नेपालले अन्तर्राष्ट्रिय जगतका सामु व्यक्त गरेको प्रतिबद्धतालाई पूरा गर्न मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई निरन्तरता प्रदान गर्नुपर्ने आवश्यकता देखिन आयो । यसै तथ्यलाई मध्यनजर गरी नेपाल सरकारले आ.व. ०६७/०६८ देखि अर्को त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रस्तुत कार्ययोजना तर्जुमा गर्दा साविकको कार्ययोजनाको कार्यान्वयन पक्ष समेतलाई ध्यानमा राखी समयसापेक्ष रूपमा परिमार्जन गर्नुको अलावा सम्बद्ध मन्त्रालयहरूलाई कार्ययोजना तर्जुमामा प्रत्यक्ष सहभागी बनाएको थियो । यसबाट साविक कार्ययोजनाको कार्यान्वयन पक्षमा देखिएका नकारात्मक पक्षहरूको सुधार भई प्रभावकारी रूपमा कार्यान्वयन हुने अपेक्षा राखिएको छ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनामा आम नेपाली जनताको मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्ने सन्दर्भमा बहुक्षेत्रहरू समेटिएका छन् । यो कार्ययोजना मानव अधिकारको दृष्टिकोणलाई विकास प्रक्रिया सँगसँगै सुदृढ गर्दै लैजाने किसिमले तयार गरिएको छ र यसमा सकेसम्म त्रिवर्षीय योजनाका नीति तथा कार्यक्रमसँग तालमेल मिलाउने प्रयास भएको छ । साथै, यस कार्ययोजनाको कार्यान्वयनबाट समाजका सबै क्षेत्र लाभान्वित हुने विश्वास लिइएको छ ।

राष्ट्रियस्तरमा मानव अधिकारसम्बन्धी व्यापक विषयगत क्षेत्र समेटी तयार गरिएकोले प्रस्तुत मानव अधिकार राष्ट्रिय कार्ययोजना विशेष कार्यक्रम, आयोजना र प्रयास भन्दा केही भिन्न रूपको छ । यो कार्ययोजनालाई मानव अधिकारसम्बन्धी विषयगत क्षेत्रको कार्ययोजना तयार गर्दा मार्गदर्शनको रूपमा पनि लिन सकिनेछ ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू एउटा निकाय विशेषको मात्र जिम्मेवारीभित्र रहने कार्यक्रम नभई यो विभिन्न केन्द्रीय तथा स्थानीय सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, द्विपक्षीय तथा बहुपक्षीय दातृ निकाय एवं नेपाल सरकारको नीति तथा कार्यक्रमको सहयोगको लागि कार्य गर्ने विकास सहयोगीहरूको पनि जिम्मेवारी हो । राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था, नागरिक समाजका समूहहरू, निजी क्षेत्र एवं विभिन्न महासङ्घ तथा सङ्घहरू यो कार्ययोजना कार्यान्वयन गर्नको लागि सामूहिकरूपमा संलग्न हुनेछन् । यो कार्ययोजनालाई बृहत् सोचतालिका (Log Frame) को ढाँचामा प्रस्तुत गरिएकोले यसमा आवश्यक प्राविधिक र आर्थिक स्रोतको किटान गरिएको छैन । क्षेत्रगत र विषयगत आवश्यकताको आधारमा विभिन्न निकायहरूले उपलब्ध स्रोत र साधन परिचालन गरी कार्ययोजनालाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

**तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाका उद्देश्यहरू**

मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नेपालमा मानव अधिकार संस्कृतिको निर्माण गर्ने उद्देश्य लिएको छ । यस कार्ययोजनाको मुख्य उद्देश्य नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त नागरिकका मौलिक हकहरूको संरक्षण तथा संवर्द्धन गर्नु र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता बमोजिमका मानव अधिकारको प्रत्याभूत गर्नका लागि आवश्यक काम, कारवाही सञ्चालन, नीति निर्माण र कार्यक्रम कार्यान्वयन गर्नु हो । यस मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक अधिकारहरूलाई सङ्गठित रूपमा समेटेर मानव जीवनका ती सबै पक्षमा सुधार ल्याउने उद्देश्य लिएको छ । यसको प्रभावकारी कार्यान्वयनले मानव अधिकारको स्थितिमा सुधार गर्ने मात्र नभई त्रिवर्षीय योजनाको बृहत् उद्देश्यलाई समेत पूरा गर्न सहयोग गर्ने विश्वास लिइएको छ ।

यस कार्ययोजनाका विशेष उद्देश्यहरू देहाय बमोजिम छन् :

- नेपाल सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धतालाई कार्यगत रूपमा अझ स्पष्ट गर्ने ।
- सबै नेपाली जनता विशेष गरी गरिबीको रेखामुनि रहेका, असहाय, दलित, मधेसी, आदिवासी, जनजाति एवं पिछडिएको समुदायको मानव अधिकारको स्थिति सुदृढ गर्ने ।
- विकास योजना तथा कार्यक्रममा मानव अधिकारको दृष्टिकोणलाई समावेश गर्ने ।
- विकास कार्यक्रममा मानव अधिकारलाई समायोजन गरी यसको प्रवर्द्धनका लागि सामूहिक स्वामित्वको अवधारणाको विकास गर्ने र चेतना तथा समझदारीमा अभिवृद्धि गर्ने ।
- मानव अधिकारको संवर्द्धन र संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने ।

**तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाद्वारा समेटिएका विषय र तिनका उद्देश्यहरू**

मानव अधिकार कुनै एक विषय, शीर्षक, क्षेत्र वा निकायसँग मात्र सम्बन्धित हुँदैन । यो प्रायः सबै विषय, विविध क्षेत्र र विभिन्न निकायसँग अन्तर्सम्बन्धित (Cross-Cutting) हुन्छ । त्यसैले मानव अधिकार राष्ट्रिय कार्ययोजनाले मानव अधिकारको संरक्षण तथा संवर्द्धनको लागि आवश्यक समन्वय र सहभागिता अभिवृद्धि गर्न देहायका बाह्रवटा विषयको पहिचान गरेको छ :

| क.सं. | विषय/क्षेत्र | मुख्य जिम्मेवार निकाय |
|---|---|---|
| १. | शिक्षा | शिक्षा मन्त्रालय र मातहत निकाय |
| २. | स्वास्थ्य तथा जनसङ्ख्या | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहत निकाय |
| ३. | कानून, व्यवस्थापन सुधार र न्याय प्रशासन | कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र मातहत निकाय |
| ४. | आदिवासी जनजाति र दलित | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र मातहत निकाय |
| ५. | श्रम तथा रोजगार | श्रम तथा रोजगार मन्त्रालय र मातहत निकाय |
| ६. | शान्ति प्रवर्द्धन | शान्ति तथा पुनर्निर्माण मन्त्रालय मन्त्रालय र मातहत निकाय |
| ७. | संस्कृतिसम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन | संस्कृति मन्त्रालय र मातहत निकाय |
| ८. | वातावरण र दिगो विकास | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहत निकाय |
| ९. | नेपाली सेनामा मानव अधिकारको संरक्षण र प्रवर्द्धन | रक्षा मन्त्रालय र मातहत निकाय |
| १०. | अपाङ्गता, जेष्ठ नागरिक, महिला अधिकार तथा सामाजिक न्याय, बाल अधिकार तथा विकास, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक | महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र मातहत निकाय |
| ११. | शान्ति सुरक्षा, कानून कार्यान्वयन र मानव अधिकार संरक्षण | गृह मन्त्रालय र मातहत निकाय |
| १२. | संस्थागत सुदृढीकरण | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत निकायहरू |

विभिन्न सम्बद्ध मन्त्रालय एवं निकायहरू समेतको संयोजनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तीन वर्ष (आ.व. २०६७/०६८-२०६९/०७०) का लागि तयार भएको तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।७।२५ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा ल्याइएको हो ।

**तेस्रो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा अवरोधहरू**

मानव अधिकार राष्ट्रिय कार्ययोजना कुनै निश्चित एक निकाय वा मन्त्रालय तथा क्षेत्रगत संस्थाका लागि तयार भएको नभई समष्टिगतरूपमा कार्यान्वयन हुने भएकोले कार्ययोजनासँग सम्बन्धित सबै निकायहरूले आफ्नो जिम्मेवारी पन्छाउने वा कार्ययोजनाको कार्यान्वयनलाई गम्भीरतापूर्वक नलिनसक्ने जोखिम देखिन्छ । देश अहिले संक्रमणकालीन अवस्थामा रहेको हुँदा जनतालाई प्रभावकारी सेवा प्रदान गर्न कठिन हुनसक्ने अवस्था आउन सक्दछ । मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी

रूपमा कार्यान्वयन गर्नका लागि देशमा आवश्यकीय सेवाको स्थापना र सुधार हुनु आवश्यक छ। देशको खस्किँदो आर्थिक अवस्थाका कारण कार्ययोजनाद्वारा निर्धारण गरिएका कार्यक्रमहरू सञ्चालन गर्न आर्थिक स्रोतको कमी हुने स्थिति पनि छ।

देहायका केही सम्भाव्य समस्याहरूले गर्दा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा अवरोध आउन सक्दछः ती हुन्- राजनीतिक प्रतिबद्धताको कमी, आर्थिक स्रोतको कमी, कानूनमा सुधार एवं कानूनी आधार निर्माणमा ढिलाइ, संस्थागत सङ्गठनभित्र गरिने संरचनागत तथा प्रक्रियागत सुधारमा ढिलाइ, स्वामित्वको अभाव, दीर्घकालीन अवधारणा र सुशासनको अभाव, मानव अधिकार संरक्षण र संवर्द्धनप्रति प्राथमिकताको कमी, अपर्याप्त मानव संसाधन, आधारभूत सेवा प्रदान गर्ने क्षेत्रमा दक्ष प्राविधिक प्रशासन र उपकरणको कमी तथा पर्याप्त कोष उपलब्ध नहुनु।

**मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन**

नेपाल सरकार मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न प्रतिबद्ध रहदै आएको छ। विभिन्न मन्त्रालय, विभाग र अन्य सरकारी क्षेत्रमा कार्ययोजनाको समन्वय एवं प्रभावकारी कार्यान्वयन र अनुगमनको सुनिश्चितताको साथै दैनिक क्रियाकलापको रेखदेख गर्न नेपाल सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई थप सुदृढ गर्ने गरी कार्ययोजनामा व्यवस्था गरिएको छ। नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, सम्बन्धित मन्त्रालय, निकाय, स्थानीय निकाय र गैरसरकारी संस्थाको संलग्नतामा कार्ययोजनाको कार्यान्वयन पक्षको अनुगमन गर्ने व्यवस्था मिलाईएको छ। यसले आफ्ना क्रियाकलापहरूलाई त्रिवर्षीय योजना र नेपाल सरकारले ग्रहण गरेका अन्य मानव विकास कार्यक्रमहरूसँग घनिष्ठ सम्बन्ध राख्नेछ। साथै सम्बद्ध मन्त्रालय र संस्थाहरूसँगको सहकार्यमा आवश्यकता अनुसार कार्ययोजनाको पुनरावलोकनको लागि सिफारिश गर्ने समेत व्यवस्था गरिएको छ।

त्रिवर्षीय योजना, नेपाल सरकारका अन्य कार्ययोजना र नेपालको आर्थिक तथा सामाजिक विकाससम्बन्धी अवधारणामा प्रतिविम्बित मापदण्ड अनुसार सबै सम्बद्ध मन्त्रालय, निकाय र संस्थाले मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नेबारे आफ्नो वार्षिक कार्ययोजनामा उपयुक्त कदमहरू समावेश गर्ने व्यवस्था गरिएको छ। सम्बद्ध मन्त्रालयहरूले राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको निर्देशन अनुसार कार्ययोजनाको कार्यान्वयन गर्दै आएका छन्। यस सन्दर्भमा समितिले तोकेको ढाँचामा सम्बद्ध मन्त्रालयहरूले समितिलाई त्रैमासिक, अर्धवार्षिक एवं वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था मिलाईएको छ।

सबै स्थानीय निकायहरूले उनीहरूको वार्षिक कार्ययोजनामा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यक्रमहरू समावेश गर्ने, त्यसको कार्यान्वयन गर्ने र त्यससम्बन्धी प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्ने व्यवस्था मिलाईएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आवश्यकतानुसार सम्बन्धित मन्त्रालयहरूलाई नेपाल सरकारको कार्यक्रम, नेपालको आर्थिक तथा सामाजिक विकाससम्बन्धी राष्ट्रिय अवधारणा कार्यान्वयनको क्रममा ज्यादै महत्वपूर्ण कार्यहरू समावेश वा प्रतिविम्बित गर्न सल्लाह दिने तथा त्यसको कार्यान्वयन पक्षको अनुगमन र पुनरावलोकन तथा कार्ययोजनामा संशोधन गर्न प्रस्ताव गर्ने क्षेत्राधिकार हुने व्यवस्था कार्ययोजनामा नै गरिएको छ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना अधिकारमा आधारित अवधारणाको सिद्धान्त अनुसार तर्जुमा भएको छ। अधिकारमा आधारित अवधारणाले विकास रणनीतिमा प्रक्रिया र त्यसको परिणाम दुवैको महत्वमा जोड दिन्छ। त्यसै अनुरूप मानव अधिकार राष्ट्रिय कार्ययोजना पनि धेरै सहभागितामूलक हिसाबले तयार गरिएको हो र यसले सुविधाबाट विमुख वर्गसहित बृहत् क्षेत्रको चासोलाई प्रतिबिम्बित गर्दछ। नेपाल सरकारको हालको चुनौती भनेको कार्यान्वयन प्रक्रियामा अधिकारमा आधारित अवधारणालाई प्रवर्द्धन गर्नु हो। यसले धेरै सिद्धान्तहरू विशेष गरी सहभागिता, समानता, विभेदपूर्ण अवस्थाको अन्त्य, पारदर्शिता र जबाफदेहिताप्रति सम्मान प्रदर्शन गर्दछ।

### राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

राष्ट्रिय मानव अधिकार आयोगले (क) मानव अधिकारको उल्लङ्घन, दुरूपयोग र त्यसको दुरूत्साहन, र (ख) मानव अधिकारको उल्लङ्घन रोक्ने सम्बन्धमा सम्बन्धित कुनै व्यक्ति, संस्था वा निकायले गरेको हेलचक्र्याई आदि जस्ता कुनै पनि विषयमा छानविन र अनुसन्धान गर्न सक्दछ। आयोगलाई नेपाल सरकार अन्तर्गतका कुनै निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानव अधिकारको संरक्षणको लागि चाल्नुपर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने, मानव अधिकारको प्रचलनका लागि संविधान तथा प्रचलित अन्य कानूनद्वारा दिइएको संरक्षणसम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा त्यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक र उपयुक्त सुझाव दिने, मुलुकको विद्यमान मानव अधिकारको स्थितिको बारेमा समीक्षा गर्ने तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने अधिकार प्राप्त छ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुरूप नेपालले प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले आयोगको राय लिई पठाउनेछ। मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पक्षको स्वतन्त्ररूपमा अनुगमन गर्नमा राष्ट्रिय मानव अधिकार आयोगले महत्वपूर्ण भूमिका खेल्नेछ। यस भूमिकाको साथै संविधान र अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोगलाई संविधान तथा ऐनले नै अधिकार प्रदान गरेको छ। आयोगलाई सुपरिवेक्षण तथा अनुगमन गर्न आवश्यक पर्ने तथ्याङ्क तथा सूचना नेपाल सरकारले उपलब्ध गराउनेछ। अतः उपरोक्त परिप्रेक्षमा राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन पक्षको स्वतन्त्ररूपमा अनुगमन गर्ने अधिकार समेत रहने गरी कार्ययोजनामा नै स्पष्ट रुपमा उल्लेख गरिएको छ।

### मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समिति

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि सहभागिता, भेद्भावरहितता, पूर्ण पारदर्शी र जिम्मेवार संयन्त्रको सुनिश्चितताका लागि नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको स्थापना गरिएको छ। कार्ययोजना कार्यान्वयनका लागि कार्यरत विभिन्न मन्त्रालयका इकाई (Focal Points) लाई निर्देशन दिने, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापहरूको अन्तिम पहिचान र गतिशील प्रक्रियाको पुनरावलोकन र स्वीकृति दिने, मानव अधिकारका विषयमा नेपाल सरकारले लिने नीतिगत विषयमा राय परामर्श गर्ने तथा मानव अधिकार स्थितिको समीक्षा गर्ने कार्यहरू यस समितिको जिम्मेवारीभित्र पर्दछन्।

पारदर्शिताको सुनिश्चितताका लागि समितिका हरेक स्वीकृत निर्णय अभिलेख सार्वजनिकरूपमा उपलब्ध हुनेछन्। मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

| | | |
|---|---|---|
| १) | मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - अध्यक्ष |
| २) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| ३) | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ४) | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | - सदस्य |
| ५) | सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |

| | | |
|---|---|---|
| ६) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| ७) | सचिव, संस्कृति मन्त्रालय | - सदस्य |
| ८) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| ९) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| १०) | सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| ११) | सचिव, श्रम तथा रोजगार मन्त्रालय | - सदस्य |
| १२) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| १३) | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| १४) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| १५) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| १६) | सचिव, राष्ट्रिय मानव अधिकार आयोग | - सदस्य |
| १७) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखाको महाशाखा प्रमुख | - सदस्य-सचिव |

आवश्यकतानुसार अन्य सम्बन्धित मन्त्रालयका सचिवहरू र विभिन्न आयोगका अध्यक्षहरूलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

समितिको बैठक प्रत्येक तीन महिनामा एक पटकका दरले नघटाई आवश्यकतानुसार बस्न सक्नेछ । समितिको सचिवालयको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखाले कार्य गर्ने व्यवस्था कार्ययोजनाले गरेको छ ।

**कार्ययोजनाको कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारको निर्णय**

तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना नेपाल सरकार (मन्त्रिपरिषद्)को २०६७।७।२५ गतेको निर्णयानुसार स्वीकृत भएको हो । यस कार्ययोजनालाई कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट देहायबमोजिम निर्णय भएको थियो ।

(क) मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई सम्बद्ध मन्त्रालयहरूले आ.व. २०६७/०६८ देखि आ.व. २०६९/०७० सम्ममा प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

(ख) मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समावेश गरिएका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएका मन्त्रालयहरूले वार्षिक बजेटमा नै व्यवस्था गर्ने र कार्ययोजनाको कार्यान्वयनको स्थितिको अनुगमन एवं मूल्याङ्कनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आवश्यक पर्ने वार्षिक बजेटको व्यवस्था अर्थ मन्त्रालयले मिलाउने,

(ग) मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समावेश गरिएका कार्यक्रम तथा कार्यहरू सम्पन्न गर्न दातृ निकायको सहयोग आवश्यक हुने भएमा कार्ययोजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएका मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय राखी त्यसका लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन स्थितिका बारेमा कार्यान्वयन गर्ने जिम्मेवारी तोकिएका मन्त्रालयले मासिक, चौमासिक, अर्धवार्षिक एवं वार्षिक प्रगति विवरण त्यस्तो समय समाप्त भएको मितिले पन्ध्र दिनभित्र अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,

(ङ) मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन स्थितिका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित रूपमा अनुगमन गर्ने, गराउने ।

**अनुगमन कार्यक्रम**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।७।२५ को निर्णयानुसार मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन स्थितिको अनुगमन कार्य गर्ने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत पाएको छ। मानव अधिकारको समग्र स्थितिमा सुधार ल्याई आगामी केही वर्षभित्रै नेपाललाई एउटा सम्मुन्नत राष्ट्रको रूपमा विकसित गर्ने वर्तमान सरकारले लक्ष्य लिएको छ। देशको परिवर्तित स्थिति, वर्तमान सरकारको प्राथमिकता र संयुक्त राष्ट्रसङ्घको पहलमा विश्व समुदायले अङ्गीकार गरेका मानव अधिकार सम्बन्धी महासन्धिहरूको व्यवस्थाहरूको पालनासम्बन्धी विविध पक्षहरू बारेमा जिल्लास्तरमा उपस्थित भई सरकारी निकाय एवं सम्बद्ध सरकारी, गैरसरकारी सङ्घ/संस्था एवं नागरिक समाज समेत तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा जानकार छन्/छैनन् ? कार्ययोजनामा उल्लिखित कार्यक्रमहरूमध्ये जिल्लास्तरीय कार्यालय/निकायसँग सम्बन्धित कार्यक्रमहरू के के हुन् ? तिनको कार्यान्वयनको स्थिति कस्तो छ ? कार्यान्वयनमा के, कस्ता समस्याहरू देखिए ? साथै सम्बन्धित कार्यालय प्रमुखहरूबाट कार्ययोजनामा समेटिनुपर्ने थप कार्यक्रमहरू सम्बन्धमा सकारात्मक सुझाव समेत प्राप्त गर्ने उद्देश्यले विभिन्न जिल्लामा अनुगमन कार्यक्रम सञ्चालन गरिँदै आइएको छ।

गत आर्थिक वर्ष २०६७/०६८ मा १९ जिल्लाहरू (झापा, इलाम, पाँचथर, मोरङ, सुनसरी, सप्तरी, मकवानपुर, चितवन, गोरखा, धादिङ, तनहुँ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, पाल्पा, स्याङ्जा, सुर्खेत, बर्दिया र डोल्पा) मा र आ.व. २०६८/६९ मा १७ वटा जिल्ला (उदयपुर, महोत्तरी, सर्लाही, रौतहट, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, बाग्लुङ, म्याग्दी, बैतडी, डडेल्धुरा, बारा, पर्सा, कालिकोट, लमजुङ र ताप्लेजुङ) मा कार्ययोजनाको प्रचार-प्रसार तथा अनुगमन कार्यक्रम गरिएको थियो भने यस आ.व.मा नुवाकोट र धादिङ पहिलो जिल्ला हुन्।

**कार्ययोजनाको हालसम्मका उपलब्धिहरू**

- मानव अधिकारसंग सम्बन्धित विषयहरू खासगरी शिक्षा र स्वास्थ्य, एवं मानव अधिकारका विविध पक्षहरू खासगरी महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक एवं पिछडिएको वर्ग आदिका अधिकारलाई प्रवर्द्धन गरी नागरिकको जीवनस्तर माथि उठाउने कार्यमा सहयोगी भूमिका निर्वाह गरेको पाईएको ।
- मानव अधिकारसंग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा निश्चित सरकारी संयन्त्रहरूलाई परिचालन गरी क्रियाशील तुल्याईएको ।
- विभिन्न निकायहरूको मानव अधिकारसंग सम्बन्धित संस्थागत क्षमता र कार्यशैलीको विकास र प्रवर्द्धन गर्न मद्दत मिलेको ।
- सरकारी, गैर सरकारी तथा अन्य क्षेत्रहरूलाई मानव अधिकारबारे सुसुचित हुने अवसर प्रदान गरेको ।
- विकास योजनामा मानव अधिकारको विषयलाई स्थापित गराउन सहयोगी भएको ।
- मानव अधिकारका आधारभूत सिद्धान्त, मानव अधिकारसम्बन्धी महासन्धिहरू, यससंग सम्बन्धित संयन्त्रहरू र यसको विकासका लागि भई रहेको प्रयासहरूबारे जानकारी लिने, प्रचार प्रसार गर्ने कार्यमा सहयोग मिलेको ।
- समाजमा जोखिमपूर्ण अवस्थामा रहेका वर्गको अधिकारमा बढी केन्द्रीत रहेको ।

- मानव अधिकारसंग सम्बन्धित राष्ट्रिय आवश्यकताको पुनरावलोकन गर्न सहयोगी भूमिका निर्वाह गरेको ।
- सरकारी निकायहरूमा मानव अधिकारप्रति संवेदनशिलता र सचेतता वढाएको ।
- मानव अधिकार संस्कृतिको विकासमा सहयोगी रहेको पाईएको ।

**समस्या र चुनौती**

- कार्ययोजनाको प्रचार प्रसारमा कमी
- सरोकारवालाहरूलाई कार्ययोजनाको महत्वबारे यथेष्ट जानकारी नहुनु
- कार्ययोजनाको स्वामित्व र अपनत्वको वोध हुन नसक्नु
- मानव अधिकार सबै सरकारी निकायको प्राथमिकतामा नपर्नु
- अनुगमन निकायहरूको क्रियाशीलतामा कमी रहनु
- विकास साझेदारहरूको प्राथमिकतामा नपर्नु
- मानव अधिकारप्रति संवेदनशिलताको अभाव रहनु
- सरोकारवाला निकायहरूको समन्वयको अभाव रहनु ।

**अवको बाटो**

- कार्ययोजनाबारे व्यापकरुपमा प्रचार प्रसार गरी कार्यान्वयनका लागि तोकिएका निकायलाई बढी जिम्मेवार बनाईनु पर्ने ।
- सरोकारवालाहरूलाई कार्ययोजनाको महत्वबारे जानकारी गराउने खालका कार्यक्रमहरू संचालन गरिनु पर्ने ।
- कार्ययोजना कार्यान्वयनका लागि जिम्मेवार निकायलाई कार्ययोजनाको स्वामित्व र अपनत्वको वोध गर्न उत्प्रेरित गरिनु पर्ने ।
- राष्ट्रिय विकास योजनामा मानव अधिकारलाई महत्व दिनेगरी योजना र कार्यक्रम ल्याईनु पर्ने ।
- मानव अधिकार सबै सरकारी निकायको प्राथमिकता भित्र पर्ने वातावरण तयार गरिनु पर्ने ।
- कार्ययोजनाको अनुगमनका लागि जिम्मेवार निकायबीच समन्वय र क्रियाशिलता बढाईनु पर्ने ।
- कार्ययोजनाको कार्यान्वयनका लागि विकास साझेदारहरूको सहयोगलाई प्रवर्द्धन गरिनु पर्ने ।
- मानव अधिकारप्रतिको संवेदनशिलतालाई वढाउने गरी कार्य गरिनु पर्ने ।
- चालु आ.व. प्रस्तुत कार्ययोजनाका लागि अन्तिम वर्ष भएकोले यसको निरन्तरताका लागि नयाँ कार्ययोजनाको तर्जुमा कार्यलाई सरोकारवालाहरूको सहकार्यमा प्राथमिकताका साथ अगाडि वढाईनु पर्ने ।

## अनुसूची ६

**विषय : नेपालमा बालअधिकारको अवस्था (पावरप्वाइन्टमा)**

प्रस्तोता : तारक धिताल, महासचिव, सिविन नेपाल

### नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष
### बालअधिकार आन्दोलनको विकास

**विश्वमा बालअधिकार अवधारणा विकास**

- प्रथम विश्वयुद्धबाट बालबाबालिकाको बिचल्ली, एग्लैन्टाइन जेवबाट बालअधिकार अवधारणा, सन् १९२३ मा बालबचाउ अन्तर्राष्ट्रिय युनियनबाट जेनेभा घोषणा, १९२४ मा लिग अफ नेशन्सबाट सो पारित, १९७९ मा अन्तर्राष्ट्रिय बालबर्ष, १९८९ बालअधिकार सम्बन्धी महासन्धि ।

**नेपालमा**

- बालबालिका उपकार वा दयामायाका पात्र हुन् भन्ने दृष्टिकोणानुरुप केही अनाथालय रही आएको
- १९७९ पश्चात विश्वमा बालअधिकार महासन्धिको चर्चा, तर पन्चायतकालमा अधिकारका कुरा ओभ्रेलमा, राजनैतिक स्वतन्त्रताका कुरा अगाडि बालबालिकाका कुरा पूर्णतः छांयामा
- १९८७ मा स्थापित सिविनको सक्रियतामा १९८७-८८मा नेपालमा मानव अधिकार तथा बालअधिकारको क्षेत्रमा क्रियाशिल नागरिक समाजका तर्फबाट बालअधिकार महासन्धिको मसौदालाई नेपालीमा रुपान्तरीत गरी नेपालमा बालअधिकारको विषय प्रवेश र यसबारेमा छलफल प्रारम्भ, अधिकारको दृष्टिकोणबाट कठिन अवस्थामा रहेका बालबालिकाको विषयमा अध्ययन अनुसन्धान थालनी
- यसै समयदेखि बालबालिकाको विषयलाई अधिकारबादी सोचबाट हेर्ने प्रक्रियाको क्रमिक विकास भई बालअधिकार आन्दोलन थालनी र यस वर्ष नेपालमा बालअधिकार आन्दोलनको २५ औं वर्ष
- १९९०मा नेपालले बालअधिकार महासन्धि अनुमोदन, यसका दुई इच्छाधिन आलेखलाई २००६ तथा २००७मा अनुमोदन । तेश्रो इच्छाधिन आलेखबारे चर्चा ।

**नेपालका बालअधिकार सम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू**

- बालअधिकार महासन्धि र यसका दुई इच्छाधिन आलेख
- निकृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी आइ.एल.ओ. महासन्धि नं. १८२ लाई अनुमोदन
- बालबालिकाको यौन शोषण विरुद्ध लगायत अन्य थुप्रै घोषणापत्र, दस्तावेजहरूमा सहमति
- बालअधिकार महासन्धि महासन्धिको प्रतिवेदन (तेस्रो, चौथो र पांचौ) २०१० मा बुझाउनु पर्ने हालैमात्र पठाइएको
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग सम्बन्धी इच्छाधिन आलेखको प्रतिवेदन मसौदा भए पनि अन्तिम नभएको ।
- UPR को सन्दर्भमा उठेका बालबालिका सम्बन्धी १० विषय, सुझावमध्ये ८ वटालाई स्वीकार ।

## १. नीति तथा अवधारणागत उपलब्धी

### १.१ बालअधिकारबारे सरोकार र सचेतनामा वृद्धि

- बालअधिकार क्रमिक रुपमा घर परिवारदेखि राज्यका निकायहरू समेतको चासो र सरोकारको विषय बन्न थालेको
- बालबालिकासँग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय दिवस, अभियानहरूले सचेतनाका साथै बालबालिकालाई प्रत्यक्ष सहयोग (बालदिवस, अबाअदि, बाश्रविदि, राखोदि, विद्यालय भर्ना अभियान,...)
- बालअधिकारका विविध पक्षमा अभिमुखिकरण तथा सचेतना तालिमहरूको ब्यापकता
- बालअधिकारका बारेमा लेखिएका होर्डिङ् बोर्ड तथा भित्तेलेखनहरू
- लोककल्याणकारी विज्ञापनहरूमा पनि बालअधिकारसँग सम्बन्धित विषय समावेश
- गीत संगीतका माध्यमबाट पनि बालअधिकारका बारेमा सचेतना
- संचार माध्यममा बालबालिकाका लागि र बालबालिकाको बिषयका सामग्रीलाई स्थान

*तर*

- *सचेतना पुग्नै पर्ने व्यक्ति र क्षेत्रसम्म पुग्न सकिराखेको छैन,*
- *सबैले बुझ्ने भाषाशैली र बालबालिकालाई हेर्ने दृष्टिकोणमा (बालबालिका अधिकार धारणकर्ता र वयस्क कर्तव्य निर्वाहकर्ता हुन् भन्ने) स्पष्टताको अभाव*
- *कार्यक्रमहरू, दिवसहरू ठोस रुपमा उपलब्धिमुलक हुनु भन्दा पनि परम्परा धान्न गरिएको जस्तो*
- *संचार माध्यम सम्वेदनशिल हुनु भन्दा विषयलाई सन्सनीपूर्ण बनाउन बढी सक्रिय*

### १.२ कानुनी तथा नीतिगत परिर्वतन

- महासन्धिको अनुमोदन पश्चात बालअधिकारमा आधारित नीतिगत परिमार्जनले गति
- संविधान, ऐन, नियमावली देखि कार्यविधि तथा निर्देशिका लगायतका हरेक तहका नीतिगत दस्तावेजबाट बालअधिकारको संरक्षणका प्रयासहरू
- बालअधिकारको दृष्टिकोणले नेपालको अन्तरिम संविधान २०६३ निकै प्रगतिशिल बालअधिकार समावेश
- विशेष ऐनका रुपमा बालबालिका सम्बन्धी ऐन, २०४८, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, मुलुकी ऐन लगायत अन्य धैरै ऐनहरूमा बालबालिकाका सम्बन्धी व्यवस्थाहरू
- बालन्याय (कार्यविधि) नियमावली, २०६३,
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी शर्त तथा प्रकृया, २०६५,
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका, २०६८,
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९,
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- विभिन्न विषयगत कार्यविधि, निर्देशिकाहरू जस्तै बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८, लगायत रहेका

- **बालसहभागितालाई** स्थानीयदेखि राष्टिय तहसम्म क्रमशः स्थापित गरिदैः *स्थानीय शासन, विव्यस, राष्ट्रिय योजना, कार्ययोजनाहरू,.........*
- नयाँ संविधानको मसौदा अवधारणा पत्रमा बालअधिकारका धेरैकुरा समावेश
- सरकारको नीति तथा कार्यक्रममा पनि बालबालिका सम्बन्धी केही कुरा उल्लेख
- बालबालिका सम्बन्धी दश वर्षे कार्ययोजना
- बालश्रम न्यूनिकरण गुरुयोजना

## बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

**दीर्घकालीन लक्ष्य**

सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाहरूले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

**नीतिको प्रमुख उद्देश्य**

१ सब किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने ।

२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने ।

३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्वद्ध सबै विषयहरूमा आफ्नो बिचार अभिव्यक्ति गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,

४. बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने ।

५. बाल न्याय प्रणालीलाई सुदृढ गर्ने ।

## विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८

**लक्ष्य**

नेपालका सबै विद्यालयहरू शान्तिक्षेत्र हुनेछन् ।

**उद्देश्यहरू**

१. विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्नु ।

२. विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्नु ।

३. विद्यालयलाई भेदभाव, दुर्व्यबहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु ।

**आ.व.२०६८।६९ को नेपाल सरकारको नीति तथा कार्यक्रम**

- निःशुल्क आधारभूत शिक्षालाई गुणस्तरीय एवम् जीवनउपयोगी बनाई क्रमशः अनिवार्य गर्दै लगिने, ९-१२ सम्मको माध्यमिक शिक्षामा पहुँच विस्तार र गुणस्तर सुधार गर्ने, पाठ्यक्रम परिमार्जन गरिने, शिक्षक व्यवस्थापनमा सुधार र पेशागत दक्षता अभिवृद्धि गरिने (बुँदा नं.८१)

- सार्वजनिक विद्यालयको भौतिक सुधार गर्ने, छात्राका लागि शौचालय निर्माण, बालमैत्री शिक्षण सिकाईका माध्यमबाट शैक्षिक गुणस्तरमा सुधार गर्ने (बुँदा नं.८३)
- विकट नौ जिल्लामा आधारभूत स्वास्थ्यका सबै सेवा निःशुल्क गर्ने, राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई विस्तार गर्ने, एकिकृत बालसुधार तथा पोषण कार्यक्रमलाई प्रभावकारी पार्ने (बुँदा नं.८८)
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिबद्धता अनुसार बालश्रम निबारेणका लागि स्थानीयस्तरसम्म कार्यक्रम विस्तार गर्ने (बुँदा नं.११८)
- द्वन्द्व पीडित १८ वर्ष मुनिका टुहुरा एवम् अन्य बालबालिकाको पुनःस्थापना एवम् सहयोग कार्यक्रमहरूको सञ्चालनमा जोड दिने (बुँदा नं.१२८)

२. **राष्ट्रिय तथा स्थानीय संरचना तथा संयन्त्रहरूको विकास**

- केन्द्रीय तहमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मुख्य सरोकारवाला र विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग लगायत पनि जिम्मेवार
- महिला विकास विभागलाई 'महिला तथा बालबालिका विभाग' को रुपमा परिणत
- ७५ जिल्लामा 'महिला तथा बालबालिका कार्यालय' र महिला विकास अधिकृतलाई बाल कल्याण अधिकारीका रुपमा तोकिएको
- जिल्ला बाल कल्याण समितिलाई क्रियाशिल बनाउन ५० जिल्लामा बालअधिकार अधिकृत रहेकोमा सो ७५ वटै जिल्लामा व्यवस्था गर्ने कार्यको आरम्भ
- केन्द्रिय बाल न्याय समन्वय समिति तथा ३२ जिल्ला बाल न्याय समन्वय समिति
- भक्तपुरको अतिरिक्त कास्कीमा बाल सुधार गृहको सञ्चालन, विराटनगरमा निर्माणाधिन
- नेपाल प्रहरी भित्र महिला तथा बालबालिका सेवा केन्द्र
- बालअधिकार हननका घटनालाई तत्काल सम्बोधन गर्न बालबालिकाको आपतकालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको बालहेल्पलाइन १३ जिल्लामा विस्तार
- हराएका बालबालिका खोजतलासका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित खोजतलास केन्द्र
- जिल्लाहरूमा मानव बेचबिखन विरुद्ध लगायतका विभिन्न विषयगत कार्यदल, लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण समन्वय समिति, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (घरेलु हिंसा पीडितका लागि १५ जिल्लामा) लगायतका समितिहरू
- समुदायसम्म पहुँच हुने गरी जिल्ला शिक्षा कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गतका संरचनाहरू
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका समितिहरू
- बाल कल्याण समिति अन्तर्गत जिल्ला तथा गाउँ बाल संरक्षण तथा सम्बर्द्धन उप-समितिहरू
- गैर सरकारीसंस्था तथा  विषयगत राष्ट्रिय सञ्जालहरू
- बालक्लब तथा तिनका सञ्जालहरू

*तर,*

- *सबै संयन्त्रहरू अझ बढी बालबालिका प्रति सम्वेदनशील र जबाफदेही हुन जरुरी*

- *मानव श्रोतको सक्षमता र अवधारणागत स्पष्टता वृद्धि आवश्यक*
- *सबै तहमा मानवश्रोत र आर्थिक श्रोतका साथै सूचना श्रोतको उचित व्यवस्थापन र समन्वयात्मक भूमिकालाई अभिवृद्धि गर्नु जरुरी*

**३. बालबालिकाको अवस्थामा परिवर्तन**

**३.१ बालबालिकाको बाँच्न पाउने अधिकार**

- नेपालमा १५ देखि १९ वर्षका १७ प्रतिशत महिला गर्भवती वा बच्चा जन्मिसकेका हुने, शिक्षित भन्दा अशिक्षित किशोरीको गर्भाधारण चार गुणा बढी
- ५८ प्रतिशत आमाले मात्र दक्ष स्वास्थ्यकर्मी (डाक्टर, नर्स वा अ.न.मी)बाट गर्भावस्थाको जाँच
- शिशु मृत्युदर ४६ र पाँच वर्ष मुनिको बाल मृत्युदर ५४ प्रति हजार जिवित जन्म
- शहरी क्षेत्रको शिशु मृत्युदर ३८ छ भने ग्रामिण इलाकामा ५५
- पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु दर तराई क्षेत्रमा ६२ प्रति हजारका तुलनामा हिमाली क्षेत्रमा ८७। पूर्वाञ्चलमा ५५ को तुलनामा सुदुर पश्चिमाञ्चलमा ८२

**खोप तथा पोषण**

- स्वास्थ्य सेवा विभागका अनुसार २०६७/६८ मा BCG खोप ९७ प्रतिशत, Polio-3 खोप ९५ प्रतिशत, DPT-Hep B- Hib 3 खोप ९६ प्रतिशत, दादुरा खोप ८८ प्रतिशत लक्षित बालबालिकाले प्राप्त गरेका छन् भने गर्भवती महिला मध्ये ४१ प्रतिशतले TT-2 खोप पाएका छन् । सबैमा गतबर्षको भन्दा प्रगति भएको छ।
- तर नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ बाट पूर्णरुपमा खोप पाउने पाँच वर्ष मुनिका बालबालिका ६४.१ प्रतिशत, आंशिक रुपमा खोप लगाएका ३३.१ प्रतिशत र खोप नै नपाएका २.८ प्रतिशत रहेका छन्।
- कुपोषणको असरका रुपमा नेपालका ५ वर्ष मुनिका ४१ प्रतिशत बालबालिका उमेरका आधारमा उचाई कम भएका पुड्का (Stunted) छन्, उचाई अनुसारको तौल नपुगी ख्याउटे (Wasted) भएका ११ प्रतिशत छन् र २९ प्रतिशत बालबालिका उमेर अनुरुप तौल नपुगेका (Under weight) छन्। NDHS-2011

**३.२ बालसंरक्षण**

अवधारणागत स्पष्टता, बजेट विनियोजन, संरचनागत क्षमता, व्यवहारिक नीतिगत स्पष्टता, विषय प्रकृतिनुरुप छिटो छरितो सहज सम्बोधन प्रक्रिया लगायतको कमीका कारण धेरै बालबालिकाका संरक्षणका विषय यथावत। बालबालिकाका संरक्षण सम्बन्धी सरोकारका बिषयहरू मध्येका केही प्रमुख तथा विशेष ध्यान दिइनु पर्ने बिषयहरू:

- बालश्रम
- बालयौन शोषण, व्यवसायिक यौन शोषण
- दुर्व्यवहार
- बाल बिबाह
- घरेलु हिंसामा पीडित वा साक्षी
- सशस्त्र द्वन्द्वपीडित तथा द्वन्द्वमा संलग्न

- बेचबिखन तथा ओसारपसारमा परेका बालबालिका
- शारीरिक दण्ड सजाय
- विद्यालयबाट बञ्चित बालबालिका
- अपाङ्गता (शारीरिक, मानसिक) भएका बालबालिका
- परित्यक्त बालबालिका
- लागु पदार्थ, मादक पदार्थ ओसारपसार तथा दुर्व्यसनमा सलग्न
- अभिभावक विहीन
- शरणार्थी बालबालिका
- प्राकृतिक प्रकोप प्रभावित
- परम्परा विशेष (कमलरी, झुमा छाउपडी, कुमारी आदि)
- कानुनको विवादमा परेका बालबालिका

**बालसंरक्षण सम्बन्धी केही तथ्यांक**

- ५-१७ बर्षका ४०.४ प्रतिशत (३१ लाख ४० हजार) कामदार बालबालिका। १६ लाख बालश्रमको समूह भित्र पर्दछन्, ६ लाख २० हजार जोखिमपूर्ण श्रममा संलग्न *(नेपाल श्रमशक्ति सर्वेक्षण २००८मा आधारित तथ्यांक विश्लेषण २०१२)*
- मानव बेचबिखनका घटनामा ५५.०८ प्रतिशत तथा यौनदुर्व्यवहारमा ४०.६४ प्रतिशत पीडित १८ वर्ष मुनिका *(नेपाल प्रहरी प्रधान कार्यालय, २०६७८/६९)*
- सन् २०११ मा बालअधिकार सम्बन्धी संस्था सिविनबाट संचालित बालहेल्पलाइनले ४ हजार ८ सय २८ वटा घटना रेकर्ड, विद्यालयमा अनुशासन कारबाही सम्बन्धी यातनाका १११, बालगृहमा हेलचेकयाइमा परेका बालबालिका ८६, बाल आत्महत्या २५, अपहरण गरिएका बालबालिका सम्बन्धी ३८ लगायतका घटना रहेका छन्।
- गत आ.व.मा १५८७ बालबालिका हराएका तथा ८८० जना फेलापरेका छन्। हराउनेमा बालिका केही धेरै भए पनि फेला परेकामा भने बालिका धेरै कम। *(खोजतलास केन्द्र २०६८/६९)*
- बालबिज्याईका ७९ वटा मुद्दामा १०६ जना बालबालिका संलग्न। सबैभन्दा बढी जबरजस्ती करणी ३६, साधारण चोरी ९, कर्तव्य ज्यान ६, लागू औषध ६ वटा लगायतका मुद्दा। *(बाल न्याय समन्वय समिति सचिवालय २०६८/६९)*
- ५-१४ वर्ष उमेरसम्मका एच.आई.भी संक्रमित बालबालिकाको सङ्ख्या १,२६५ पुगेको छ। करिब ३ लाख बालबालिका एड्स प्रभावित (CABA) रहेको अनुमान (आफै वा संक्रमित बाबुआमामा आश्रित)। (NCASC 2012)

**बालसंरक्षण सम्बन्धी केही तथ्यांक**

- इन्टरनेट अनलाइन र बालसंरक्षणः ८२ प्रतिशतले इन्टरनेट प्रयोग गर्ने गरेको, २ प्रतिशतले अश्लिल वेभ साइटलाई आफ्नो मनपर्ने पाँच साइटमा राखेको, ६० प्रतिशतले अन्जान साथीसँग भेटघाट गरेकोमा १५ प्रतिशतले पहिलो भेटमा नराम्रो अनुभव गरेको, ३६ प्रतिशतले जानी जानी यौनजन्य सामाग्री हेरेको तथा ६७ कुनै न कुनै यौनजन्य सामाग्री देखेको पाइएको छ। *(सिविन २००८)*

- सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणले झण्डै ४ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको देखाएको छ ।
- सवारी दुर्घटनाबाट मृत्यु हुनेमा १४ प्रतिशत र घाइते हुनेमा ८ प्रतिशत १६ वर्षसम्मका बालबालिका
- सन् २०११मा जम्मा ११३ दिन विभिन्न स्थानमा गरी १४३ वटा बन्दका घटना भए र यसबाट विद्यालय बन्द हुनु लगायतका प्रत्यक्ष असर बालबालिकालाई पर्‍यो ।
- नेपालमा बालगृहहरू ३३ जिल्लामा ७६७ वटा रहेको देखिएको छ ।
- हाल नेपालमा १३ जिल्लाहरूमा बाल हेल्पलाइनहरू पैसा नलाग्ने फोन नम्बर १०९८ ("दश नौ आठ") सञ्चालित छन् र सो मार्फत करिब ६० जिल्लाका घटनाहरूलाई सम्बोधन गरिएको पाइएकोछ ।
- बालमैत्री स्थानीय शासन रणनीति अनुरुप ३३ जिल्लाका १५ नगरपालिका र ३०० गा.वि.स.मा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याइएको ।

## ३.३ बालविकास

बालविकासको क्षेत्रमा खासगरी शिक्षाको पहुँच वृद्धिमा प्रगति भएको तथ्यांक पाइन्छ । तर शिक्षाको गुणस्तर र विद्यार्थीको टिकाउपन भने उत्साहजनक देखिदैंन । बालबालिकाको शारीरिक, मानसिक, ज्ञानात्मक विकासका लागि आवश्यक नेपालीपनका सामग्री, स्थान र अवसरको कमी छ ।

***केही तथ्यांक***

- प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ७२.९ प्रतिशत । कक्षा १ मा प्रारम्भिक बालविकास केन्द्रको अनुभव भएका बालबालिका ५४.३ प्रतिशत रहेको छ ।
- खुद भर्नादर प्राथमिक तहमा ९५.१ प्रतिशत (गत वर्ष ९४.५), निम्नमाध्यमिक तहमा ७०.० प्रतिशत (गत वर्ष ६९.३), तथा आधारभूत तहमा ८६.६ प्रतिशत (गत वर्ष ८६), माध्यमिक तहमा ५२.१ (गत वर्ष ४६.५), उच्च माध्यमिक तह ९.४ प्रतिशत (गत वर्ष ७.८) पुगेको छ
- सामुदायिक विद्यालयमा पूर्ण तालिम प्राप्त शिक्षकहरू प्राथमिक तहमा ९४.१ प्रतिशत, निम्न माध्यमिक तहमा ७९.९ र माध्यमिक तहमा ९०.१ प्रतिशत छन् ।
- शैक्षिक सत्र शुरु भएको दोश्रो हप्तासम्ममा सबै पाठ्यपुस्तक पाउने प्राथमिक तहमा ६९.४ प्रतिशत, निम्नमाध्यमिक तहमा ६८.५ र माध्यमिक तहमा ५९.९ प्रतिशत छन् ।
- मातृभाषाको शिक्षालाई प्रवर्द्धन गर्ने क्रममा २१ भाषाका पाठ्यपुस्तक विकास गरिएको छ । आधारभूत तहमा कूल विद्यार्थीहरूमध्ये १९.०७ प्रतिशत दलित समुदायका र ३८.५ प्रतिशत जनजाति समुदायका छन् ।
- नेपालका करिब ८० प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा पढ्दछन्, जसमा आधाभन्दा कममात्रै एसएलसी उर्त्तीण हुन्छन् । गत वर्ष यो ४६.६२ प्रतिशत थियो, भने यस बर्ष घटेर ३६.४९ प्रतिशतमा आईपुगेको छ । संस्थागत विद्यालयको उर्त्तीण दर अघिल्लो बर्ष ८९.५१ प्रतिशत थियो भने यो वर्ष ८४.८८ प्रतिशत रहेको छ ।

## ३.४ बालसहभागिता

- बालबालिकाको निम्ति बन्ने राष्ट्रिय योजना, विभिन्न कार्ययोजनाहरूमा बालबालिका समेतको बिचार भावना र प्रतिक्रियाहरू लिने प्रचलन बढेको छ । विषयगतरुपमा विभिन्न तहमा विभिन्न स्वरुपका बाल भेलाहरू गर्ने, सोका निष्कर्षहरू राष्ट्रपति, प्रधानमन्त्री, संबिधान सभाका अध्यक्ष लगायतलाई प्रत्यक्ष भेट गर्दै सम्बन्धित निकायमा पेश गर्ने क्रम पनि बढेको छ ।

- स्थानीय निकायका वार्षिक परिषद्हरूमा, विद्यालय व्यवस्थापन समिति तथा जिल्ला बालकल्याण समिति, बालसंरक्षण समिति जस्ता संरचनामा बालबालिकाका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने क्रम बढ्दै गएको छ ।

  *तर यी नाममात्रकै भएका छन् कि तथा बालबालिकाको वास्तविक सहभागिताको गुणस्तर के कसो छ भन्नेबारेमा ध्यान दिनु जरुरी छ । बालसहभागिताका नाममा वयस्कका जिम्मेवारी समेत बालबालिकालाई सुम्पने र बालबालिकाले आफ्नो 'बालापन' लाई गुमाउँदै "साना वयस्क" हुने, बनाउने खतरा ।*

- ५२ जिल्लामा जम्मा १३,३३१ बालक्लबहरू, करिब ३ लाख ५० हजार बालबालिका आबद्ध भएको अनुमान । *(केबाकस, २०६९)*

- जिल्ला तथा गाउँस्तरीय विभिन्न हजारभन्दा बढी संरचनामा १३९८ बालबालिका आवद्ध । *(केबाकस,२०६९)*

- सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच वृद्धि देश भरी ३१३ वटा एफ्.एम्, एक दर्जनभन्दा बढी टि.भी च्यानलमा बालकार्यक्रम, २ दर्जनभन्दा बढी बालपत्रिकाहरू नियमित रूपमा प्रकाशित, अधिकांश पत्रपत्रिकाहरूमा बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने प्रकारको स्तम्भ राख्ने, बालरचनाका लागि विशेष स्थान छुट्याउने, बालभित्ते पत्रिका प्रकाशनमा बृद्धि ।

  *तर बालबालिकाका लागि तयार गरिएका सामाग्रीहरू बालबालिकालागि कति उपयोगी छन्, कति बालअधिकार सम्मत छन्, कति बालमैत्री छन् र बालबालिकाले मन पराएका छन् भन्नेबारेमा गहन चिन्तन हुन जरुरी छ ।*

**संक्षेपमा**

- आधारभूत नीतिगत व्यवस्थाहरू छन् तर कार्यान्वयन अत्यन्त फितलो छ । किन ?
  - अवधारणागत स्पष्टताको कमी, ठूलाका अगाडी सानाका कुरा ओझेलमा
  - अख्तियार
  - दक्षता
  - श्रोत भन्दा पनि सोच
- बालसंरक्षण प्रणालीको अभाव
- एकीकृत राष्ट्रिय सूचना, जानकारी राख्ने प्रणलीको अभाव
- कार्ययोजनाहरूलाई सबै निकायले आत्मसात नगर्नु
- बजेट विनियोजन पर्याप्त र व्यवस्थित नहुनु
- अनुगमन प्रणाली प्रभावकारी नहुनु
- संयोजन गर्ने निकाय प्रभावकारी नहुनु

**बालअधिकार संरक्षणका लागि समस्या कहाँ छ ?**

- ऐन कानून नीति?
- श्रोत?
- राजनैतिक आस्था, सिद्धान्त?

- गरिबी अभाव?
- परम्परा, चलन?
- समाज, अभिभावक?
- बालबालिका?
- समयको अभाव?
- जातीय, धार्मिक,
- भौगोलिक भिन्नता?
- संघसंस्था, निकायको सीमितता?
- प्राथमिकतामा अरु नै धेरै कुरा?
- कि हाम्रो सोचाई, सिर्जनात्मकता, लगनशिलता, जिम्मेवारीपना र तत्परता?.

**अब अन्त्यमा**..................

मसिना आँखाहरूले दिन रात तपाईलाई नियालिरहेका छन्,
सना कानहरूले तपाईका हरेक शब्द झर्न नपाउँदै टपक्क टिप्दछन्,
कलिला हातहरू तपाईले गरेका हरेक काम गर्न सल्बलाई रहन्छन्
र ती साना बालबालिकाले तपाई जस्तै हुने सपना बुनिरहेका छन् ।

*तपाई नै निर्णय गर्नुहोस्, अब तिनका अगाडि तपाई कसरी प्रस्तुत हुने ?????*

## अनुसूची ७

**विषय : नेपालमा सामूहिक अधिकारको अवस्था (पावर प्वाइन्टमा)**

प्रस्तोता : सूर्यबहादुर देउजा, मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग

**पृष्ठभूमि**

- *मानव अधिकार आयोग ऐन २०५३* अनुसार २०५७ जेष्ठ १३ गते आयोग गठन
- सशस्त्र द्वन्द्वको समयमा नागरिक तथा राजनैतिक अधिकारको उल्लंघन, मानवीय कानूनको उल्लंघनमा केन्द्रित
- २०६२।६३ मा भएको विस्तृत शान्ति सम्झौता पश्चात सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भई अन्तरिम संविधान २०६३ मा आयोगलाई संवैधानिक हैसियत
- ***मानव अधिकार आयोग ऐन, २०६८*** समेत कार्यान्वयनमा आएको आयोगद्वारा सामूहिक अधिकार महाशाखा गठन

**नेपालमा सामूहिक अधिकारको अवस्था**

राजनीतिक तथा निर्णय प्रक्रियामा प्रतिनिधित्व

| जात/ जाति | प्रतिनिधिसभा २०४८ | प्रतिनिधिसभा २०५१ | प्रतिनिधिसभा २०५६ | अन्तरिम व्यवस्थापिका २०६३ | संबिधानसभा २०६४ |
|---|---|---|---|---|---|
| बाहुन/क्षेत्री | ११७ (५७.७) | १३१ (६३.९०) | १२६ (६१.४६) | १६६ (५०.३०) | १६३ (२७.१२) |
| आदिवासी जनजाति | ४६ (२२.४२) | ३६ (१७.५५) | ३८ (१८.५३) | ७४ (२२.४२) | २१६ (३४.९४) |
| मधेसी | ४१ (२०) | ३८ (१८.५३) | ४१ (२०) | ७१ (२१.५१) | १८६ (३२.६१) |
| दलित | १ (०.४८) | ० | ० | १८ (४.५४) | ५० (८.३०) |
| जम्मा | २०५ (१००) | २०५ (१००) | २०५ (१००) | ३२९ (९९.७०) | ६०१ (१००) |

*श्रोत : निर्वाचन आयोग*

**नेपालमा सामूहिक अधिकारको अवस्था**

- आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको संरक्षण हुन नसकेको ।
- सामाजिक सुरक्षाको अधिकारको अभावमा जेष्ठ नागरिकहरू आर्थिक विपन्नताको अवस्थाबाट भोक, रोग तथा गरिबीको जीवन बिताई रहेका ।
- राजनीतिक तथा निर्णय प्रक्रियामा सामूहिक अधिकारको संरक्षणमा उचित ध्यान पुग्न नसकेको ।

**अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भमा सामूहिक अधिकार**

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- *सबै प्रकारका जातिय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६५* ले जाति, वर्ण र राष्ट्रियताका आधारमा हुने भेदभावलाई निषेध गरेको

- *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६* को धारा ३ ले पनि हरेक व्यक्तिको सावधिक विमा लगायत सामाजिक सुरक्षाको अधिकार
- *महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि*
- *अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि*
- *नेपाल सन्धि ऐन, २०४७* को दफा ९ ले संसदवाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसंग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने
- संयुक्त राष्ट्रसंघ मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६,
- सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६
- कानूनको प्रयोगमा अविभेदको सिद्धान्तको अनुसरण गर्दै सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान छन् र कुनै भेदभाव बिना कानूनको समान संरक्षणका हकदार

**आदिवासी जनजातिका अधिकार**

- आत्म-निर्णयको अधिकार
- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धि १९६६* को धारा १, *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि*को धारा १, तथा *आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र* (UNDRIP) को धारा ३,४ र ४६ मा आत्म-निर्णको अधिकारका सम्बन्धमा व्यवस्था गरिएको
- आई.एल.ओ. महासन्धि अन्तर्गत सामाजिक र आर्थिक अधिकारहरू मात्र आई.एल.ओ.को क्षेत्राधिकार अन्तर्गत
- आत्म निर्णयका अधिकारहरू अन्तर्गत कुनै सिमानाहरूको उल्लेख नगरी भविष्यमा आउने अन्तर्राष्ट्रिय दस्तावेजहरूले स्थापित गर्ने यस्ता अधिकारसँग मिल्ने गरी खुल्लै राखेको
- परामर्श
- आदिवासी तथा कविला जनताहरूको जीवनमा प्रत्यक्ष असर पर्ने विषयहरू
- राष्ट्रिय संविधानको सुधार, नयाँ कृषि ऐनहरू, राष्ट्रिय शिक्षा अथवा स्वास्थ्य कार्यक्रम तथा सेवाहरू तथा आदिवासी तथा कविला जनताहरूलाई प्रत्यक्ष असर पर्ने विषय

**सीमान्तकृत, बहिष्करणमा परेका र पिछडिएका समुदायहरू को हुन् ?**

(क) अल्पसंख्यक समुदाय भन्नाले राज्यद्वारा सबै खाले विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले यस्तो विभेद र उत्पीडन भोग्दै आएका कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउनेछ ।

(ख) सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, धार्मिक, भाषिक वा लैङ्गिक वा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ र सो शव्दले अतिसीमान्तकृत एवं लोपोन्मुख समुदाय समेतलाई जनाउनेछ ।

(ग) बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ ।

*- अल्पसंख्यक तथा सीमान्तकृत समुदायका अधिकार सम्बन्धी समिति*

**कसरी पहिचान गरिएको छ ?**

- महिला, दलित, आदिवासी, जनजाति, मधेसी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिक

*- समानताको हक, मौलिक अधिकार समिति*

- महिला, दलित, मधेसी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्र

*- सामाजिक न्यायको हक, मौलिक अधिकार समिति*

**नेपालका दलित को हुन् ?**

| तराई | पहाड | उपत्यका | कैफियत |
|---|---|---|---|
| **खत्वे** (मण्डल, खंग) **ककिहया**, कालर, खटिक, कोरी, राम (मोची चमार, हरिजन, रविदास), **डोम** (मरिक), धोवी (रजक), हलखोर (मेहत्तर), तत्मा (ताति, दास), पत्थरकट्टा, मुसहर, सरभंगा, सरवरीया, दुसाद (पासवान, हजारा, पासी) | **विश्वकर्मा** (सुनार, कामी, चुनारा, टमटा, ओड, पार्की आदि), **सार्की** (मिजार, गोतामे, वस्ताकोटी, वस्याल, वयलकोटी, रम्तेल आदि), **परियार** (दमाई, दर्जी, दमै, आउजी, ढोली, हुड्के आदि), **गन्धर्भ** (गान्धारी, गाईन आदि) **वादी** (नेपाली, धिताल, कासी आदि) | **च्यामे** (च्यामखल), पोडे (देउला), | उपत्यकाका धोवी, कुलु, हारहुरे, खड्गी, कपाली, कुसूले जातिले आफूहरूलाई दलित समुदायको सूचीमा राख्न अस्विकार गर्दै आएका छन् भने तराईका लोहार (ठाकूर) र सोनारले आफूलाई दलित समुदायकै रुपमा सूचिकृत गरिनुपर्ने माग गर्दै आएकाछन् |

**यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचान**

- लिङ्ग भन्नाले जैविक लिङ्ग (Biological Sex) लाई बुझ्नु पर्दछ । यस अन्तर्गत ३ बटा Sex (जैविक लिङ्ग) पर्दछन् । ती हुन् : Male (पुरुष), Female: महिला, Intersex: अन्तरलिङ्गी
- सामाजिक लिङ्ग (Gender): Gender *शब्दलाई सामाजिक लिङ्गी अर्थात* (Social sex) भनेर बुझ्नु पर्दछ । यस अन्तर्गत महिला, पुरुष र अन्य (ट्रान्जेन्डर) पर्दछन् ।
- यौन अभिमुखिकरण (Sexual Orientation) : यसले कुनै पनि व्यक्तिको यौनिक वा भावनात्मक आकर्षणको दिशाबोध गर्दछ र त्यो आकर्षण विपरित लिङ्ग भएको व्यक्तिप्रति वा समानलिङ्ग भएको व्यक्तिप्रति वा सबै लिङ्गप्रति हुन सक्दछ ।

**नेपालमा आप्रवासी कामदारको अवस्था**

- आधारभूत अधिकारबाट समेत बञ्चित
- राष्ट्रको GNP को १ चौथाइ विप्रेषणमा योगदान
- खतरापूर्ण काम 3Ds (Dirty, Difficult and Danger) 2DS (Detention and deportation)
- एच.आई.भी एड्स जस्ता सरुवा रोगबाट बढी जोखिम
- मानसिक स्वास्थको समस्या
- अदक्ष मानव संशाधन (unskilled worker)
- खाडी क्षेत्रमा महिला कामदारको अवस्था जोखिमपूर्ण
- प्रभावकारी संरक्षण संयन्त्रको अभाव

**संविधानसभामा सामूहिक अधिकार**

सँविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिद्वारा प्रस्तुत गरिएको विषयगत अवधारणापत्र तथा प्रारम्भिक मसौदाको प्रतिवेदन, २०६६ मा सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला, **दलित**, **मधेसी**, **आदिवासी**, **जनजाति**, **अल्पसंख्यक** तथा सीमान्तीकृत, **मुस्लिम**, **लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय**, **अपाङ्गता भएको व्यक्ति**, युवा, पिछडा वर्ग, किसान र मजदुर वर्ग तथा **उत्पीडित क्षेत्र**लाई **समानुपातिक र समावेशी सिद्धान्त**का आधारमा राज्य संरचना तथा सार्वजनिक सेवामा **सहभागिताको हक** हुनेछ भनि उल्लेख भएको ।

**राष्ट्रिय मानव अधिकार आयोगद्वारा भएका पहलहरू**

- सामूहिक अधिकार उल्लंघनका उजुरीबारे छानवीन तथा अनुसन्धान गरी उल्लंघनकर्तालाई दण्ड दिने एवं पीडितलाई क्षतिपूर्ति गराउने सम्बन्धमा सरकारलाई सिफारिश
- ज्येष्ठ नागरिक ऐन, २०६३ र ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ लाई मानव अधिकार मापदण्डसँग तुलनात्मक अध्ययन
- मानव अधिकार सम्बन्धी सन्धि सम्झौताका प्रावधानहरू अनुसार सरकारलाई सिफारिश
- अनुगमन र उद्दार गरिएको
- अन्तरक्रिया, दिवस
- आयोगद्वारा रणनीतिक योजना २०११–२०१४ मा समेत सामूहिक अधिकार समावेश

**आयोगको अनुगमनबाट देखिएको अवस्था**

| अपाङ्गता भएका व्यक्तिहरू | ज्येष्ठ नागरिकहरू | बालवालिका | महिला | आदिवासी, जनजाति, दलित | उपभोक्ता अधिकार |
|---|---|---|---|---|---|
| - अपांग भएका व्यक्तिहरूलाई विभिन्न नामले गरिने सम्बोधन अपांगमैत्री नभएको | - गा.वि.स.मा ज्येष्ठ नागरिकहरूको लागि ६।६ महिनामा वृद्ध भत्ता वितरण गरिदै आएको | - गा.वि.स.मा महिला, दलित, बालबालिका, अपाङ्ग र आदिवासी जनजाति गरी पाँचवटा समितिको गठन भएको | - बोक्सी, दाइजो जस्ता कुप्रथाबाट महिलाहरू माथि हुने हिंसापीडित महिलाहरूलाई राख्ने उद्धार केन्द्रमा आवश्यक भौतिक सुविधा नभएका | - आदिवासी जनजाति विषयमा योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रकृयामा सम्बन्धित समूहका व्यक्तिहरूको | - जिल्ला प्रशासन कार्यालयमा अनुगमनको लागि विशेषज्ञता, भौतिक श्रोत साधनको अभाव रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सहभागिता हुने गरेको | |
| **अपाङ्गता भएका व्यक्तिहरू** | **ज्येष्ठ नागरिकहरू** | **बालवालिका** | **महिला** | **आदिवासी, जनजाति, दलित** | **उपभोक्ता अधिकार** |
| - अपाङ्गता भएका व्यक्तिहरूले परिचय पत्र लिनको लागि विभिन्न प्रक्रियागत झण्झट अनुभव गर्ने गरेको | - असहाय वृद्धवृद्धाहरू लाई संरक्षण दिने ( जस्तो वृद्धाश्रम) कुनै भौतिक संरचनाहरू गा.वि.स.मा नभएको<br>- जेष्ठ नागरिकहरू लाई सम्मान गर्नका लागि नैतिक शिक्षाकै जरुरी भएको, | - अन्य व्यक्तिहरूको घरमा बसी काम गर्ने (घरेलु कामदार) बालबालिकाहरूले पढ्न नपाउने, मायाको कमी हुने गरेकोले पढ्न पाउने वातावरणको सिर्जना गर्न र उचित माया प्रदान गरिनुपर्ने | - द्वन्द्वका कारण धेरै संख्यामा महिलाहरू मानसिक रुपमा पीडित रहेको<br>- मानसिक उपचार गराइ रहेका धेरै महिलाहरू रहेको | - लक्षित वर्गले कुनै कार्यक्रम नल्याउने भएकोले बजेट कार्यान्वयन हुन कठिनाई भइरहेको । | - उपभोक्ता अधिकारकर्मी हरूले कहिले काहिं कानून भन्दा बाहिर रहेर कुरा गर्ने गरेको |
| - सार्वजनिक सेवा प्रदानगर्ने भवनहरू अपांगमैत्री बन्नु पर्ने | - | - (घरेलु कामदार) बालबालिकाहरूले पढ्न नपाउने, | - सम्बन्ध बीचछेदका घटनाहरूमा वृद्धि भै रहेको | - द्वन्द्व पीडितका लागि विशेष राहतको व्यवस्था हुनुपर्ने | - गैर कानुनी कार्य गर्ने व्यवसायी, वितरकहरूलाई कार्वाही गर्नका लागि राजनीतिक हस्तक्षेपको कारण असहज |

**चुनौतीहरू**

- व्यवस्थापकीय तथा प्राविधिक पक्षहरू भावी संविधानका लागि सहमतियुक्त सिद्धान्त प्रतिपादन (Problem in forging consensus principles on future Constitution)
- संघीय स्वरुप (Federal Structure)
- समावेशी प्रतिनिधित्व र सहभागिताका सवालहरू (Issue of Inclusive Representation & Participation)
- विवादास्पद राजनैतिक विषयहरूमा छलफल, बहस र सहमति निर्माण जातीय राज्य, संघीय प्रणालीको स्वरुप, एक मधेस स्वायत्त प्रदेशको माग (Contentious Issues such as Ethnic State, Madhesh issue etc.)
- संघर्ष र आन्दोलनको दवाव (Pressure from Struggle & Movement)
- संक्रमणकालीन न्याय सम्बन्धी संयन्त्रहरू निर्माण (Mechanism for TA)
- दण्डविहीनतालाई सम्बोधन, (Impunity)
- कानुनी शासनको प्रत्याभूति, (Rule of Law)
- सुरक्षा व्यवस्थामा सुधार (Security Sector Reform)
- सर्वसाधारण जनताका दैनिक उपभोग्य वस्तुको निर्वाध परिपूर्ति (Delivery of Essential Goods)

## अनुसूची ८

**विषय : नेपालमा महिला अधिकारको सन्दर्भमा घरेलु हिंसा**

प्रस्तोता : अधिवक्ता, मीरा ढुङ्गाना

### १. भूमिका

आधुनिक विश्व परिवेशमा मानव अधिकार सम्बन्धी सिद्धान्त मानवीय मूल्य र मान्यताको विकासक्रमले फड्को मारेको छ । मानव अधिकार तथा महिला अधिकारको संरक्षणको सम्बन्धमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न दस्तावेजहरूको बिकास गरिएका छन् । त्यसैगरी मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका सवालमा राष्ट्रद्वारा अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता व्यक्त गरिएका छन् । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, संयुक्त राष्ट्रसंघको वडापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ लगायतको मानव अधिकार सम्बन्धी दस्तावेजहरूले व्यक्तिको मानव अधिकार विश्वव्यापी, अविभाज्य, अहरणीय तथा अन्तरसम्बन्धित हुने कुरालाई स्पष्ट पारेको छ । साथै मानव अधिकारको उपभोगमा लिङ्ग, वर्ग, जातजाति वा अन्य कुनै पनि आधारमा विभेद नगरिने कुरालाई सुनिश्चित गरेको छ । त्यसै महिला अधिकार संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा संयुक्त राष्ट्रसंघको गठनसँगै विभिन्न पहलहरू चालिएको थियो ।

विश्वभरि नै पितृसत्तात्मक समाज तथा तत्कालिन परिवेशमा महिला उपर गरिने विभेद तथा हिंसालाई अन्त्य गर्न र समानता कायम गर्न भनी विश्व महिला सम्मेलनहरू भएका थिए । यी प्रयासहरूबाट तथा मानव अधिकार सम्बन्धी साझा दस्तावेजले मात्र महिला विरुद्धको भेदभाव तथा हिंसा सम्बोधन गर्न नसकिएको महसुस गरी महिलाको अधिकार संरक्षण तथा सम्बर्द्धनको लागि छुट्टै दस्तावेजको निर्माण गरी महिला विरुद्धका सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) १९७९ जारी गरिएको थियो । त्यसैगरी सन् १९९३ मा महिला हिंसा विरुद्धको घोषणापत्र १९९३ जारी गरिएको थियो । यसरी महिलाको मानव अधिकारका संरक्षण, बिभेद उन्मुलन गर्ने तथा हिंसालाइ रोकथाम गर्ने सवालमा अन्तर्राष्ट्रिय स्तरमा थुप्रै पहलहरू गरिएका छन् र त्यसमा नेपालको पनि निरन्तर प्रतिबद्धता रहँदै आएकोछ ।

नेपालले २३ ओटा मानव अधिकार सम्बन्धी महासन्धि (दुई ओटा सार्क सन्धि समेत गरेर) हरूको अनुमोदन तथा सन्धिको कार्यान्वयनको लागि प्रशासकीय तथा कानुनी सुधार गर्दै आएको छ भने न्यायिक निर्णयले पनि महिला अधिकारको सम्बन्धमा महत्वपूर्ण भूमिका खेलेको छ । राष्ट्रियस्तरमा अन्तरिम व्यवस्थापिकाले महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गरिने घोषणा गरेको थियो भने नेपालको अन्तरिम संविधान २०६३ ले महिला हिंसा विरुद्धको अधिकारलाई मौलिक हकभित्र समावेश गरी महिला विरुद्धका सबै प्रकारका विभेदहरूलाई दण्डनीय बनाउने प्रयास गरेको छ । त्यसैगरी धारा २० मा महिलाको हकको व्यवस्था गरी प्रजनन् स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक, सम्पत्तिका समान अधिकार लगायतका अधिकारलाई मौलिक हकभित्र समावेश गरेको छ । यी संवैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूको अलावा महिला विरुद्धका विभेद तथा हिंसा नियन्त्रण गर्ने सम्बन्धमा थुप्रै कानुनको पनि निर्माण गरिएको छ । विशेष गरि घरभित्र हुने हिंसालाइ सम्बोधन गर्न घरेलु हिंसा सम्बन्धी कानुनको निर्माण गरिएको छ । त्यसैगरी, लैङ्गिक हिंसा विरुद्धको बर्ष सन २०१०, महिला हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना लगायत उल्लेखनिय कार्यहरू भइरहेका छन् तथापि हाम्रो नेपाली समाज अर्थात्

संसारको कुनै पनि भागमा महिला उपर घरभित्र हिंसा हुन रोकिएको छैन मात्राको कमवेसी मात्र हो । यस कार्यपत्रमा घरेलु हिंसा र महिलाको मानव अधिकारको विषयमा चर्चा गरिएको छ ।

**२. परिचयः**

नेपालको सामाजिक एवं पारिवारिक बनोट आदिमकालदेखि नै पितृसत्तात्मक मूल्य र मान्यतामा आधारित रहेकोले समाजका हरेक अवयवमा पुरुषको प्रधानता र महिलाको गौण भूमिकामा सीमित राखियो अर्थात् महिलामाथि संधै पुरुषको शासन कायम रह्यो । फलस्वरुप महिलामाथि हुने घरभित्रका जुनसुकै बर्बर हिंसा, शारीरिक एवं मानसिक यातना, यौनजन्य यातना, आर्थिक यातना कानूनको दायराभित्र नआउनुको कारणले महिलाले आफ्नो अधिकार उपभोग गर्ने क्षमता एवं मनोवलमा आनुवंशिक रुपमा नै ह्रास ल्यायो । यसरी हेर्दा महिलामाथि लैङ्गिक विभेद परिवार समाज हुँदै राष्ट्रियस्तरमा समेत कायम रह्यो परिणामत राज्यले निर्माण गर्ने कानुनमा समेत प्रत्यक्ष प्रभाव पार्‍यो । समाजको परिवर्तनसँगै शैक्षिक चेतनाको विकासले समाजभित्र रहेका विकराल लैङ्गिक हिंसालाई अन्त गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत लैङ्गिक हिंसा विरुद्धको आवाज उठे फलस्वरुप लैङ्गिक हिंसाको अन्तको लागि लैङ्गिक र घरेलु हिंसा विरुद्धको विशेष कानुनको आवश्यकता महसुस गरी विभिन्न देशहरूमा कानुन निर्माण कार्य सुरु भइसकेको छ । नेपालमा पनि घरेलु हिंसा सम्बन्धी कानुन बनाउने प्रयास झण्डै १ दशक अगाडिदेखि शुरुवात गरिएको थियो ।

परिवार राष्ट्को सबभन्दा सानो इकाई हो । अर्थात परिवार/परिवार मिलेर समाज र समाज/समाज हुँदै राष्ट्रको निर्माण हुन्छ । कुनै पनि मुलुकको सम्पन्नता तथा सभ्यताले त्यस राष्ट्रको सामाजिक अवस्थालाई समेत प्रतिविम्ब गरेको हुन्छ अर्थात् जुन मुलुकमा शिक्षा, स्वास्थ्य, न्याय, शान्ति र अमन चयन हुन्छ स्वभाविकैरुपमा त्यो राष्ट्रको विकास अग्रगतिमा हुन्छ । परिवार भित्रको हिंसा वा घरभत्रिको हिंसाले त्यो परिवारलाई मात्र असर गर्दैन अन्ततः राष्ट्लाई नै असर गरेको हुन्छ  अर्थात् यदि घरभित्रको हिंसालाई सही तरिकाबाट सम्वोधन गर्न सकिएन भने जतिसुकै ठूला ठूला मानव अधिकार, कानुनको शासन तथा मौलिक अधिकारको कुरो गरेता पनि त्यसले सार्थक रुप लिन सक्दैन । साथै ती मानव अधिकारलाई महिलाले उपभोग गर्न पाउँदैनन् ।

**३. महिला विरुद्धको विभेदः**

महिला विरुद्धको विभेद हिंसाको कारक तत्व हो । यस्तो विभेदमा सामाजिक संरचना, कानुनी व्यवस्था, मानवीय सोच तथा सामाजिक मूल्यमान्यता, आर्थिक वितरण, सम्पत्ति माथिको स्वामित्व लगायतका विषयले भूमिका खेलिरहेको हुन्छ । महिला विरुद्धको विभेद सम्बन्धमा महिला महासन्धिले गरेको परिभाषा अत्यन्तै स्पष्ट रहेको छ ।

महासन्धिको धारा १ ले महिला विरुद्धको भेदभाव भन्नाले “महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएतापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा वहिष्कार वा प्रतिवन्ध सम्झनु पर्दछ” भनी भेदभावलाई पनि महिला हिंसाकै एक स्वरुपको रुपमा उल्लेख गरेको छ ।

**परिभाषा**

महिला विरुद्ध हुने विभिन्न प्रकारका हिंसामध्ये घरेलु हिंसा एक प्रमुख पुरानो हिंसा हो । घर परिवारको एउटा सदस्यले परिवारकै अर्को सदस्यलाई गर्ने हिंसालाई घरेलु हिंसा भनिन्छ । घरेलु हिंसालाई

विभिन्न विद्वान तथा कानुनी दस्तावेजहरूले विभिन्न तरिकाबाट परिभाषित गरेको पाइन्छ तर ती सबैको सार हेर्ने हो भने समान देखिन्छ यहाँ केही परिभाषालाई उल्लेखित गरिन्छ ।

"घरेलु हिंसा भनेको महिला विरुद्धको हिंसाको एउटा सबैभन्दा पुरानो रुप हो । घरेलु हिंसा सबै किसिमको समाजमा प्रचलित छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताका आधारमा सहभागिता हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ"। (संयुक्त राष्ट्रसंघ महिला विरुद्धका भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नं. १९)

परिवारका सदस्यहरूबाट महिला सदस्य विरुद्ध हुने लैंगिकतामा आधारित शारीरिक, मानसिक र यौनजन्य दुव्यर्वहारहरू लगायत अन्य प्रकारका दुर्व्यवहार जसभित्र शारीरिक चोटपटक, धाकधम्कीको प्रयोग, भय त्रास र डर देखाउनु वलको प्रयोग जर्बजस्ती गर्नु, अपहरण गर्नु, सताउनु वा कुनै प्रकारबाट दुःख दिनु, बोलेर वा जिस्काएर अपमानित गर्नु जबजस्ती वा अनाधिकृत रुपमा पछ्याउनु, आगो लगाउनु, सम्पत्तिको विनास गर्नु, यौनजन्य हिंसा, वैवाहिक बलात्कार, दाइजो वा तिलकसँग जोडिएर आउने हिंसा, महिलाको जनेन्द्रियको अंगभंग गर्नु, यौनशोषण गर्नु, घरेलु कामदार विरुद्धको हिंसा र यसको उद्योग गर्नुलाई घरेलु हिंसाको रुपमा परिभाषित गरिएको छ । (राधिका कुमारा स्वामी, आर्थिक तथा सामाजिक परिषदको मानव अधिकार सम्बन्धी आयोगमा प्रस्तुत प्रतिवेदन)

संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी आयोगले आफ्नो ५२ औं सत्रमा घरेलु हिंसा सम्बन्धी नमूना प्रस्तुत गरेको छ । उक्त नमूना विधेयकले निम्नानुसारका हिंसालाई घरेलु हिंसा मान्नु पर्दछ भनेको छ :

- शारीरिक चोटपटक
- धाक, धम्कीको प्रयोग
- भय, त्रास र डर देखाउनु
- बलको प्रयोग/जबरजस्ती गर्नु
- अपहरण
- सताउनु वा कुनै प्रकारबाट दुःख दिनु
- बोलेर वा अनिधिकृत रुपमा पछ्याउनु
- आगो लगाउनु
- सम्पत्तिको विनाश गर्नु
- यौनजन्य हिंसा
- वैवाहिक बलात्कार
- दाइजो वा तिलकसँग जोडिएर आउने हिंसा
- महिला जनेन्द्रियको अंगभंग गर्नु
- यौन शोषण गर्नु
- घरेलु कामदार विरुद्ध हिंसा

संयुक्त राष्ट्रसंघद्वारा सन २००६ मा प्रकाशित In depth study of all forms of violence against women का अनुसार विश्वका करिब ६० भन्दा बढी देशहरूमा घरेलु हिंसा सम्बन्धी विशेष कानुन रहेको छ । यसरी घरेलु हिंसा सम्बन्धी कानुन लागू हुने देशहरू मध्ये धैरै देशहरू एसियाली देशहरूमा हुन् । जसमा भारत, फिलिपिन्स, इन्डोनेसिया, मलेसिया, कोरिया, भियतनाम, हङकङ, जापान, पाकिस्तान, थाइल्याण्ड, कम्बोडिया, श्रीलंका र ताइवान रहेका छन् र पछिल्लो अवधिमा नेपाल समेत यसमा समावेश भइसकेको छ । हाल करिब १२५ ओटा मुलुकमा घरेलु हिंसा सम्बन्धी कानुनहरू निर्माण गरिएका छन् ।

**नेपालमा घरेलु हिंसालाई नियन्त्रण गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतका केही महत्वपूर्ण फैसला**

- सर्वोच्च अदालतले वैवाहिक बलात्कारको सम्बन्धमा तत्कालीन कानुनमा रहेको अस्पष्टतालाई व्याख्या गर्दै वैवाहिक बलात्कार पनि दण्डनीय अपराधको रुपमा परिभाषित गरेको छ । (पतिले

आफ्नै पत्नीलाई जबरजस्ती करणी गरेको सम्बन्धमा जबरजस्ती करणी गर्ने पतिबाट अलग बस्न पाउनु पर्ने र सम्बन्ध बिच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने विषयमा निषेधित बाल विवाहको अवस्थामा भएको जबरजस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई बिचार गरी समष्टिगत रुपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गर्नु भनी निर्देशनात्मक आदेश जारी गरेको छ । (अधिवक्ता मीरा ढुंगाना विरुद्ध श्री ५ को सरकार, मानव अधिकार सम्बन्धी फैसलाहरूको प्रकाशन, विशेषांक २०५९/१/१९)

- यसैगरी सन्तानको विषयलाई लिएर हुने महिला हिंसाको सम्बन्धमा सर्वोच्च अदालतले "नपुसंकता र निःसन्तान वा बाँझोपन शब्द एउटै नभई फरक फरक अवस्था र अर्थबोध दिने शब्द हुन् ....... लोग्ने वा स्वास्नी मानिस दुवैमा हुन सक्ने सन्तान उत्पादन गर्ने क्षमता केवल स्वास्नी मानिससँग मात्र हुन्छ । लोग्ने मानिसमा हुँदैन भन्ने आशय आउने प्रकृतिको कानुन निर्माण गरी लागू गर्न निश्चय नै संवैधानिक प्रावधान र समानताको सिद्धान्त अनुरुप नहुने भन्दै तत्कालीन कानुनमा रहेको सम्बन्ध बिच्छेदको आधारलाई सर्वोच्च अदालतले खारेज गरेको छ । (अधिवक्ता मीरा ढुंगाना विरुद्ध श्री ५ को सरकार, मानव अधिकार सम्बन्धी फैसलाहरूको प्रकाशन, विशेषांक २०६२/१२/१७)

- नेपाली समाजमा रहेको कतिपय कुसंस्कार तथा संस्कृतिको आधारमा महिला माथि गरिने हिंसाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले अर्को महत्वपूर्ण फैसला गरेको छ । पश्चिम नेपालमा रहेको छाउपडी प्रथाका सम्बन्धमा सर्वोच्च अदालतले फैसला गर्दै निम्नानुसार बोलेको छ ।

- मासिक श्राव भएका महिलालाई छाउपडी गोठमा पठाउने प्रथालाई एक महिना भित्र कुरीति घोषणा गर्नुपर्ने,

- स्वास्थ्य मन्त्रालयले चिकित्सकहरू समेत भएको एक अध्ययन समिति बनाई छाउपडी प्रथा कायम रहेका जिल्लाहरू तथा स्थानहरूमा महिला तथा बालबालिका माथि सो प्रथाबाट पर्न जाने वा परिरहेको असर समीक्षा गरी त्यस बारेमा गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कार्यहरूको पहिचान गरी यथाशक्य प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेश गर्नु,

- छाउपडी प्रथाको विरुद्धमा सार्वजनिक चेतना जगाउने, स्थानीय निकायहरूलाई परिचालन गर्न स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिनु,

- छाउपडी प्रथा अन्तर्गत महिला माथि हुने कुनै प्रकारको विभेद रोक्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले निर्देशिका बनाई लागू गर्नु गराउनु साथै त्यस्तो निर्देशिका बनेको बारेमा सर्वोच्च अदालतलाई जानकारी गराउनु पर्ने,

- यस सम्बन्धमा आवश्यक कानुन निर्माणको गर्नका लागि वृहत रुपमा अध्ययन गरी आवश्यक कानुनको निर्माण गर्नु गराउनु साथै निवेदक गैरसरकारी संस्थाहरूलाई समेत जनचेतनामूलक कार्यक्रम संचालन गर्ने सम्बन्धमा अदालतबाट सचेत गराएको अवस्था छ । (दिल बहादुर विश्वकर्मा समेत विरुद्ध श्री ५ को सरकार, सम्वत् २०६१, रिट नं. ३३३०, निर्णय मिति २०६२।१।१९)

**महिला अधिकारको सन्दर्भमा घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६**

प्रत्येक व्यक्तिको सम्मानजनक तबरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै परिवार भित्र गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाइ त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने भनी प्रस्तावनामा उल्लेख गरेको छ । त्यसैगरी यस ऐनले घरेलु हिंसाको पनि परिभाषा गरेको छ ।

- "**घरेलु हिंसा**" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्य समेत पर्दछ ।
- "**घरेलु सम्बन्ध**" भन्नाले वंशज, विवाह, धर्म पुत्र वा धर्मपुत्री भएको वा वा संयुक्त परिवारको सदस्य आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीच भएको वा हुने सम्बन्ध सम्झनु पर्छ ।
- **शारीरिक यातना** : भन्नाले प्रचलित कानून बमोजिम अंगभंग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनुपर्छ ।
- **मानसिक यातना**: भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनुपर्छ र सो शब्दले वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ ।
- **यौनजन्य यातना**: भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हत्तोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनुपर्छ ।
- **आर्थिक यातना** : भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधनको पहुँच वा प्रयोगमा वन्चित गर्ने जस्ता कार्य पर्दछन् ।

उक्त ऐनको परिभाषा स्पष्ट र व्यापक छ तर यसको कार्यन्वयनमा चुनौती रहेको कुरा उठ्ने गरेका छ ।

**४. घरेलु हिंसाको विद्यमान स्थितिः**

तालिका-१

| क.सं. | वर्ष | घरेलु हिंसा | क.सं. | वर्ष | घरेलु हिंसा |
|---|---|---|---|---|---|
| १ | २०५३/०५४ | ३७७ | ९ | २०६१/०६२ | ६३० |
| २ | २०५४/०५५ | २२८ | १० | २०६२/०६३ | ९३९ |
| ३ | २०५५/०५६ | ४१६ | ११ | २०६३/०६४ | ११०० |
| ४ | २०५६/०५७ | ६६७ | १२ | २०६४/०६५ | ८८१ |
| ५ | २०५७/०५८ | ४४९ | १३ | २०६५/०६६ | ९६८ |
| ६ | २०५८/०५९ | ४१० | १४ | २०६६/०६७ | ९८३ |
| ७ | २०५९/०६० | ५३९ | १५ | २०६७/०६८ | १३५५ |
| ८ | २०६०/०६१ | ९२२ | १६ | २०६८/०६९ | १३६२ |

*- महिला तथा बालबालिका सेवा केन्द्र*

माथिको तालिका अनुसार महिला तथा बालबालिका सेवा केन्द्रमा घरेलु हिंसा जन्य अपराधका उजुरी पर्ने क्रम बढ्दो रहेको छ । तर पनि घरेलु हिंसालाई पारिवारिक विवादको रुपमा हेर्ने संस्कृतिको

कारणले अपराधको अनुपातमा पर्याप्त विवादको उजुरी पर्न सकिरहेको छैन । यी सबै उजुरीहरू महिलाले नै गरेको देखिन्छ ।

### ५. घरेलु हिंसा सम्बन्धी कानुनी व्यवस्था

हिंसा पीडितको न्यायिक अधिकार सुनिश्चित गर्ने सम्बन्धमा घरेलु हिंसा सम्बन्धी ऐनमा विविध व्यवस्था गरेको छ ।

**उजुरी तथा कामकारवाही**

घरेलु हिंसासम्बन्धी उजुरी प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय अथवा सिधै अदालतमा पनि दिन सकिन्छ । पीडामा पर्ने पक्षले घरेलु हिंसाको उजुरी गर्ने स्थानको निर्णय भने आफैं गर्न सक्ने व्यवस्था गरिएको छ ।

- घरेलु हिंसासम्बन्धी कसुरको मौखिक र लिखित दुवै प्रक्रियाबाट उजुरी दिन सकिन्छ ।
- घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी गर्न सक्दछ ।
- घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्दछ ।

**संक्षिप्त कार्यविधि, २०२८ ऐन लागु हुने**

- घरेलु हिंसासम्बन्धी कारवाही चलाउँदा संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गत चल्दछ । जस अन्तर्गत ९० दिनभित्रमा यस्तो मुद्दाको कारवाही किनारा गरिसक्नु पर्दछ ।
- पीडितले अनुरोध गरेमा घरेलु हिंसासम्बन्धी उजुरीको कारवाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्दछ ।

**अन्तरिम संरक्षणको आदेशको व्यवस्था**

उजुरीको प्रारम्भिक छानवीन गर्दा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि अन्तरिम संरक्षणको आदेश दिन सक्दछ । उक्त आदेशमा-

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- पीडक र पीडित एकै ठाउँमा बसोबास गर्न अनुपयुक्त हुने देखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,
- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न,
- पीडित छुटै बसेको ठाउँमा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको सञ्चार माध्यमद्वारा वा कुनै प्रकारले दुख दिने वा सताउने कार्य नगर्न,
- निज पीडितको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त व्यवस्था गर्न अदालतले अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।

- नाबालक सन्तान वा उनीसँग आश्रित व्यक्तिलाई संरक्षण दिन आवश्यक देखिएमा अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।

**घरेलु हिंसामा हुने सजाय**

- **घरेलु हिंसा गरेमा** : कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रु.३००० देखि रु.२५००० सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।
- **घरेलु हिंसाको उद्योग गरेमा** : घरेलु हिंसाको उद्योग, दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
- **पटके पीडकको हकमा** : एकपटक घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ ।
- **सार्वजनिक पदमा कार्यरत व्यक्तिले हिंसा गरेमा** : सार्वजनिक जबाफदेहीको पदमा वहाल रहेको कुनै व्यक्तिले कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ ।
- **अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमा** : अदालतले प्रदान गरेको अन्तरिम संरक्षणात्मक आदेश पालन नगर्ने व्यक्तिलाई रु.२००० देखि रु.१५,००० सम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

**पीडितलाई आवश्यक सहयोग प्रणाली**

- औषधि उपचारको व्यवस्था
- क्षतिपूर्ति
- सेवा केन्द्रको व्यवस्था
- सेवा कोषको व्यवस्था गरेकोछ ।

यसरी घरेलु हिंसा सम्बन्धी कानूनको व्यवस्थाले धैरै हदसम्म महिला अधिकारलाई संरक्षण गर्ने उद्देश्य राखेको छ । त्यसैले घरेलु हिंसाका प्रमुख कारणहरूतर्फ दृष्टि दिने हो भने निम्न लिखित प्रमुखरुपमा देखा पर्छ ।

- पितृसत्तात्मक सामाजिक संरचना/महिला र पुरुषबीच शक्ति असन्तुलन
- शिक्षामा कमी
- आर्थिक नियन्त्रण पुरुषमा रहनु
- आर्थिक स्रोत र साधन परिचालनमा महिलाको पहुँच नहुनु
- रोजगारी र सीपमूलक तालिमको कमी
- पुरातनवादी सामाजिक मूल्य र मान्यता

आदि कारणले घरेलु हिंसा हुने गर्दछ । त्यसैले घरेलु हिंसा लैङ्गिक हिसावले महिला उपरनै हुने गर्दछन् । मानवको सबैभन्दा सुरक्षित स्थान घर हो तर धैरै व्यक्तिहरू खास गरी महिलाहरू घरभित्र नै व्यापक दमन, शोषण र हिंसाको शिकार हुन्छन् । यहाँसम्मकी आफ्नो नजिकको मानिस जसले उसलाई माया, हेरचाह र संरक्षण गर्छ भन्ने विश्वास गरिएको हुन्छ उसैबाट महिलाले मृत्युवरण समेत गर्नु परेको छ । यो हिंसाविरुद्धमा बीसौं शताब्दीको मध्यदेखि मात्रै आवाज उठन थालेको हो । त्यो भन्दा अगाडि यो

हिंसालाई गम्भीर समस्याको रुपमा लिइदैनथ्यो; व्यक्तिको निजी मामलाको रुपमा मात्र लिइन्थ्यो । त्यसैले घरेलु हिंसा कानूनको दायरा भन्दा बाहिर रहेको थियो । घरेलु हिंसा ठाउँ, संस्कृति अनुसार फरक फरक हुन्छन् तर यो संसार भरीनै रहेको समस्या हो । यसमा शारीरिक, यौनजन्य, मानसिक, आर्थिक र भावनात्मक हिंसा पर्दछन् । यी सबै कुराहरूलाई सम्बोधन हुने गरी नेपालमा पनि घरेलु हिंसा नियन्त्रण गर्न भनेर घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ जारी भएको छ । जुन महिला अधिकार संरक्षणको सन्दर्भमा महत्वपूर्ण खुड्किला हो भन्ने मान्नु पर्दछ । यति हुँदा हुँदै पनि यसका कमी कमजोरी नभएका भनें होइनन् । यसका थुप्रै चुनौतीहरू छन् जुन निम्न बमोजिम उल्लेख गरिएको छ ।

**चुनौती**

- कानुनको बारेमा जानकारीको अभाव
- स्थानीय निकायको गठन नहुनु
- प्रहरी महिला सेल स्थानीय स्तरमा नहुनु
- महिला आयोग केन्द्रिकृत हुनु
- सेवा केन्द्र र कोषको स्थापना सबै जिल्लामा नहुनु
- अनुसन्धान तथा कारवाही गर्ने तीनवटै निकायमा उजुरीमा समन्वयको अभाव देखिनु
- अरु व्यक्तिले उजुरी गर्दा उसले चाहेमा उजुरीकर्ताको नाम गोप्य राख्ने, नराख्ने स्पष्ट नहुनु
- अन्य निकायबाट राय सहित अदालत समक्ष पठाउने उजुरी तथा रायको सम्बन्धमा स्पष्ट ढाँचा अभाव
- महिला आयोगको नियमावलीसँग घरेलु हिंसासँग सम्बन्धित व्यवस्थाहरूको सामञ्जस्यता नहुनु
- सिधै अदालतमा गएमा प्रमाणको संकलन प्रकृयामा अस्पष्टता रहेको

**घरेलु हिंसा र महिला अधिकारको अन्तरसम्बन्धः**

माथि उल्लेखित घरेलु हिंसा परिभाषा तथा तालिका उल्लेखित घटनाले नेपालमा महिला हिंसाको स्पष्ट चित्रण गर्दछ । नेपालमा घरेलु हिंसा नियन्त्रणको लागि छुट्टै कानुनको अलावा अन्य कानुनहरू समेत रहेका छन जुन अपराधको प्रकृति अनुसार अन्य कानुन समेत आकर्षित हुने कुरालाई ऐनले स्पष्ट गरेको छ । नेपालले यसको अलावा विभिन्न मानव अधिकार सम्बन्धी महासन्धिको अनुमोदन गर्नुको साथै विश्व महिला सम्मेलनमा आफ्नो ऐक्यबद्धता/प्रतिबद्धता व्यक्त गरेको छ । घरेलु हिंसा नै महिला विरुद्ध हुने अन्य हिंसाको जड भएकोले उनीहरूले ती अधिकारहरू उपभोग गर्न नसक्ने वा प्राप्त गर्ने मनोबल गुमाई सक्ने अवस्था हुन्छ ।

महिला महासन्धिलाई महिलाको अधिकारको Bill of rights पनि भनिन्छ यसको धारा ६ देखी धारा १६ सम्म विविध अधिकारको व्यवस्था गरेको छ । विशेष गरी महिलाको नागरिकतामा समान अधिकार, आर्थिक अधिकार, सामाजिक तथा सांस्कृतिक अधिकार, स्वास्थ्यको अधिकार, राजनीतिक अधिकार लगायतका अधिकारको सुनिश्चित गरेको छ त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि १९६६ द्वारा प्रदत्त व्यक्तिको समानता, स्वतन्त्रताको अधिकार, जीवनको अधिकार, निष्पक्ष न्यायको अधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ द्वारा प्रदत्त रोजगारीको अधिकार, स्वास्थ्यको अधिकार, सामाजिक सुरक्षाको अधिकार लगायतका अधिकारबाट समेत घरेलु हिंसाका पीडित बञ्चित हुनु पर्ने अवस्था हुन सक्छन् । त्यसैगरी यातना विरुद्धको अधिकार सम्बन्धी महासन्धिद्वारा प्रदत्त यातना विरुद्धको अधिकारलाई समेत घरेलुहिंसाले उपहास गरिरहेको हुन्छ । अझै हिंसालाई घरभित्रको आधारमा उन्मुक्ति दिने कार्यले सिंगो मानव अधिकारको उपहास गरिरहेको छ ।

विशेषगरी घरेलु हिंसा पीडितहरूका निम्न अधिकारहरू उल्लंघन भईरहेका हुन्छन ।

- hLjgsf] clwsf/
- स्वास्थ्यको अधिकार
- क्रुर यातना र अमानवीय तथा अपमानजनक व्यवहार र सजाय विरुद्धको अधिकार ।
- आन्तरिक तथा वाह्य द्वन्द्वको समयमा मानवीय मूल्य अनुसार समान संरक्षणको अधिकार
- व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार ।
- कानूनको समान संरक्षण र परिवारभित्र समानताको अधिकार
- शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम सुविधा अधिकार ।
- कामको लागि उचित र अनुकूल वातावरणको अधिकार ।
- आर्थिक अधिकार
- नागरिक तथा राजनीतिक अधिकार

## अनुसूची ९

**विषयः** **क्षेत्रगत आधारमा मानव अधिकारको समसामयिक अवस्था**

| | | | | |
|---|---|---|---|---|
| प्रस्तोताहरू : | (क) | सुदुरपश्चिमाञ्चल | : | शेरबहादुर शाही |
| | (ख) | मध्यपश्चिमाञ्चल | : | मुरारी खरेल, नि.निर्देशक, रा.मा.अ.आयोग, क्षे.का. नेपालगञ्ज |
| | (ग) | पश्चिमाञ्चल | : | यज्ञप्रसाद अधिकारी, नि.निर्देशक, रा.मा.अ.आयोग, क्षे.का. पोखरा |
| | (घ) | मध्यमाञ्चल | : | समीर नेपाल, महासचिव, ह्युमन राइट्स एलाइन्स, काठमाण्डौ |
| | (ङ) | पूर्वाञ्चल | : | कोषराज न्यौपाने, नि.निर्देशक, रा.मा.अ.आयोग, क्षे.का. बिराटनगर |

### (क) सुदुर पश्चिमाञ्चल क्षेत्रमा मानव अधिकारको समसामयिक अवस्था (पावरप्वाइन्ट प्रस्तुति)

**विषय प्रवेश**

- संकमणकालीन अवस्थाले गर्दा समग्र देशको मानव अधिकारको अवस्था जटिल,
- सुदुर पश्चिम क्षेत्र देशको पिछडिएको भुभाग भएका कारण देशको अन्य भागको तुलनामा अवस्था झनै गम्भीर,
- यस क्षेत्रमा सामाजिक, सांकृतिक, धार्मिक, परम्पराका कारणले मानव अधिकार उल्लंघनका घटनाहरू घटिरहने,
- राज्यले गर्ने व्यवहारका कारणले त्यहाँका जनताले दोस्रो दर्जाको नागरिक भएको महसुस गरेको,

**स्वास्थ्यको अवस्थाः**

- जिल्लाका अस्पतालहरूमा औषधीको अभाव,
- जिल्लामा डाक्टरहरूको उपस्थिति नरहनु, झाडापखाला जस्ता सामान्य रोगको समयमा उपचार नपाई ज्यान गुमाउनु पर्ने,
- गर्भवती महिलालाई प्रसूति सेवाको अभाव, यातायातको असुविधाले ज्यान गुमाउनु पर्ने,

**शिक्षाको अवस्थाः**

- स्कुलहरूमा विषयगत शिक्षक दरबन्दी नहुनु,
- घण्टौ हिंडेर बालबालिकाले स्कूल जानु पर्ने,
- प्राविधिक शिक्षाको असुविधा,

- एच.आइ.भी.प्रभावित बालबालिकाहरूलाई शिक्षकहरूबाटै अपहेलना हुने गरेको,
- बार्षिक परीक्षा आउँदा सम्म पनि किताव र छात्रवृति पाउन नसकेको,

**बालबालिकाको अवस्थाः**

- बालश्रम जस्तैः होटेल, बस, घाँसदाउरा लगायत अन्य जोखिमपूर्ण काम गराउने,

**सामाजिक/सांस्कृतिक अवस्थाः**

- मुक्तहलिया, कमैया, कमलरी, छाउपडी प्रथाहरू व्यवहारमा यथावत, कुष्ठरोग, एच.आई.भी. लगायत अन्य रोगीलाई अपहेलना गर्ने, मानव बेचबिखन, असुरक्षित बैदेशिक रोजगार तथा बसाईसराई,
- अन्य क्षेत्रको तुलनामा यस क्षेत्रमा जातीय छुवाछुतका घटना बढी, होटेल तथा सार्वजनिक स्थलमा सर्वसुलभ पहुँच नभएको,
- तेस्रो लिङ्गी, अपाङ्ग, एकल महिला, द्वन्द्वपीडित, बाढीपीडितले राज्यबाट पाउनु पर्ने सेवा सुविधा पाउन नसकेको,

**महिलाको अवस्थाः**

- छाउपडी, बहुविबाह, बालविबाह, एच.आई.भी., बोक्सीको आरोप, बेचबिखन, कमलरी, बलात्कार, आङ खस्ने समस्या, अपहरण, हत्या, आत्महत्या, अत्याधिक शारीरिक श्रम, घरेलुहिँसा, जारी, सामाजिक काममा महिलाको सहभागिता कमी, ज्यालामा विभेद, महिला थुनुवा स्थलको व्यवस्था छुट्टै नहुनु, गर्भवती जाँच र अन्य उपचारमा समस्या आदि,

**खाद्यान्नको अवस्थाः**

- विभिन्न बन्द हड्ताल तथा पहिरोले सडक भत्केकाले पहाडी जिल्लाहरूमा खाद्यान्न अभाव, कृषिमा व्यवसायिकताको कमी, पुराना खाद्य वस्तुको लोप हुनु, आधुनिक कृषि प्रणालीमा कमी हुनु,

**सेवाप्रदायकको अवस्थाः**

- विभिन्न कार्यालय प्रमुखहरू नहुनु र भएका पनि अधिकांश समय अनुपस्थित हुनु,
- एक जना गाविस सचिवले ३,४ वटा गाविसको जिम्मेवारी पाउनु जसका कारण गाविस सचिवले दिने सेवामा ढिलाई हुनु,
- सेवा प्रदायक कार्यालयबाट सर्वसाधारणले थाहा पाउने गरी सुचना प्रवाह नगर्नु,
- जनताप्रति सरोकारवाला संस्थाका प्रमुख व्यक्ति जिम्मेवार नहुनु,

**सुदुरपश्चिम क्षेत्रमा रक्षकहरूको अवस्थाः**

**सकारात्मक पक्षः**

- मानव अधिकार रक्षकहरूको संख्यामा बृद्धि हुने क्रम बढेको,
- जिल्ला जिल्लामा मानव अधिकार रक्षकहरूको सञ्जालहरू गठन,
- सामाजिकरुपमा सकारात्मक दृष्टिकोण रहेको,

**रक्षकहरूका चुनौती**

- मानव अधिकार रक्षकले काम गरिरहेतापनि स्वतन्त्ररुपले काम गर्न नपाएको अवस्था,

- बेला बेलामा बिभिन्न प्रकारका धम्कीहरू आउने गरेको,
- मानव अधिकार अनुगमन तथा अनुसन्धानको काममा सम्बन्धित पक्षलाई सहमत गराउन चुनौती,
- अभिव्यक्ति स्वतन्त्र नहुनु पत्रकारहरूलाई धम्की,
- मानव अधिकार रक्षकप्रति राज्यपक्षको दृष्टिकोण सकारात्मक नहुनु,
- तुलनात्मक रुपमा महिला मानव अधिकार रक्षकहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक जटिलता, असुरक्षा र सम्बन्धित निकायमा पहुँच नहुनु आदि,

**(ख) मध्य पश्चिमाञ्चल क्षेत्रमा मानव अधिकारको समसामयिक अवस्था (पावरप्वाइन्ट प्रस्तुति)**

**Major HR Issues**

- HR issues during armed conflict
- Killings / Right to life
- Disappearances/abduction
- Torture/illegal detention
- Child Uses/soldier
- Internal displacement
- Seizure of property
- Violence /Rape

***गोरक्ष दैनिक पत्रिका,*** ०६८ साल साउन महिना १२ गते ।

**लेनदेनमै टुङ्गिन्छन्, महिला हिंसाका मुद्दाहरू**

दाङ, केही दिन अघि मात्रैको कुरा हो, नारायणपुरकी एउटी १२ वर्षीया बालिकामाथि बलात्कार भयो । पीडितको मुख छोप्नको लागि पीडकले पैसा र ५ कठ्ठा जग्गा दिएर घटनालाई थामथुम पारे । आर्थिक अवस्था कमजोर भएको ती बालिकाको परिवार पनि कमजोर भएकोले ती बालिकाको परिवार पनि केही पैसा र जमिन पाएपछि चुप लागेर बसे । न त त्यो उजुरी प्रहरीमा पुग्यो, न त कुनै मुद्दामामिला नै भयो । त्यसैगरी राजपुरकी एकजना महिलामाथि चरम हिंसा भयो । स्थानीय व्यक्तिहरूबाटै चरम हिंसा भयो । स्थानीय व्यक्तिहरूबाटै शारीरिक तथा मानसिक हिंसाको शिकार भएकी उनको मुद्दालाई त्यहीँका राजनीतिक दलहरूले प्रशासनसम्म लैजानबाट रोके, अनि महिला अधिकारको क्षेत्रमा काम गरिरहेका स्थानीय महिला अधिकारकर्मीहरूको अनुसार उक्त घटनालाई ४० हजार रुपैँयाको लेनदेनमै मिलाईयो । ती महिलालाई आफ्नै श्रीमानले विहेको सात वर्षपछि घरबाट निकालेका थिए । यस्तै प्रकृतिका थुप्रै मानव अधिकार उल्लघंनका घटनाहरू लेनदेनमै टुङ्गिने प्रवृतिको विकाससँगै जिल्लामा मानव अधिकार उल्लघंनका घटनाहरूले प्रश्रय पाईरहेका छन् । यसमा स्थानिय राजनीतिक दलहरू, प्रहरी तथा समाजका प्रतिष्ठित व्यक्तिहरू समेतको संलग्न हुने गरेको मानव अधिकारकर्मीहरूको भनाई छ ।

**Major HR Issues ….**

- Respect/ Implementation of comprehensive peace accord (CPA)
- ESC Rights
    - Right to food
    - Right to health,
    - Right to education,
    - Right to shelter /employment etc
    - Migrant workers

- Violence against women
  - Domestic violence
  - Rape
  - Dowry
  - Work place harassment

- Discrimination
  - Caste based
    - Inter-caste marriage
    - Untouchability
  - Gender based
    - Discrimination at work
    - Unequal paid
    - Access of opportunity?
  - Sexual orientation and Disability situation
  - Regional discrimination ( Karnali)
  - Right to Development
  - Minorities/ sexual minorities
  - Unfair distribution of Resources
- Child marriage and child labor
- Restriction from enjoyment of rights
  - Traditions/Taboos
  - Witchcraft
  - Kamalaries
  - Kamaiyas
  - Forced prostitutions (Hotel/Restaurant/*Badi*)
- Trafficking
- Custodial tortures
- Inhumane treatment/misbehavior
- Administration of Justice
- Situation of *Terai* (Security ??)
- Peaceful assembly/disagree
  - Right to movement
  - Right to work/profession
  - Day to day life of general people
- Dignity / Recognition by state
- Inclusion
- Transitional Justice
  - Truth seeking, reparation, prosecution, institutional reform, accountability
  - Interim relief for conflict victims
  - Recommendations of NHRC/Courts etc.

**Challenges for HR Defenders**

- External Challenges
  - Understanding to human rights especially government officials
  - Access to information
    - Still difficult to women HR defenders
  - Securities of information
  - Difficulties to be faced by HRD
    - Threat to killing/killing
    - Torture/ beating
    - Disregards and Harassment
    - Abduction / Illegal detention
- Security threat of HR defenders
  - HR defenders are opponent of Government
  - Talked about perpetrators not victims
  - Working for their sake/dollar
  - Not recognizing complimentary roles of government
- Urban centered
- Transparency

**Challenges/Limitations for HRD (Internal)**

- Know your jurisdictions and limitations
- Respect authorities
- We are not police/administration/court and we are not solutions of every problem
- Distinguish crimes, HR violations/abuses
- Professional ethics / Skills
- Hide information culture rather than share information
- Media phobia (Scooping roles ???)
- Impartiality of fact finding ???
- Coordination/collaboration

**Challenges of women HRD**

- Poor situation of access to information
- No special provisions of security of WHRD
- Environment of engaging at human rights works (family, society, organization, state)
- Discrimination
- Question at work ?? (recognition/quality/credibility/Generalizations)
- Misbehavior/ Character questions ??
- Issues of women ?? No joint mission
- Access to resources

**Areas of Cooperation**

- Information Exchange ( help to register complaints and provide information and Vice Versa)
- Joint working mission in some of the investigations and monitoring of HR issues

- HR Education to grass root levels
- Create Jointly pressure to GoN for implementation of NHRC's
- Increase outreach in rural areas

(ग) पश्चिमाञ्चल क्षेत्रमा मानव अधिकारको समसामयिक अवस्था (पावरप्वाइन्ट प्रस्तुति)

**Introduction**

The west:

- Covers 16 Districts
- 10 Districts under RO Pokhara and 6 plus Chitwan under SRO Butwal

**HR Situation**

- Situation of CPR
  - Improving, though
  - Violation continues more in *Terai* region (killings, torture, threats, thefts, strikes, rape, bomb explosions etc.)
  - Culture of Impunity still prevails
  - Conflict victims' cry not heard
- Situation of ESCR
  - Food scarcity in the Remote places of Hills
  - People still deprived of the health services
  - Youth to go abroad for a job
  - Political Activities(General strikes, Nepal Band) disrupt the education as well as health sector
  - Effect of climate change
- Discrimination
  - Laws and Policies try to stop, but
  - Practices of Caste based and Gender based discrimination still prevails (Exclusion of Lower castes, GBD induced domestic violence, Allegation of witchcraft, maltreatment/killing)
- Situation of Torture
  - Increasing awareness against Torture, though
  - Confession based police investigation
  - Condition of detention centers
- Situation of Child Rights
  - Attempts to create child friendly learning in the schools (Act, Rule, Guidelines, Directives)
  - Still corporal Punishment
  - Discrimination
  - Use of children for political motives
  - Insufficient child rehabilitation/care centers
- Situation of Disabilities' rights

- Increasing awareness and legal frameworks
- Lack of infrastructures
- Insufficient services
- Insulting and discrimination still prevails in practice

- Situation of Rights against Disappearance/Abduction
    - Conflict victims are not replied
    - The problem exists in *Terai* region
- Situation of IDPs and Landless
    - Seized property in the conflict by then rebellion Maoist yet to Return especially in *Terai* region
    - Due to Politicization of the issue of landless people it has been emerged as a never solving problem
- Situation of HRDs
    - Quite safety, but
    - Receiving threats, censorship
    - Limited access, beating, vandalizing the vehicles, penetration to work in the situation of demonstration, protests, strikes

      *i.e*- Beating a journalist, vandalizing Motorbike in Kaski, Threatening journalist and firing a news paper in Gorkha, attacks on Journalists, Human rights defenders, halting/attack to move vehicles in Nawalparasi, Rupendehi Chitwan..
- Miscellaneous
    - No new Constitution in hand
    - People's dissatisfaction on current politics
    - People's lost belief on state's service delivering

**Challenges**

- Fight against Impunity
- Fragile security situation
- Weak law and order
- Maintaining ESCR

**Opportunities**

- Helping to end the Transition contributing peace process
- Assist establishing TA mechanism and make it succeed
- Raise awareness of HR, assist to fulfill
- Be a pillar of New Nepal

**Conclusion**

- We can't imagine Human Rights, Democracy and Rule of Law unless there are People Responsible and Government Accountable
- So, the time has demanded stronger Role of HRDs contributing to the state.

(घ) **मध्यमाञ्चल क्षेत्रमा मानव अधिकारको समसामयिक अवस्था** (**पावरप्वाइन्ट प्रस्तुति**)

**मानव अधिकार**

- 'व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार ।
- मानव अधिकार किन्नु, कमाउनु अथवा प्राप्त गर्नु पर्ने विषय होइन । यो स्वतःसिद्ध समानताका आधारमा सबैले उपभोग गर्न पाउने "अहरणीय" र "जन्मसिद्ध" अधिकार हो ।

**मानव अधिकारका विषयवस्तु**

- मानिसको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनको मर्यादित स्थिति ।

**मानव अधिकार स्थिति**

विगत तीन महिनाको मध्यमाञ्चल क्षेत्रको मानव अधिकार स्थिति

(अप्रिल-जुन २०१२)

| क.सं. | विवरण | राज्य पक्षबाट | गैरराज्य पक्षबाट |
|---|---|---|---|
| १. | हत्या | - | २८ |
| २. | धम्की | - | ३ |
| ३. | अमानवीय व्यबहार | - | ३ |
| ४. | घाईते | १३ | ४५ |
| ५. | कुटपिट | ३ | २ |
| ६. | अपहरण | - | ६ |
| ७. | गिरफ्तारी र यातना | १७ | - |
| ८. | महिला अधिकार | - | ४६ |
| ९. | बाल अधिकार | - | २३ |
| १०. | सबै प्रकारका जातिय विभेद | - | १४ |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | १ | १ |
| | जम्मा | ३४ | १७१ |

***श्रोतः मानव अधिकार स्थिति सूचक, ईन्सेक***

मानव अधिकार उल्लंघनका घटनामा कुनै कमी नआएको तथ्याङ्कले देखाएको छ ।

- अध्यादेशबाट सत्य निरुपण तथा मेलमिलाप आयोगको गठनको विषय ।
- मानव अधिकार उल्लंघनको गम्भीर आरोप लागेका नेपाली सेनाका महासेनानी राजु बस्नेतको पदोन्नति ।
- अर्जुन लामाको हत्याका आरोपी एमाओवादीका नेता अग्नि सापकोटा र सुर्यमान दोङको मुद्दा फिर्ताको विषय ।
- कमजोर सुरक्षा व्यवस्थाका कारण आपराधिक घटनाहरू बढीरहेका छन् । विभिन्न आपराधिक घटनामा संलग्न आरोपितहरूमाथि पनि कारवाही हुन सकेको छैन । अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गर्ने प्रवृतिका कारण अपराधमा संलग्न आरोपितहरूले उन्मुक्ति पाउने गरेका छन् ।

- सरकार तथा सुरक्षा निकायहरू पनि आपराधिक घटनाहरूको अन्त्यका लागि जिम्मेवार देखिएका छैनन् जसले गर्दा दण्डहीनता बढेर गएको छ ।
- कानुनी शासनको अभावका कारण नागरिकले सुरक्षा र न्यायको अनुभूति गर्न सकेका छैनन् । असुरक्षा, दण्डहीनता, सुरक्षा निकायहरूमा जिम्मेवारीपनको कमी, राजनीतिक हस्तक्षेप, कानुनी राज्यको अभाव जस्ता सवालहरूले सुरक्षा र न्यायका क्षेत्रमा चुनौती सिर्जना गर्न सक्छन् ।
- हामी मानव अधिकारवादीहरूको एउटै आवाज हो दण्डहीनताको अन्त्य र कानुनी शासनको प्रत्याभूति ।
- न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउन तथा आमनागरिकलाई उनीहरूको कर्तव्य बोध गराउनका लागि सचेतना अभिवृद्धि गर्न तथा एउटा सभ्य एवम् सक्षम राष्ट्रका रूपमा नेपाललाई स्थापित गर्नु आजको आवश्यकता भएको छ ।

मानव अधिकारवादीहरू सदरमुकाममा मात्र सीमित हुन्छन् । यिनीहरू पार्टीको भाषा बोल्छन् । जनताको समस्या समाधान गर्ने होईन आफ्नो फाईदाको लागि मात्र काम गर्ने गर्छन् भन्ने वर्तमानको यथार्थ आरोपलाई गलत सावित गर्न जहाँ मानव अधिकार उल्लघन त्यहाँ मानव अधिकार रक्षक भन्ने अभियानका साथ मानव अधिकार एलाईन्सले मुलुकका सम्पूर्ण गाविसहरूमा कम्तिमा एक/एक जना मानव अधिकार रक्षक निर्माण गर्ने उद्देश्य सहित एक जिल्ला एक संगठन, एक गाविस एक मानव अधिकार रक्षकको अभियानलाई अगाडि सारिएको छ ।

(ङ) **पूर्वाञ्चल क्षेत्रमा मानव अधिकारको समसामयिक अवस्था** (पावरप्वाइन्ट प्रस्तुति)

**Torture**

- Reported cases in Media and NHRC
- Investigation of several complaints by NHRC
- Fear of Victims to reported cases
- NHRC's Initiation on Prevention of torture

**Rights of Detainees (Human Condition/Fair Trial)**

- Appalling living conditions in Detention
- Over crowed in Prison
- Death in prison reported
- Quasi-judicial Bodies' power not reviewed

**Transitional Justice**

- No Investigation of complaints by police
- Lack of full implementation of NHRC's recommendations
- Reparation denial to many victims/Family

**Child rights**

- Child Labor prevalent
- Juveniles in Detention

**Press Freedom**

- Various events of threat, beating, attacks against journalists
- Jhapa, Morang, Siraha, Sunsari, Sankhuwasabha, Dhankuta
- Action against perpetrator in some cases

## प्रेस विज्ञप्ति

२०६८ साउन ३०

### पूर्वाञ्चलमा सञ्चारकर्मीविरुद्ध हिंसाका शृंखला

### प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आग्रह

पूर्वाञ्चलका विभिन्न जिल्लाहरूमा हालैका केही दिनयता आमसञ्चार माध्यम र पत्रकारहरूविरुद्ध हिंसाका घटनाहरू भइरहेकोप्रति आयोगको ध्यानाकर्षण भएको छ । सञ्चारमाध्यमहरूमा प्रकाशित समाचारहरूका आधारमा राष्ट्रिय मानव अधिकार आयोगले २०६८ साउन महिनामा मात्र झापा, मोरङ, सुनसरी, सिराहा र संखुवासभा गरी ५ जिल्लाका घटनाहरूको अनुगमन गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध भएका घटनाहरूको तथ्य सङ्कलन गरेको छ । **यसै सन्दर्भमा आयोगको विराटनगर क्षेत्रीय कार्यालयले आज नेकपा (एमाले) तथा युवा संघ नेपालका पदाधिकारीहरूलाई आयोगमा बोलाई सञ्चारमाध्यममा आइरहेका धम्कीलगायतका कुराहरूको सम्बन्धमा ध्यानाकर्षण गरायो र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आग्रह गऱ्यो ।**

आयोगको अनुगमनबाट **मोरङमा** युवासङ्घका नेताकार्यकर्ताहरूबाट पत्रकारहरूविरुद्ध सार्वजनिक रूपमा भौतिक आक्रमणको धम्की दिएको भनिएको, **संखुवासभामा** पत्रकार किशोर बुढाथोकीलाई समाचार लेखेकै आधारमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको, **झापामा** तराईको एक भूमिगत समूह (भगत सिंह) ले अनिवार्य रूपमा मैथिली भाषामा समाचार प्रकाशन वा प्रसारण गर्न अन्यथा भौतिक कारबाही गर्ने भनी ३५ दिने अल्टिमेटम दिएको, **सिराहामा** पत्रकार सन्तोष यादवलाई भूमिगत संगठनले धम्की दिएको, **धरान**स्थित फाष्ट टाइम्स दैनिकका सम्पादक केशव घिमिरेलाई समाचार लेखेकै कारण ज्यान मार्ने धम्की दिइएको पाइएको छ । कतिपय घटनाहरूमा राजनीतिक संरक्षण वा आडभरोसा प्राप्त भएको आधारमा भइरहेको पाइनु अझ गम्भीर विषय हो । प्रेसलाई लक्षित गरी भएका घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउने र कानुन बमोजिम कारबाही गर्न बिगतमा सम्बन्धित निकायहरूले उत्तिसारो तदारुकता नदेखाएको समग्र पत्रकारिता क्षेत्र 'सेल्फ सेन्सरसिप'को अवस्थाबाट गुज्रिरहेको छ ।

अतः धम्की तथा आक्रमणका घटनाहरू बन्द गर्न, सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचार सामग्रीहरूमा असहमति भए कानुनसम्मत प्रकृया अवलम्बन गर्न, नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आयोग सम्बद्ध सबैमा आग्रह गर्दछ । त्यसैगरी पत्रकारिताको अभ्यास गर्दा आचारसंहिताको पालना गर्न सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मीहरूलाई आयोग आग्रह गर्दछ । साथै, अभिव्यक्ति स्वतन्त्रता संविधानप्रदत्त मौलिक अधिकार भएकाले त्यसको संरक्षण गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न तथा घटनाका दोषीहरूको पहिचान गरी यथाशीघ्र कानुनी दायरामा ल्याउन राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

......................
विशाल खनाल
सचिव

**Untouchability**

- Issues of Inter-caste marriage

- Some times Lack of Administrative protection to victims
- No implementation of Govt. policy (eg. Inter-caste marriage award)

**Women's Rights/ Violence against Women**
- Issues of Reproductive health
- Domestic violence rampant
- Superstitions related violence (e.g. Witchcraft)

**ESCR**
- State failing to fulfill core obligations (health, education, shelter )
- Right to social security violated
- Strikes affecting health, education etc.
- No specific program for highly marginalized group

**HR and Development**
- Development activities and growing disputes in Indigenous areas

**Consumer Rights**
- Lack of Business accountability
- Government Monitoring continues
- Rare cases filed

**Unaccountable Adm. of Justice**
- Reported several complaints of Non-registration of FIR

**Protection of HRDs**
- Reported Cases/Complaints received on threat, beatings,
- WHRDs and Journalists specially targeted

**Coordination/Collaboration**
- Effective Coordination among Govt. bodies, NHRC, CSOs

**Situation of HRDs**
- Strength
- Weakness
- Opportunity
- Challenges

**Strength**
- Organized in many districts
- Better Coordination and Collaboration
- Growing number of HRDs/Media
- Coming out the Issues of HRVs /Abuses in Media

- Growing number of Media

**Weaknesses**
- Allegation of Actively involvement in Politics
- Not organized in all districts, no federation in National level,  like FNJ, NBA
- Called HRDs but no respect to others' rights (strike by NGO activist, teachers)
- lack of capacity and quality in work
- Lack of professionalism (e g. Mediator on serious  HRV cases)
- No Code of conduct
- No HR sensitivity (high moral character)
- Internal rift (e g among NGOs, Between Journalist and NGOs, between Journalists and lawyers etc)

**Opportunity**
- Well Established collaboration with governmental bodies
- Presence of NHRC in region
- Credible actor in the eye of general public
- Recognized by political parties
- Capacity building initiatives by stakeholders

**Threats**
- Lack of Resource in NHRC (mainly Human)
- Govt. sees as opponent
- Home Ministry’s Circular to DAOs
- Politicization of HR issues
- Physical insecurity from Govt. and Community specially to women, Dalit, Journalists
- Mediation of serious HRVs cases such as rape
- Federalism Debate
- State of Impunity

## अनुसूची – १०
## उद्घाटन सत्रमा अभिव्यक्त मन्तव्यहरू (सारांशमा)

**माननीय अध्यक्ष, केदारनाथ उपाध्याय, राष्ट्रिय मानव अधिकार आयोग**

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य गौरी प्रधानज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, महिला आयोगका अध्यक्षज्यू, एम्बेसी अफ फिनल्यान्डका मिस सातु पेहु भोइमा, यहाँ रहनु भएका माननीय न्यायधिशज्यूहरू नेपाल सरकारका सचिवज्यू र अन्य पदाधिकारीज्यूहरू, सुरक्षा प्रमुखज्यूहरू, आयोगका पूर्वसदस्य पदाधिकारीज्यूहरू, निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्तज्यू, मानव अधिकारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु हुने वरिष्ठ मानव अधिकारकर्मीज्यूहरू यस कार्यक्रममा सहभागी हुनुभएका विभिन्न जिल्लाका मानव अधिकार रक्षकहरू सञ्चारकर्मी मित्रहरू र अन्य विशिष्ट अतिथि महानुभावहरू र यस कार्यक्रममा उपस्थित हुनभएका सबैलाई अभिवादन गर्दै आफ्नो मन्तव्य राखिराखेको छु ।

सरल भाषामा मानव अधिकार रक्षक को हुन् भन्दा जसले अरुको मानव अधिकार रक्षा गर्छ तिनैलाई जनाउँछ । यसमा को को अधिकार रक्षक हुन् भनी उल्लेख गर्न अत्यन्त कठिन छ । मानव अधिकार जति व्यापक छ त्यति नै व्यापक मानव अधिकार रक्षक पनि भएकोले रक्षकको वर्गीकरण गर्न पनि कठिन छ । यथार्थमा कोही आफ्नो सम्पूर्ण काम नै मानव अधिकारको रक्षक भएर काम गर्ने र कोही कहिलेकाँही कर्तब्य पालनको सिलसिलामा मानव अधिकार रक्षक हुन्छन । जस्तैः पत्रकारले मानव अधिकारका पीडितहरूको समाचार सम्प्रेषण गरेर तथा दोश्रो जनआन्दोलनमा डाक्टरले आन्दोलनमा घाइतेको उपचार गरेर मानव अधिकार रक्षकको काम गरेका हुन् । मानव अधिकार रक्षकको पनि एउटा आचरण हुनुपर्दछ । कुनै राजनैतिक पक्ष विपक्षमा लागेर राजनैतिक पूर्वाग्रह राखेर काम गर्नु हुदैन । मानव अधिकार रक्षककोमा जोसुकै पनि सहयोगको लागि आउन सक्छन । रक्षकले त्यस्ता जो सुकैको पनि मानव अधिकारको रक्षा गर्नुपर्छ । स्वतन्त्र र निर्भिक भएर काम गर्नुपर्छ । व्यवहारमा के देखिएको छ भने स्वतन्त्र र निर्भिक भएर काम गर्दागर्दै पनि कसैको मानव अधिकार हननकर्ताले आफ्नो त्यस्तो काममा कोही बाधक भएको देख्यो भने त्यस्ता अधिकारको हनन गर्न नदिने मानव अधिकार रक्षकलाई धम्की दिने, डर त्रास देखाउने, त्यतिले नभए हत्या गर्ने अवस्था छ । मानव अधिकारकर्मीको यस्तो स्थिति हुँदा जनताले ती मानव अधिकारकर्मीलाई विश्वास गर्ने अवस्था आउँदैन । आफ्नो त अधिकार रक्षा गर्न सकेको छैन, हाम्रो के गर्छ भन्ने भावना हुन्छ ।

मानव अधिकार रक्षकको रक्षाको विषय मानव अधिकारको रक्षाको विषय हो किनकि मानव अधिकार रक्षकको रक्षा नभई अरुको मानव अधिकारको रक्षा हुदैन । मानव अधिकारको सम्मान, सम्बर्द्धन र पालना गर्ने काम अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय समुदाय जसले महासन्धि निर्माण गरे तिनीहरूको नभई यो राज्यको हो । राज्यले नै मानव अधिकार रक्षकको रक्षाको विश्वास दिलाउनु पर्छ । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकलाई निरुत्साहित हुन नदिन नैतिक समर्थन र बल प्रदान गर्न यस वर्षदेखि मानव अधिकार सम्मान गर्ने कार्यक्रम शुरु गरेको छ । विगत १० वर्षमा कतिपय मानव अधिकार रक्षकहरूको हत्या भएको छ । धेरै सञ्चारकर्मी परेका छन् । यसमा धेरै कममा मात्र मुद्दा चलेको र कुनैपनि मुद्दाको ठेगान लाग्न सकेको मलाई थाहा छैन । Federation of Journalist/ Innternational Media Mission सँग मिलेर मानव अधिकार रक्षकको रक्षाका लागि संयन्त्रको आवश्यकताको बारेमा कुराकानी पनि गऱ्यौं । हामीले एचभखभलतष्खभ :भतजयमक बाट कार्य गर्ने सोच बनाएका छौं । यो काममा आयोगले सरकारको सहयोगको अपेक्षा राखेको छ । मानव अधिकारको

संस्कृतिलाई देशब्यापी वनाउन मानव अधिकारप्रतिको जागरुकता, चेतना फैलाउन र जनताको मानव अधिकारको संरक्षण र सम्वर्द्धनकोलागि आयोगले ७५ वटै जिल्लामा क्रमबद्धरुपमा कार्यालय स्थापना गर्ने सोच वनाएको छ । यो मानव अधिकार सम्बन्धी नीतिमा समाहित हुन सक्यो भने मुलुकको निम्ति उपलब्धिमूलक हुनेछ । नेपाल सरकारले पनि आफ्नो भागको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्ने मलाई विश्वास छ ।

यसको साथै, आयोगका सरोकारको विषय छ, सिफारिसको पूर्णत कार्यान्वयन हुन सकेको छैन । कतिपय सिफारिसको वावजुद पनि ती सव सरकारका तर्फवाट सम्मान हुन नसक्दा मानव अधिकारको अहिलेको स्थिति निकै चुनौतीपूर्ण रहेकोछ । यी सम्पूर्ण विषयमा यस सम्मेलनले विस्तृतरुपमा छलफल गर्नेछ भन्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य समाप्त गर्दछु ।

**माननीय सदस्य, गौरी प्रधान, राष्ट्रिय मानव अधिकार आयोग :**

रक्षकहरूको राष्ट्रिय सम्मेलनको यस महत्वपूर्ण समारोहका आदरणीय अध्यक्ष राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, राष्ट्रिय महिला आयोगका माननीय अध्यक्षज्यू, गैर सरकारी संस्था महासंघका नवनिर्वाचित अध्यक्षज्यू, साथसाथै गणतन्त्र फिनल्याण्डबाट आउनु भएको एम्बेसी अफ फिनल्याण्डका मिस सातु पेहु भोइमा, यस कार्यक्रममा हाम्रो महत्वपूर्ण निमन्त्रणालाई स्वीकार गरेर पाल्नुभएका राष्ट्रिय मानव अधिकार आयोगका पूर्व माननीय सदस्यज्यूहरू, सुरक्षा प्रमुखज्यूहरू, नेपाल सरकारका विभिन्न पदाधिकारीज्यूहरू, निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्तज्यू, यस कार्यक्रममा उपस्थित देशभरिवाट आ-आफ्नो जिल्लाको प्रतिनिधित्व गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा निरन्तर लागि राख्नुहुने मानव अधिकार रक्षकहरू राष्ट्रिय मानव अधिकार आयोयको तर्फवाट यो कार्यक्रममा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्न चाहन्छु !

मानव अधिकारको संरक्षण र सम्वर्द्धन विना कुनै पनि देशको लोकतन्त्र संस्थागत हुन सक्दैन र कुनै पनि देशको राष्ट्रिय विकास हुन सक्दैन भन्ने अभिप्रायका साथ मानव अधिकारको क्षेत्रलाई अझै फराकिलो अझै संस्थागत र अझै विशाल गर्दै लैजाने अभिप्रायले राष्ट्रिय मानव अधिकार आयोगले यो राष्ट्रिय सम्मेलनको आयोजना गरेको हो । कार्यक्रमको पूर्ण सफलताको निम्ति म आफ्नोतर्फवाट र राष्ट्रिय मानव अधिकार आयोगतर्फवाट शुभकामना दिन चाहन्छु ।

साथसाथै, कुनैपनि कालमा किन नहोस, चाहे त्यो हिजोको निरंकुश कालमा होस, चाहे त्यो त्यस पछाडिको प्रजातान्त्रिक कालमा होस, चाहे त्यो पछिल्लो चरणको लोकतान्त्रिक गणतान्त्रिककालमा नै किन नहोस, नेपालका मानव अधिकार रक्षकहरूले अप्ठ्यारा र जोखिमहरूलाई पर्वाह नगरिकन कहिले पीडितहरूको मानव अधिकार रक्षाको निम्ति कहिले सिंगो देशमा भईराखेको मानव अधिकारको विकास अभियानको निमित्त मानव अधिकारलाई एउटा राष्ट्रिय मूलप्रवाहमा ल्याउनको निम्ति मानव अधिकार रक्षकहरूले दुःखकष्ट झेल्दै आजको दिनसम्म आईपुग्नु भएकोछ । म स्वयंलाई पनि सम्झना छ, आजभन्दा बीस पच्चिस वर्ष अगाडि अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउनु पर्ने दिनमा पनि सामान्य भन्दा सामान्य कार्यक्रम गरेको दिनमा पनि मानव अधिकारका रक्षकहरू तत्कालिन शासन सत्ताको तारो हुनुपर्ने अवस्था थियो । त्यस्तो परिस्थितिलाई झैल्दै आज देशमा मानव अधिकारको अभियानमा एउटा उभार आएको छ ।

मानव अधिकारको सवाल नागरिक र राजनैतिक अधिकार मात्र नभई सम्पूर्ण जनताको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, त्यसमा पनि विषयगत मानव अधिकारहरू, महिला, बालबालिका, अपाङ्ग दलित, तराई मधेशका पछाडि पारिएका समुदाय र आदिवासी जनजातिको मानव अधिकारलाई मानव अधिकारका विशालतम सोचका आधारमा व्यवहारमा रुपान्तरण गर्नको निम्ति लोकतान्त्रिक गणतन्त्रकोरुपमा नेपालमाथि दवाव छ । संसारका ती देशहरू मध्ये नेपाल पनि त्यस्तो देश हो, जसले अन्तर्राष्ट्रियरुपमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यको आफ्नैतर्फवाट अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू जाहेर भएको छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर र अनुमोदन भएको छ । ती प्रतिबद्धताहरूलाई राष्ट्रियकरण र स्थानीयकरण गर्ने सन्दर्भमा नेपाल सरकारले

हाम्रो देशमा कानुनहरू, संयन्त्रहरू तर्जुमा गरेको छ । मार्ग निर्देशिका र राष्ट्रिय कार्ययोजना तयार गरेको छ । सिद्धान्तको यो पक्षमा नेपाल विश्वका अन्य कुनै देशभन्दा पछि नपरेको अवस्था छ । तर यसलाई व्यवहारमा रुपान्तरण गर्ने सन्दर्भमा हाम्रा थुप्रै चुनौतीहरू पनि विद्यमान छन् । हामीले प्रतिबद्धता जाहेर गरेका थुप्रै कुराहरू अझै पनि व्यवहारमा रुपान्तरण हुन सकेका छैनन् । यसका थुप्रै कारण र पक्षहरू छन् । त्यसमा एउटा तपाई हामी सबैले भन्दै आएको संक्रमणकालिन अवस्था ।

नेपालका राजनैतिक पार्टीहरू नेपाल सरकार र सबै जनताको एउटा सद्भावनाका साथमा तयार भएको विस्तृत शान्ति सम्झौतावाट हामी मार्गनिर्देशित थियौ । तर मानव अधिकारको सम्मान र संरक्षणको दौरानमा बिस्तृत शान्ति सम्झौताको शुरुवातका दिनहरूमा जति राम्रा र असल कामहरू भए र जसलाई राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा प्रशंसाको पात्र वनाईयो । तर पछिल्ला दिनमा राजनैतिक पार्टीका बीचमा विद्यमान शक्ति राजनीतिको कारणवाट कुर्सी राजनीतिको कारणवाट विस्तृत शान्ति सम्झौताका महत्वपूर्ण मानव अधिकारका पक्षहरू हामीले छुटाउँदै र विर्सदै गयौ । सबैको केन्द्रविन्दु यो देशमा सत्तारोहण हुन पुगेको छ । यसले हामी सबैलाई दु:ख पनि लागेको छ । अप्ठ्यारो वेलामा सबैको सहमति र सद्भावनाले अघि बढनु पर्ने हो । सत्ता प्राप्तिको कुरा राजनीतिमा हुन्छ । तर मानव अधिकारका विषयबस्तुलाई केन्द्रबिन्दु बनाउदै सबैको सहमति समझदारीले अगाडि बढ्ने जुन हाम्रो अभिभारा र प्रतिबद्धता थियो, त्यो व्यवहारमा कार्यान्वयन हुन सकेन । जसले गर्दा प्रत्यक्षत: मानव अधिकारका अप्ठ्यारामा परेका पीडित तथा प्रभावितहरूले आजसम्म पनि न्याय पाउन सकेका छैनन् ।

सशस्त्र द्वन्द्वकालमा करीब १७,००० जनाले ज्यान गुमाए करीब १००० भन्दा वढी बलपूर्वक बेपत्ता पारिए, करीब ७५ हजार देखि १ लाख मानिसहरू आन्तरिक बिस्थापनमा परे, उनीहरूको घरजग्गाहरू पनि कब्जा भए, कैयौ मानिसहरू यातनावाट पीडित भए । स्कूल, विद्यालय रणभूमिमा परिवर्तन भयो । स्वास्थ्य केन्द्रहरू बन्द हुदै गए । यी सबै कुराको पुन:स्थापनाको निम्ति, पीडितलाई परिपूरण, पुनर्स्थापना र क्षतिपूर्तिको निम्ति र पीडकलाइ कारवाहीको निम्ति नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेको हो । तर व्यवहारमा न्याय सम्पादन गर्ने र मानव अधिकारलाई सम्बोधन गर्ने प्रकृयामा नेपालले सैद्धान्तिक रुपमा जति अग्रगति प्राप्त गरेको छ, त्यो ब्यवहारिकरुपमा कार्यान्वयन हुन नसक्दा हामी राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आलोचनाको पात्र बनिराखेका छौ । यस विषयलाई हामी सबैले गम्भीरतापूर्वक मनन गर्नुपर्छ ।

समाज चाहे द्वन्द्वकालमा होस वा संक्रमणकालमा होस्, कठिन र अप्ठ्याराहरू मोल्नुपर्छ । हाम्रा देशका मानव अधिकार रक्षकहरूले कठिन र अप्ठ्याराहरूमा पनि आफु मैनबत्ती झै बलेर पनि मानव अधिकारको रक्षा र प्रबर्द्धनमा जुन योगदान दिनुभएको छ त्यसको हामी प्रशंसा गर्दछौ ।

यस कार्यक्रममा हामी मूलत: देशको मानव अधिकारको वर्तमान अवस्था, नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेका मानव अधिकारका अन्तराष्ट्रिय महासन्धि, त्यसका ऐच्छिक उपलेख, त्यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू, त्यसका आधारमा वनेका कानून, मार्गनिर्देशन र कार्ययोजनाहरूको विश्लेषण गर्नेछौ । नेपाल सरकारले मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाएको छ । त्यसका हरेक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खाद्य अधिकार लगायत महिला, बालबालिका, दलित लगायतका अधिकारको रक्षा र प्रवर्द्धन गर्नको निम्ति ठूला ठूला महत्वपूर्ण योजना बनाएको छ । त्यो योजना यथार्थमा कहाँ पुगेको छ । त्यसको कार्यान्यवनको अवस्था कहाँ पुगेको छ । त्यसको कार्यान्वयन पक्ष कति प्रभावकारी छ ? त्यो कुराको पनि हामी विश्लेषण गर्नेछौ । नेपाल सरकारले सहस्राब्दी लक्ष्य (Millennium Development Goal -MDG) मा जुन प्रतिबद्धता जाहेर गरेको छ, ती लक्ष्यहरू पुरा गर्न हाम्रा केही राष्ट्रिय लक्ष्यहरू पनि छन् :- सन् २०१५ सम्म पुरा गर्नुपर्ने, सन् २०२० सम्म पुरा गर्नुपर्ने राष्ट्रिय लक्ष्यहरू, संयन्त्र र कार्ययोजनाहरूको बारेमा पनि विश्लेषण गरिनेछ । म सम्पूर्ण रक्षकहरूलाई आह्वान गर्न चाहन्छु । जसरी सरकारले प्रतिबद्धता गरेका मानव अधिकारको प्राप्तिका लागि मानव अधिकार रक्षकले सुपरिवेक्षण ९धबतअजमयन० को भूमिकामा त्यसको रक्षा र प्रवर्द्धन गर्नुपर्छ, त्यसैगरी सरकारले राखेका राष्ट्रिय लक्ष्य पुरागर्न आ-आफ्नो तर्फवाट योगदान दिनुपर्दछ । यो हाम्रो राष्ट्रिय अभिभारा पनि हो ।

अन्तमा, मानव अधिकार रक्षकहरूको भूमिकालाई सबल, सक्षम र प्रभावकारी वनाउनको निम्ति मानव अधिकार रक्षकहरूकै अनुरोधमा मानव अधिकार रक्षकहरूको मार्गनिर्देशिका मसौदा छलफल र बहसको निम्ति प्रस्तुत गरिदैछ । मानव अधिकारको क्षेत्रमा काम गर्दा मानव अधिकारकर्मीले भोगिराखेका अप्ठ्याराहरू, जोखिमहरू, यातनाहरू, डर, धम्की र असुरक्षावाट हामी कसरी मानव अधिकार रक्षकहरूलाई संरक्षण प्रदान गर्न सक्छौ । राष्ट्रिय मानव अधिकार आयोगका सम्पूर्ण गाउँ तथा जिल्लाहरूमा प्रतिनिधि छैनन् र तपाई मानव अधिकार रक्षकहरूले निर्वाह गरेको जुन भूमिका हो, त्यसलाई अझै सवल बनाउदै मानव अधिकार संरक्षण, सम्बर्द्धन र पालनाको काममा सघाउन हामी आह्वान गर्दछौं । यसै सन्दर्भमा कहिलेकाँही मानव अधिकार रक्षकहरूको भूमिकाको बारेमा पनि टिकाटिप्पणी र आलोचना हुने गर्दछन् । मानव अधिकार रक्षकहरूले जुन हिसाबवाट निष्पक्षता, समानता, स्वतन्त्रताको आधारमा र कुनैपनि राजनैतिक पार्टी विशेषको भातृसंस्थाहरूको एउटा भाइचाराको, आफ्नो सम्बन्धको आधारमा आफ्नो काम नगरी स्वतन्त्रता, स्वायत्तता र निष्पक्षताको आधारमा काम गर्नको निम्ति उहाँहरूले पनि आफ्नो तर्फवाट आचारसंहिता पालना गर्नुपर्छ, जिम्मेवारी बहन गर्नुपर्छ । त्यो कामको निम्ति पनि मानव अधिकार रक्षकवाटै आह्वान भएको हुँदा, मानव अधिकार रक्षकले पुरा गर्नुपर्ने दायित्वको विषयवस्तु आचारसंहिताभित्र पारेर तर्जुमा गरेका छौ । तसर्थ चाहे त्यो आदिवासी जनजातिको विषय होस चाहे त्यो दलित मधेसीको विषयवस्तु किन नहोस् मानव अधिकारको विश्वव्यापी सिद्धान्तको आधारमा हामीले आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक वास्तविकताको आधारमा यसलाई संस्थागत गर्दै गरौ । हाम्रा सवल पक्षहरू पनि छन्, हाम्रा उपलब्धिहरू पनि छन्, तिनलाई तिखार्दै र संस्थागत गर्दै जाउँ । तर हाम्रा कमीकमजोरीहरू पनि छन्, तिनलाई केलाउदै पनि जाउँ ।

२००७ देखि अहिलेसम्म नेपालको इतिहासमा मानव अधिकारको बिरुद्ध जुन दण्डहीनताको संस्कृति मौलाउदै गएको छ । सामान्य भन्दा सामान्य वोक्सीको आरोपमा पीडित एउटा महिलाले न्याय पाउने देखि लिएर अति जोखिम परिस्थितिको मानवता बिरुद्धको अपराधमा संलग्न भएकाहरूलाई पनि कारवाहीको दायरामा ल्याउन नसकेको अहिलेको परिस्थितिमा हाम्रा Loopholes र अप्ठ्याराहरू कहाँ छन् ? त्यस्ता विषयमा पनि छलफल गरेर मानव अधिकार रक्षकले एउटा आह्वान र मार्गनिर्देश गर्नेछन्, जुन सुझावहरू मानव अधिकार आयोग, नेपाल सरकार र मानव अधिकारको क्षेत्रमा काम गर्ने सम्पूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाको निम्ति पनि यो उपयुक्त हुनेछ । सम्पूर्ण नेपालभरिमा एउटा उत्साहजनक, सार्थक र महत्वपूर्ण यो भेटघाट सफल होस । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकहरूकै सहयोगमा तर्जुमा गरेको यो कार्यक्रमले व्यवहारमा यसको सार्थकता अपनाउन सकौं र तपाई हामी सबैको यो भूमिकाको प्रशंसा गर्दै म आजको यो स्वागत मन्तव्य टुग्याउछु । टुग्याउनुअघि सम्माननीय प्रधानमन्त्रीको आजको उपस्थितिकोबारेमा तपाईहरूलाई खुल्दुली लागेको होला, कि प्रधानमन्त्री किन आउन सक्नु भएन भनेर हामीलाई खवर प्राप्त भएको छ उहाँ भाइरल ज्वरोको कारण विरामी हुनु भएको छ र हिजोदेखि उहाँ अफिस पनि जान सक्नु भएको छैन । उहाँले शुभकामना पठाउनु भएको छ । आशा गरौ उहाँको शीघ्र स्वास्थ्य लाभ होस् । यो देशको राजनीतिक अवस्थाको पनि स्वास्थ्य लाभ होस् । सम्पूर्ण देशको पनि स्वास्थ्य लाभ होस् । धन्यवाद !!

**माननीय अध्यक्ष, शेख चाँद तारा, राष्ट्रिय महिला आयोग**

मानव अधिकार रक्षकहरूले विभिन्न प्रकारका धाकधम्की, चुनौती, यातना सहेर तथा आफु घाइते भएर र ज्यान गुमाउनेसम्मको अवस्था व्यहोरेर पनि मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा पुऱ्याएको योगदान साह्रै प्रशंसनीय छ । मानव अधिकारको सबैभन्दा बढी हनन सबैभन्दा कमजोर वर्गको हुन्छ । महिला वर्ग पनि कमजोर वर्ग भएकोले महिलाको मानव अधिकार बढी हनन भएको छ । बोक्सी र दाइजोको निहुँमा महिलामाथि हिंसा भएका छन् । हाम्रा नीति नियम राम्रा भएपनि त्यसको कार्यान्वयन हुन सकेको छैन । अहिलेको अवस्थामा मानव अधिकारको कुरा गर्नुपनि क्रान्ति गर्नु जस्तै भएको छ । सबै कुराको मूल राजनीति नै भएकोले जबसम्म देशमा राजनीति सुध्रिदैन तबसम्म अरु कुनै कुरामापनि सुधार हुन सक्दैन । राष्ट्रिय महिला आयोगले वनाएका नीति र सिफारिसको सरकारवाट कार्यान्वयन भएको छैन । यसवाट आयोगले कुनै काम नै नगरेर वसेको देखिएको भनी आलोचना भईरहेको छ ।

**मुख्य सचिव, लीलामणि पौडेल, नेपाल सरकार**

नेपालको अन्तरिम संविधानले नागरिकका केही आधारभूत मानव अधिकारको प्रत्याभूत गरेको छ । संविधानको रक्षा गर्नु सरकारको सबैभन्दा ठूलो कर्तव्य भएकोले ती अधिकारको रक्षाकोलागि आफ्नो दायित्व स्वीकार गर्दछ र त्यो अनुसार कार्य गर्न आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ । खासगरी यो संक्रमणकालिन अवस्थामा हाम्रा केही अप्ठ्यारा र चुनौतीहरू छन् । राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यले अघि भन्नुभयो, हामीले धेरै प्रतिबद्धता व्यक्त गर्‍यौं । कार्ययोजना बनायौं, कार्यक्रमहरू राख्यौं, तर कार्यान्वयनमा खरो सावित हुन सकेका छैनौं । केही हदसम्म उहाँले भनेका कुरा सही हुन् । तर लक्ष्य नै राखेनौ भने त त्यतातर्फ उन्मुख हुन पनि सकिदैन र तत्परता पनि देखिदैन । लक्ष्य त केही महत्वाकांक्षी राख्नैपर्छ राखेको हो । यसका लागि निरन्तर प्रयत्न पनि भईराखेका छन् । यसको सम्बोधनको लागि मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संघसंस्था राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय स्तरमा मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू र नेपाल सरकार सबै मिलेर नागरिकहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नुपर्ने आवश्यकता छ ।

सरकारले हालै त्रिबर्षीय राष्ट्रिय कार्ययोजना सार्वजनिक गरेकोछ । त्यो कार्ययोजना हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धताहरू विभिन्न महासन्धिहरूमा हामी पक्ष भईसके पश्चात सृजना भएका दायित्वहरू र नागरिकको संविधानले प्रत्याभूत गरेका अधिकारलाई लिएर एउटा Comprehensive योजना सरकारले सार्वजनिक गरेको छ । यो योजना सार्वजनिक गर्नु सरकारको मानव अधिकार प्रतिको प्रतिबद्धता हो । यो सरकारले एक्लै गरेको पनि होइन । तपाईहरू जस्तै धेरै मान्छेको सल्लाह सुझाव लिएर छलफल गरेर काठमाडौमा मात्र होइन, वाहिर पनि गएर एउटा सल्लाह सुझाव लिएर (Consultative method) वाट तयार गरिएको हो । मलाई आशा एवं विश्वास छ हामी मानव अधिकारको क्षेत्रमा कामगर्ने सबैले सहकार्य गर्न सक्यौ भने यो सहकार्यको माध्यमवाट यो कार्ययोजनालाई कार्यान्वयन गर्न सक्यौ भने हाम्रो मानव अधिकारको अवस्था मानव अधिकारको संरक्षण र सम्बर्द्धनको हिसावले अहिलेको अवस्था भन्दा धेरै सुदृढ अवस्थामा पुग्ने अवस्था रहन्छ । सँगसगै विभिन्न पछाडि परेका वर्ग समुदायको हकहित संरक्षणको लागि सरकारले आयोगहरू गठन गरेको छ । ती आयोगको माध्यमवाट खास खास क्षेत्रमा काम गर्नेगरी कार्य क्षेत्रहरू तोकिएको पनि छ । त्यसका अलावा सरकारका विभिन्न निकायहरूले मानव अधिकारको क्षेत्रमा कामगर्दा एक अर्काको वीचमा हुनुपर्ने समन्वयको जुन खाँचो छ, त्यसलाई पूर्ति गर्ने हिसावले प्रधानमन्त्री कार्यालयमै महिलाको लागि एउटा, दलितहरूका लागि एउटा, अपाङ्गता भएकाहरूका लागि एउटा गरेर ३ वटा केन्द्रीय निर्देशन समितिहरू गठन भएका छन् ।

यी तीनवटा संयन्त्रको प्रमुख काम भनेको सरकारी संयन्त्रले यी विशेष मानव अधिकारको क्षेत्रमा काम गर्दा एक अर्काको बीचमा समन्वय गर्न नसकिएको कारणवाट प्राप्त गर्न नसकिएका नतिजाहरूलाई अथवा काममा प्रभावकारी नआएका विशिष्ट विषयलाई सम्बोधन गर्नेगरी गठन गरिएको हो । यसमा सम्बन्धित क्षेत्रका संघसंस्थाहरू, राजनैतिक व्यक्तित्वहरू र राजनैतिक दलका पनि त्यही क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूको प्रतिनिधित्व रहेकोछ । महिलाहरूको अधिकार रक्षा गर्नका लागि नेपाल प्रहरीमा छुट्टै महिला सेल कार्यरत रहेकोछ । यसलाई सुदृढ गर्नको लागि झण्डै ११०० को संख्यामा नयाँ दरवन्दी थपेर महिला मानव अधिकार हननका मुद्दा र महिलामाथि हुने हिंसाजन्य क्रियाकलापलाई तत्काल सम्बोधन गर्ने हिसावले सांगठनिक सुदृढीकरण गर्ने कार्यलाई अगाडि वढाईएको हो । मानव अधिकारसँग अन्योन्याश्रित सम्बन्ध भएको अर्को भ्रष्टाचार बिरुद्धको राष्ट्रिय रणनीति भरखरै जारी गरेको छ । यसले पनि मानव अधिकार रक्षा सम्बर्द्धनको काममा योगदान पुग्ने अपेक्षा सरकारले राखेको छ ।

सहस्राब्दी विकासलक्ष्य र दिगो विकास लक्ष्यको सन्दर्भमा सबै साझेदार संघसंस्थाको सहयोगमा परिचालन गर्न सरकार प्रतिबद्ध छ । केही सहस्राब्दी विकासलक्ष्य पुरा गर्ने नजिक छौ । केहीमा अलिक टाढा छौ । तै पनि हामीले हाम्रो पुनरावलोन गर्नु पर्नेछ के कारणले ती लक्ष्यहरू हासिल गर्न सकेनौ । आगामी दिनमा के गर्न सकिन्छ भन्ने साझा छलफलको विषय हुन सक्छन् । त्यसको आधारमा आगामी दिनमा कार्ययोजना तय गरेर अगाडि बढ्न सक्छौ भन्ने मलाई लाग्छ । राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रियस्तरका संघसंस्थाको सुदृढीकरणका लागि र तल्लो स्तरमा काम

गर्ने मानव अधिकार रक्षकको क्षमता विकासका लागि सरकार कार्य गर्न प्रतिबद्ध छ । आफ्नो क्षमताले भ्याएसम्म सरकारले सघाउने छ । यो सरकारको आफ्नो दायित्व हो । मानव अधिकार रक्षकको रक्षाको लागि छुट्टै कानूनी व्यवस्था गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयले प्रारम्भिक काम शुरु गरिसकेको छ । यस सम्मेलनले अहिले हामीले भोगिरहेका मानव अधिकार संरक्षण, सम्बर्द्धन र विकासका लागि हामीले भोगेका अप्ठ्यारा, चुनौती र कमजोरीलाई बस्तुपरक, यथार्थपरक ढंगले केलाउनेछ जुन आगामी दिनमा सबैको मार्गनिर्देशक बन्न सकोस ।

मानव अधिकार रक्षकको बारेमा २ वटा विषय निवेदन गर्न चाहन्छु :- संक्रमणकालिन अवस्थाले गर्दा होला मानव अधिकारकर्मीहरू कुनै कुनै दल बिशेषको सदस्य सँगसगै मानव अधिकारकर्मी पनि हुने । यसले कसैले केही गर्दा मानव अधिकार हनन हुने, कसैले त्यही काम गर्दा मानव अधिकार हनन नहुने अवस्था सृजना हुने । त्यसकारण हामी अधिकारकर्मीले पेशागत मर्यादा र सीमाको बारेमा स्पष्ट हुन सकेमा मात्र दीर्घकालिन हिसावले सही अर्थमा हामी अधिकार रक्षकको हिसावले आफ्नो क्षेत्रमा इमान्दारीपूर्वक काम गर्ने वातावरण बनाउन सक्छौ होला भन्ने लागेको छ । दोश्रो समाज असाध्यै धेरै तहमा विभाजित छ, यो जति तह वढी हुदै जान्छ, त्यति मानव अधिकार उल्लघंन र मानव अधिकार उल्लंघनका घटनालाई सम्बोधन गर्न असाध्यै कठिन र चुनौतीपूर्ण हुन्छ । कतिपय अवस्थामा मानव अधिकार हनन गर्नेलाई नै आफूले मानव अधिकार हनन गरेको थाहा हुन्छ न पीडितलाई पीडित भईरहेको थाहा हुन्छ । यसै तहगत समाजलाई समतामूलक समाजमा लैजान सामाजिक अभियानको खाँचो छ । हामी धेरै राजनैतिक अभियानभित्र मात्र लागिरह्यौ । यदि हामीले सामाजिक अभियानतिर उन्मुख गराउन सकेनौ भने अरु सबै कुराहरू चैं सम्भवतः राजनैतिक भाषण गर्ने, संघसंगठन वनाउने, कसैलाई सत्तामा पुऱ्याउने, कसैलाई भार्ने, कसैलाई वेइज्जत गर्ने, उचाल्ने, कसैलाई भार्ने विषय सिवाय अरु केही हुनसक्दैन । यस कारण तहगत समाजलाई समतामूलक समाजमा परिवर्तन गर्न मानव अधिकारकर्मीहरूले नै अभियान चलाउनु पर्छ ।

हामीले मानव अधिकारमुखी विकासका विषयमा लाक्षणिक अथवा श्रृंगारिक रुपमा केही कुरा उठाउने गरे पनि यसलाई गम्भिर रुपमा लिईएको पाइदैन । खान नपाएर मरेको, भाडा पखाला लागेर मरेको विषयमा हामी अलिक कम चासो राख्छौ, जुन स्तरको संवेदनशिलतामा हेर्नुपर्ने त्यो स्तरवाट हेर्न सकेका छैनौ । यी विषयवस्तु अलिक घुमाउरो भएर पनि होला र परम्परागत रुपमा हामीले स्वीकार्दै आएर पनि होला त्यतातिर पनि संगसगै जानु आवश्यक छ । यसतर्फ पनि बिचार गर्नुपर्छ । सरकारले विकासका कार्यक्रमहरूलाई अधिकारमुखी, अधिकार केन्द्रित र अधिकारमा आधारित बनाउने प्रयत्न जारी राखेको छ । बजेट वनाउँदा लैङ्गिक संवेदनशील कसरी बनाउन सकिन्छ ? भौतिक पूर्वाधार बनाउदा अपाङ्गमैत्री कसरी बनाउन सकिन्छ ? विभिन्न कार्यक्रम बनाउँदा पछाडि परेका विभिन्न जाति, वर्ग, सम्प्रदायको अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ भन्नेतर्फ सरकारको नीति तथा कार्यक्रम वनाउँदा ध्यान दिने त गरिएको छ । अझै पनि समस्याको जुन किसिमको स्तर छ, त्यो कुरा कार्यक्रमको हिसाबले साङ्गोपाङ्गोरुपमा सम्बोधन गर्न नसकेको त सत्य हो । तर हामी त्यतातर्फ उन्मुख छौ । तपाई हामी सबैको सहकार्य र सहयोग हुनसक्दा हामी पक्कै पनि आगामी दिनमा विकासका कार्यक्रमहरू अझ बढी अधिकारमुखी हुनेछन् । खास गरेर हाम्रा विकास कार्यक्रमहरू पछाडि परेका, अधिकार हनन भएका, मानव अधिकारवाट वञ्चित वर्गको अधिकार संरक्षण सम्बर्द्धनमा केन्द्रित हुनेछन् । यसका लागि तपाईहरू सबैको सहयोग र सहकार्यको लागि सरकार सँधै खुल्ला रहेको जानकारी गराउन चाहन्छु र दुई दिने कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै विदा हुन चाहन्छु र सम्माननीय प्रधानमन्त्री विरामी हुनु भएकोले आजको यस कार्यक्रममा आउन नसक्नु भएकोले उहाँको पनि शुभकामना सुनाउन चाहन्छु । धन्यवाद ।

### डेभलपमेण्ट काउन्सुलर, सातु पेहु भोइमा, फिन्ल्याण्ड राजदुतावास, काठमाण्डौ

I am glad to have been given this opportunity to say a few words in this occasion on behalf of the Finnish government – Finnish government being a long time partner to National Human Rights Commission.

Over the past few years Human Rights Commission has been assuming increasingly larger scope of functions and activities in protection and promotion of the human rights. The growing scope of activities has coincided with downsizing of international support to the Commission.

As an opportunity to employ and empower more resources to work for realization of human rights NHRC has identified the large human rights defenders community representing the civil society with whom NHRC has taken up strong collaboration and interaction. The conference that we are opening here this morning is an indication of that. The conference is also a follow- up and a kind of a graduate level seminar to the human rights defenders - many of whom have participated in training courses on human rights based approach and other human rights technical training organized by NHRC.

The programme of this national conference is comprehensive ranging from child - to elderly people rights and from transitional justice to disabled people rights. Many very experienced legal experts of Nepal will be contributing to the programme giving an excellent learning opportunity to the participants.

However, for realization of Human Rights, being a complex and demanding task, even the most experienced experts alone don't hold the wisdom to answer all questions. An example of that comes from my country where the formal sector and the government find it very difficult to fully respond to the needs of the elderly. Aging population and decreasing government resources have forced the formal sector to call on the civil society to come to help. The civil society in Finland is not called only to advocate for elderly peoples' rights but they are requested to come up with solutions in a challenging situation on how to realize elderly peoples' right to dignified life with sufficient material and social support and human interaction. The formal sector is also willing to have the non-government and private sector to assist implementation of programmes to ensure provision of basic services to all.

My understanding is that by inviting you – the Human Rights Defenders – to participate in this national conference the NHRC is calling you not only to identify human rights issues and challenges around you but to start to present your ideas for solutions for better realization of human rights whether they concern political or civil rights, or social and economic rights. In this spirit of shared duty I would like to wish the national conference be successful and lead to insightful thinking and action for better enjoyment of human rights of the Nepali people.

**अध्यक्ष, शर्मिला कार्की, गैरसरकारी संस्था महासंघ (सारांशमा)**

प्रजातन्त्रको प्रादुर्भावमा मात्र मानव अधिकारको सम्बर्द्धन र विकास हुन्छ भन्ने कुरा हाम्रो मुलुकवाट पुष्टि भएको छ । नेपालले मानव अधिकार सम्बन्धी धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौता र ऐच्छिक उपलेखमा हस्ताक्षर र अनुमोदन गरी सक्दा पनि हामीले त्यसलाई हुवहुरुपमा उपयोग गर्न पाएका छैनौं । हामीले लगातार बिरोध गर्दा गर्दै पनि पीडकलाई आम माफी दिने सरकारका निर्णयहरूले दण्डहीनताको संस्कृति मौलाएको छ । सरकारी नीति कार्ययोजनाको कार्यान्वयन अवस्था ज्यादै फितलो छ । मानव अधिकार रक्षकले मानव अधिकारका क्षेत्रमा काम गर्दा पारिवारिक, आर्थिक, शारीरिक तथा मानसिक यातना, धाकधम्कीको सामना गरिरहनु परेको छ । कति मानव अधिकार रक्षकहरूको हत्या समेत भएको छ । हामी मानव अधिकार रक्षकहरूले पनि गोली लागेर कोही मानिस मर्दा जुन खालको संवेदनशीलता देखाउँछौ, त्यही स्तरको संवेदनशीलतावाट खान नपाएर भोकै मर्न बाध्य व्यक्ति र महिला हिंसाका कारण वलात्कृत भएका, आगो लगाईएका, यातना र हत्या गरिएका महिलाको विषयवस्तुलाई उठाउन सकेका छैनौ । महिलाको समस्या महिलालेमात्र उठाउनु पर्छ भन्ने सोच हामीसँग पनि रहेको छ । यस्तो सोचमा परिवर्तन गरी महिलाको समस्या समग्र मानव अधिकारको समस्याको रुपमा हेरी पुरुष मानव अधिकार रक्षकले पनि महिलाका मानव अधिकारका हननको विषयमा आवाज उठाउनु पर्छ । मानव अधिकार रक्षकहरूको राष्ट्रिय मार्गनिर्देशिका अधिकार रक्षकको रक्षा गर्ने खालको वन्न सकेमा हामी मानव अधिकार रक्षकहरू आफै सम्मानित भएको महसुस गर्ने छौं ।

## अनुसूची ११
## समापन सत्रमा अभिव्यक्त मन्तव्यहरू (सारांशमा)

**माननीय अध्यक्ष, केदारनाथ उपाध्याय, राष्ट्रिय मानव अधिकार आयोग :**

आयोगका सदस्य गौरी प्रधानज्यू, आयोगका सचिव विशाल खनालज्यू, ड्यासमा रहनु भएका विभिन्न जिल्लावाट प्रतिनिधित्व गर्नुहुने आभा सिंहज्यू, संजिब विश्वकर्माज्यू, लक्ष्मी आचार्यज्यू र यहाँ उपस्थित हुनुभएका वरिष्ठ मानव अधिकारकर्मीज्यूहरू, सहभागी मानव अधिकार रक्षकज्यूहरू र सञ्चारकर्मी मित्रहरू ।

हामी मानव अधिकार आयोगले आयोजना गरेको मानव अधिकार रक्षकहरूको यो २ दिने राष्ट्रिय सम्मेलनको अन्तिम घडीमा छौं । विभिन्न मानवका विभिन्न समस्या छन् । विभिन्न जिल्लामा आ-आफ्नै विशेष प्रकारका समस्या होला । यस सम्मेलनको क्रममा ती समस्याको आदानप्रदान भयो होला र अवश्य पनि यसवाट केही ज्ञान र लाभ प्राप्त हुन सक्यो भन्ने मलाई लागेको छ । मानव अधिकार आयोगले केही वर्ष अघिदेखि मानव अधिकार रक्षकलाई प्रशिक्षणको व्यवस्था गरेको र त्यो प्रशिक्षणको लागि पाठ्यक्रमको पनि तयारी गरेको छ । यसमा मानव अधिकारका समस्त विषयलाई समावेश गर्ने विशेष सावधानी अपनाईएको छ ।

सम्मेलनको दौरान मानव अधिकार रक्षकहरूको मार्गनिर्देशिकाको बारेमा पनि छलफल भयो होला । यो निर्देशिका वन्नु राम्रो कुरा हो । यसमा मानव अधिकार रक्षकको आचरणको कुरापनि छ । रक्षकको साथसाथै आयोगको प्रतिनिधित्व गर्ने कर्मचारीले पनि मानव अधिकारका मूल्य र मान्यतामा विशेष ध्यान पुऱ्याउनु पर्छ । मानव अधिकारको सम्मान, संरक्षण गर्ने समुचित जिम्मेवारी सरकारको हो । सरकारले नै मानव अधिकारका मूल्य मान्यतालाई लागू गर्न बजेट निकासा गर्ने र कार्यान्वयनको लागि संयन्त्र निर्माण गर्नुपर्छ । मानव अधिकार उल्लंघनकर्तालाई कारवाही गर्ने, मुद्दा चलाउने, सजाय दिलाउने कार्य पनि सरकारको नै हो । हामीले सरकारलाई उक्त काम गर्न सहयोग गर्नुपर्छ । हामीले सरकारले गरेका ठीक छ, छैन भनेर हेर्ने र ठीक भएन भने ठीक छैन भन्छौ । यदि सरकारले मानव अधिकार र यसको मूल्य मान्यता के हो भन्ने बारेमा कर्मचारीलाई प्रशिक्षण दिन हाम्रो सहयोग माग्छ भने हामी जहिले पनि सहयोग गर्न तयार छौ । तर मानव अधिकारको उल्लंघन पनि सरकारका कर्मचारी र प्रहरी प्रशासनबाट नै हुनेगर्छ । त्यस्ता कर्मचारीलाई कारवाही पनि सरकारले नै गर्नुपर्छ । सरकारले गरेन भने आयोगले कार्यान्वयनको लागि दवाव दिन्छ । हामीले गर्ने काम नै सुझाव र सिफारिस हो । आयोगले गरेको कतिपय सिफारिस र नीतिगत सुझाव सरकारले कार्यान्वयन गरेको छ । द्वन्द्व पीडितलाई क्षतिपूर्ति दिलाएको छ । तर यी सकारात्मक कुराहरूको वावजुद तपाईहरूलाई थाहा छ होला, संयुक्त राष्ट्रसंघ मानव अधिकारको उच्चायुक्तको कार्यालयले हिजो प्रकाशित गरेको नेपाल सम्बन्धी प्रतिवेदनले नेपालको अवस्थाको कस्तो चित्रण गरेको छ । सरकारले नै पटकपटक मानव अधिकारको उल्लंघनकर्ताहरूलाई संरक्षण दिने, दण्डहीनताको संस्कृतिलाई परोक्षरुपमा संरक्षण गर्दै मुद्दा फिर्ताको संस्कृतिलाई प्रोत्साहन गर्ने कुरा गरिरहेकोछ । कतिपय पत्रकार मारिए, त्यसमा मुद्दा चलेर अन्तिम परिणतिमा अपराधीले सजाय पाएको धेरै कम मात्र छन् । मानव अधिकार रक्षकहरूले निर्भय र निर्भीकताका साथ काम गर्दा कति खतरा मोल्नु पर्छ भन्ने थाहा हुँदाहुँदै यी जोखिमको वावजुद तपाई मानव अधिकार रक्षकहरूले अरुको मानव अधिकार रक्षाको लागि निरन्तर कम्मर कसी रहनु भएको छ । यो निश्चय पनि ठुलो काम हो । तपाईहरूलाई विश्वास दिलाउन चाहन्छु कि तपाईहरूको रक्षाको लागि आयोग सधै तत्पर रहनेछ । धन्यवाद !

**माननीय सदस्य, गौरी प्रधान, राष्ट्रिय मानव अधिकार आयोग :**

अध्यक्षज्यू, सचिवज्यू, समापन समारोहमा आ-आफ्नो बिचारहरू व्यक्त गर्नुहुने विभिन्न क्षेत्रका प्रतिनिधि साथीहरू र उपस्थित सम्पूर्ण मानव अधिकार रक्षक मित्रहरू !!

सबैभन्दा पहिले त असाध्यै महत्वपूर्ण मानव अधिकारका सरोकारका विषयवस्तु समेटेर छलफल गरी आज निष्कर्षमा १० बुँदे घोषणा पत्र जारी गर्दै सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नु भएको छ । यसको लागि राष्ट्रिय मानव अधिकार आयोगको तर्फवाट बधाई र शुभकामना दिन चाहन्छु ।

यसमा उल्लेखित विषयवस्तुहरू नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानको निम्ति काम गर्नुपर्ने विभिन्न सरोकारवालासँग गाँसिएको विषय रहेको छ । यी विषयहरू हामी सबैको सहकार्य र समन्वयवाट मात्र व्यवहारमा रुपान्तरित गर्न सक्नेछौं । यसको निम्ति हामी सबै प्रतिबद्ध हुनु जरुरी छ । संयुक्त राष्ट्रसंघ मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयवाट नेपालको सशस्त्र द्वन्द्वकालको मानव अधिकारको स्थितिको विषयलाई लिएर हिजैको दिन वा हाम्रो सम्मेलन भइराखेको समयमा प्रतिवेदन सार्वजनिक भएको छ । यस विषयमा संयुक्त राष्ट्रसंघदेखि लिएर विभिन्न सञ्चार माध्यमवाट विश्वभरी टिकाटिप्पणी भई रहेकोछ । नेपालको मानव अधिकारको विषयले विश्वभर चर्चा पाईरहेको परिप्रेक्षमा सम्पन्न भएको यो सम्मेलन आफैमा महत्वपूर्ण छ । घोषणापत्रका कतिपय विषयहरू सो प्रतिवेदनसंग पनि सम्बन्धित छ । आयोगको स्थापना द्वन्द्वको मध्यकालमा भएकोले त्यसवेला आयोगमा परेका उजुरी त्यस समयको हत्या, हिंसा, यातना, लगायतका मानव अधिकारका उल्लघंनका घटनासँग सम्बन्धित रहेको र त्यसवेलाका करिव ५००० भन्दा वढी उजुरी आयोगले टुङ्गोमा पुऱ्याई सकेको छ । यसले मानव अधिकार आयोगलाई अग्रगति प्रदान गर्न मद्दत गर्ने छ र यसले आयोगलाई शक्ति थपगर्न पनि हामीलाई अझै उत्साह प्रदान गरेको मैले महसुस गरेको छु ।

राष्ट्रिय मानव अधिकार आयोगको १२ वर्षको इतिहासमा यो पछिल्लो सबैभन्दा कान्छो संवैधानिक आयोग हो । अप्ठ्यारै अप्ठ्याराका बीचमा यसको स्थापना भएको छ । यसको संस्थागत विकास गर्न पनि हामीले थुप्रै चुनौतीहरू प्राप्त गरिराखेका छौं । तर त्यसको वावजुद पनि हामीले एउटा निर्णय गऱ्यौ कि देशका कुनाकन्दरा र अप्ठ्यारो ठाउँमा काम गरिराखेका जतिपनि रक्षक साथीहरू हुन्, तिनीहरू नै हाम्रा वास्तविक प्रतिनिधिहरू हुन् । हाम्रो आफ्नै कार्यालय र औपचारिक प्रतिनिधिहरू नै गाउँमा नभई राखेको अवस्थामा हामीलाई विभिन्न माध्यमवाट जानकारी गराउने मानव अधिकार रक्षकसाथीहरू नै हुन् उहाँहरूलाई एकै ठाउँमा राखेर राष्ट्रिय रुपमा किन छलफल नगर्ने ? उहाँहरूको पीडाहरू के हुन ? अप्ठ्याराहरू के हुन ? उहाँहरूले भोगिराखेका समस्याहरू के हुन ? यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ? राज्य र सरकारलाई पनि त्यतातिर ध्यान दिलाउनका निम्ति तपाईहरूका कतिपय सवालहरू हामीलाई थाहै नभएको होइन, तर पनि प्रत्यक्षतः यो मानव अधिकार रक्षकहरूको सम्मेलनको माध्यमवाट यसलाई एउटा औपचारिक स्वरुप दिएर एउटा राष्ट्रियरुपमा सम्बोधन गर्न पनि हामीले यो प्रयत्न गरेका हौ । यसमा हामी कति सफल असफल के भयौ यसको मूल्याङ्कन तपाईहरूकै हातमा छ ।

पूर्ववक्ता चारजना साथीहरूले व्यक्त गर्नुभएको बिचार अनुसार यो असाध्यै महत्वपूर्ण रह्यो । यसमा देशका विभिन्न परिस्थितिका मानव अधिकार हननका विषयमा छलफल भयो । साथीहरूका बीचमा चिनापर्ची वढ्यो । एउटा सम्पर्क र समन्वयका कुरा अघि वढ्यो र राष्ट्रिय मानव अधिकार आयोगलाई यो काम निरन्तर गर्नका निम्ति हामीलाई सुझाव पनि दिनुभयो साथै पहिलो चोटि भएकोले केही कमजोरी पनि भयो भनेर टिका टिप्पणी गर्नुभयो । हरेक कार्यक्रममा सवल र कमसल दुवै पक्ष हुन्छन । कमसल पक्षलाई हामीले कमजोरीको रुपमा महसुस गरेको दिन यो शिक्षा पनि हो । अर्कोचोटी जब हामी फेरि तपाईहरूसँग भेटघाट गर्दछौ, ती सुझावहरूलाई मध्यनजर राखेर त्यसलाई शिक्षाकोरुपमा राखेर खासगरी पहिचानको अधिकारको पक्ष, प्रतिनिधित्वको पक्ष, यो देशका विभिन्न क्षेत्रका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका क्षेत्रहरूमा, मधेसी, दलित, जनजाति, अपाङ्ग, अल्पसंख्यक, उत्पीडितको अधिकारलाई कसरी यस्ता सम्मेलनमा सम्वोधन गर्न सकिन्छ भन्ने कुराहरू आएको छ । केही व्यवस्थापनका त्रुटि पनि हुनसक्दछ र केही सानोतिनो असमझदारी भएको कुरापनि सुन्यौ ।

यो महत्वपूर्ण कार्यक्रम आयोजना गर्दा आयोजनाको क्रममा वा अवधारणात्मक सुस्पष्टताकोक्रममा राष्ट्रिय मानव अधिकार आयोगको तर्फवाट कहीँकतै केही कमीकमजोरी भएको छ भने त्यसको लागि आयोगको तर्फवाट म क्षमाप्रार्थी छु र जुन विषय तपाईहरूले इंगित गर्नुभएको छ, यसलाई हामी सुधार गर्नेछौ र देशको मानव अधिकारको स्थिति तपाई हामीले सोचेको जस्तो सवल

छैन । जुन देशमा मानव अधिकारको संस्कार निर्माण हुन सक्दैन, मानव अधिकार शिक्षा अगाडि वढन सक्दैन र जुन देशका दण्डहीनता कायम रहन्छ भने त्यस देशमा लोकतन्त्र गणतन्त्र जे सुकै भनिएता पनि साँचो अर्थमा त्यो देशमा दिगो विकास हुन सक्दैन । अवको दिन यो देशमा पछाडि पारिएका अप्ठ्यारोमा परेका र सिमान्त अवस्थामा बाँच्न बाध्य भएका तिनका आवाजहरूलाई बुलन्द गर्दै तिनीहरूको बीचमा राज्यले सेवा र विकास कसरी पुऱ्याउने भन्ने विषयमा केन्द्रीत हुन जरुरी छ । यहाँ जतिपनि कार्यपत्रहरू पेश भए, छलफलहरू भए त्यसले पक्कैपनि तपाईहरूको ज्ञानगुनको क्षेत्रलाई विस्तार गर्न सहयोग पुगेको हुनुपर्दछ । यहाँ तपाईहरूले आफ्नो सम्पर्क ठेगाना उपलब्ध गराई दिनुहुन्छ भने राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशन गरेका कुराहरू जति पनि हाम्रा सूचनाहरू छन् ती पनि तपाईहरूको वीचमा पुऱ्याउन हामी प्रयत्न गर्नेछौं । भविष्यमा आयोगको ७५ वटै जिल्लामा सम्पर्क कार्यालय पुऱ्याउने सोच रहेको छ । त्यसको निम्ति यहाँहरूले पनि आह्वान गर्नु भएको छ । त्यसको बीचवाट हामीले गाउँगाउँ स्तरसम्म मानव अधिकारका आधारभूत कुराहरूलाई हामीले व्यवहारमा रुपान्तरण गर्न सकेका छौ कि छैनौ भन्ने कुरा हेर्ने हो । यसैबीच जुन मार्गनिर्देशिकाहरू वनेको छ, दुबै महत्वपूर्ण छ एउटा सहकार्य सम्बन्धी जसमा मानव अधिकार आयोग र मानव अधिकार समुदायका बीचमा कसरी सहकार्य हुन सक्दछ भन्ने र अर्को मानव अधिकार रक्षकहरूको संरक्षण कसरी गर्न सकिन्छ ? भन्ने र यसैवीचमा मानव अधिकार रक्षकहरूको भूमिकाको बारेमा समेत आचारसंहिता वनेको छ । यसमा मानव अधिकार रक्षकहरूले पुरा गर्नुपर्ने पक्षहरूको बारेमा पनि त्यहाँभित्र सम्बोधन गरिएको छ ।

यस सम्मेलनमा पेश भएका मानव अधिकार रक्षकहरूको मार्गनिर्देशिका, २०६९ र मानव अधिकार आयोगको मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ अत्यन्त महत्वपूर्ण छन् । यसमा तपाईहरूवाट प्राप्त भएका सुझावलाई पनि समेटेर आयोगले यसलाई औपचारिकता दिनेछ । यसलाई हामी सबैले सम्मान गर्नेछौं र हामी सबैले व्यवहारिक रुपमा रुपान्तरण गर्नको निम्ति प्रयत्न गर्नेछौं । तपाईहरूले जुन दुई दिनको समय दिनु भएको छ त्यो सार्थक भयो होला । तपाईहरूको वसाई राम्रो भयो होला । देशमा महत्वपूर्ण चाडहरू अगाडि आईरहेको छ । दशैं तिहार, इद लगायत महत्वपूर्ण चाड अगाडि आईरहेको छ । यसको अवसरमा तपाईहरू सबैलाई शुभकामना दिदै यो महत्वपूर्ण अवसरमा तपाईहरूको यात्रा आनन्दमय होस र सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**सचिव, विशाल खनाल, राष्ट्रिय मानव अधिकार आयोग**

पचहत्तरै जिल्लावाट साथीहरू आउनु भई जुन हामीलाई उत्साह प्रदान गर्नु भएको छ त्यसको लागि हामी अत्यन्त आभारी छौ । यहाँहरूको उपस्थिति नभई दिएको भए सम्मेलन सम्भव थिएन । त्यसैले आउने दिनहरूमा पनि सम्पूर्ण मानव अधिकार रक्षक साथीहरूवाट हामी आयोगसँग एकतावद्ध भएर अघि वढने कुरामा प्रतिबद्ध भई सकेका छौ । घोषणापत्र पारित भईसकेको छ । यस अवस्थामा म सम्पूर्ण सहभागी मित्रहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । सम्मेलनको विभिन्न सत्रहरूमा अध्यक्षता गर्नु हुने वरिष्ठ मानव अधिकार रक्षकहरू, कार्यपत्र प्रस्तोता, टिप्पणीकर्ताज्यूहरूले विभिन्न interaction को माध्यमले cross watching को रुपमा दिनु भएको input हरू सम्मेलनलाई सफल बनाउन अत्यन्त महत्वपूर्ण थिए । उहाँहरूलाई सम्पूर्ण सहभागी मित्रहरूको तर्फवाट धन्यवाद दिन आवश्यक छ भन्ने मलाई लाग्छ । यसैगरी यो कार्यक्रमलाई आयोजना गर्न सहयोग गर्ने फिनल्याण्ड सरकार र सफलतापूर्वक सञ्चालन गर्न मानव अधिकार आयोगका निर्देशक, उपनिर्देशक र कर्मचारी साथीहरूले जुन योगदान गर्नुभयो यसको लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्नैपर्छ । केही सानातिना तलमाथि भए होला गल्ती कमजोरी भए होला, त्यसमा कोही साथीहरूमा तलमाथि भएको भए केही अप्रिय घटना घटेको भए वा साथीहरूलाई मान चित्त दुखेको अवस्था रहेकोछ भने यही हलमा विर्सिदिन अनुरोध गर्दछु । किनभने त्यो हाम्रो कहीं कतै उद्देश्य होइन । गर्दै भन्दै जाँदा कहीँ कतै सानातिना तलमाथि भए होला त्यसको लागि हामीले बिचार गर्नुपर्ने हुन्छ । यसमा हामीले बिचार गरेका छौ । आगामी दिनमा सुधार गरेर लानेछौ र यहाँहरूवाट पनि सुधारकोलागि अपेक्षा गरेका छौ । अन्तमा आफ्नो गृह जिल्लामा जाने वेलामा शुभ सन्देश लिएर जानु होला, मानव अधिकारको एकतावद्धतालाई विस्तार गर्ने क्रममा सन्देश लिएर जानु होला भन्दै यहाँवाट विदा हुन्छु, तपाईहरूलाई धेरै धेरै धन्यवाद !!

**सन्जिब विश्वकर्मा** (दलित गैर सरकारी संस्था महासंघका पूर्वान्चल प्रतिनिधि) :

मानव अधिकार आयोगले आयोजना गरेको मानव अधिकार रक्षकहरूको यो प्रथम राष्ट्रिय सम्मेलनमा मानव अधिकार सम्बन्धी धेरै कुरा आए । धेरै कुरा जान्ने मौका मिल्यो । समग्रमा सबै कार्यपत्रका सत्रहरू राम्रा रहे । आगामी सम्मेलनमा सम्पूर्ण राष्ट्रका मानव अधिकारसँग सम्बन्धित मुद्दाहरू सम्वोधन हुनेगरी अझ बृहत रुपमा सम्मेलनको कार्यसूची वन्न सकोस् भन्ने कामना गर्दछु ।

**आभा सिंह** (महिला विभाग प्रमुख, सेतु सामुदायिक विकास तथा मानव अधिकार संस्था, सप्तरी) :

मानव अधिकारकर्मीलाई एक ठाउँमा राखेर बिचार आदान प्रदान गर्ने मौका प्रदान गरेकोमा आयोगलाई धन्यवाद दिन चाहन्छु । सम्मेलनमा पेश भएका प्रतिवेदनमानव अधिकार रक्षकको चुनौती, सम्भावना र अवसरलाई मुख्य विषय वनाएको भए हामी अधिकारकर्मीलाई धेरै राम्रो हुने थियो । मानव अधिकार आयोगले मधेसी, दलित, जनजाति सबैको अधिकारलाई सुनिश्चित गर्न सक्नुपर्छ र सबैका कुरा बराबरी सुन्नुपर्छ । अबका कार्यक्रममा पनि सबैको सहभागिता र उनीहरूको आवाज आयोगले सुनी अर्थपूर्ण सहभागिताका अभिवृद्धिमा आयोगले जोड दिनेछ भन्ने आशा राखेको छु ।

**सुनिल शाह** (अध्यक्ष, समग्र जनउत्थान केन्द्र, सिराहा) :

आयोगले ऐतिहासिक कार्यको शुरुवात गरेकोमा आयोगलाई धेरै धेरै धन्यवाद । सम्पूर्ण उपलब्धि एकै कार्यक्रमवाट पाउन गाह्रो हुन्छ । यो सम्मेलनमा जे जति कार्यपत्रहरू पेश भए, यसवाट हामी सहभागीले धेरै ज्ञान प्राप्त गर्न सफल भएका छौ । सम्मेलनमा मानव अधिकार रक्षकको सुरक्षा, समस्या, चुनौती र अवसरको विषयमा र रक्षकले अहिले भोगिरहेका ज्वलन्त समस्याकोबारेमा समेत व्यापक छलफल गरी निचोड निकाल्न सकेको भए मानव अधिकार आयोग र हामी सहभागीलाई पनि एउटा मार्गनिर्देश प्राप्त हुन सक्ने थियो जस्तो मलाई लागेको छ ।

**लक्ष्मी शर्मा आचार्य** (अध्यक्ष, महिला अधिकार सन्जाल, दाङ) :

देशभरिका मानव अधिकार रक्षकलाई एकै ठाउँमा भेला गराएर बिचार आदानप्रदान गर्ने अवसर प्राप्त भएको छ । यसमा पेश भएका कार्यपत्र राम्रा र ज्ञानबर्द्धक छन् । मानव अधिकार आयोगले वनाउन लागेको मार्गनिर्देशिकामा महिला सुरक्षाको विषयमा स्पष्ट व्यवस्था गरी जारी गरियोस । मानव अधिकार आयोगले गर्ने कार्यक्रममा दुरदराजमा काम गर्ने अधिकारकर्मीको बढी भन्दा बढी सहभागिता हुने व्यवस्था गर्न सक्नुपर्छ । सीमान्तकृत समुदायका महिलाको मानव अधिकार वढी हनन भएको छ । यो वर्ग समुदायको अधिकारको लागि काम गर्ने मानव अधिकार रक्षक सबैभन्दा बढी जोखिममा रहेकोले यसको सुरक्षाको व्यवस्थाको लागि आयोगको तर्फवाट ठोस कार्य होस् भन्ने आग्रह गर्न चाहन्छु ।

**अनुसूची १२**

अनुसूची १३

## सम्मेलनमा सहभागीहरूका नामावली

| | | | |
|---|---|---|---|
| १ | केदारनाथ उपाध्याय, अध्यक्ष, रामाअआ | २२ | विपिन गौतम, इन्सेक, रौतहट |
| २ | रामनगीना सिंह, सदस्य, रामाअआ | २३ | दीपकजंगध्वज कार्की, उपनिर्देशक, रामाअआ, बुटवल |
| ३ | गौरी प्रधान, सदस्य, रामाअआ | २४ | झंकरबहादुर रावल, माअअ, रामाअआ, जुम्ला |
| ४ | विशाल खनाल, सचिव, रामाअआ | २५ | प्रेमकुमार साह, नेमाधि संघ, पर्सा |
| ५ | वेदप्रसाद भट्टराई, निर्देशक, रामाअआ | २६ | प्रकाश खतिवडा, बाल कल्याण समाज, मकवानपुर |
| ६ | सुवर्ण कर्माचार्य, निर्देशक, रामाअआ | २७ | रजनीकान्त झा, नेमाधि संघ, सर्लाही |
| ७ | देवमान कडरिया, वातावरण संरक्षण तथा विकास मञ्च, ताप्लेजुङ्ग | २८ | सुनील साह, समग्र जनउत्थान केन्द्र, सिरहा |
| ८ | दुसबि भट्टराई, महिला मानव अधिकार रक्षक सञ्जाल, इलाम | २९ | अनिल कुमार झा, सर्लाही |
| ९ | श्याम पोखरेल, नेपाल मानव अधिकार संगठन, झापा | ३० | आभा सेतु सिंह, सेतु सामुदायिक विकास तथा मानव अधिकार मञ्च, सप्तरी |
| १० | कमला बास्कोटा, महिला मानव अधिकार रक्षक सञ्जाल, पाँचथर | ३१ | विश्वराम दुवाल, नेपाल मानव अधिकार संगठन, भक्तपुर |
| ११ | डा. खगेन्द्र कटुवाल, नेपाल मानव अधिकार संगठन, धनकुटा | ३२ | कोषराज न्यौपाने, नि.निर्देशक, रामाअआ, बिराटनगर |
| १२ | मंजिता उपाध्याय, पूर्वाञ्चल मानव अधिकार सञ्जाल, मोरङ | ३३ | दुर्गा खड्का, उपनिर्देशक, रामाअआ, ललितपुर |
| १३ | सञ्जिव विश्वकर्मा, दलित गैसस महासंघ, सुनसरी | ३४ | भोजराज तिमिल्सिना, मानव अधिकार शिक्षा तथा सूचना केन्द्र, काभ्रे |
| १४ | कल्पना रिमाल गौतम, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, तेह्रथुम | ३५ | आनन्द दाहाल, इन्सेक, सिन्धुली |
| १५ | राजेन्द्र सर्वहारा निरौला, काहुराष्ट नेपाल, संखुवासभा | ३६ | चिरञ्जीवी मास्के, नेपाल पत्रकार महासंघ, दोलखा |
| १६ | नारायणदास राई, नेपाल बार इकाई, खोटाङ | ३७ | शर्मिला थापा मगर, DAWHRD, नुवाकोट |
| १७ | ज्ञानेन्द्र खड्का, स्थानीय शान्ति समिति, भोजपुर | ३८ | बुद्धनारायण साह केवट, नि.क्षेत्रीय निर्देशक, रामाअआ, जनकपुर |
| १८ | शिवप्रसाद ढुङ्गाना, गैसस महासंघ, ओखलढुङ्गा | ३९ | गीता धिताल, रिमेक, सिन्धुपाल्चोक |
| १९ | मिङ्मारडोमा तामाङ्ग, महिला मानव अधिकार रक्षक सञ्जाल, सोलुखुम्बु | ४० | बद्री नयाँघरे, अपाङ्ग सचेतना सेवा केन्द्र, रामेछाप |
| २० | विजय दत्त, भुमिजा मानव अधिकार संघ, धनुषा | ४१ | राधिका सापकोटा, फोर्स नेपाल, धादिङ्ग |
| २१ | श्यामानन्द चौधरी, एडभोकेसी फोरम, उदयपुर | ४२ | उद्वीर नेपाली, राष्ट्रिय दलित विकास संस्था, पर्वत |

| | | | |
|---|---|---|---|
| ४३ | युवराज पराजुली, स्याङ्गजा अपाङ्ग समाज, स्याङ्गजा | ६८ | श्यामबाबु काफ्ले, माअअ, रामअआ, ललितपुर |
| ४४ | खगराज आचार्य, स्थानीय शान्ति समिति, कास्की | ६९ | तुलसा आचार्य, इन्सेक, रोल्पा |
| ४५ | वन्दना शर्मा पौडेल, महिला मानव अधिकार रक्षक सञ्जाल, म्याग्दी | ७० | मरियन इद्रिसी, आवाज, बर्दिया |
| ४६ | राम शर्मा, एडभोकसी फोरम, बाग्लुङ्ग | ७१ | दुर्गा सापकोटा, नेपाल बार एशोसियन, सुर्खेत |
| ४७ | मुरारी खरेल, नि.निर्देशक, रामाअआ, नेपालगंज | ७२ | सपना वि.क., गैसस महासंघ, जाजरकोट |
| ४८ | सुरेश मल्ल, मानव अधिकार अधिकृत (माअअ) रामाअआ, ललितपुर | ७३ | भावुकजंग थापा, राष्ट्रिय अपाङ्ग महासंघ, बाँके |
| ४९ | कृष्णप्रसाद अधिकारी, इन्सेक, लमजुङ्ग | ७४ | राजेन्द्र बस्नेत, राष्ट्रिय अपाङ्ग महासंघ, बाँके |
| ५० | मालती घले, महिला मानव अधिकार रक्षक सञ्जाल, मनाङ्ग | ७५ | मन्जिता चौधरी, मुक्त कम्लरी विकास मञ्च, बाँके |
| ५१ | यदु अधिकारी, मानव अधिकार तथा शान्ति समाज, गोरखा | ७६ | धनबहादुर गौतम, आत्मसम्मानको लागि सहकार्य, जुम्ला |
| ५२ | गोविन्द पन्त, मानव अधिकार सञ्जाल, तनहुँ | ७७ | रेगम महर्जन, माअअ, रामाअआ, ललितपुर |
| ५३ | रवि ठाकुर, माहुरी होम, कपिलवस्तु | ७८ | कालीबहादुर मल्ल, मानव अधिकार तथा विकास सञ्चार केन्द्र, कालीकोट |
| ५४ | किरण धिताल, रामाअआ, ललितपुर | ७९ | खगेन्द्र छत्याल, इन्सेक, हुम्ला |
| ५५ | माया घिमिरे, रामाअआ, ललितपुर | ८० | शेरबहादुर शाही, नागरिक समाज, बाजुरा |
| ५६ | गीता शर्मा, महिला मानव अधिकार रक्षक सञ्जाल, पाल्पा | ८१ | प्रकाश वि.क., इन्सेक, बझाङ्ग |
| ५७ | कैलाश ठाकुर, HURON, नवलपरासी | ८२ | शिवराज खत्री, खप्तड न्यूज दैनिक, अछाम |
| ५८ | नेत्र पाण्डे, काहुराष्ट, रुपन्देही | ८३ | सुर्यबहादुर देउजा, माअअ, रामाअआ, ललितपुर |
| ५९ | हरि पोखरेल, मानव अधिकार एलायन्स, गुल्मी | ८४ | मीना आहुजी, मानव अधिकार तथा जनसेवा केन्द्र, डोटी |
| ६० | सविता प्रजापति, रामाअआ, ललितपुर | ८५ | बासुदेव बजगाई, माअअ, रामाअआ, ललितपुर |
| ६१ | प्रतिभा राई, रामाअआ, ललितपुर | ८६ | जीवन्ती पौडेल, सामाजिक परिवर्तनका लागि महिला जागरण मञ्च, कैलाली |
| ६२ | हुमा गैरे, सिर्जनशील अपाङ्ग विकास केन्द्र, अर्घाखाँची | ८७ | बजित सिंह बुढाथोकी, व्यासी शौका समाज, दार्चुला |
| ६३ | शेरबहादुर बुढा, नागरिक समाज, डोल्पा | ८८ | नविन बम, त्रिवेणी समाज, बैतडी |
| ६४ | रामचन्द्र रेग्मी, HURPLCS, सल्यान | ८९ | डम्बर वि.क., मुक्त हलिया समाज, डडेलधुरा |
| ६५ | बेला सुनार, महिला मानव अधिकार रक्षक सञ्जाल, प्युठान | ९० | डा. टीकाराम पोखरेल, नि. निर्देशक, रामाअआ, धनगढी |
| ६६ | लक्ष्मी आचार्य, महिला मानव अधिकार रक्षक सञ्जाल, दाङ्ग | ९१ | शोभा सुनार, कञ्चनपुर |
| ६७ | गीता दाहाल, माअअ, रामाअआ, ललितपुर | ९२ | प्रेमराज कट्टेल, नागरिक समाज, गोरखा |

| | | | |
|---|---|---|---|
| ९३ | विष्णु तिमिल्सिना, सा.स. मञ्च, बर्दिया | ११६ | राजकाजी रंजित, काठमाडौं |
| ९४ | चन्द्रकला उप्रेती, Society of Conflict Victims for Justice, बाँके | ११७ | द्रोणाचार्य पराजुली, नागरिक समाज, काठमाडौं |
| ९५ | वी.पी. अधिकारी, INHURED International, काठमाडौं | ११८ | कल्पना भुजेल, DHRC Nepal, काठमाडौं |
| ९६ | रमेश पौडेल, हिमराइट्स, काठमाडौं | ११९ | सम्झना शर्मा, माअअ, रामाअआ, ललितपुर |
| ९७ | शोभा घिमिरे, रामाअआ, ललितपुर | १२० | मदन रोकाया, NFDN, काठमाडौं |
| ९८ | बिकल श्रेष्ठ, नियोक, काठमाडौं | १२१ | रमेशबाबु तिवारी, NHRPFDN, काठमाडौं |
| ९९ | शोभा महर्जन, नेपाल मानव अधिकार संगठन, काठमाडौं | १२२ | गोकुल पन्त, CVICT, काठमाडौं |
| १०० | यादव पौडेल, रामाअआ, ललितपुर | १२३ | केदारनाथ जोशी, सन्ध्याकालीन दैनिक, काठमाडौं |
| १०१ | शंकर शाह, मधेशी जनअधिकार फोरम, | १२४ | भुवन नाथ, रामाअआ, ललितपुर |
| १०२ | बिनोद कुमार विश्वकर्मा, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान, काठमाडौं | १२५ | सिन्धु सापकोटा, FOHRIN, काठमाडौं |
| १०३ | सुजन भट्टराई, NAOSC, Nepal, काठमाडौं | १२६ | नारायण गौतम, होप नेपाल, काठमाडौं |
| १०४ | मोहन गौतम, सोल्भ नेपाल, काठमाडौ | १२७ | लोकनाथ दाहाल, म्याग्नाकार्टा नेपाल, काठमाडौं |
| १०५ | यज्ञप्रसाद अधिकारी, नि.निर्देशक, रामाअआ, पोखरा | १२८ | राधिका पौडेल, परिवर्तन नेपाल, काठमाडौं |
| १०६ | सुदर्शन शिवाकोटी, सितारा नेपाल, काठमाडौं | १२९ | रामशरण श्रेष्ठ, रामाअआ, ललितपुर |
| १०७ | प्रभु ढकाल, नेपाल प्रहरी, काठमाडौं | १३० | कुमार लामा, रामाअआ, ललितपुर |
| १०८ | सम्झना श्रेष्ठ, इन्सेक, काठमाडौं | १३१ | विष्णुदेवी पौडेल, राष्ट्रिय योजना आयोग, काठमाडौं |
| १०९ | तारा महर्जन, राष्ट्रिय महिला आयोग, काठमाडौं | १३२ | बेदनाथ पन्थी, , काठमाडौं |
| ११० | सरिता लामिछाने, ने.अ.म.संघ, काठमाडौं | १३३ | छत्र शंकर, मानव अधिकार पत्रकार संघ, काठमाडौं |
| १११ | लक्ष्मी श्रेष्ठ , रा.सो.अ.संघ, काठमाडौं | १३४ | समीर शर्मा, YHR Nepal, काठमाडौं |
| ११२ | ललन चौधरी, काहुराष्ट नेपाल, काठमाडौं | १३५ | लेखनाथ अधिकारी, एम्नेष्टी इन्टरनेशनल, काठमाडौं |
| ११३ | विजय विश्वकर्मा, ह्युमन राइट्स एलायन्स, काठमाडौं | १३६ | रारा कर्माचार्य, रामाअआ, ललितपुर |
| ११४ | सुबोध पोखरेल, माअअ, रामाअआ, ललितपुर | १३७ | कृष्णनारायण श्रेष्ठ, रामाअआ, ललितपुर |
| ११५ | सतीशराज मैनाली, OHR Nepal, काठमाडौं | १३८ | प्रदीप लामा, समाचारसार, काठमाडौं |

| | | | |
|---|---|---|---|
| १३९ | सन्तोष रानामगर, LAHURNIP, काठमाडौं | १६० | आकृति राणा, नेपाली सेना, काठमाडौं |
| १४० | दीपेन्द्र बोहरा, ललितपुर आवाज, ललितपुर | १६१ | तुम्ला राई, रक्षा मन्त्रालय, काठमाडौं |
| १४१ | सुमन भट्टराई, Creation Work, काठमाडौं | १६२ | जनार्दन बडाल, लेखा अधिकृत, रामाअआ, ललितपुर |
| १४२ | प्रकाशबहादुर शाही, Hamro Nepal Foundation, काठमाडौं | १६३ | शेरबहादुर शाह, नागरिक समाज सेवा केन्द्र, |
| १४३ | कृष्णराज सर्वहारा, स्वतन्त्र पत्रकार, काठमाडौं | १६४ | अशोक दाहाल, एबिसी टेलिभिजन, काठमाडौं |
| १४४ | अहिल्या अधिकारी, जागरण नेपाल, काठमाडौं | १६५ | बिनिता श्रेष्ठ, माइती नेपाल, काठमाडौं |
| १४५ | सुवास शिवाकोटी, अधिकृत, रामाअआ, ललितपुर | १६६ | भरत अधिकारी, सिविन नेपाल, काठमाडौं |
| १४६ | लोकनाथ बास्तोला, अधिकृत, रामाअआ, ललितपुर | १६७ | संग्रामजीत लामा, रामाअआ, ललितपुर |
| १४७ | डेभिड महत, मानव अधिकार सामुदायिक सेवा, काठमाडौं | १६८ | चुडाकुमारी भट्टराई, नेपाल मेडिकल काउन्सिल, काठमाडौं |
| १४८ | देविका तिमिल्सिना, IHRICON, काठमाडौं | १६९ | सुशील थपलिया, नेपाल बार एशोसियसन, काठमाडौं |
| १४९ | रीना श्रेष्ठ, मानव अधिकार संगठन, काठमाडौं | १७० | पवित्रा घिमिरे खनाल, शान्ति तथा पुनर्निमाण मन्त्रालय, काठमाडौं |
| १५० | रोजिना तामाङ, रामाअआ, ललितपुर | १७१ | माधवप्रसाद पौडेल, सशस्त्र प्रहरी बल, काठमाडौं |
| १५१ | हिरामाया महर्जन, रामाअआ, ललितपुर | १७२ | मुकेश ढुङ्गाना, काठमाडौं स्कुल अफ ल, काठमाडौं |
| १५२ | नरेन खतिवडा, COCAP, काठमाडौं | १७३ | सीता रेग्मी, रामाअआ, ललितपुर |
| १५३ | दुर्गा थापा, नीलहीरा समाज, काठमाडौं | १७४ | राधा दाहाल, रामाअआ, ललितपुर |
| १५४ | निर्मला काफ्ले, महिला मानव अधिकार रक्षक, काभ्रे | १७५ | विमला खनाल, महिला हित संरक्षण मञ्च, काठमाडौं |
| १५५ | बालकुमारी रायमाझी, क्रियशन नेपाल, काठमाडौं | १७६ | रामकुमार भण्डारी, बेपत्ता परिवार राष्ट्रिय सञ्जाल, काभ्रे |
| १५६ | बाबुकृष्ण पन्त, सगरमाथा समूह नेपाल, काभ्रे | १७७ | घमन तामाङ्ग, AI Group, काठमाडौं |
| १५७ | बीरबहादुर बुढामगर, रामाअआ, ललितपुर | १७८ | अजिता ढकाल, रामाअआ, ललितपुर |
| १५८ | खिमानन्द बस्याल, रामाअआ, ललितपुर | १७९ | इन्दिरा पोखरेल, रामाअआ, ललितपुर |
| १५९ | उर्मिला शर्मा, नेपाल ल क्याम्पस, काठमाडौं | १८० | यज्ञ खत्री, HURFON, काठमाडौं |

| | | | |
|---|---|---|---|
| १८१ | भीम राई, LAHURNIP, काठमाडौं | २०४ | महेन्द्र भट्टराई, अनुसन्धान विभाग, काठमाडौं |
| १८२ | अशोक केसी, CHRICK, काठमाडौं | २०५ | प्रद्युम्न कट्टेल, रामाअआ, ललितपुर |
| १८३ | इन्द्रबहादुर सुवाल, रामाअआ, ललितपुर | २०६ | प्रवीना श्रेष्ठ, अनुसन्धान विभाग, काठमाडौं |
| १८४ | शेषराज खतिवडा, नेपाल पत्रकार महासंघ, काठमाडौं | २०७ | टीकाराम तुलाधर, HRD, काठमाडौं |
| १८५ | एल. श्रेष्ठ, NAPD-Nepal, काठमाडौं | २०८ | भवानीप्रसाद खरेल, मानव अधिकार प्रतिष्ठान, काठमाडौं |
| १८६ | महेन्द्र शाही, शिक्षा सरोकार नेपाल, काठमाडौं | २०९ | उर्मिला खनाल, सामुदायिक सेवा केन्द्र, काठमाडौं |
| १८७ | मन्दिरा श्रेष्ठ, रामाअआ, ललितपुर | २१० | श्रीराम अधिकारी, माअअ, रामाअआ, ललितपुर |
| १८८ | राधिका पौडेल, परिवर्तन नेपाल, काठमाडौं | २११ | जीवन न्यौपाने, माअअ, रामाअआ, ललितपुर |
| १८९ | मदनबहादुर धामी, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं | २१२ | कुलेश्वर कुमार राम, दलित गैरसरकारी संस्था महासंघ, ललितपुर |
| १९० | डा. गोपालप्रसाद दाहाल, उपभोक्ता अधिकार मञ्च, काठमाडौं | २१३ | सारनजंग कार्की, बेपत्ता पारिएका व्यक्ति सञ्जाल, काठमाडौं |
| १९१ | कुमार खड्का, N.I.D., ललितपुर | २१४ | लोकनाथ घिमिरे, रामाअआ, खोटाङ |
| १९२ | मोहन दुरा, N.I.D., काठमाडौं | २१५ | विष्णु पौडेल, सिविन, काठमाडौं |
| १९३ | गंगा थापा, Protection Desk Nepal, काठमाडौं | २१६ | दावा शेर्पा, सिविन, काठमाडौं |
| १९४ | गणेशप्रसाद चौधरी, रामाअआ, ललितपुर | २१७ | दीपक श्रेष्ठ, SCNHRC, ललितपुर |
| १९५ | चन्द्रकला विष्ट, रामाअआ, ललितपुर | २१८ | सीता लम्साल, इन्सेक, काठमाडौं |
| १९६ | सरिता गौतम, HUDEP Nepal, काठमाडौं | २१९ | टिकाश्वरी राई, HURJA, काठमाडौं |
| १९७ | सिन्धु सापकोटा, FORHID, काठमाडौं | २२० | दीपा घिमिरे, WOREC Nepal, काठमाडौं |
| १९८ | मधुराम, Fect Nepal, काठमाडौं | २२१ | सावित्री मरासिनी, रामाअआ, ललितपुर |
| १९९ | घनश्याम मरासिनी, रामाअआ, ललितपुर | २२२ | बिनु भुजेल, WOREC Nepal, काठमाडौं |
| २०० | दीपेन्द्र बोहरा, काठमाडौं | २२३ | राजन प्रधान, AI Nepal, काठमाडौं |
| २०१ | छत्र कुमार, AI Nepal, काठमाडौं | २२४ | प्रल्हाद बस्नेत, AI Nepal, काठमाडौं |
| २०२ | नन्दबहादुर, देउती युनेस्को क्लब, सुर्खेत | २२५ | उमा जोशी, माअअ, रामाअआ, ललितपुर |
| २०३ | रामकृष्ण थारु, रामाअआ, ललितपुर | २२६ | प्रभु चौधरी, CAHURAST, काठमाडौं |

| | | | |
|---|---|---|---|
| २२७ | सुबोध पाण्डे, LAHURNIP, काठमाडौं | २५३ | सोनम शेर्पा, स्वतन्त्र पत्रकार, काठमाडौं |
| २२८ | खगेन्द्र धिताल, CAHURAST, काठमाडौं | २५४ | राजन सुवेदी, नेपाल प्रहरी, काठमाडौं |
| २२९ | कृष्ण देवकोटा, HURFON, काठमाडौं | २५५ | नारद अधिकारी, हिमराइट्स, काठमाडौं |
| २३० | मोहन पासवान,NNDSWO, काठमाडौं | २५६ | बालमुकुन्द कार्की, रामाअआ, ललितपुर |
| २३१ | घनश्याम भण्डारी, अधिकृत, रामाअआ, ललितपुर | २५७ | भीम लामा, रामाअआ, ललितपुर |
| २३२ | अनुज नेपाल, WDASC, काठमाडौं | २५८ | श्वेता ढकाल, हिमराइट्स, काठमाडौं |
| २३३ | खड्गजी, IHRICON, काठमाडौं | २५९ | अर्जुन खनाल, विनायक ल फर्म, काठमाडौं |
| २३४ | भवगती वि.क., IHRICON, काठमाडौं | २६० | प्रेम चौधरी, रामाअआ, ललितपुर |
| २३५ | मनोज मान, NASC, काठमाडौं | २६१ | दीपक अर्याल, रेडियो सगरमाथा, ललितपुर |
| २३६ | शोभा वाग्ले, NFDN, काठमाडौं | २६२ | प्रकाशबहादुर शाही, हाम्रो नेपाल, काठमाडौं |
| २३७ | बिनिता रेग्मी, NAPD Nepal, काठमाडौं | २६३ | आशीष पुडासैनी, काठमाडौं |
| २३८ | बिन्दु नेपाली, JAP, काठमाडौं | २६४ | संग्रामजीत लामा, रामाअआ, ललितपुर |
| २३९ | ज्ञानेन्द्र महर्जन, रामाअआ, ललितपुर | २६५ | रामप्रसाद पाण्डे, DEPROS, |
| २४० | विनोद कार्की, HURON, काठमाडौं | २६६ | एकराज भण्डारी, अधिवक्ता, काठमाडौं |
| २४१ | महामुनी आचार्य, NAOC-Nepal, काठमाडौं | २६७ | प्रभा साह, इन्सेक, काठमाडौं |
| २४२ | आशीष थापामगर, Ageing Nepal, काठमाडौं | २६८ | लालबहादुर तामाङ, रामाअआ, ललितपुर |
| २४३ | राम सुनुवार, TJRC, काठमाडौं | २६९ | रमेश कुमाल, N.W.C., काठमाडौं |
| २४४ | पि.आर.राई, BDS, काठमाडौं | २७० | मीना भुषाल, , काठमाडौं |
| २४५ | कुलचन्द्र पराजुली, TJRC, काठमाडौं | २७१ | संजिता तिम्सिना, WOREC-Nepal, काठमाडौं |
| २४६ | दिपकराज तिवारी, Freedom Watch, काठमाडौं | २७२ | राजन सापकोटा, रामाअआ, ललितपुर |
| २४७ | बिनिता न्यौपाने, AAIWIN, काठमाडौं | २७३ | रुद्र खड्का, HRELIC Nepal, काठमाडौं |
| २४८ | विनिता के.सी., रामाअआ, ललितपुर | २७४ | राजन प्रधान, AI Nepal, काठमाडौं |
| २४९ | हिरामान श्रेष्ठ, HURFIN, काठमाडौं | २७५ | रन्जिता परियार, फेडो नेपाल, ललितपुर |
| २५० | रुपा श्रेष्ठ, WOREC-Nepal, काठमाडौं | २७६ | लोकनाथ घिमिरे, रामाअआ, खोटाङ |
| २५१ | नन्दा ताम्राकार, जागरुक महिला विकास समूह, ललितपुर | २७७ | किशोर ढकाल, रामाअआ, ललितपुर |
| २५२ | कृष्ण श्रेष्ठ, रामाअआ, ललितपुर | | |

अनुसूची १४

## सम्मेलनको केही छायाचित्रहरू















मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन



# अनुसूची १२

## सम्मेलन कार्यक्रम तालिका

| समय | क्रियाकलाप/सत्र | प्रस्तोता | टिप्पणीकर्ता | अध्यक्ष | समयावधि |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | | | | | |
| ९:००–१०:०० | उद्घाटन सत्र | | | | |
| १०:००–१२:०० | सत्र एक: मानव अधिकार रक्षकहरुको मार्गनिर्देशिका, २०६९ | - माननीय गौरी प्रधान | - प्रा. कपिल श्रेष्ठ<br>- डा. रेणु राजभण्डारी | - श्री दमननाथ ढुङ्गाना | १२० मिनेट |
| १२:००–१२:१० | चिया | | | | |
| १२:१०–१:१० | सत्र दुई : संक्रमणकालिन न्याय र दण्डहीनता | - श्री दुर्गा खड्का, डा. गोपालकृष्ण शिवाकोटी | - श्री प्रेमबहादुर खड्का<br>- श्री गोविन्द बन्दी | - डा. सूर्य ढुङ्गेल | ६० मिनेट |
| १:१०–२:१० | खाना | | | | |
| २:१०–३:१० | सत्र तीन : नेपालमा आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धन | - श्री विष्णुपुकार श्रेष्ठ | - डा. सर्वराज खड्का<br>- श्री लजना मानन्धर | - श्री कृष्णमुरारी गौतम | ६० मिनेट |
| ३:१०–४:०० | सत्र चार : मानव अधिकार राष्ट्रिय कार्ययोजना र यसको कार्यान्वयन अवस्था | - श्री राजुमान सिंह मल्ल | - श्री सुदीप पाठक<br>- श्री युवराज संग्रौला | - श्री श्याम श्रेष्ठ | ५० मिनेट |
| ४:१०–५:१० | सत्र पाँच : नेपालमा बाल अधिकारको अवस्था | - श्री तारक धिताल | - श्री सुबोध प्याकुरेल<br>- श्री शान्ति अधिकारी | - डा. त्रिलोचन उप्रेती | ६० मिनेट |
| **दोश्रो दिन** | | | | | |
| ८:३०–१०:३० | सत्र छ : नेपालमा सामुहिक अधिकारको अवस्था<br>- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, आदिवासी जनजातिको अधिकार, जेष्ठ नागरिकको अधिकार, आप्रवासी कामदारको अधिकार | - श्री सुर्यबहादुर देउजा | - श्री सुनीलबाबु पन्त<br>- श्री चरण प्रसाई<br>- श्री नरबहादुर लिम्बु | - श्री विशाल खनाल | १२० मिनेट |
| १०:००–१०:४० | चिया | | | | |
| १०:४०–११:४० | सत्र सात : महिला मानव अधिकारको सन्दर्भमा घरेलु हिंसा | - श्री मीरा ढुङ्गाना | - श्री देवी खड्का<br>- श्री शिव गाउँले | - श्री पुष्पा भुषाल | ६० मिनेट |
| ११:४०–१:३० | सत्र आठ : क्षेत्रगत आधारमा मानव अधिकारको समसामयिक अवस्था | - श्री कोषराज न्यौपाने (पूर्वाञ्चल)<br>- श्री समीर नेपाल (मध्यमाञ्चल)<br>- श्री यज्ञ अधिकारी (पश्चिमाञ्चल)<br>- श्री मुरारीप्रसाद खरेल (मध्यपश्चिमाञ्चल)<br>- श्री शेरबहादुर शाही (सुदूरपश्चिमाञ्चल) | - श्री सुशील प्याकुरेल<br>- श्री भवानीप्रसाद खरेल | - श्री एकराज भण्डारी | ११० मिनेट |
| १:३०–२:१५ | खाना | | | | |
| २:१५–३:१५ | सत्र नौ : मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ | - श्री वेदप्रसाद भट्टराई | - डा. हरिवंश त्रिपाठी<br>- श्री केदारप्रसाद पौडेल | - माननीय शेष चाँद तारा | ६० मिनेट |
| ३:१५–३:४० | सत्र दश : फिनल्याण्डको विकास नीतिमा मानव अधिकारमुखी विकास पद्धति | - Ms. Merja Lahtinen (Advisor, Rule of Law, Ministry of Foreign Affairs, Finland) | | - श्री विशाल खनाल | २५ मिनेट |
| ३:४०–४:०० | सम्मेलन घोषणापत्र | | | | २० मिनेट |
| ४:००–५:०० | समापन सत्र | | | | ६० मिनेट |